◆ **सम्पादकीय-**
- लोकतान्त्रिक जागरण अभियान - २
◆ **राष्ट्रिय राजनीति**
- नगरपालिका निर्वाचन बहिस्कार गरौँ - **युवराज कार्की** - ३
◆ **अभियान**
- लोकतान्त्रिक जागरण अभियान किन ? - **राजेन्द्रप्रसाद पाण्डे** - ५
◆ **आवरण**
- सञ्चार अध्यादेशः संविधानमाथि नाङ्गो प्रहार - **भीमार्जुन आचार्य** - ७
- नेपाली प्रेसको राजमुकुटीकरण र प्रतिरोध - **सूर्य थापा** - ९
◆ **भ्रमण**
- चीन भ्रमणः संक्षिप्च चर्चा - **प्रदीप नेपाल** - ११
- प्रेरणादायी थाङ्ग रुइच्याङ्ग - **कमला पराजुली** - १२
- सेचुआँका असल मान्छेहरूको प्रगति - **अग्निशिखा** - १३
- उजाड सेचुआँले जुनी फेर्‍यो - **भानुभक्त ढकाल** - १५
- माओको गाउँमा पुग्दा - **राजेन्द्र स्थापित** - १७
- चीनमा सञ्चारमाध्यमको स्थिति - १९
◆ **विश्लेषण**
- प्रजातन्त्र, लोकतन्त्र वा जनतन्त्र - **कोमल भट्टराई** - २०
◆ **स्मृति**
- हृदयको एउटा फूलः कमरेड रामप्रसाद ढकाल -**काशीनाथ अधिकारी** - २२
◆ **पार्टी जीवन**
- कस्तो हुनुपर्छ कम्युनिष्ट आचरण ? - **त्रिलोचन ढकाल** - २३
◆ **सरोकार**
- राप्तीमा सङ्गठन, आन्दोलन र जनपरिचालन- **प्रकाश ज्वाला** - २५
◆ **संस्मरण**
- पार्टी सङ्गठन नदीको प्रवाह- **कमल कोइराला** - २७
◆ **प्रश्नोत्तर**
- मार्क्सवादसम्बन्धी संक्षिप्त प्रश्नोत्तर- **गोपीरमण उपाध्याय** - २८
- विदेशी मुद्राको सञ्चिती र वैदेशिक ऋण- **डा. गोविन्दबहादुर थापा** - ३५
◆ **चिनारी**
- सरल र निष्ठावान कमरेड - २९
◆ **वहस**
- राज्यको पुनःसंरचना : मार्क्स्वादी एजेन्डा र दृष्टिकोण- **खगेन्द्र प्रसाईं** - ३०
◆ **कथा**
- राती बास्ने कुखुरो - **काओ यु-पाओ** - ३२
◆ **कविता/गजल**
- **रामचन्द्र भट्टराई** - ३३
- **रामप्रसाद प्रदीप** - ३४
◆ **कृति**
- बालचित्कार - ३४
◆ **सन्दर्भ**
- नवयुगमा सामग्री छनोट, लेखन र सम्प्रेषण- **विष्णु रिजाल** - ३७
◆ **अन्तर्राष्ट्रिय वाम आन्दोलन**
- नर्वेमा वामपन्थीहरूको सरकार- **भक्त गुरुङ** - ३९
◆ **मोफसल**

- सप्तरीमा कम्युनिष्ट आन्दोलन- **दिवाकर देवकोटा** - ४१

◆ **अन्तर्वार्ता**

- गैरकानुनी आचारसंहिता स्वीकार गर्दैनौं - **डा. अर्जुन कार्की** - ४४

# लोकतान्त्रिक जागरण अभियान

*लोकतान्त्रिक गणतन्त्रलाई बुझ्ने सम्बन्धमा हाम्रो पार्टीभित्रै पनि एकरूपता छैन। केन्द्रीय कमिटीको अन्तरपार्टी निर्देशन (अपानि) ले त्यसलाई लोकतान्त्रिक गणतन्त्रको दिशा भनेर "सङ्केतबोध" मात्र गरेको छ भने केही नेताले त्यसलाई "कार्यदिशा" अनि केही नेताले त्यसलाई "कार्यनीति" का रूपमा बुझेको कुरो सार्वजनिक गरिसक्नुभएको छ। लोकतान्त्रिक गणतन्त्र कार्यनीति हुँदै होइन अनि जनताको बहुदलीय जनवादलाई हाम्रो मार्गदर्शक सिद्धान्त मानुन्जेल त्यसको मातहतमा अर्को कार्यदिशा पनि हुनसक्दैन। त्यसैले लोकतान्त्रिक गणतन्त्रलाई हाम्रो अपानिले गरेको "दिशा" सम्बोधनकै रूपमा बुझनु आवश्यक हुन्छ।*

*लोकतान्त्रिक गणतन्त्रसँग जोडिएर आएको भए पनि लोकतान्त्रिक जागरण अभियानले भने हाम्रो पार्टीमा नयाँ ऊर्जा थपेको छ। लोकतान्त्रिक गणतन्त्र शब्दको सबैभन्दा ठूलो उपलब्धि अहिलेसम्मका लागि यही भएको छ। हाम्रा कार्यकर्ताहरू गाउँमा थिए, हाम्रा स्थानीय कमिटीहरू गाउँ-गाउँमा थिए। तर, कार्यकर्ता या कमिटीहरूको परिचालनमा गम्भीर समस्या उत्पन्न भएको थियो। माओवादी बन्दुकको दबाबमा तिनीहरूको उपस्थितिले आवश्यक भूमिका निर्वाह गर्न सकिरहेको थिएन। गाउँको पार्टी र केन्द्रीय नेतृत्वका बीचको संवादहीनता त्यो भन्दा पनि गम्भीर समस्याका रूपमा हाम्रो पार्टीभित्र जन्मिएको थियो। लोकतान्त्रिक गणतन्त्र जागरण अभियानको राष्ट्रिय कार्यक्रमले हामीलाई त्यो संवादहीनताबाट मुक्त गरेको छ र सिङ्गो पार्टीपङ्क्तिमा जीवन सञ्चार गरेको छ।*

*यो अभियान खालि जिल्ला सदरमुकाममा मात्र सीमित भएन। केन्द्रीय योजनाअन्तर्गत खटाइनुभएका कमरेडहरूको ठूलो सङ्ख्या यसपालि गाउँ-गाउँसम्मै पुग्यो र गाउँ-गाउँमा आयोजना गरिएका जनसभाहरूलाई उहाँहरूले सम्बोधन गर्नुभयो। यसले स्थानीय कार्यकर्तामा रहेको नेतृत्वप्रतिको गुनासोलाई सम्याउने काममा पनि महत्त्वपूर्ण भूमिका निभायो।*

*पार्टीभित्र, तल र माथिबीचको सम्बन्धलाई जीवन्त पार्नका लागि पनि समय-समयमा यस्तो अभियान आवश्यक छ भन्ने सत्य पुनः एकपटक प्रमाणित भएको छ।*

*पार्टीको नेतृत्व र स्थानीय कार्यकर्ताबीचको यो संवादले निरङ्कुश राजतन्त्रको अन्त र पूर्ण प्रजातन्त्रको प्राप्तिको हाम्रो सङ्घर्षलाई राष्ट्रव्यापी, जुझारु र सशक्त बनाउन अत्यन्तै ठूलो मद्दत पुऱ्याएको छ। हाम्रो पार्टीले आगामी दिनमा मेचीदेखि महाकालीसम्मका विभिन्न स्थानमा विशाल आमसभाहरूको आयोजना गर्ने निर्णय गरेको छ र ती सभाहरूलाई वास्तविक रूपमै विशाल बनाउन यसपालिको लोकतान्त्रिक जागरण अभियानको समेत महत्त्वपूर्ण भूमिका रहने छ।*
*यद्यपि, पार्टीको प्राण भनेको कमिटी प्रणालीकै मजबुती हो। अभियानहरू आवधिक हुन्, कमिटी जीवन पद्धति भनेको नियमितता हो। पार्टीको नियमित कामलाई प्रभावकारी बनाउनु मूल काम हो भने केन्द्रीय कमिटीका विचारहरूलाई सीधै तल लैजाने कामका लागि अभियान एउटा महत्त्वपूर्ण तरिका हो।*

# नगरपालिका निर्वाचन बहिष्कार गरौँ

' युवराज कार्की

**नि**र्वाचन जनताले प्रजातान्त्रिक अधिकार प्रयोग गर्ने सर्वोच्च माध्यम हो । त्यसैले प्रजातन्त्रमा विश्वास राख्ने जुनसुकै व्यक्ति या समूहले पनि यसलाई सकारात्मक रूपमा लिन्छ र सक्रियतापूर्वक सहभागी पनि बन्छ । तर, यसका केही पूर्वसर्तहरू छन् । कुनै पनि निर्वाचनमा जनताले शान्तिपूर्ण रूपमा भाग लिन, स्वतन्त्रतापूर्वक आफ्नो मताधिकार प्रयोग गर्न र निर्विघ्नतापूर्वक आफूले चाहेका उम्मेदवारहरूलाई चुन्न सक्ने वातावरण हुनुपर्दछ । यदि त्यस्तो वातावरण हुँदैन भने निर्वाचन गर्नुको कुनै अर्थ रहँदैन । स्वतन्त्रता र निष्पक्षताको प्रत्याभूति गर्न नसकिएको निर्वाचन नाटकमा परिणत हुने कुरा प्रस्ट छ । निर्वाचन आफैँले प्रजातन्त्र ल्याउने होइन । प्रजातन्त्रले मात्र स्वतन्त्र र निष्पक्ष निर्वाचनको ग्यारेन्टी गर्नसक्छ । त्यस्तो निर्वाचनले पुनः प्रजातन्त्रलाई सुदृढ तुल्याउँछ । तसर्थ स्वतन्त्र र स्वच्छ निर्वाचन नै बहुदलीय प्रजातन्त्रको मूल आधार हो ।

संसारका ठूलठूला तानाशाहले दुनियाँको आँखामा छारो हाल्नका निम्ति निर्वाचनको नाटक मञ्चन गरेका थुप्रै उदाहरणहरू हाम्रासामु छन् । फिलिपिन्सका मार्कोस, इन्डोनेसियाका सुहार्तो, चिलीका पिनोसे र इराकका सद्दाम हुसेनले आफ्नो शासनकालमा पटकपटक यस्ता नाटकहरू मञ्चन गरेका थिए र त्यसबाट आफैँ भारी बहुमतले विजयी भएको घोषणा गरेका थिए । ३० वर्षे निरङ्कुश पञ्चायती शासनकालमा हाम्रै देशका शासकहरूले पनि यस्ता थुप्रै नाटकहरू मञ्चन गरेका थिए । यस्ता निर्वाचनमा जनताले स्वतन्त्रतापूर्वक आफ्नो मताधिकार प्रयोग गर्न पनि पाउँदैनन् र आफूले चाहेका उम्मेदवारहरूलाई निर्विघ्नतापूर्वक चुन्न पनि सक्तैनन् । त्यसैले निर्वाचन भन्नेबित्तिकै त्यसमा जनताले शान्तिपूर्ण रूपमा भाग लिन पाउँछन् कि पाउँदैनन् भन्ने कुरालाई गम्भीरतापूर्वक हेर्नुपर्दछ । यदि उनीहरूले स्वतन्त्रतापूर्वक आफ्नो मताधिकार प्रयोग गर्न सक्ने वातावरण छैन भने त्यस्तो निर्वाचनको केही अर्थ हुँदैन । त्यस्तो निर्वाचनलाई दृढतापूर्वक अस्वीकार गर्नुपर्दछ, त्यसको विरोध एवम् भण्डाफोर गर्नुपर्दछ र त्यसलाई सक्रियतापूर्वक बहिष्कार गर्नुपर्दछ । रुसको क्रान्तिकारी आन्दोलनका दौरानमा खासखास परिस्थितिमा लेनिनले पनि निर्वाचनको सक्रियतापूर्वक बहिष्कार गर्नुभएको थियो ।

अहिले हाम्रो देशमा प्रजातन्त्र छैन । राजा ज्ञानेन्द्रले संविधानलाई कुल्चदै ०४६ सालको जनआन्दोलनबाट जनताले प्राप्त गरेका सम्पूर्ण प्रजातान्त्रिक अधिकारहरू खोसेका छन् । राजाले विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रजातन्त्रका बारेमा थुप्रै लच्छेदार भाषणहरू त गरेका छन् तर वास्तविक जीवनमा अहिले हाम्रो देशमा उनको निरङ्कुश शासन चलिरहेको छ । ०५९ असोज १८ गतेको राजाको कदम विगत १२ वर्षमा दरबारले गरेका प्रजातन्त्रविरोधी षड्यन्त्रहरूको उत्कर्ष थियो र ०६१ माघ १९ गतेको कदम 'असोज १८' कै विस्तारित रूप थियो भन्ने कुरा अब सबैका सामु छर्लङ्ग भइसकेको छ । त्यसयताका राजाका तमाम गतिविधिहरू विगत १२ वर्षमा जनताले स्थापित गरेका प्रजातान्त्रिक संरचनाहरू भत्काउने र आफ्नो निरङ्कुश सत्तालाई बलियो बनाउने दिशातर्फ केन्द्रित रहेका छन् । सेना, प्रहरी र नागरिक प्रशासनमाथि आफ्नो पूर्ण नियन्त्रण जमाइसकेपछि राजा अहिले स्वतन्त्र सञ्चारमाध्यममाथि खनिएका छन् । मुलुकको संविधान र संसद्ले पारित गरेका ऐन-कानुनहरूलाई समेत लत्याउँदै स्वेच्छाचारी ढङ्गले सञ्चार अध्यादेश जारी गरेर राजाले जनताको बोल्ने मुख र सुन्ने कानसमेत थुन्ने दुस्साहस गरेका छन् । जनताको सुसूचित हुने अधिकारसमेत खोसिइसकेपछि मुलुकमा प्रजातन्त्रको नाममा अब केही पनि बाँकी छैन । संसारका अन्य तानाशाहहरूको जस्तै हाम्रो देशका निरङ्कुश शासकहरू पनि स्वतन्त्र प्रेसको घाँटी निमोठेर आफ्नो अप्रजातान्त्रिक सत्ताको आयु लम्ब्याउन चाहन्छन् ।

अर्कोतर्फ विगत १२ वर्षदेखि मुलुकमा चल्दै आएको हिंसात्मक द्वन्द्व झन् जटिल बन्दैछ । मुलुकको शान्तिसुरक्षाको स्थितिमा सुधार आयो भन्ने प्रचार दुनियाँका आँखामा छारो हाल्न राजावादीहरूद्वारा चलाइएको प्रोपोगाण्डा मात्र हो । हिंसात्मक द्वन्द्वले सिर्जना गरेका समस्याले गर्दा विगतमा पनि पटक-पटक निर्वाचन स्थगित भइसकेका छन् । उक्त स्थितिमा अहिले पनि कुनै परिवर्तन आएको छैन । माओवादीहरूले एकतर्फी रूपमा युद्धविराम गरेर समस्याको शान्तिपूर्ण समाधानका निम्ति सकारात्मक सङ्केत देखाउँदा पनि वर्तमान शाही सरकार हिंसा चर्काउनमै उद्दत देखिन्छ । यसबाट राजा हिंसात्मक द्वन्द्वको अन्त्य गरेर मुलुकमा दिगो शान्ति स्थापना गर्ने भन्दा यसलाई अझ चर्काएर आफ्नो असंवैधानिक सत्ताको आयु लम्ब्याउन चाहन्छन् भन्ने कुरा अरू प्रस्ट भएको छ । यस्तो स्थितिमा मुलुकमा स्वतन्त्र र स्वच्छ निर्वाचनको कल्पना पनि गर्न सकिन्न ।

मुलुक यति ठूलो सङ्कटमा फसेको छ, त्यसको समाधानतर्फ कुनै चासो देखाइएको छैन । बरु उल्टै आफ्नो निरङ्कुश शासनलाई अझ कठोर बनाउँदै लगिएको छ । निर्वाचनका प्रमुख सरोकारवाला राजनीतिक दलहरूसँग कुनै सरसल्लाह नै नगरीकन एकतर्फी रूपमा नगरपालिका निर्वाचनको घोषणा गरिएको छ । यस्तो स्थितिमा घोषणा गरिएको नगरपालिका निर्वाचनलाई राम्रो नियतले गरिएको कार्य भनेर कसले भन्न सक्छ ? यसका पछाडि षड्यन्त्रका अनेक तानाबानाहरू बुनिएका छन् । त्यसलाई राम्ररी बुझ्न सकिएन र व्यापक रूपमा भण्डाफोर गर्न सकिएन भने हामी फेरि अर्को षड्यन्त्रको सिकार हुन पुग्ने कुरा निश्चित छ ।

मुलुकमा सहज ढंगले निर्वाचन हुन सक्ने वातावरण निर्माण नै नगरीकन नगरपालिका निर्वाचन घोषणा गर्नुका पछाडि राजाका निम्न उद्देश्यहरू रहेका छन् :

१. राजालाई निरङ्कुशतातर्फको वर्तमान यात्रा आरम्भ गर्न संविधानले अनुमति दिँदैनथ्यो, त्यसैले उनले संविधानलाई कुल्चदै निरङ्कुशतातर्फको आफ्नो यात्रा सुरु गरे र अहिले उनी त्यसैको सुदृढीकरणमा जुटिरहेका छन् । मुलुकको संविधान, नियम र कानुनलाई मिच्दै स्वेच्छाचारी ढङ्गले अघि बढिरहेका राजाले अहिले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रबाट ठूलो विरोधको सामना गर्नुपरिरहेको छ । उनी नगरपालिका निर्वाचनको माध्यमबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय जनमतलाई भ्रममा पारेर आफ्ना तमाम असंवैधानिक कदमहरू र त्यसका आधारमा स्थापित आफ्नो निरङ्कुश सत्तालाई वैधानिकता प्रदान गर्न चाहन्छन् ।

२. राजाको निरङ्कुश सत्ताका विरुद्ध राजनीतिक दलहरूका बीचमा व्यापक संयुक्त मोर्चा कायम भइसकेको छ । त्यसका आधारमा सुरु गरिएको राजनीतिक दल, नागरिक समाज र विभिन्न वर्ग, तह एवम् पेसाका जनसमुदायको शान्तिपूर्ण संयुक्त आन्दोलनले क्रमशः गति पक्रन थालेको छ । यसबाट राजा अत्तालिएका छन् र उनी यो निर्वाचनको माध्यमबाट आफूमाथि केन्द्रित हुँदै गएको प्रहारलाई अन्यत्र मोड्न र आफ्नो असंवैधानिक सत्ताको आयु लम्ब्याउन चाहन्छन् ।

३. ०५९ असोज १८ गतेबाट सुरु भएको राजाको असंवैधानिक यात्राको चक्र ०६१ माघ १९ गते पूरा भएको छ । त्यसपछि राजा अहिले राज्यका विभिन्न अङ्गहरूमा आफ्नो पकड मजबुत बनाउने कार्यमा लागेका छन् । तर, उनले अझै पनि त्यसलाई समर्थन गर्ने जनाधार निर्माण गर्न सकेका छैनन् । उनी यो निर्वाचनको माध्यमबाट विभिन्न ठाउँमा छरिएर रहेका आफ्ना पृष्ठपोषकहरूलाई गोलबन्द गर्न र आफ्नो निरङ्कुश सत्ताको जनाधार बलियो बनाउन चाहन्छन् ।

४. थुप्रै अप्रजातान्त्रिक क्रियाकलापहरूका कारण यतिबेला राजाको छवि अन्तर्राष्ट्रिय समुदायको नजरमा धेरै बिग्रिएको छ । यो निर्वाचनको माध्यमबाट उनी आफ्नो बिग्रिएको छवि सुधार्न, आफूलाई बढी प्रजातान्त्रिक र राजनीतिक दलहरूलाई गलत बाटोमा हिंडेको देखाउन चाहन्छन् ।

५. हिंसात्मक द्वन्द्वका कारण विगतमा पनि पटक-पटक निर्वाचन स्थगित भएका छन् । त्यो स्थितिमा कुनै सुधार आएको छैन र अहिले पनि मुलुकमा सहज ढङ्गले चुनाव हुनसक्ने स्थिति छैन । तर, राजा यो निर्वाचनको माध्यमबाट आफूले माओवादीहरूलाई तह लगाएको र मुलुकको स्थायित्वको निम्ति आफैं सबभन्दा बलियो र भरपर्दो शक्ति भएको देखाउन चाहन्छन् ।

६. शान्तिपूर्ण संयुक्त जनआन्दोलन अघि बढाउन मुलुकका प्रमुख राजनीतिक दल र माओवादीहरूबीच कुनै किसिमको तालमेल भयो भने आफ्नो असंवैधानिक सत्ताको आयु सङ्कटमा पर्ने कुरा राजालाई राम्ररी थाहा छ । स्थिति क्रमशः त्यसै दिशातर्फ अघि बढ्न थालेको पनि छ । त्यसैले राजा यो निर्वाचनमार्फत राजनीतिक दल र माओवादीहरूबीच भीडन्त गराउन, उनीहरूबीच बढ्दै गएको निकटतालाई भाँड्न र यसो गरेर आफ्नो निरङ्कुश सत्ताका विरुद्ध उठ्न थालेको तुफानलाई रोक्न चाहन्छन् ।

७. मुलुकमा प्रजातन्त्र क्रियाशील रहेका बेला राजावादीहरूले चुनाव जित्ने कुनै सम्भावना हुँदैन । त्यसैले अहिले सत्तामा आफ्नो हालीमुहाली कायम भएका बेला राजा निर्वाचनको नाटक गरेर आफ्ना नन्दीभृङ्गीहरूलाई जनप्रतिनिधिहरूको पगरी गुथाई दिन र उनीहरूको आडमा आफ्नो हुकुमी शासनलाई बलियो बनाउन चाहन्छन् ।

८. राजा यो निर्वाचनका माध्यमबाट आफूलाई राजनीतिको केन्द्रभागमा स्थापित गर्न, शासन सञ्चालनमा आफ्नो हात माथि पार्न र अन्ततोगत्वा आफ्नो निरङ्कुश सत्तालाई निरन्तरता दिन चाहन्छन् ।

यस्तो अभीष्ट पूरा गर्ने निश्चित योजनाका साथ फ्याँकिएको नगरपालिका निर्वाचनको जालमा राजनीतिक दलहरू फसे भने त्यसबाट बाहिर निस्कन उनीहरूलाई धेरै गाह्रो पर्ने कुरा निश्चित छ । अहिले राजावादीहरू राजनीतिक दलहरूले यो निर्वाचनमा भाग नलिए उनीहरूलाई ठूलो नोक्सानी हुने भाषण गर्दै हिँडिरहेका छन् । चुनावमा भाग नलिँदा दलहरूलाई हुने नोक्सानीले राजावादीहरूलाई यति धेरै चिन्ता जाहेर गर्नुले पनि उनीहरूलाई यो चुनावको खाँचो कति रहेछ भन्ने कुरा थाहा हुन्छ ।

राजाको निरङ्कुश सत्तालाई हामीले सुरुदेखि नै असंवैधानिक ठहर गर्दै आएका छौं । यस्तो सत्ताले आयोजना गर्ने जुनसुकै तहको निर्वाचन पनि स्वतः असंवैधानिक हुने कुरा प्रस्ट छ । यस्तो निर्वाचनमा भाग लिनुको अर्थ राजाका तमाम असंवैधानिक कदमहरूलाई वैधानिकताको ठप्पा लगाउनु र उनको निरङ्कुश सत्तालाई टिकाउन सहयोग पुर्‍याउनु मात्र हुनेछ । त्यसबाट अहिलेसम्म राजाको असंवैधानिक कदमका बारेमा हामीले राख्दै आएको अडान र त्यसैका आधारमा सञ्चालित हुँदै आएको संयुक्त जनआन्दोलनको औचित्य पनि समाप्त हुनेछ ।

त्यसैले कुनै पनि निर्वाचनको घोषणा हुनुअघि देशमा राजाको स्वेच्छाचारी शासनको अन्त्य हुनुपर्दछ र पूर्ण प्रजातन्त्रको स्थापना हुनुपर्दछ । त्यसैगरी माओवादी पक्षसँग वार्ता गरी मुलुकमा विगत १२ वर्षदेखि चल्दै आएको हिंसात्मक द्वन्द्वको अन्त्य र दिगो शान्तिको स्थापना हुनुपर्दछ । तब मात्र मुलुकमा स्वतन्त्र र निष्पक्ष निर्वाचनको वातावरण निर्माण हुन्छ र जनताले निर्विघ्नतापूर्वक निर्वाचनमा भाग लिन पाउँछन् ।

यस्तो स्थितिमा राजाको असंवैधानिक कदम र त्यसद्वारा स्थापित निरङ्कुश सत्तालाई दीर्घजीवी बनाउने भित्री योजनाका साथ घोषणा गरिएको नगरपालिका निर्वाचनलाई दृढतापूर्वक अस्वीकार गर्नुपर्दछ, यसका पछाडि लुकेको निहित षड्यन्त्रको विरोध एवम् भण्डाफोर गर्नुपर्दछ र यसलाई असफल बनाउनका निम्ति सक्रियतापूर्वक बहिष्कार गर्नुपर्दछ । निर्वाचन बहिष्कार पनि आन्दोलनको एउटा रूप हो । त्यसैले निर्वाचन बहिष्कार गर्ने मात्र भनेर हाम्रो जिम्मेवारी पूरा हुँदैन । हामीले सबभन्दा पहिले आफ्नो पङ्क्तिलाई बहिष्कारको राजनीतिक उद्देश्यका बारेमा स्पष्ट पार्नुपर्दछ । यस निर्वाचनका पछाडि लुकेको प्रतिगामी

षड्यन्त्रको व्यापक भण्डाफोर गर्नुपर्दछ । यसका लागि आक्रामक प्रचार अभियान सञ्चालन गर्नुपर्दछ । यसलाई असफल बनाउनका निम्ति व्यापक जनपरिचालन गर्नुपर्दछ । निरङ्कुशताविरोधी आन्दोलनमा संलग्न सात दलका बीचमा आवश्यक समन्वय कायम गरी निर्वाचन बहिष्कार अभियानलाई एकीकृत योजनाका साथ अघि बढाउनुपर्दछ । हामीले अन्तर्राष्ट्रिय समुदायलाई पनि समयमै यस निर्वाचनका पछाडि लुकेको प्रतिगामी षड्यन्त्रका बारेमा सजग गराउनुपर्दछ र राजनीतिक दलहरूले अघि सारेको बहिष्कार नीतिको औचित्यबारे प्रस्ट पार्नुपर्दछ । यसरी अघि बढ्न सकेको खण्डमा हामीले राजाद्वारा अघि सारिएको निर्वाचनको कार्डलाई पूर्ण रूपले असफल पार्न र लोकतान्त्रिक आन्दोलनलाई अघि बढाउन सक्छौं ।

# लोकतान्त्रिक जागरण अभियान किन ?

## ' राजेन्द्रप्रसाद पाण्डे

० ४६ सालमा वाम र प्रजातान्त्रिक राजनीतिक दलहरूको नेतृत्वमा सम्पन्न जनआन्दोलनका सामु तत्कालीन राजा वीरेन्द्रले संवैधानिक भएर बस्ने प्रतिवद्धता जाहेर गरेका थिए । पृथ्वीनारायण शाहदेखि वीरेन्द्रको शासनसम्म आइपुग्दा दुई सय २१ वर्ष राजाको नेतृत्वमा सक्रिय तथा निरङ्कुश शासन सञ्चालन भइरहेकोमा राजा वीरेन्द्रको प्रतिवद्धताले निरङ्कुश राजतन्त्रसँग नेपाली जनताको अन्तरविरोध प्रधानबाट गौणमा परिणत भएको थियो । राजतन्त्र समाप्त गरी गणतन्त्र ल्याउन हिँडेको हाम्रो पार्टीले त्यसैबेलादेखि राजा संवैधानिक भएर बस्ने र जनताद्वारा निर्वाचित प्रतिनिधिले राष्ट्रको शासन गर्ने सर्तमा राजासँग सहकार्यको नीति अख्तियार गरेको थियो ।

राजा वीरेन्द्रकै पालामा पनि सेनाका पूर्वजनरल र भूमिगत गिरोहका रूपमा पर्दापछाडि बसेर जनतामाथि शासनका नाममा लुट गरेर बसेकाहरूले पटक-पटक ०४७ सालमा वाम, प्रजातान्त्रिक र राजा तीन शक्तिबीच बनेको सम्झौताको दस्तावेजलाई उल्टाउन र कुल्चन राजालाई दबाब दिएका थिए । ०५८ जेठ १९ गते रहस्यमय ढङ्गले राजा वीरेन्द्रको वंशविनाश भएपछि राजा हुन आइपुगेका ज्ञानेन्द्रले देशको जटिल परिस्थितिलाई कसरी शान्तिपूर्ण र समस्या समाधानको तहमा पुऱ्याउने भनेर सोच्नुको सट्टा यसैलाई उपयोग गरेर सक्रिय राजा हुने सपना देख्न थाले ।

राजा ज्ञानेन्द्रले देशवासीको समस्या बुझ्ने नाममा राज्यकोषको व्यापक दुरूपयोग गर्दै क्षेत्र र जिल्ला भ्रमणका नाममा राजनीतिक दलहरूलाई सत्तोसराप गर्न थाले र पौंठेजोरी खेल्ने घोषणा गरे । यसका लागि उनले जनतालाई असम्भव सपना बाँडे । दलहरूसँग बदलता लिन उनले निरङ्कुश पञ्चायती व्यवस्थाको अवसानपछि विदेश पलायन भएकालाई देशमा फिर्ता बोलाएर स-सम्मान कार्यकारी शासन सञ्चालनका पद सिर्जना गर्दै आसिन गराए । पहिलो पटक उनी ०५९ असोज १८ मा निर्वाचित प्रधानमन्त्रीलाई अपदस्थ गरी पाँच दिन आफैं प्रधानमन्त्री बने । आन्दोलनका सामु झुकेर तत्कालीन राजा वीरेन्द्रले ०४६ सालमा जनतालाई सुम्पेको राजकीय अधिकार आफैंसँग भएको घोषणा गरे र प्रधानमन्त्रीदेखि मन्त्रीहरू आफैंले नियुक्त गरे ।

०६० वैशाख २५ देखि संसद्मा रहेका प्रमुख पाँच राजनीतिक दलद्वारा गरिएको शान्तिपूर्ण आन्दोलनपछि केही पछाडि हटेर राजनीतिक दलहरूलाई फुटाउँदै आफूले अपदस्थ गरेको प्रधानमन्त्रीलाई पुनः पदमा आसिन गराएको नाटक राजाले मञ्चन गरे । माओवादीसँग शान्तिवार्ता गरेर राष्ट्रलाई शान्तिपूर्ण अवस्थामा लैजान कोसिस गरेकै अवस्थामा उनले ०६१ माघ १९ गते पुनः चार दलको मन्त्रिमण्डललाई अपदस्थ गरे । उनले राजनीतिक दलका नेता, मानवअधिकारकर्मी, पत्रकार कसैलाई गृहबन्दी त कसैलाई प्रहरी हिरासतमा राखे, पत्रपत्रिकामाथि सेन्सरसीप लगाए, एफएम रेडियोहरूलाई पूरै बन्द गरे र मुलुकमा कालो शासन सुरु गरे । ०४७ सालको संविधानको धारा १२७ को दुरूपयोग गर्दै उनले सम्पूर्ण संवैधानिक संरचनाहरू तहननहस र भताभुंग पारे ।

संविधानमै नभएको व्यवस्था सिर्जना गरी राजा आफू मन्त्रिपरिषद्को अध्यक्ष भए भने दुई जना एकदलीयताका पक्षधरलाई उपाध्यक्ष नियुक्त गरे । उनले राजनीतिक प्रतिशोध साँध्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगजस्ता संवैधानिक निकायले काम गर्दागर्दै 'शाही आयोग' नामको अर्को संरचना तयार गरे । क्षेत्रीय प्रशासक, अञ्चल प्रशासकजस्ता पद सिर्जना गरी नयाँ जङ्गबहादुरहरू तयार गरे । शान्तिका निम्ति यो सबै गर्नुपरेको बताउने राजाले हरेक महिना सेनाको सङ्ख्या बढाउने, हतियार थप्ने र माओवादीले एकतर्फी युद्धविराम घोषणा गर्दा पनि युद्ध चर्काउने काम गरिरहेका छन् । पत्रपत्रिका, एफएम रेडियो, टेलिभिजनजस्ता मिडियाको मुख बन्द गराउँदै राजनीतिक दललाई किनारा लगाउने योजनामा उनी अहिले पनि तल्लिन छन् । चुनावको वातावरण नै नबनाई राजनीतिक दललाई पाखा लगाउन सेनाको आडमा आफ्नै भरौटेहरूलाई निर्वाचित गर्दै ब्रम्हलुट मच्चाउन राजा तल्लीन छन् ।

सेनाको आडमा राजा ज्ञानेन्द्रले स्वेच्छाचारी शासन सुरु गरेका हुन् । राजासँग सहकार्य चलिरहेकै बेलामा ०६१ माघ १९ गते राजनीतिक दललाई किनारा लगाई उनी आफैं सर्वेसर्वा बने । राजाले माओवादीलाई दबाउने कुरा गरे तर व्यवहारमा संसद्वादी दललाई दबाउने काम गरे । यस घोषणाले नेपाललाई अन्धकारको युगतिर धकेलिदियो, अन्तर्राष्ट्रिय प्रजातान्त्रिक जनमतबाट नेपाल एक्लियो । प्रजातान्त्रिक मुलुकहरू कसैबाट पनि राजाले साथ पाएनन् । देश बर्बाद हुँदै गयो । मानवअधिकार

हनन भएको ठहऱ्याई संयुक्त राष्ट्रसङ्घको मानवअधिकार उच्चायुक्तको कार्यालय नेपालमा खुल्यो । मानवअधिकारको व्यापक हनन हुने देशको सूचीमा नेपाल पनि दर्ज भयो । यति हुँदा पनि राजामा सुधार हुने स्थिति देखिएन ।

राजाको 'माघ १९' को कदमपछि कतिपय पार्टी नेताहरू भूमिगत, कतिपय गृहबन्दी र कतिपय हिरासतमा भएकाले पार्टी गतिविधि अगाडि बढ्न सकेन । सहरमा राजाको नेतृत्वमा दमनकारी शासन र गाउँमा माओवादीको शासन दुवैअन्तर्गत शान्तिपूर्ण राजनीतिमा विश्वास गर्ने राजनीतिक दलहरूलाई गतिविधि गर्ने अवसर थिएन । अन्तर्राष्ट्रिय दबाब, मानवअधिकारकर्मी, सञ्चार जगत्, विस्तारै उठ्दै गएको जनताको आवाज र दरबारियाहरूबीचको फुट आदिका कारण राजा ज्ञानेन्द्र विस्तारै एक्लिदै गएका छन् । यहीबीचमा कतिपय नेताहरूलाई छोड्न उनी बाध्य भए भने धेरैलाई अदालतको आदेशले रिहा गर्न बाध्य बनायो ।

राजाले संविधान उल्लङ्घन गरी घोर दक्षिणपन्थी निरङ्कुश राजतन्त्रको कार्यदिशा अवलम्बन गरिसकेपछि हाम्रो पार्टीले संवैधानिक राजतन्त्रलाई मानिरहनुको कुनै अर्थ रहेन । यही परिप्रेक्ष्यमा ०६२ साउन ३१- भाद्र १२ सम्म सम्पन्न पार्टी केन्द्रीय कमिटीको नवौं बैठकले वर्तमान अवस्थामा पार्टीको प्रमुख काम निरङ्कुश राजतन्त्रविरुद्ध व्यापक जनआन्दोलनको सञ्चालन गर्नु भएकाले पार्टीको सम्पूर्ण ध्यान र शक्ति आन्दोलनमा लगाउने ठहर गऱ्यो । पार्टीले बहुदलीय प्रजातन्त्रलाई लोकतान्त्रिक गणतन्त्रमार्फत पूर्णता दिन आवश्यक भएकाले वर्तमान आन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढाउने निर्णय गर्दै "निरङ्कुश राजतन्त्रको अन्त्य गरौं, संविधानसभामार्फत पूर्ण प्रजातन्त्रको स्थापना गरौं" भन्ने मूल नारा तय गऱ्यो । पार्टीले आन्दोलन सञ्चालन गर्न महासचिव माधवकुमार नेपाल संयोजक रहेको २७ सदस्यीय केन्द्रीय जनआन्दोलन परिचालन कमिटी गठन गऱ्यो ।

आन्दोलन परिचालन कमिटीको प्रथम बैठकले "संयुक्त जनआन्दोलन योजना र कार्यक्रम परिपत्र-१" जारी गर्दै निरङ्कुश राजतन्त्रमाथि सम्पूर्ण प्रहार केन्द्रित गर्न माओवादी समस्याको शान्तिपूर्ण राजनीतिक समाधानको सामग्रिक योजना तयार गर्ने, माओवादीसँग संवाद, रूपान्तरण र सहमतिको नीति अघि सारेको छ भने ०६२ वैशाख २५ गते निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्रको स्थापनाका लागि नेपालका सात राजनीतिक दलहरूबीच भएको एकता र त्यसका मागहरू तथा संयुक्त जनआन्दोलनप्रति पूर्ण प्रतिबद्ध रहेर अघि बढ्ने कुरा अघि साऱ्यो । आन्दोनलको उद्देश्य, लक्ष्य, योजना एवम् कार्यक्रम र नाराहरू तय गरी सम्पूर्ण पार्टी पङ्क्तिमा पुऱ्याउने काम गऱ्यो ।

निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्रको स्थापनाका लागि गठित केन्द्रीय जनआन्दोलन परिचालन कमिटीले जारी गरेको परिपत्र-१ मा उल्लेखित कार्यहरूलाई सफल बनाउन ७५ वटै जिल्ला र भारत प्रवासमा रहेका पार्टी कार्यकर्तामाझ "लोकतान्त्रिक जागरण अभियान"बारे व्याख्या गर्न, दुईथरी बन्दुकको चपेटाका कारण केही वर्षदेखि हुन नसकिरहेको पार्टी कमिटीका बैठक, भेला, सदस्यता, नवीकरणलगायतका विविध गतिविधिलाई सञ्चालन गरी गाउँ-गाउँदेखि नै निरङ्कुश राजतन्त्रका विरुद्ध जनआवाज घन्काउन केन्द्रीय कमिटीका सदस्यहरू, केन्द्रीय सल्लाहकार, केन्द्रीय निकाय तथा विभागका सदस्यहरू, केन्द्रीय फ्र्याक्सन र अन्य केही कार्यकर्तालाई केन्द्रीय प्रतिनिधिका रूपमा जिल्लाको पार्टी काममा सहयोग पुऱ्याउन पठाइएको छ ।

जिल्लामा जाने केन्द्रीय प्रतिनिधिहरूको समेत सहयोगमा जिल्लास्तरीय भेला, निर्वाचन क्षेत्रस्तरीय भेला, इलाका भेला र गाविसस्तरीय भेलाहरू सम्पन्न भइरहेका छन् । यसैगरी विभिन्न ठाउँमा विरोधसभाहरू, आन्दोलन तयारीकै क्रममा नगर, जिल्ला अधिवेशनहरू सम्पन्न भएका छन् ।

केही वर्षदेखि प्रत्यक्ष भेटघाट नभएका सांसद र जनता, नेता, कार्यकर्ता र जनताबीच भेला र भेटघाट भएको छ र वर्तमान परिस्थितिको समाधानका विषयमा व्यापक छलफल भएको छ । राजाबाट प्रजातन्त्रमाथि हुनसक्ने खतराका बारेमा ध्यान पुऱ्याउन नसकेको, नेपाली काङ्ग्रेसले लामो समय शासनमा बस्दा, नेकपा (एमाले) ले लामो समयसम्म प्रतिपक्षको भूमिका निभाउँदा र अन्य सांसदहरूले संसद्मा बसेर खेलेको भूमिकामा कहाँ-कहाँ कमी रह्यो, विगतमा पञ्चायतमा बसेर राष्ट्रमा लुटमार मच्चाउनेप्रति के-कस्तो व्यवहार हुनुपर्थ्यो, प्रजातन्त्र प्राप्त हुनेबित्तिकै के-के विषयमा राष्ट्रिय सहमतिका आधारहरू तयार हुनुपर्थ्यो, शासन सञ्चालन गर्ने संरचनामा कस्ता सुधार हुनुपर्थ्यो, आर्थिक-सामाजिक सुधारका विषयमा के-के कार्य हुनुपर्थ्यो, नेता-मन्त्री र राज्यले मनोनीत गरेका उच्चपदस्थ व्यक्तिहरूको जीवनशैली र कार्यपद्दतिका बारेमा के-कस्तो आचारसंहिता बन्नुपर्थ्यो, सन्तुलित तथा क्षेत्रीय विकास-विभिन्न जाति, जनजाति, अल्पसङ्ख्यक आदिवासी महिला र दलितका बारेमा के-कस्ता कार्यक्रम आउनुपर्थ्यो, राष्ट्रिय विकासधारामा तराई, पहाड र हिमाललाई के-कस्ता कार्यक्रम ल्याएर जोड्नुपर्थ्यो आदिबारे ध्यान नपुगेको, योजना नबनेको, बेवास्ता गरेको, व्यक्तिगत इच्छा र चाहनाले मात्र काम गरेको, आवश्यकताभन्दा बढी राजनीतिक टकराव प्रस्तुत गरी रछ्यानमा फ्याँकिएको प्रतिगामी तत्त्वलाई मौका दिएको जस्ता विश्लेषणसहित कार्यकर्ताले उठाएका जबर्जस्त तर्कहरू ग्रहण गर्न नेताहरूलाई मौका मिलेको छ भने जिम्मेवारी पूरा नगर्ने हरठाउँमा हरसमयमा आलोचना मात्र गर्ने, अधिकांश समय घुर्की मात्र देखाउने प्रवृत्तिले पनि प्रतिगामी गतिविधिलाई मद्दत पुगेको पक्षबारे पनि कार्यकर्ताले महसुस गर्ने मौका मिलेको छ ।

अहिलेसम्म अधिकांश अञ्चलमा भेला सम्पन्न भएका छन् । विविध कारणले परिपत्र-२ अनुसार जिल्लामा खटाइएका केन्द्रीय प्रतिनिधिहरू कञ्चनपुर, सुर्खेत, सल्यान, अर्घाखाँची, जुम्ला आदि जिल्लामा बाहेक सबै जिल्लामा पुगेका छन् । लोकतान्त्रिक जागरण अभियान सञ्चालनका क्रममा मुलुकभरिका जिल्ला सदरमुकामहरूमा कार्तिक २५ गते सभाहरू सम्पन्न

भएका छन् । रोल्पाको होलेरीजस्तो ठाउँमा पनि विरोधसभा सम्पन्न भएको छ । पार्टीको आयोजनामा भएका सभाहरूमा प्रतिकूल परिस्थितिका बाबजुद अत्यन्त उत्साहप्रद उपस्थिति देखिएको छ ।

स्वेच्छाचारी सरकारद्वारा घोषणा गरेको चुनावी नाटकलाई असफल पार्न सशक्त बहिष्कार गर्ने अभियानस्वरूप आन्दोलनरत सात दलद्वारा तय भएको मङ्सिर २६ गतेदेखि नगरपालिकाकेन्द्रित आन्दोलनलाई बल प्रदान गर्न नेकपा (एमाले) एक्लैले देशका केही महत्त्वपूर्ण सहरहरूमा ठूला प्रदर्शनको कार्यक्रम राखेको छ । जसअनुसार निरङ्कुश राजाको गतिविधिविरुद्ध बुटवलमा मङ्सिर ४ गते, पोखरामा मङ्सिर १० गते, जनकपुरमा मङ्सिर १२ गते, बागलुङमा मङ्सिर २४ गते, विराटनगरमा पुस २ गते र वीरगन्जमा पुस २२ गते ठूला प्रदर्शन हुने भएका छन् । हाम्रो पार्टीद्वारा चालू लोकतान्त्रिक जागरण अभियानले सात राजनीतिक दलद्वारा चालू संयुक्त शान्तिपूर्ण आन्दोलनलाई सशक्त बनाउन अत्यधिक मद्दत पुग्नेछ । यस जागरण अभियानले राजा पनि प्रजातन्त्रको पक्षमा हुन्छन् भन्ने भ्रमलाई च्यात्न मद्दत पुगेको छ र जनता-कार्यकर्ता यसपटकको लडाइँ फेरि प्रजातन्त्रका निम्ति लड्नुनपर्ने लडाइँ हुनुपर्छ भन्दैछन् र नेताहरूलाई खुट्टा नकमाउन खबरदारी गर्दैछन् । लोकतान्त्रिक जागरण अभियानअन्तर्गत दार्चुलादेखि ताप्लेजुङसम्म, कञ्चनपुरदेखि झापासम्म, हिमाल, पहाड र तराईका सम्पूर्ण जिल्लामा निरङ्कुश राजतन्त्रका राष्ट, प्रजातन्त्र र शान्तिविरोधी गतिविधिलाई जनतामाझ पुर्‍याउँदै चालू जनआन्दोलनलाई विजयको शिखरमा पुर्‍याउने काम जारी छ । यो आन्दोलनबाट जो पछाडि हट्छ, त्यसको पतन अवश्य हुनेछ भन्ने कुरा सर्वत्र पुर्‍याउन जरुरी छ, जुन काम लोकतान्त्रिक जागरण अभियानले गरेको छ ।

# अभियानमा सेनाद्वारा अवरोध

**दैलेख । लोकतान्त्रिक जागरण अभियानका क्रममा आमसभा गर्न दुल्लू पुगेका एमाले नेताहरूलाई सेनाले गिरफ्तार गरेको छ । निर्धारित स्थानमा सभा गर्न नदिएर सेनाले आफ्नो प्रजातन्त्रविरोधी चरित्र प्रदर्शन गरेको छ ।**

**कार्तिक २२ गते आमसभा विथोल्न गाउँगाउँमा सेना परिचालन गरिएको थियो । 'आमसभा स्थगित भइसक्यो' भनेर भड्काउँदा पनि जनता सभामा आएपछि सेनाले सो क्षेत्रलाई निषेधित घोषणा गर्न लगाएको थियो । पाँच घण्टामा नेताहरू रिहा भएपछि एक किलोमिटर टाढाको बालेश्वरमा कार्यक्रम भएको थियो । तयारीका लागि पुगेका एमाले जिल्ला कमिटी सदस्य लक्ष्मीप्रसाद पोखरेललाई सेनाले अघिल्लै दिन गिरफ्तार गरेको थियो भने कार्यक्रमका दिन केन्द्रीय सल्लाहकार रामचन्द्र अधिकारी, अञ्चल सदस्य अम्मरबहादुर थापा, जिल्ला सचिव तेजबहादुर चन्द, उपसचिव राजबहादुर बुढालगायतलाई गिरफ्तार गरेको थियो ।**

# सञ्चार अध्यादेश : संविधानमाथि नाङ्गो प्रहार

## ' भीमार्जुन आचार्य

**श्री** ५ द्वारा जारी 'सञ्चारसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०६२' विवादको उत्कर्षमा छ । संसद्को अनुपस्थितिमा संसद्द्वारा निर्मित केही खास सञ्चारसम्बन्धी ऐनलाई अध्यादेशले संशोधन गरेको हो । संशोधित ऐनहरूमा रेडियो ऐन २०१४, राष्ट्रिय समाचार समिति ऐन २०१९, छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८, प्रेस काउन्सिल ऐन २०४८, राष्ट्रिय प्रसारण ऐन २०४९ र गाली र बेइज्जती ऐन २०१६ छन् । संविधान र मूल ऐनको उद्देश्य एंव भावनाविपरीत श्री ५ द्वारा जारी अध्यादेशलाई कानुनी र राजनीतिक दुवै दृष्टिकोणमा अर्थपूर्ण मानिएको छ ।

**संवेदनसील संशोधन र तिनले पार्न सक्ने असर**

राष्ट्रिय समाचार समिति ऐनको दफा ३२ मा समाचार समितिहरूको सम्बन्धमा गरिएको संशोधनले कानुनवमोजिम स्थापित समाचार समितिहरूलाई आफ्नो स्रोत र साधनबाट संकलित समाचार वा सूचनाहरू बिक्री-वितरण गर्न पूर्णतः रोक लगाएको छ र सबै प्रकारका समाचारहरूको विक्री वितरणको एकाधिकार श्री ५ को सरकारलाई दिइएको छ । यसबाट खास प्रकारका समाचारहरूमाथि श्री ५ को सरकारको मात्र नियन्त्रण रहने र समाचारको स्वतन्त्र एवं निष्पक्ष प्रवाहमा असर पर्न सक्ने देखिन्छ ।

छापाखाना र प्रकाशन सम्बन्धी ऐनको दफा १४ (क) मा रहेका "श्री ५" मात्र भन्ने शब्दको सट्टा "श्री ५ वा राजपरिवारका सदस्यहरू" भन्ने शब्दावली थप गरिएको संशोधन आफैमा अर्थपूर्ण छ । ०४७ सालको संविधानले गद्दीसीन श्री ५ को हकमा समेत अत्यन्त सीमित विशेषाधिकारहरू प्रदान गरेको परिप्रेक्ष्यमा श्री ५ लगायत राजपरिवारका सम्पूर्ण सदस्यहरूलाई आमनागरिकभन्दा बेग्लै व्यवहार (Special Treatment) गर्नुपर्ने अध्यादेशको बाध्यात्मक व्यवस्था संविधानको परिउद्देश्यको पूर्णतः प्रतिकुल छ । प्रचलित नेपाली कानुनमा राजपरिवार भन्नाले 'समय-समयमा नेपाल अधिराज्यको राजगद्दीमा राज होइबक्सेका श्री ५ महाराजाधिराजका विवाहित पत्निका पुरूषतर्फका सन्तानमा मौसुफसहित

चार पुस्ताका सदस्यलाई सम्झनुपर्ने र मौसूफ सदस्यहरूका विवाहिता महारानीहरूलाई समेत जनाउने' (दफा २, राजपरिवार खर्च व्यवस्था ऐन) उल्लेख छ । यदि अध्यादेशलाई वैध कानुन मानी कार्यान्वयन गरिएमा ती सबै पुस्ताका राजपरिवारका सदस्यहरूलाई नेपाली प्रेसले विशेष व्यवहार गर्नुपर्ने छ र त्यसको प्रतिकुल कानुनविपरीत कार्य हुने छ । राष्ट्रको मूल कानून र कानुनी प्रणालीले स्वीकार नै नगरेको मान्यतालाई जवरजस्ती स्थापित गरी नागरिकमाथि वलपूर्वक एउटा दासलाई सरह दायित्व थोपर्ने सरकारी कार्य कुनै पनि वहानामा मान्य हुन सक्दैन ।

राष्ट्रिय प्रसारण ऐनको दफा ५ मा रहेको “समाचारमूलक कार्यक्रम” भन्ने शब्दहरूको सट्टा “सूचनामुलक कार्यक्रम” शब्दहरू राखी सूचनामुलक कार्यक्रमलाई स्वास्थ्य, शिक्षा, खेलकुद, जनसंख्या, वातावरण, मौसम र सडक यातायातजस्ता विकास-निर्माणसम्बन्धी कार्यक्रममा सीमित गरिएको संशोधनले प्रसारण संथालाई सिधै असर पार्ने देखिन्छ । यहाँनेर महत्वपूर्ण सवाल भनेको मूल ऐनको व्यवस्था सबै प्रसारण संथाहरूको हकमा लागू हुने व्यवस्था हो । यो दफाले कुनै प्रसारण संस्थाले कार्यक्रम प्रसारण गर्ने प्रयोजनका लागि इजाजत पत्र लिदा पेश गर्नुपर्ने निवेदन र तत्सम्बन्धी व्यहोरा उल्लेख गरेको छ । श्री ५ को सरकारले एकतर्फी रूपमा तर्क गरेजस्तो एफएम रेडियोका हकमा मात्र लागू हुने दफा यो होइन । अतः सरकारी वा निजी दुवै प्रसारण संस्थाका लागि लागू हुने एउटै ऐन राष्ट्रिय प्रसारण ऐन नै भएकोले यदि यो संशोधनको कार्यान्वयन गर्ने हो भने सरकारी तथा निजी दुवै प्रसारण संस्थाले तत्काल सबै प्रकारका समाचारमुलक कार्यक्रमको प्रसारण बन्द गर्नुपर्ने हुन्छ ।

कुनै व्यक्ति वा संगठित संस्थालाई एकै पटक वा पटक-पटक गरी रेडियो, टेलिभिजन र प्रकाशन मध्ये कुनै दुईभन्दा बढीको इजाजतपत्र वा प्रमाणपत्र दिइने छैन भन्ने व्यवस्था स्वयं सरकारका लागिसमेत प्रतिकुल हुने देखिन्छ । माथि भनिएझैं सरकारी वा निजी दुवै प्रसारण संस्थाहरूका सम्बन्धमा आर्कषित हुने ऐन राष्ट्रिय प्रसारण ऐन नै भएको र श्री ५ को सरकारद्वारा नियन्त्रित संस्थाहरूलाई प्रचलित नेपाल कानुनले कुनै प्रकारको विशेषाधिकार नदिएकोले यो संशोधन लागू भएको अवस्थामा श्री ५ को सरकारले समेत आफू नियन्त्रित तीनमध्ये कुनै दुई सञ्चारमाध्यम रोज्नुपर्ने हुन सक्छ ।

राष्ट्रिय प्रसारण ऐनको दफा १५ मा रहेको “विज्ञापन प्रसारण गर्न नपाउने” शीर्षकलाई “प्रसारण गर्न नपाउने” शीर्षकमा परिवर्तन गरी त्यसअन्तर्गत अन्य कुराका अतिरिक्त “राजनीतिक दलहरूलाई प्रतिकूल असर पर्ने विषयका कुराहरू” र “निर्वाचित सरकार” को सट्टा “सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्री” राखी गरिएको संशोधनले संविधानको धारा ११२, ११३ र ११४ को रानीतिक संगठनहरूसम्बन्धी व्यवस्थाको ठाडै उलंघन गरेको छ । यसका अतिरिक्त यो संशोधनका थप दुईवटा असर छन् । पहिलो, यसले श्री ५ को सरकार गैरनिर्वाचित पनि हुन सक्छ भन्ने संविधानले कल्पना नै नगरेको मान्यतालाई स्थापित गर्न खोजेको छ र दोस्रो, कुनै राजनीतिक दलका बारेमा टिकाटिप्पणी प्रसारण गर्न अप्रत्यक्ष रूपमा रोक लगाएको छ । साथै, राष्ट्रिय प्रसारण ऐनकै दफा १५ (२) मा रहेको निर्वाचनको समयमा राजनीतिक दलले आफ्नो घोषणापत्र, कार्यक्रम वा त्यस्तो दलको दर्शनजस्ता कुराहरू जनता समक्ष प्रचार-प्रसार गर्न सक्ने भन्ने प्रावधानलाई सम्पूर्ण रूपमा हटाई राजनीतिक दलले निर्वाचनको समयमा समेत आफ्ना कार्यक्रम तथा घोषणा पत्रहरूको बारेमा कुनै कुरा बोल्न वा प्रचार-प्रसार गर्न नसक्ने वन्देज लगाइएको छ ।

गाली र बेइज्जती ऐनको दफा ५ मा संशोधन गरी पत्रकार वा प्रकाशकलाई अरूको गाली बेइज्जती भएको भन्ने आधारमा दुई लाखदेखि पाँच लाख रूपैंयासम्म जरिवाना वा छ महिनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने व्यवस्थाले फौजदारी कसुरदेखि बाहेक देवानी प्रकृतिको गल्ती वा कसुरमा कुनै पनि व्यक्तिलाई कैदको सजाय दिन सकिंदैन भन्ने फौजदारी न्यायशास्त्रको मान्य सिद्धान्तको ठाडै उल्लंघन गरेको छ ।

**केही संवैधानिक तथा सैद्धान्तिक पक्षहरू**

एउटा राज्यमा अन्य कार्यका अतिरिक्त प्रमुख रूपमा व्यवस्थापिकालाई कानून निर्माण गर्ने, कार्यपालिकालाई कानुनको कार्यान्वयन गराउने र न्यायपालिकालाई त्यस्तो कानुनको वैधानिकता जाँच गर्ने अख्तियारी र जिम्मेवारी सुम्पिएको हुन्छ । शक्ति पृथकीकरणको सिद्धान्तअनुसार राज्यको प्रमुख कार्यलाई उल्लिखित तरिकाले विभाजन गरिने भए पनि खास अवस्था र शर्तहरूको अधीनमा व्यवस्थापिकाबाहेक राज्यका अन्य अंगले पनि कानुन निर्माणको अख्तियारी प्रयोग गर्न सक्दछ । तर, त्यस्तो अख्तियारी अपवादको रूपमा रहेको हुन्छ । कार्यपालिकाको कानुन निर्माण गर्ने अधिकार पनि अपवादको रुमा प्रयोग हुने अधिकार हो । जसअन्तर्गत कार्यपालिकाले तोकिएको शर्त पुरा गरी आवश्यक अध्यादेश वा नियमहरू जारी गर्न सक्दछ ।

कार्यपालिकाद्धारा अध्यादेश जारी गर्दा विचार पुर्‍याउनुपर्ने पहिलो सैद्धान्तिक शर्त भनेको संसदद्वारा सिर्जित कानुन वा संसद्ले पहिले नै ओगटी सकेको विषयमा यसले कुनै असर पुर्‍याउनु वा हस्तक्षेप गर्न सक्दैन भन्ने हो अर्थात् नागरिकको जनादेश प्राप्त गरी लामो छलफल र विचार-विमर्शपश्चात् संसद्ले निश्चय गरेका कानुन वा कानुनका विषयहरूमा संसद्कै एकाधिकार हुन्छ र ती विषयहरूमा कार्यपालिकाको कुनै प्रकारको पहुँच वा नियन्त्रण रहन सक्दैन भन्ने हो । यो सिद्धान्तअनुसार अध्यादेशमार्फत तोकिएका शर्तहरू पुरा गरी नयाँ विषयको कानुन निर्माण गर्न सकिए पनि प्रचलनमा रहेका कानुनहरूको संशोधन वा खारेजी अध्यादेशबाट सम्भव हुन सक्दैन । अध्यादेशको दोस्रो सैद्धान्तिक पक्ष भनेको

नागरिकका सारभूत अधिकारका विषयहरू नागरिककै प्रतिनिधिहरूबाट मात्र निर्धारण गरिनुपर्छ भन्ने हो । जनादेश नै प्राप्त नगरेका राज्यका निकायबाट सारभूत हक अधिकारको समाप्ति हुन सक्दैन भन्ने मान्यता यसले राखेको हुन्छ ।

सैद्धान्तिक पक्षका अतिरिक्त नेपालमा कार्यपालिका (श्री ५) ले अध्यादेश जारी गर्दा पालना गर्नुपर्ने अर्को शर्त भनेको संवैधानिक शर्त हो । संविधानको धारा ७२ ले यस सम्बन्धमा खास व्यवस्थाहरू गरेको छ । धारा ७२ का केही अभिव्यक्त र केही अन्तरनिहित शर्त छन् । कुनै अध्यादेशले कानुनको शक्ति प्राप्त गर्न ती शर्तहरू एकै साथ पालना गरेको हुनुपर्दछ । त्यस्ता शर्तहरू निम्नवमोजिम हुन सक्छन् :

- पहिलो, संसदको दुवै सदनको अधिवेशन चालु नभएको अवस्था हुनुपर्ने,
- दोस्रो, निर्वाचित प्रधानमन्त्रीले नेतृत्व गरेको मन्त्रिपरिषद्को सल्लाह र सम्मतिमा राजाद्वारा जारी गरिएको हुनुपर्ने,
- तेस्रो, अध्यादेश जारी गर्ने राजाले राज्य प्रमुखको हैसियतमा धारा ५३ को दायित्व पुरा गरेको हुनुपर्ने (संसदको नियमित अधिवेशन बोलाउने),
- चौथो, अध्यादेश नियमित प्रक्रिया (नियम) को रूपमा नभई अपवादका रूपमा जारी गरिएको हुनुपर्ने,
- पाचौँ, तत्काल केही गर्न त्यस्तो कानुनको आवश्यकता भएको हुनुपर्ने,
- छैठौँ, संविधानमा लेखिएका अन्य कुराको प्रतिकूल नहुने गरी जारी हुनुपर्ने र
- सातौँ, असल नियतले जारी गरेको हुनुपर्ने आदि ।

धारा ७२ का उल्लिखित शर्तहरू एउटा अध्यादेशका लागि कानुनको वास्तविक शक्ति प्राप्त गर्न चाहिने आधारभूत शर्तहरू हुन् । सञ्चार अध्यादेशले संसदको सदनको अनुपस्थितिको एउटा शर्तवाहेक अन्य कुनै पनि शर्त पुरा गरेको छैन । यो शर्त पनि श्री ५ द्वारा कृत्रिम रूपमा सिर्जना गरिएको समस्याका कारण पुरा हुन गएको हो । यसका अलावा, निर्वाचित प्रधानमन्त्रीको उपस्थिति, प्रतिनिधिसभाको निर्वाचन भएको एक महिनाभित्र र तत्पश्चात एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भबीचको अवधि छ महिनाभन्दा वढी नहुने गरी नियमित अधिवेशन बोलाउनुपर्ने धारा ५३ अन्तर्गतको श्री ५ को दायित्व, तत्काल केही गर्नुपर्ने आवश्यकता, संविधानमा लेखिएका अन्य कुराको अनुकूलता, असल नियतको उपस्थितिको अभाव प्रस्तुत सञ्चार अध्यादेशले पुरा गर्न नसकेका महत्वपूर्ण शर्तहरू हुन्, जसको अभावमा अध्यादेश कानुन बन्न सक्दैन ।

**निष्कर्ष**

अध्यादेश पूर्णतः खराव मनसायले जारी गरिएको कानुनको आवरणजस्तो देखिने अवैध दस्तावेज मात्र हो । यो अध्यादेश संविधानमाथिको नाङ्गो प्रहार हो । विधिशास्त्रमा कानुन सधैँ उचित, तर्कसंगत र पालनायोग्य हुनुपर्ने मान्यता राखिन्छ । अनुचित र कानुनका निश्चित शर्तहरू पुरा नगरी जारी गरिएको कानुनको पालना गर्न नागरिक वाध्य हुँदैनन् । अतः अध्यादेश खारेज वा फिर्ता नलिएसम्म त्यसको निरन्तर अवज्ञा गर्नु नै तत्कालको आवश्यकता हो ।

## प्रेस चौतारीले अध्यादेश जलायो

**काठमाडौं । स्वतन्त्र सञ्चारमाध्यमको घाँटी निमोठ्ने सरकारले ल्याएको सञ्चार अध्यादेश प्रेस चौतारी, नेपालले जलाएको छ । कात्तिक १२ गते रत्नपार्कको निषेधाज्ञा तोड्दै चौतारीले सो अध्यादेश जलाएको थियो ।**

**कार्यक्रममा हस्तक्षेप गर्दै प्रहरीले चौतारीका अध्यक्ष बालकृष्ण चापागाईं, उपाध्यक्ष भरत पोखरेल, सचिव गगन विष्ट, केन्द्रीय सदस्य भीमसेन राजवाहक र देवराज रिमालका साथै किशोर श्रेष्ठ, गोपाल खनाल, राजेन्द्र अर्याल, रोहित दाहाल, प्रकाश सिलवाल, गोकुल बाँस्कोटा, जन्मदेव जैसी, रामहरि सिलवाल, चेतनाथ धमला, गोविन्द चौलागाईं र विश्वमणि सुवेदीलाई गिरफ्तार गरी मध्यरातमा छोडेको थियो ।**

# नेपाली प्रेसको राजमुकुटीकरण र प्रतिरोध

**' सूर्य थापा**

०६२ असोज २३ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी षड्यन्त्रपूर्वक जारी गरिएको 'सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०६२'का कारण सिंगो मुलुक आन्दोलित बनेको छ । समाजका हरेक क्षेत्र, तह र तप्काले प्रस्तुत 'कालो अध्यादेश'को विरोध र भर्त्सना गरिरहेको छ । नागरिकको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक कुण्ठित गरी 'माघ १९'को राजाको निरंकुश कदमलाई संस्थागत गर्ने उद्देश्यले दशैं विदाको अवसर छोपी शाहज्यादा पारसलाई 'युवराजाधिराज' घोषणा गरेको शैलीमा अध्यादेश जारी गरिएको छ । यसले दशैं तिहार, नेपाल सम्वत् नयाँ वर्ष र छठजस्ता प्रमुख चाडहरूको समयमा समेत आमसञ्चारकर्मीहरू र नागरिक समुदाय आन्दोलनको मोर्चामा डट्नुपर्‍यो । प्रस्तुत अध्यादेश ०६२ जेठको पहिलो साता तयार भएको र पत्रकारहरूले सरकारको

पोल खोल्न सार्वजनिक गरेको मस्यौदा हो भन्ने कुरा त्यससँग हुबहु मिलेको प्रावधानहरूले सावित गरेका छन् । तत्कालीन मस्यौदामा नभएको तर जारी अध्यादेशमा थपिएको पंक्ति हो - राष्ट्रिय समाचार समिति ऐन-०१९ को (१) मा पाँच लाखसम्म जरिवाना हुनेछ, का अगाडि थपिएको 'पचास हजार रूपैयाँदेखि' भन्ने शब्दावली ।

**राणाकालीन सोच र असैह्य आलोचना**

नेपालमा पत्रकारिताको इतिहास र कानुनी व्यवस्था हेर्दा सर्वप्रथम वि.सं. १९५८ वैशाख ११ को 'गोरखापत्र प्रकाशन सम्बन्धमा जारी भएको सनद' हेर्नैपर्छ । त्यसमा 'गोरखापत्र'ले 'छाप्ने' र 'नछाप्ने' विषयहरू उल्लेख गरिएको छ । सनदमा- 'अनौठा, अनौठा कुरा अर्थात् आकाशमा उडेर जाने समुद्रभित्र जहाज लगेको देषका दायामा आएको र यहाँ भएको कुरा' 'बाबुले कमायाको धन जुवा रंडीवाज वदनियत गरी खर्च गर्नेको दिड' 'सीकारका विषय हाम्रा गोर्खालीले फलानोले खुकुरीले चीतुवा भालुलाई हाने मारे भने इत्यादि बहादुरी गरेको' 'दुनियाँको बदचलन फतुरा खर्चबाट दिल हटाउने राय' आदि छाप्नु भनिएको छ भने 'श्री ५/३ सरकारका दरबार भित्रका स्वास्नी मानिसको विषय' 'सरकारका आम्दानी खर्च विषय' आदि नछाप्ने उल्लेख छ । छाप्ने-नछाप्ने कुरा लफ्टैंट कर्णेल डिल्ली शम्शेर थापा क्षेत्रीलाई 'जँचाई उनले दुरुस्त भो भनी सहीछाप गरी दिया बमोजिम छापनु' भन्ने समेत सनदको व्यवस्था रहेको छ । राणाकालको उत्तरार्द्धमा जारी 'छापाखाना र प्रकाशन सम्बन्धी ऐन, ०५८' मा 'श्री ५ सरकार, श्री ३ सरकारका गाथगादीसम्बन्धी, मुख्त्यारको ज्यानसम्बन्धी, देश देशावरका राजदूत, वकिल इत्यादिसम्बन्धी, सीमानासम्बन्धी, ढुंगाको र प्रचलित रोलको नियम खलल गर्ने र स्थापित भएको विधान पद्दतिलाई उखाड्ने वा श्री ५ सरकार, श्री ३ सरकार, विधान पद्दति, कुनै जाति, कुल, समाज, संस्था वा कुनै नागरिक उपर घृणा वा विधान पद्दतिलाई विधानपद्दतिउपर दुश्मनी फैलाउने जस्ता सामग्री छाप्न निषेध गर्नुका साथै छापिन लागेको कुरा सरकारमा जाहेर भएमा समेत जफत गर्ने प्रावधान छ । यसप्रकार, के छाप्ने र नछाप्ने भन्ने सोचाइ आजको खुल्ला समाजसँग मिल्ने नभई राणाकालीन सोच हो भन्ने प्रष्ट हुन्छ । राणाहरूले बनाएको कानुनमा समेत 'दुनियाँको हितका निम्ति आवश्यक परेमा मात्र कुनै खबर अथवा आलोचनाहरूको प्रकाशन रोक्न सक्ने' बताइएको छ । उक्त ऐनमा- 'देशोन्नतिको पवित्र विचारले लोकनीति, सदाचारका सिद्धान्तहरू र ऐन सवालहरूमा विरोध नपर्ने गरी व्यक्तिगत आक्षेपरहित सरकारको कुनै नीति वा ऐन बदलाउने उद्देश्यले आलोचना गर्न, सद्विचार प्रकट गर्न र क्रियात्मक बन्दोबस्ती काम संचालन गर्न हुन्छ, तर त्यसो गर्दा घृणा, अभक्ति र वैरभाव उत्पन्न गराउने कोशिस गर्न हुँदैन' भनेर सरकारको आलोचना गर्न निषेध गरिएको छैन । राणा शासकहरूलाई सैह्य आलोचनासमेत आजको युगमा राजा र राजाको नेतृत्वमै रहेको सरकारलाई असैह्य हुनु रमाइलो ठट्टा होइन र ? अहिले जारी अध्यादेशले यही काम गर्न खोजेको छ ।

**ऐन-कानुनको पञ्चायतीकरण : नयाँ बोतलमा पुरानै रक्सी**

००७ सालमा राणाशासनको अन्त्य र प्रजातन्त्र बहाली भए पनि राणाकालीन सोच बदलिएन । ००९ सालमा जारी 'छापाखाना र प्रकाशनसम्बन्धी ऐन'मा 'श्री ५ महाराजाधिराज र मौसूफका राजपरिवार, नेपाल र नेपालस्थित राजदूतहरू, कानुनबमोजिम खडा गरिएको सरकार, न्याय प्रशासन, श्री ५ महाराजाधिराजको रैतीमध्ये कुनै जाति, वर्ण, उपजातिलाई घृणा र निरादार गराउने अथवा श्री ५ महाराजाधिराज या मौसुफको सरकारमा अवहेलना र द्वेष बढाउने' कुनै समाचारपत्र, पत्रिका, पुस्तिका अथवा अरू लिखित पत्रमा छापी प्रकाशन गर्न नहुने व्यवस्था गरियो । पहिलेको ऐनमा रहेको 'श्री ३ सरकारका गाथगादी' सम्बन्धी व्यवस्था हटाइएकोबाट मात्र मुलुकमा राणाशासन समाप्त भएको बुझ्ने स्थिति त्यस ऐनमा देखिन्छ । त्यसकै निरन्तरताको रूपमा ०१९, ०३२ र ०३९ सालका छापाखाना र प्रकाशनसम्बन्धी ऐन जारी भएका थिए । ती ऐनहरूमा छाप्न नहुने सामग्री छापेबापत पत्रकारहरूलाई जेल, नेल र जरिवाना तथा पत्रिका र छापाखानाको दर्ता खारेजी र जफत हुनसक्ने जस्ता व्यवस्थासमेत थियो । तर ०४८ सालमा संसद्ले बनाएको 'छापाखाना र प्रकाशनसम्बन्धी ऐन'को १४ 'क' मा 'श्री ५ महाराजाधिराज वा राजपरिवारप्रति घृणा वा निरादर गराउने वा अवहेलना वा द्वेष बढाउने वा श्री ५ को प्रतिष्ठामा आँच आउने कुराहरू किताब वा पत्रपत्रिकाका प्रकाशन गर्न प्रतिबन्धको व्यवस्था गरियो । त्यसमा संशोधन गरी हालै जारी अध्यादेशले 'श्री ५ को' सट्टामा 'श्री ५ वा राजपरिवारका सदस्यको' भन्ने व्यवस्था गरेको छ । प्रचलित कानुनअनुसार राजपरिवार भन्नाले त्यसको चार पुस्ता सम्म मान्नुपर्ने हुन्छ ।

०२७ साल असोज ६ गते प्रेस काउन्सिल गठन गर्दा त्यसको काम, कर्तव्य र अधिकार - 'राष्ट्रिय दृष्टिकोण एवं राष्ट्रहितलाई ध्यानमा राखी देश, नरेश र पञ्चायत व्यवस्थाप्रति पूर्ण आस्थावान् हुने पत्रकारिताको विकासका लागि वातावरणको सिर्जना गर्ने' आदि भनिएको थियो । ०३९ को छापाखाना र प्रकाशनसम्बन्धी ऐनले 'प्रेस काउन्सिललाई आफूले बनाएको 'आचारसंहिता' कुनै पत्रकारले उल्लंघन गरेमा निजको प्रेस प्रतिनिधि प्रमाणपत्र निलम्बन गर्न वा खारेज गर्न श्री ५ को सरकारलाई सिफारिस गर्ने अधिकारसमेत दिइयो । प्रेस प्रतिनिधि प्रमाणपत्र निलम्बन गर्न वा खारेज गर्न सिफारिस गर्ने उक्त प्रावधानले ०४८ सालमा संसदले नयाँ ऐन बनाउँदा निरन्तरता पाएन । अहिले जारी भएको अध्यादेशमा ०३९ कै ऐनको वाक्यांश भन्दा कडा- 'निजले पाएको प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र रद्द गर्ने' व्यवस्था थपिएको छ । यसबाट यस अध्यादेशका प्रावधानहरू पञ्चायतकालीन ऐनकै प्रावधानको निरन्तरता वा 'नयाँ बोतलमा पुरानै रक्सी' हो भन्न सकिन्छ ।

**सरकारी आक्रमण : कबिला सरदारको शैली**

कालो अध्यादेश जारी गर्नुका पछाडि सरकारले मुलुकमा स्वतन्त्र प्रेसको गला निमोठी आमसञ्चारमाध्यमको राजमुकुटकरण गर्ने, पञ्चायती व्यवस्थामा जस्तो नरेश र उनको शासन व्यवस्थाप्रति समर्थन गर्ने पत्रकारिता मात्र प्रवर्द्धन गर्ने मनशाय राखेको छ । अध्यादेशले ०४६ सालको जनआन्दोलनपछि फस्टाएको सञ्चार उद्योग र खुल्ला समाजलाई नामेट पारी निरंकुशतालाई संस्थागत गर्न खोजेको प्रष्टै छ । यसका निम्ति पत्रपत्रिका पढ्न नसक्ने अशिक्षित र निरक्षर जनताले समेत सहजै सुन्न तथा सूचना र जानकारी प्राप्त गर्न सक्ने स्वतन्त्र रेडियोहरूको विकास र बढ्दो भूमिकालाई तहसनहस पार्ने बदनियत राखेको तथ्य सूचना तथा सञ्चार मन्त्रालयले मध्यराति 'कान्तिपुर' एफएममा आक्रमण गरी त्यसका 'अपलिङ्क' उपकरणहरू लुटेको घटनाले पुष्टि गरेको छ । ०६२ कात्तिक ४ गते मन्त्रालयले दिउँसो एफएमको पुल्चोकस्थित कार्यालयको निरीक्षण र छानविन गरेको तथा राति ११:१५ बजे सादा पोशाकमा आएका सुरक्षाकर्मीहरू प्रवेश गरी भेडेटारमा प्रसारण अपलिङ्क गर्ने उपकरणहरू लुटे । यसले वर्तमान सत्ताको काम-कारवाही मध्ययुगीन कबिला सरदारहरूको भन्दा भिन्न छैन भन्ने देखियो । त्यस रवैयाको व्यापक निन्दा र भर्त्सना चलिरहेकै थियो । तर सरकार अझ अगाडि बढेर कार्तिक ९ गते सरकारले 'समाचारमूलक कार्यक्रम' नै प्रसारण गरिरहेको पाइएकोले ..इजाजत पत्र किन रद्द नगर्ने ? भनी २४ घण्टाभित्र लिखित सफाइ पेश गर्न पत्राचार गऱ्यो । त्यसको विरोधमा पत्रकार महासंघ, बार एसोसिएसन, राजनीतिक दलहरू, नागरिक समाजका तर्फबाट कात्तिक १० गते बिहानैदेखि पुल्चोकस्थित एफएमको प्रसारण केन्द्रमा दिनभरि रक्षाकवच खडा गर्ने काम भयो । यसरी कुनै सञ्चार संस्थामाथिको

सरकारी आक्रमणविरुद्ध जनस्तरबाट सुरक्षा साङ्लो बनाई धर्ना दिएर खबरदारी गरिएको यो शायदै पहिलो घटना हो । सात राजनीतिक दलहरूले सञ्चारसंस्थामाथिको सरकारी आक्रमणविरुद्ध कात्तिक ११ गते उपत्यका बन्दको आह्वान गरी जनसमुदायलाई प्रेस स्वतन्त्रताको रक्षाका निम्ति सचेत हुन र सरकारी रवैयाको विरोध गर्न अपिल गरे । उपत्यका बन्द पूर्णतः सफल भयो ।

**संघर्षका मोर्चाहरू र अध्यादेशको प्रतिरोध**

सरकारले प्रस्तुत अध्यादेश जारी गरेलगत्तै नेपाल पत्रकार महासंघ, राष्ट्रिय-अन्तर्राष्ट्रिय सञ्चार संस्थाहरू, राजनीतिक दलहरू, नागरिक समाज र जनस्तरबाट व्यापक विरोध र भर्त्सनाको लहर अघि बढ्यो । पत्रकार महासंघले अध्यादेशको नियत र प्रावधान दुवै संविधानविपरीत, गलत र बदनियतपूर्ण ठहर गरी सञ्चारमाध्यम, सडक र न्यायलय तीनवटा मोर्चाबाट आन्दोलन अघि बढाउने घोषणा गर्‍यो । तदनुरूप 'प्रेस स्वतन्त्रताको साझा' एजेन्डामा सिंगो मुलुक एकताबद्ध बनेर आन्दोलित भइरहेको छ । यहाँ त्यसको संक्षिप्त रूपमा सिंहावलोकन गरिएको छ :

**सञ्चारमाध्यम** : कालो अध्यादेशविरुद्ध मुलुकका अग्रणी प्रमुख र स्वतन्त्रता पक्षधर सञ्चारमाध्यमहरूले निरन्तर सशक्त प्रतिवाद गर्दै आएका छन् । 'गोर्खापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजन' जस्ता सरकार सञ्चालित सञ्चारमाध्यमहरू र केही सरकारी प्रलोभन र हुण्डीको आशामा मुख मिठ्याइरहेका पत्रपत्रिकाबाहेक आमसञ्चारमाध्यमहरू अध्यादेशविरुद्ध उत्रिएका छन् । कथित अध्यादेशमा गाली बेइज्जती ऐन - ०१६ मा रहेको एक सयदेखि पाँच सय, एक सयदेखि एक हजार, पाँच सयदेखि पाँच हजारसम्मको जरिवाना वा छ महिनासम्म कैदको सजाय बढाई 'पाँच हजारदेखि पचास हजार वा एक वर्षसम्म कैद वा दुवै संजाय तथा दुई लाखदेखि पाँच लाखसम्म जरिवाना वा छ महिनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय' हुने पर्‍याइएको छ । एक सयको ठाउँमा पाँच हजार, पाँच सयको सट्टा पचास हजार र एक हजारको सट्टा एक लाख सजायको व्यवस्थामार्फत् 'छाडा' पत्रकारितालाई नियन्त्रण गरी मर्यादित बनाउने भन्ने सरकारी स्वाङप्रति आमरूपमा आपत्ति जनाउँदै सञ्चारमाध्यमहरू छाडा र अमर्यादित भएको र विद्यमान दण्ड सजायले नपुगेको भन्ने कुरा प्रेस काउन्सिलका पछिल्ला प्रतिवेदनहरू वा अदालतमा परेका मुद्दाहरू र भएका फैसलाको आधारमा पुष्टि नहुने विज्ञहरूको दावी छ । कालो अध्यादेशको प्रतिरोध गर्न स्वतन्त्र रेडियो बचाऊ आन्दोलन र साप्ताहिक-पाक्षिक पत्रिकाहरूको संघर्ष सञ्जाल आदि संगठनहरू 'माघ १९' को कदमपछि बनेर एकीकृत रूपमा सञ्चारमाध्यमहरूले निरंकुशताको विरोध, सञ्चारमाध्यमको सुरक्षा र कालो अध्यादेशको अवज्ञा अभियान चलाए ।

**सडक** : कालो अध्यादेशको विरोधमा पत्रकार महासंघले कात्तिक ४ गते काठमाडौंमा नयाँ बानेश्वरदेखि माइतीघरसम्म बृहद् जनप्रदर्शन गर्‍यो । जसमा पेशाकर्मी, कानुन व्यवसायी, नागरिक समाज र आमपत्रकारहरूको उल्लेखनीय सहभागिता रह्यो । महासंघका जिल्ला शाखाहरूले देशव्यापी रूपमा प्रदर्शन गर्दै अध्यादेश जलाउने क्रम चलाए । त्यसै सिलसिलामा धरानमा महासंघका पूर्वाञ्चल उपसभापति सञ्जय सन्तोषी राईसमेत दुई दर्जन सञ्चारकर्मीहरू गिरफ्तार गरिए । काठमाडौंमा कात्तिक १२ गते प्रेस चौतारी नेपालले रत्नपार्कमा गरेको प्रदर्शनबाट प्रहरीले अध्यक्ष बालकृष्ण चापागाईंलगायत १६ जना सञ्चारकर्मीहरूलाई लछारपछार र गिरफ्तार गरी साँझ रिहा गर्‍यो । साप्ताहिक-पाक्षिक पत्रिकाहरूको संघर्ष सञ्जालले कात्तिक १३ गते 'प्रेस स्वतन्त्रताविरोधी कालो अध्यादेशको अवज्ञा गरौं' भन्ने नाराका साथ बृहद् प्रदर्शन गर्दै देशभरिका साप्ताहिक-पाक्षिक पत्रिकाहरूलाई निरंकुशताको प्रतिवाद र अध्यादेशको अवज्ञामा उत्रिन आह्वान गर्‍यो । प्रजातान्त्रिक राष्ट्रिय युवा संघ नेपाल र आठ विद्यार्थी संगठनले पनि काठमाडौंमा सञ्चारमाध्यममाथि सरकारी आक्रमणको विरोध र कालो अध्यादेश जलाउँदै प्रदर्शन गरे । सडक प्रदर्शन र अवज्ञाको यो क्रम जारी छ ।

**न्यायालय** : कात्तिक १ गते नै सर्वोच्च अदालतमा अधिवक्ता रविराज भण्डारीलगायतको तर्फबाट रिट दायर गरी अध्यादेश बदर गर्न माग भयो । पूर्व घोषणाअनुरूप पत्रकार महासंघलगायत नौवटा संस्थाहरूको तर्फबाट कात्तिक ६ गते संयुक्त रूपमा रिट दायर गरी असंवैधानिक अध्यादेश बदर गर्न माग गरियो र कालो अध्यादेश कार्यान्वयन नगर्न/नगराउन विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गर्न समेत उक्त रिट निवेदनमा माग गरियो । सोही दिन 'कान्तिपुर' एफएमले आफ्ना लुटिएका उपकरणहरू फिर्ता गर्न माग गर्दै छुट्टै रिट निवेदन दर्ता गर्‍यो भने सञ्चारमन्त्रालयले प्रसारण इजाजत रद्द गर्न २४ घण्टे धम्की पत्र बुझाएपछि कात्तिक १० गते नेपाल बार एसोसिएसनले उक्त गैरकानुनी धम्कीविरुद्ध एफएमको बचाउका लागि बेग्लै रिट दायर गर्‍यो । यसरी कालो अध्यादेशविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदनको ओइरो लाग्यो, जसलाई सञ्चारमन्त्री टंक ढकालले अदालतमा 'लावालस्कर' भन्ने टिप्पणी गरे । मन्त्रिपरिषद् सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय र गृहमन्त्रालय एवं लुटपाटमा संलग्न मन्त्रालयका तीन कर्मचारीलाई विपक्षी बनाई दायर भएका रिटहरूमाथि प्रधानन्यायाधीश दिलीपकुमार पौडेल र न्यायाधीशद्वय केदारप्रसाद गिरी र शारदाप्रसाद पण्डितको विशेष इजलाशले कात्तिक १३ गतेदेखि सुनुवाइ प्रारम्भ गर्‍यो । सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरी स्वतन्त्र प्रेसको बचाउमा योगदान दिने अपेक्षा आमरूपमा गरिएकोमा कार्तिक २५ गते अन्तरिम आदेश जारी नगरेर सर्वोच्चसमेत राज्यसत्ताको बेलगाम निरंकुशताका साम निरीह बन्नपुग्यो ।

**अन्तर्राष्ट्रिय ऐक्यबद्धता : स्वतन्त्रता एक्लो आवाज होइन**

राजाको माघ १९ को 'कू' पश्चात नेपाली प्रेसले प्राप्त गरेको अन्तर्राष्ट्रिय ऐक्यबद्धता, सहयोग र समर्थन नहुँदो हो त निरंकुशतावादीहरूको उन्माद अझै कस्तो हुन्थ्यो ? अन्तर्राष्ट्रिय पत्रकार महासंघ, कमिटी टु प्रोटेक्ट जर्नालिस्टलगायतका प्रसिद्ध संस्थाहरूको नियमित निगरानी र दमनको निरन्तर प्रतिवाद तथा संयुक्त अन्तर्राष्ट्रिय मिडिया मिसन आदिले गरेको अनुमगनले नेपालीहरू स्वतन्त्रताको आवाज बुलन्द गर्न एक्ला छैनन्, प्रजातन्त्र र प्रेस स्वतन्त्रताको पक्षमा सिंगो अन्तर्राष्ट्रिय समुदायको ऐक्यबद्धता छ भन्ने देखिएको छ । कालो अध्यादेश जारी भएपछि स्वतन्त्रताका हिमायती सबै राष्ट्र, अन्तर्राष्ट्रिय संघ-संस्था, युरोपेली युनियन र संयुक्त राष्ट्रसंघले समेत प्रेस स्वतन्त्रता नियन्त्रणको सरकारी प्रयासप्रति आपत्ति र विरोध जनाएका छन् ।

यसबाट यो स्वतन्त्रता-संग्राम नेपाल र नेपालीको मात्र होइन, यसमा सिंगो संसारको सरोकार, समर्थन, ऐक्यबद्धता र सहयोग छ भन्ने प्रष्ट भएको छ । अँध्यारोमा असभ्य र हुकुमतन्त्र र निरंकुश शासन चलाउन चाहनेहरू मात्र अँध्यारो युग र कालो अध्यादेशको पक्षमा हुन्छन् भन्ने कुरा नेपालमा सरकारको पछिल्लो व्यवहारले स्वयं स्पष्ट गरेको छ । तर यो क्षणिक दुष्प्रयास मात्रै हो ।

# वास्तविक पत्रकारहरू विरोधमा छन्

**– महेन्द्र विष्ट, महासचिव, नेपाल पत्रकार महासंघ**

**० छाडा भइरहेको प्रेसलाई मर्यादित बनाउन अध्यादेश ल्याएको सरकारी दावीसँग किन असहमत हुनुभयो ?**

- जुन अध्यादेश ल्याइएको छ, त्यसको उत्पत्ति र नयाँ व्यवस्था दुवैप्रति हाम्रो तीब्र आपत्ति छ। संसद् नभएको अवस्थामा अत्यन्तै जरुरी परेको कानुन मात्र अध्यादेशमार्फत् बनाइन्छ। त्यसो गर्दा सरोकारवालाहरूसँग गम्भीर छलफल र सहमतिको अधिकतम प्रयास गर्नुपर्छ। तर, अहिले हामीसँग यो अध्यादेश ल्याउन कुनै छलफल र परामर्श गर्न आवश्यक ठानिएन। बरु बेलायतमा उहिल्यै असफल भएको सर्वसत्तावादी प्रेसको सिद्धान्त अख्तियार गर्दै 'माघ १९' को निरंकुश कदमलाई संस्थागत गर्न खोजिएको छ। प्रेसलाई मर्यादित बनाउने दावी त बहानाबाजी मात्र हो।

**० सरोकारवाला पक्षसँग छलफल नगरेको भन्ने आधारमा मात्रै विरोधमा उत्रिनुभएको हो ?**

- होइन। अध्यादेशका कुनै पनि बुँदाको औचित्य सावित हुँदैन। अध्यादेश जारी गरेको प्रक्रिया र विषयवस्तु दुवैप्रति हाम्रो असहमति छ। तसर्थ, यसको अवज्ञा र खारेजीका लागि कठोर संघर्षमा उत्रिएका छौं र आन्दोलनबाहेक सरकारको निरंकुशतावादी र स्वेच्छाचारी कदमलाई परास्त गर्ने अर्को उपाय छैन।

**० सरकारसँग वार्ता गर्नुहुन्न ?**

- नेपाल पत्रकार महासंघले वार्ताका लागि समिति गठन गरेको सबैलाई विदितै होला। तर प्रेस स्वतन्त्रतासँग जोडिएका सम्पूर्ण एजेन्डाहरूमा सरकार स्पष्ट नभएसम्म कुराका लागि कुरा र वार्ताका लागि वार्ता गर्ने प्रश्नै आउँदैन। वार्ताको भरपर्दो वातावरण बनाउने काम सरकारको हो। तर, त्यस दिशामा केही मतलव राखेको हामीले देखेका छैनौं।

**० पत्रकार महासंघमा आबद्ध केही पत्रकारहरूले अध्यादेशको समर्थन गरिरहेका छन् नि !**

- केही साथीहरूले नबुझेर वा सरकारको प्रायोजित षड्यन्त्रमा संलग्न बनेर त्यसो गरेका छन्। हामी तिनको अभिलेख राखिरहेका छौं। तर, वास्तविक पत्रकारहरू कसैले पनि कालो अध्यादेशको समर्थन गरेका छैनन्।

# चीन भ्रमणः संक्षिप्त चर्चा

**' प्रदीप नेपाल**

**ची**नको कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभागको निम्तोमा हाम्रो पार्टीको एउटा प्रचार दल एकहप्ते भ्रमणको कार्यक्रम बनाएर चीनतिर हिंडेको थियो। प्रचार विभाग प्रमुखको नेतृत्वमा गएको उक्त टोलीमा हामी पाँच जना थियौं- प्रदीप नेपाल, अग्निशिखा, भानुभक्त ढकाल, कमला पराजुली र राजेन्द्र स्थापित। चीनमा कमरेड खाङ सयाङले हामीलाई यात्रा अवधिभर साथ दिनुभएको थियो।

धेरै नेपालीले खाङ दिदीका रूपमा चिन्ने कमरेड खाङ सयाङले आफू सेवानिवृत्त भइसके पनि एक वर्ष सल्लाहकारका रूपमा काम गरिरहेको बताउनुभयो। मलाई यो तरिका राम्रो लाग्यो। ६० वर्षसम्म जमेर पार्टी काम गर्ने, त्यसपछि सेवानिवृत्त भएर पार्टीलाई सल्लाह-सुझाव दिने मानसहित सल्लाहकार भएर बस्ने। नेपालमा पनि यो चलन चलाउनुपर्छ भन्ने मलाई लाग्यो।

यसपालि चिनियाँ मित्रहरूले हामीलाई चीनको आर्थिक विकासको गति, ग्रामीण अर्थतन्त्र तथा सञ्चार क्षेत्रका बारेमा जानकारी दिने गरी आमन्त्रण गरेका थिए। यो हाम्रै माग पनि थियो। हामीले माओ त्सेतुङको जन्मस्थलको भ्रमण गर्ने, सञ्चार क्षेत्रको अध्ययन गर्ने र भित्री प्रान्तहरूको विकासको प्रक्रिया अध्ययन गर्ने प्रस्ताव पठाएका थियौं।

यसपालिको हाम्रो यात्रा काठमाडौं-ल्हासा-छङ्तु-चाङसा-पेकिङ्गको थियो। हामीले दुई दिन छङ्तुमा बितायौं। एक दिन चाङ्साको साओसान गाउँमा बितायौं। अन्तिम तीन दिन हामीले पेकिङ्गमा बितायौं।

**नेपाल-चीन सम्बन्धबारे**

हामी नेपालीहरू चीनका बारेमा राम्रै ज्ञान राख्तछौं। हामीलाई लाग्छ, चीनमा पनि हाम्राबारेको जानकारी राम्रै हुनुपर्दछ। यथार्थमा चीनमा नेपालका बारेमा उत्तिसाह्रो ज्ञान छैन। मैले टोपी लगाएको थिएँ। मेरो टोपीले त्यतिबेला नेपालको परिचय दिनसकेन। छङतुको बजारमा एउटाले मलाई (भारतीय) भन्यो भने साओसानमा अर्कोले मलाई मलेसियाई भनिदियो। मैले दुवै ठाउँमा आफूले सिकेको एउटा चिनिया शब्द 'निबोर' भनेर परिचय दिनुप-यो। यो जनस्तरको कुरो हो।

राज्यस्तरमा पनि नेपालको चर्चा खासै भएको मैले पाइनँ। चिनियाँ मित्रहरूले हामीलाई अध्ययनार्थ 'चाइना-फ्याक्ट्स एन्ड फिगर्स-२००४' भन्ने पुस्तक दिनुभएको थियो। त्यो सबै पढेको छैन मैले। तर, 'छिमेकी मुलुकहरूसितको सम्बन्ध' भन्ने अध्यायमा मेरो ध्यान गएको थियो चीनमै छँदा। छ अनुच्छेदमा बाँडिएको त्यो पुस्तकमा नेपालको नाम कतै छैन। चिनियाँहरूले आसियानसँगको सम्बन्धलाई अत्यन्तै महत्त्व दिएका छन्। भारतसितको सम्बन्ध सुधारले पनि ठूलै ठाउँ पाएको छ। मङ्गोलिया, रुस, जापान, कोरिया, मध्यएसियायी गणतन्त्रहरूसँगको सम्बन्धलाई चीनले 'क्षेत्रीय शान्ति र स्थायित्व' को रूपमा बुझेको छ, भारतसँगको मित्रतालाई 'सम्भावना र औसरहरूको खोजीका लागि सम्बन्ध सुदृढीकरण' का रूपमा लिएको छ। त्यो छिमेकी मुलुकहरूमा सीमा जोडिएका दुइटा मुलुकको कुनै चर्चा छैन- ती भुटान र नेपाल।

यद्यपि, मैले यसलाई गम्भीरताका साथ लिएको छैन कहिल्यै पनि। चीन जसरी छलाङ्ग मार्दै विश्व अर्थतन्त्रको केन्द्रतिर अघि बढिरहेको छ, त्यहाँ नेपालको उपस्थिति हुने कुरै भएन।

चीनको भ्रमणका सन्दर्भमा देखिएको विकास, परिवर्तनका बारेमा सहभागी कमरेडहरूले आफ्नो अनुभूति लेख्नुभएकै छ। त्यस सन्दर्भमा यत्ति भनौं- चीनले यसबीचमा विकासको जुन चरण पार गरेको छ- त्यो नेपालीका लागि कल्पनाको विषय मात्रै हुनसक्छ।

**भलाकुसारीका विषयहरू**

चीनसँग नेपालका वामपन्थी पार्टीहरूको सम्बन्ध निकै चिसिएको अनुभव धेरै स्वतन्त्र वामपन्थी बुद्धिजीवीहरूको मुखबाट मैले सुनेको थिएँ। तिनीहरू सबैले मलाई खुलेरै आफ्नो कुरो राख्ने सुझाव पनि दिएका थिए। मैले छङ्तुमा प्रान्तीय पार्टी कमिटीका प्रचार विभागका प्रमुख वाङ साओसियोङ्गसँग पहिलो भलाकुसारी गरेँ। उनले सछ्वान प्रान्तले गरेको आर्थिक प्रगतिको जानकारी दिए। युवा थिए तिनी। चीनमा युवाहरू नेतृत्वमा गएको अनुभूति दिए तिनले। उनले आफ्नो विभागको सामान्य जानकारी पनि दिएका थिए। तर, उनको जोड सछ्वानको जलसम्पदा, उत्पादनवृद्धिजस्ता जानकारी दिने काममा धेरै समय बिताए।

त्यहाँ मैले तौली तौली बोलेँ। मैले उनलाई भनेँ- नेपालमा, चिनियाँ जनता अनि चीनको कम्निस्ट पार्टीका सच्चा मित्र भनेका वामपन्थी मात्रै हुन्, तिनीहरूसँगको गाढा मैत्री सम्बन्धले चीनलाई पनि केही न केही फाइदा हुन्छ। प्रान्तीयस्तरमा त्यो भन्दा बढी बोल्नुपर्छ भन्ने मलाई लागेन। उनले पनि मेरो कुराप्रति सकारात्मक भाव नै देखाए- त्यो त हो, त्यो त हो भन्दै। चिनियाँ मित्रहरू अर्काको चित्त नदुखोस् भनेर उनीहरूको कुरामा सहमति जनाउँछन् भन्ने मलाई त्यतिबेला लागेको थियो।

सछ्वानमा युवाहरू नेतृत्वमा छन् भन्ने अनुभूति हामीले जताततै पायौँ। प्रचार विभागका प्रमुख मात्रै होइन, शिष्टाचार क्षेत्रका प्रमुख, हाइटेक जोनका कार्यकारी व्यवस्थापक, हाम्रा दोभासे सबै भर्खरका युवा थिए।

चाङ्सामा हामीले पुरानो पाराको भावनात्मक सम्बन्ध नै महसुस गऱ्यौँ। नेतृत्व पनि पाको थियो। भेटघाट भएका साथीभाइहरू पनि आफन्तैजस्तो लाग्ने। हामीले गाउँतहसम्मै झरेर चीनको विकासलाई बुझ्ने कोसिस गऱ्यौँ त्यहाँ। कुनै जमानामा शीतले कठाङ्गिएर मानिसहरू मर्ने चाङ्साको साओसान गाउँमा गएको पचास वर्षमा देखापरेको प्रगतिले जोकोहीलाई पनि जीब्रो टोक्ने अवस्थामा पुऱ्याइदिन्छ।

त्यसैले त्यहाँ मैले सछ्वानमा गरेजति पनि कुरो गरिनँ। तर पनि मैले चीन र नेपालका कामरेडहरूबीच गहिरो मित्रता हुनुपर्छ भन्नचाहिँ बिर्सिइनँ।

पेकिङ्गमा ओर्लिनेबित्तिकै चिनियाँ मित्रहरूले मसँग माओवादीका बारेमा केही कुराहरू सोधे। के हो, कस्तो हो, कत्ति प्रभाव छ, एमालेसँग कुनै सम्बन्ध छ कि छैन जस्ता जिज्ञासा त्यहाँ औपचारिक होइन, अनौपचारिक ढङ्गबाटै उठेका थिए। मैले औपचारिक भइरहनुपर्ने थिएन। त्यसैले मैले त्यहाँ जस्ताको तस्तै आफ्नो कुरो यसरी राखेँ :

क) माओवादीहरू हिंसामा विश्वास गर्छन्। हामी शान्तिमा विश्वास राख्छौँ।

ख) उनीहरू बन्दुकको बलमा भरोसा गर्छन्। हामी जनताको बलमा विश्वास गर्छौं।

ग) उनीहरूको माओवाद यथार्थमा उग्रवामपन्थता हो र उग्रवामपन्थताको अनिवार्य नियति समाप्ति हुन्छ।

बेलुका पाहुना बसेकै होटलमा आयोजकको तर्फबाट भेटघाटको आयोजना हुन्छ भन्ने हामीले थाहा पाइसकेका थियौँ। पेकिङ्गमा पनि हामीलाई अन्तर्राष्ट्रिय विभागका उपमन्त्री लिउ होङ्गकाईले साँझको खानाको निम्तो दिने कार्यक्रमको जानकारी दिइएको थियो। मैले आफ्नो सबै कुरो राख्ने ठाउँ त्यही थियो। नभन्दै मैले राखेँ पनि। राजाले प्रतिगमन गरेपछि चीनले देखाएको भूमिकाले प्रजातन्त्र चाहने नेपालीको मन दुखेको छ भन्नै पऱ्यो। चीनलाई अप्ठेरो पर्दा राजा होइन, उहिल्यैदेखि जनता नै बोल्दै आएका थिए पनि मैले भन्नै पऱ्यो। राजाको मित्रता स्वार्थको मित्रता हो र कम्निस्टको मित्रता आस्थाको मित्रता हो भन्ने विषयलाई पनि मैले जस्ताको तस्तै राख्नै पऱ्यो। साथीहरूले राम्रो-नराम्रो जे माने पनि मैले चीन-नेपाल सम्बन्धको वर्तमान अध्यायप्रति आफ्नो असन्तुष्टि पोख्नै पऱ्यो।

लिउ होङ्गकाईले मेरो कुरो सुन्नुभयो, चीन-नेपाल मैत्रीको परम्पराको कुरो सुनाउनुभयो, तिब्बत र ताइवानको मामिलामा नेपालले लिएको अडानको प्रशंसा गर्नुभयो र चीन तथा नेपाल सधैँभरि सच्चा मित्र रहिरहने विश्वास व्यक्त गर्नुभयो।

# प्रेरणादायी थाङ्ग रुइऱ्याङ्ग

■ **कमला पराजुली**

मिहिनेत गरे के हुँदैन र ? न योग्यताले रोक्छ, न त उमेरले नै छेक्छ। यस्तै दृढ इच्छाशक्ति भएकी महिला हुन्- ७८ वर्षीया चिनियाँ थाङ्ग रुइऱ्याङ्ग। अर्काले हात समाएर मझेरी र आँगनमा उठ-बस गर्ने सरदर उमेर भइसकेकी यी बूढी आमाले अहिले माओत्सेतुङ्गको जन्मस्थान चीनको हुनान प्रान्तको साओसाङ्गमा होटल चलाइरहेकी छन्। भव्य र व्यवस्थित योजनासहित व्यवसाय गरिरहेकी यी आमा कमरेड माओकी काकी आमा हुन्। उनी भन्छिन्- 'अध्यक्ष माओबिना म हुने थिइनँ, मेरो जीवनको आधार र प्रेरणाश्रोत माओ नै हुन्। त्यसैले मैले आफ्नो होटलको नाम पनि माओ होटल नै राखेकी छु।'

२० वर्ष अगाडि ५६ वर्षको उमेरमा होटल व्यवसाय आरम्भ गरेकी थाङ्गलाई लेखपढ गर्न आउँदैन। उनी भन्छिन्- 'मैले विद्यालय पढेकी छैनँ, मलाई जम्मा सात अक्षर मात्र पढ्न र लेख्न आउँछ- 'माओ होटल' र मेरो आफ्नै नाम 'थाङ्ग।' कसले

पत्याउला यी बूढी आमाले यति गरिन् भनेर ? तर, उनले भनेर होइन, गरेरै देखाएकी छन् । गरिखान परदेश नै जानुपर्दैन, मिहिनेतीका लागि संसार खाली छ भन्ने पाठ पनि यसैबाट पढाइन् ।

थाङ्गका एक छोरा र एक छोरी छन् । उनीहरू पनि अहिले साथमा छैनन् । उनकी नातिनीले बेइजिङ्ग विश्वविद्यालयबाट कृषि विज्ञानमा विद्यावारिधि उपाधि प्राप्त गरिसकेकी छन् । तीन वर्षअगाडि थाङ्गका पतिको फोक्सोको क्यान्सरबाट देहावसान भयो । अहिले थाङ्ग एक्लै छन् तर पनि उनले हरेश खाएकी छैनन् । उनी आफ्नो पेसा र व्यवसायप्रति प्रतिबद्ध छन्, जीवनप्रति आशावादी छन् ।

२० वर्षे युवालाई चुनौती दिने जोश र जाँगर बोकेकी थाङ्गको होटलको अहिले चीनका २० वटा प्रान्तका ९० वटा सहरमा एक सय नौवटा शाखा छन् । एक सय नौवटा होटलमा थाङ्ग १९ हजार जनालाई रोजगारी दिन सफल भएकी छन् । उनको होटलले राज्यलाई वार्षिक पाँच करोड युआन राजस्व बुझाउने गरेको छ ।

थाङ्ग चिनियाँहरूको आर्थिक विकास र आत्मनिर्भरताको उदाहरण नै बनेकी छन् । उनले व्यवसाय गरेर आफू र आफ्नो परिवारलाई मात्र समृद्ध बनाएकी छैनन्, सामाजिक सेवामा पनि त्यत्तिकै समाहित भएकी छन् । गाउँको स्कुलका लागि सहयोग गर्ने, बाटो बनाउने र पाँच सय स्कुले विद्यार्थीलाई आर्थिक सहयोग प्रदान गर्ने काम पनि गरेकी छन् ।

'अब मेरो पालो सकियो, धेरै गर्न सक्दिनँ । मलाई बूढेसकाल लाग्यो, कसको सहारामा जीवन बिताउने, कसले मेरो रेखदेख गरिदेला' भन्ने हाम्रो सामाजिक र मानसिक चिन्तन र परम्परालाई यी बूढी आमैले चुनौती दिएकी छन् । आफ्नै पौरख, आफ्नै गौरव र आफ्नै हैसियतमा बाँचेकी यिनलाई बूढेसकालको डर छैन ।

मानिसको शरीर बूढो भए पनि मन बूढो हुँदैन, उमेर ढल्के पनि जोश-जाँगर र ऊर्जा सकिँदैन । मनले हरेश नखाएसम्म धेरै गर्न सकिन्छ । मानिसको जीवनको आधार नै क्रियाशिलता र इच्छाशक्ति हो भन्ने उदाहरण नै बनेकी छन् थाङ्ग रुइञ्याङ्ग ।

# सेचुआँका असल मान्छेहरूको प्रगति

## ' अग्निशिखा

**वि** श्वप्रसिद्ध जर्मन साहित्यकार बर्तोल्ड ब्रेख्तको एउटा प्रसिद्ध नाट्यकृति हो- *'सेचुआँको असल मान्छे'* । तिनै असल मान्छेहरूलाई भेट्न हामी हतारिएका थियौँ । ३ सेप्टेम्बरका दिन काठमाडौं-ल्हासा-चेङ्गदुको फ्लाइटमा उडिरहेका थियौँ ।

मेरा लागि भने चेङ्गदु नौलो थिएन । नौ वर्षअघि एमालेको केन्द्रीय प्रचार विभाग प्रमुख राधाकृष्ण मैनालीको नेतृत्वको प्रतिनिधिमण्डलमा रहेर चेङ्गदु पुगेको थिएँ । प्रतिनिधिमण्डलका अन्य सदस्यहरूमा थिए- हरि रोक्का, नारद वाग्ले, बोधराज त्रिपाठी, किशोर श्रेष्ठ र सूर्य थापा ।

यसपटक चेङ्गदुतर्फ उडिरहँदा म नौ वर्षअघिको भ्रमण सम्झिरहेको थिएँ- मिनसाङ्ग होटल, दुजियाङ्ग नहर, चुकेलाङ्ग मन्दिर, तु फु पार्क । यिनै सम्झनामा डुबिरहँदा कतिखेर चेङ्गदुको एयरपोर्टमा पुगियो, थाहै भएन । प्लेनको मुखबाट बाहिर पाइला टेक्नासाथ म्याडम खाङलाई देखियो । हाम्रा लागि उहाँ 'खाङ दिदी' हुनुहुन्थ्यो । र, १९९६ मा पनि उहाँले नै चेङ्गदु, ग्वाङ्गझाउ, नानहाई र सान्थाउको भ्रमणमा साथ दिनुभएको थियो ।

म्याडम खाङका साथ सेचुआँको विदेश मामिला अफिसका दुई जना साथी लो हाओ र त्वान स्याओतिङ्ग थिए । पुक्क गाला परेका लोका आँखा बुद्धका अर्धमुदित नयनजस्तै थिए ।

एयरपोर्टबाट हामी होटलका लागि मिनीबसमा रमाना भयौँ । नौ वर्षमा चेङ्गदु धेरै फेरिइसकेको रहेछ । त्यतिखेर ट्राफिक सिस्टमसमेत थिएन । अहिले त सडक र पेटीहरू फराकिला भएछन् । आकाश छुने भवनहरू धेरै थपिएछन् । सडकका दुवै किनारमा रहेका पसलहरू युरोपका भन्दा कम थिएनन् । लाग्थ्यो, हामी युरोपकै कुनै सहरमा पुगेका छौँ । पहिले साइकलहरू प्रशस्त देखिन्थे । यसपालि गाडीहरू प्रशस्त देखिए ।

सोचिरहेको थिएँ- यसपालि हामीलाई कुन होटलमा राख्ने होला ! हामी सहरको मध्यभागमा पुगिसकेका थियौँ । अलिपर मिनशान होटल देखियो । मैले राजेन्द्र स्थापितलाई भनेँ- 'पहिले हामी त्यही होटलमा बसेका थियौँ ।' एकैछिन पछि हाम्रो गाडी त्यही होटलको कम्पाउन्डमा छिर्‍यो । मलाई आफ्नै घरमा भित्रिएजस्तो लाग्यो ।

त्यसै दिन बेलुका चिनियाँ कम्युनिस्ट पार्टीको सेचुआँ प्रान्तीय प्रचार विभाग प्रमुख वाङ्ग शाओसियोङ्गसँग हाम्रो प्रतिनिधिमण्डलका नेता कमरेड प्रदीप नेपालको कुराकानी भयो । कुराकानीका क्रममा थाहा भयो- सेचुआँले खासगरी सात वर्षयता आर्थिक रूपमा काँचुली नै फेरिसकेको रहेछ । त्यतिखेर आर्थिक विकासको हिसाबमा प्रान्तीय रूपमा सेचुआँ अठारौँ स्थानमा रहेको थियो । यतिबेला भने चारौँ स्थानमा उक्लिसकेको रहेछ । यद्यपि, आर्थिक वृद्धिदरको राष्ट्रिय प्रतिशतलाई यसले भेट्टाउन बाँकी नै छ । र, सेचुआँका कमरेडहरू सन् २०२० सम्मको चरणबद्ध आर्थिक लक्ष्यसहित यसतर्फ अगाडि बढेका छन् ।

भोलिपल्ट दुजियाङ्गतर्फ लागियो । यसपटक भने मौसमले साथ दिएन । झम्झम् पानी परिरह्यो । प्रदीप कमरेडलाई रुघाले सताइरहेको थियो । उहाँलाई चिनियाँ कमरेडहरूले रुघाको परम्परागत औषधिको प्याकेट नै ल्याएर दिए । चिनियाँ

सद्भावनाको जति तारिफ गरे पनि कम नै हुन्छ । हामी नभिजियुँ भनेर प्रत्येकलाई छाता किनेर ल्याइदिए । पछि फर्काउन खोज्दा लिन मानेनन् । दुजियाङ्ग सिंचाई प्रणालीबारे हामीलाई जानकारी दिने फुच्ची-फुच्ची चिनियाँ बहिनीका सेता राम्रा दाँतको सम्झना के कहिल्यै धमिलिएला ?

५ सेप्टेम्बरका दिन 'चेङ्गदु हाइटेक इन्डस्ट्रियल डेभलपमेन्ट जोन' को भ्रमणमा निस्क्यौँ । ८२ वर्ग किलोमिटर क्षेत्र ओगटेको यो 'जोन' को स्थापना १९८८ मा भएको थियो । यो क्षेत्र चेङ्गदु नगर सरकारअन्तर्गत पर्छ । त्यहाँ पुग्दा हामी सबैको ध्यान खिच्ने एउटा सुन्दर भवन पानीजहाजको डिजाइनको थियो । अगाडि माथिदेखि तलसम्म धार परेको र पछाडि फुकेको ।

अहिलेसम्म ४.५० अर्ब अमेरिकी डलर बराबरको रकम लगानी भएको यो 'हाइटेक जोन' ले स्थापनाको दुई वर्षमा ६ करोड ५० लाख RMB आम्दानी गरेको थियो भने गत वर्ष त्यसको आम्दानी १८ अर्ब RMB पुगेको छ र २.०४ अर्ब त राजस्व नै बुझाएको थियो । पाँच वर्षअघि 'साइन्स पार्क' को रूपमा अनुमोदित यो 'जोन' मा इन्टेल, मोटोरोला, सुमितोमो, अल्काटेल, टोयोटा, सोनी, सिमेन्स, फुजी फिल्म, आइविएमलगायतका बहुराष्ट्रिय कम्पनीहरूको लगानी रहेको छ ।

यो 'जोन' ले प्रतिभाशाली पेसेवरहरूलाई आकर्षित गरेको छ । सात सय जना त डक्टरेट गरेका नै छन् भने अमेरिका, जापान, ब्रिटेन, फ्रान्स, जर्मनी, क्यानाडा, बेल्जियम, अस्ट्रेलिया, सिङ्गापुरलगायतका राष्ट्रहरूबाट फर्केका एक हजारभन्दा बढी चिनियाँ विद्वान्हरूसहित उच्च शिक्षा प्राप्त गरेका करिब ५० हजार व्यक्ति र पेसेवरहरू यस 'जोन' मा संलग्न छन् । पुँजी लगानीदेखि सूचना, परामर्श, कानुन, लेखा, मूल्याङ्कन, तालिमसम्मका सेवाहरू यसले प्रदान गर्छ ।

यहाँ चीनकै सबैभन्दा ठूलो incubation centre छ । सूचना प्रविधि प्रशोधनलगायत सूचना सुरक्षा उद्योग पनि छ । यहाँ चुम्बकीय औषधि यन्त्र, हजाईजहाजका सामग्री, अप्टिकल लेन्स र सामग्री, सेलफोनका मोडुल, फ्र्याक्चरका सामग्रीहरूको उत्पादन हुन्छ । स्मरणीय छ, नेदरल्यान्ड्स र चीनमा मात्र फ्याक्चरका सामग्रीको उत्पादन हुन्छ । र, यो हाइटेक उद्योगको मुख्य हिस्सा हवाईजहाजका सामग्रीको उत्पादनले आगेटेको छ ।

एउटै छातामुनि विविध प्रकारका सेवा उपलब्ध गराउनु यो 'जोन' को महत्त्वपूर्ण पक्ष हो । प्रशासनिक, बैकिङ्ग, भन्सार, यातायात, कर, निर्यातलगायतका सेवा यहाँ प्रदान गरिन्छ । मानिसहरूको दैनिक जीवनमा आवश्यक पर्ने सम्पूर्ण सेवा एकै ठाउँबाट उपलब्ध हुनु कम रोचक पक्ष होइन ।

कुनै बेला एउटा चिनियाँ कथा पढिएको थियो- 'पहाड पन्छाउने मूर्ख बूढो ।' त्यस कथाले चिनियाँहरूको परिश्रम र लगनशीलतालाई प्रस्ट्याएको थियो । र, भन्नुपर्ने हुन्छ- चिनियाँहरू पहाड पन्छाउन सक्छन् । नदीमाथि पुल बनाउने मात्र नभएर पहिला पुल बनाउँछन् र त्यसपछि नदीलाई नै पुलतर्फ सोझ्याउन सक्छन् । जङ्गललाई नै सार्न पनि सक्छन् । यो कुरा त्यही 'हाइटेक जोन' भित्रै पनि देखियो ।

यो 'जोन' भित्रै एउटा नयाँ सहरको निर्माणको काम लगभग सकिन लागेको छ र पर्यावरणीय पार्कका लागि पचास हजार रुख रोपिँदै वा अन्यत्रबाट सारिँदै जङ्गल नै तयार गरिँदैछ । 'सेन्चुरी सिटी' नाम दिइएको यो नयाँ सहरमा डाक्टर, ओभरसियरहरूको रोजगारीका लागि सूचना केन्द्र, आठवटा प्रशासनिक भवन, दुईवटा पाँचतारे होटल, विश्वविद्यालय, स्थानीय जनताका लागि घर र अपार्टमेन्ट, विदेशबाट फर्केकाका लागि आवास क्षेत्रको व्यवस्था गरिँदैछ । आवास जमिनको मूल्य प्रति वर्गमिटर पाँच हजार युआन (करिब ४५ हजार रुपियाँ) पर्छ, जबकि बेइजिङ्गमा १२ हजार युआन पर्छ ।

यी बाहेक, दुई लाख वर्गमिटर ओगट्ने एसियाकै सबभन्दा ठूलो प्रदर्शनीकक्षको निर्माण हुँदैछ भने चीनमै सबभन्दा विशाल ठहरिने पसल (shopping mall) पनि बनाइँदैछ । सांस्कृतिक गतिविधि र विश्रामका लागि यो नयाँ सहरमा अमेरिकाको लास भेगास शैलीको सांस्कृतिक केन्द्र पनि निर्माण हुँदैछ ।

यसैगरी, सोही क्षेत्रमा रहेको चेङ्गदु दायो (DIAO) ग्रुपको हाइटेक इन्टरप्राइजेज पनि अवलोकन गरियो । यो निजी कम्पनी हो र लगानी २.५ अर्ब RMB रहेको छ । १९८८ मा पाँच लाख युआन सापटी लिएर यसको स्थापना भएको थियो । यहाँ ११ कम्पनी रहेका छन्, तीमध्ये आधुनिक तथा परम्परागत औषधि उत्पादन गर्ने चार कम्पनी छन् ।

यहाँ ऊर्जा उद्योग, घर जमिनको कारोबार (Real estate), लगानी, सौन्दर्य प्रसाधनलगायतका कम्पनी छन् र चार हजार तीन सय कर्मचारी छन् । यहाँ नयाँ औषधिबारे अनुसन्धानसमेत गरिन्छ । गत वर्ष मात्र यहाँ १.६ अर्ब RMB मूल्यको औषधि उत्पादन भएको थियो । औषधि उत्पादनमा दायो ग्रुप दक्षिण-पश्चिम चीनमा पहिलो स्थानमा रहेको छ ।

चेङ्गदुको चर्चा जति गरे पनि सकिँदैन । तेस्रो दिन हामी चाङ्गसातर्फ लाग्नुपर्ने थियो । एयरपोर्टमा पुग्ने समय निकै बाँकी रहेकाले मध्य सहरमै रहेको ताओ मन्दिर हेर्न गइयो । सेतो बाक्लो कपडा लगाएका र चुल्ठो बाटेका महिला-पुरुष ताओ धर्मावलम्बीहरूलाई देखियो । प्रदीप कमरेडले त उनीहरूसँगै फोटो खिचाउनुभयो भने भानुभक्तले मुठीमाथि मुठी राखेर उनीहरूले गर्ने अभिवादन सिक्नुभयो ।

त्यसपछि हामीलाई खानाका लागि पुरानो शैलीको चिनियाँ रेस्टुराँमा लगियो । टेबुल वरिपरि खान बस्दा, रेस्टुराँको एउटा फुच्चे कामदार हुक्काको नलीजस्तो लामो-लामो चुच्चो परेको करुवाजस्तो भाँडो समातेर कुङ्ग फुजस्तो शैलीमा नाच्न थाले र टाढैबाट टेबलमा रहेको गिलासमा पेय पदार्थ खनाउन थाले । उनी भानुभक्त र राजेन्द्रको पछाडि नाचिरहेका थिए । मलाई भने कहीँ त्यो चुच्चोले साथीहरूलाई घोच्ने हो कि भन्ने डर लागिरहेको थियो । यो, अतिथिहरूलाई स्वागत गर्ने तरिका रहेछ । हामी दङ्गदास पर्‍यौँ ।

चार दिनपछि चाङ्गसा र बेइजिङ्गको भ्रमण सकेर हामी फेरि चेङ्गदु फर्केका थियौँ । बेइजिङ्गबाट चेङ्गदु आइपुग्दा रातको १० बजिसकेको थियो । हामीलाई उही मिनशान होटलमा पुऱ्याइयो । भोकै रात नबिताउन् भनेर लो हाओ र त्वान स्याओतिङ्गले होटलमा खानाको अर्डर दिएका रहेछन् । हाम्रै लागि त्यति अबेलासम्म होटलको डाइनिङ्ग रुम खुला राखिएको रहेछ । यस्तो सहृदयी होटल आफ्नै घरजस्तो लाग्नु अस्वाभाविक थिएन ।

भोलिपल्ट सबेरै ल्हासा हुँदै काठमाडौँतर्फ उड्नुपर्ने थियो । बिहान एयरपोर्टतर्फ लाग्दा हाम्रा साथमा लो र त्वान नै थिए । हाम्रा लागि उनीहरूले प्याकेटबन्द खाने कुरा ल्याएका थिए । हामीले मिनीबसभित्रै खाने कुरा बुत्यायौँ । उनीहरूसँग छुट्टिन पर्दा हाम्रो मन गह्रौँ भइरहेको थियो । उनीहरूको आत्मीयतालाई हृदयको कुनै कुनामा थपक्क राखेर हामी बिदा भयौँ- सेचुआँका यी असल मान्छेहरूले सफलताको सगरमाथा चुमून् !

# माओवादी र राजासँग सहकार्य हुँदैनः गौतम

काठमाडौं । नेकपा (एमाले) का कार्यवाहक महासचिव वामदेव गौतमले अहिलेको अवस्थामा माओवादी र राजा दुवैसँग आफ्नो पार्टीले सहकार्य नगर्ने स्पष्ट पार्नुभएको छ । माओवादीसँगको सम्भावित सहकार्यका बारेमा अमेरिकी राजदूत जेम्स एफ मोरिआर्टीले 'सन्त्रास' व्यक्त गरेपछि  गौतमले कार्तिक २१ गते सो स्पष्ट पार्नुभएको हो ।

'माओवादीले सशस्त्र संघर्षलाई प्रमुख रूप मानेर लाग्दासम्म ऊसित हाम्रो संयुक्त मोर्चा वा सहकार्य सम्भव छैन'- उहाँको कथन छ-'साथै, निरंकुश राजतन्त्रसित पनि कुनै किसिमको हाम्रो सहकार्य सम्भव छैन ।' यसमा आफूहरू प्रस्ट रहेको जानकारी उहाँले दिनुभएको छ । आफ्नो पार्टीले शान्तिपूर्ण राजनीतिमा विश्वास गर्ने दोहोऱ्याउँदै कार्यवाहक महासचिव गौतमले माओवादीका गलत र ज्यादतीपूर्ण क्रियाकलापको सदा विरोध र आलोचना गर्दै आएको स्मरण गराउनुभएको छ । उहाँको कथन छ- 'हामीले हिंसात्मक युद्धलाई कहिल्यै समर्थन गरेनौं ।' मुलुकमा लोकतन्त्र र स्थायी शान्ति कायम गर्न गम्भीर र जिम्मेवार प्रयत्न सुरु गरिएको जानकारी दिँदै उहाँले त्यसक्रममा माओवादीसँग विभिन्न स्तरमा वार्ताहरू गरिँदै आएको जनाउनुभएको छ ।

आफ्नो पार्टीले माओवादी समस्यालाई मूलतः राजनीतिक समस्या ठानेको स्पष्ट पार्दै गौतमले भन्नुभयो- 'तदनुरूप यसको समाधान पनि शान्तिवार्ताद्वारा राजनीतिक रूपले नै गर्नुपर्छ भन्ने हाम्रो अडान छ ।' अहिलेको अवस्थामा जनताका सम्पूर्ण अधिकार खोसेर कायम भएको निरंकुश राजतन्त्र नै माओवादी समस्याको शान्तिपूर्ण समाधानमा वाधक भएको तर्क गर्दै उहाँले माओवादीको एकपक्षीय युद्धविरामप्रति राजाको सरकारले गरेको हिंसात्मक र गैरजिम्मेवार व्यवहारले यसको पुष्टि गरेको बताउनुभयो । नेपाली जनताका प्रतिनिधिका रूपमा रहेका आन्दोलनरत दलहरूको पहलकदमीमा माओवादी समस्या समाधान हुने अपेक्षा गौतमको छ । उहाँको कथन छ- 'आजसम्मका हाम्रा प्रयत्नहरू यसै दिशमा निर्दिष्ट रहेका छन् । नेकपा (माओवादी) सित हामीले गरेका वार्ता र संवादहरू पनि यसैसित सम्बन्धित छन् ।'

# उजाड सेचुआँले जुनी फेऱ्यो

## ' भानुभक्त ढकाल

**चिनारी**

चीनको दक्षिण-पश्चिम क्षेत्रमा अवस्थित सेचुआँ प्रान्त विकासको नमुनाका रूपमा विकसित हुँदै गरेको क्षेत्र हो । चीनको कुल जनसङ्ख्याको १० प्रतिशत ओगट्ने यस प्रान्तको राजधानी चेन्दु हो । चेन्दुनगर केन्द्रीय सरकार अधिनस्थ र शासित छ । चीनको मुक्ति अभियानमा अन्यत्रबाट लखेटिएपछि यो क्षेत्रमा अखडा जमाएको च्याङ काई सेक यस क्षेत्रबाट पनि लखेटिएर ताइवान पलायन भएपछि चीनको स्वतन्त्रताले पूर्णता पाएको थियो । तेस्रो शताब्दीमा सिंचाई प्रणालीलाई वैज्ञानिक रूपले व्यवस्थित गर्ने अग्रणी ली पेङको क्षेत्र पनि सेचुआँ नै हो । अलौकिक कथाको पात्रका रूपमा चित्रित गरिने क्षमतावान र सर्वाधिक लोकप्रिय तत्कालीन प्रधानमन्त्री चुके ल्याङको कार्यथलोका साथै चीनको आधुनिकीकरणका प्रणेता, चिनियाँ समाजका सुधारवादी परिवर्तनका वाहक कमरेड देङ सियाओ पिङको गृहक्षेत्र पनि सेचुआँ नै हो । चेङ्दु सहरबाट करिब ४५ किलोमिटरको दूरीमा ऐतिहासिक दुजियाङ यान परियोजना सञ्चालन भएको छ ।

**अवलोकनको अनुभव**

२००५ सेप्टेम्बर ४ का दिन हामीले आफ्नो भ्रमणको पहिलो क्षेत्र यसै ऐतिहासिक चिनियाँ प्रान्त सेचुआँलाई बनायौँ । उत्साहित अनुहार र नयाँ इच्छाशक्तिका साथ हामीहरू बिहान ८ बजे त्यस क्षेत्रतर्फ प्रस्थान गऱ्यौँ । सेचुआँ पार्टीका प्रतिनिधि, हाम्रो यात्रामा सामेल खाङ दिदी र हामीहरू बसबाट त्यहाँ पुग्दा दुजियाङ परियोजनाका प्रमुखलगायतका कमरेडहरूले स्वागत गर्नुभयो । यसपछि त्यस क्षेत्रको हाम्रो अध्ययन भ्रमण आरम्भ भयो ।। स्मरणीय पक्ष के छ भने माथिल्लो ओहदाका व्यक्तिहरूसमेत सम्मिलित हाम्रो प्रतिनिधिमण्डल त्यस क्षेत्रमा रहुन्जेल सम्पूर्ण विषयको अगुवाइ सम्बन्धित क्षेत्रका स्थानीय कमरेडहरूले नै गर्नुभयो । जिम्मेवारी लिएको क्षेत्रमा पूर्णजवाफदेही तथा आत्मविश्वासका साथ लाग्ने र अरूको क्षेत्रमा

हस्तक्षेप नगर्ने प्रवृत्तिलाई त्यहाँबाट सिक्नयोग्य पक्ष मान्नुपर्छ । सिमसिम पानी परिरहेका कारण हाम्रो दोभासे कमरेडले हामीलाई बुझाउन केही प्राविधिक असुविधा भइरहेको हामीले महसुस गरेका थियौं । चिनियाँ कमरेडहरूको न्यानो हार्दिकताले हामीलाई कुनै असजिलोको अनुभूति नै हुन पाएन ।

त्यसभित्रको एउटा कक्षमा दुजियाङ यानको सिंचाई प्रणालीको सजीव मार्गचित्र थियो । डाँडाको काखमा अवस्थित नदीमा पानी बगिरहेको थियो । दुई नदीका बीचमा वस्तीहरू सजिएर बसिरहेका थिए । चित्र यति सजीव थियो- मानौं, यो नै दुजियाङको पूर्णता हो । यसपछि हामीहरू अर्को कक्षमा गयौं, जहाँ यो क्षेत्रको अवलोकन गर्न आएका स्वदेशी र विदेशी मित्रहरूलाई परियोजनाका बारेमा प्रस्ट्याउन वृत्तचित्र देखाउने कार्य पनि भयो । हामी सबै त्यसमा सहभागी भयौं । छोटो समयमा नै त्यहाँ पुगेका हामीहरू उठ्दा सिनेमा हलबाट छुटेजस्तै भीड जम्मा भइसकेको थियो । यसपछि हामीले दुजियाङ यानको सिंचाई प्रणालीका लागि नदीको विभाजन र सुरुङबाट शहरतिर नहर छुट्याएको दृश्यावलोकन गर्‍यौं । त्यो अभूतपूर्व व्यवस्थित कार्यले जोकोहीलाई पनि प्रेरणा नदिई रहन सक्दैन । उक्त परियोजनाको अध्ययन र दृश्यावलोकन गर्न हजारौं हजार व्यक्तिहरू दिनहुँ त्यस क्षेत्रमा आउँदा रहेछन् । सो भ्रमणमा जाने समूहको परिचय र समूह नछाडियोस् भनेर आफ्ना समूहका छुट्टाछुट्टै झन्डाका साथ माइकिङ गर्दै समूह हिँड्ने कार्य पनि कम रोचक थिएन । प्राकृतिक र ऐतिहासिक महत्त्वले अति नै रमणीय त्यो स्थलमा परेको पानीका बावजुद छाता ओढेर र वर्षादी लगाएर हिँडेका चिनियाँहरू तथा विदेशी पर्यटकहरूलाई एकैसाथ देख्दाको जमघट पनि रमाइलो मान्नुपर्छ । परियोजनाको रेखदेख र नेतृत्व गर्ने जिम्मेवारी महिलामा नै रहनुलाई आफैँमा सकारात्मक रूपमा लिन सकिन्छ ।

**हिमालदेखि चेन्दुको मैदानसम्म**

मिनसाङ पर्वतबाट उत्पत्ति भई पहाडहरू पार गर्दै चार हजार मिटर तल झर्दै याङ जे नदीको मूलप्रवाह नै मिङ जियाङ नदी सेचुआँको मैदानमा आइपुगेको छ । छ हजार क्युविक मिटर प्रतिसेकेन्ड जनघनत्व रहेको यो नदीको बाढीले चेन्दुको वस्तीलाई कुनै समय दुई किलोमिटर परसम्म सारेको थियो । त्यति मात्र होइन, बाढी र पहिरोले सधैं नगरवासीहरूलाई सताउनुका साथै उक्त क्षेत्रलाई उजाड बनाउनमा यो नदी कारक बनेको थियो ।

आजभन्दा दुई हजार दुई सय ५६ वर्षअघि अर्थात् २५६ वि.सि.मा पहाडको घाँटी फोरेर दु जियाङ यान सिंचाई प्रणालीलाई चेन्दुको मैदानमा ल्याइएको थियो । नहरले छ लाख ७० हजार हेक्टर जमिनमा सिंचाई पुर्‍याएको छ । मिङजियाङ नदीले चीनको बासु सभ्यतालाई हुर्काएको पाइन्छ । मिङचियाङ नदीको मूल प्रवाहबाट दुजियाङ यान सिंचाई प्रणाली व्यवस्थित गरिएको छ ।

**जेठो सिंचाई प्रणाली**

छिङ अधिराज्यको सु भन्ने ठाउँका गभर्नर भएका बेला लि पीङले दु जियाङ यान सिंचाई प्रणाली बनाउने अभियान नै चलाए । स्थानीय जनतालाई आठ वर्षसम्म लगातार परिचालन गरी उनले यो काम पूरा गरेका थिए । दुजियाङ यान सिंचाई प्रणालीको निर्माणले मिङजियाङ नदी मानव निर्मित गोरेटोमा अविरल बगी मात्र रहेन, त्यसको विध्वंसकारी शक्तिसमेत मानवीय सेवामा योजनावद्ध रूपमा उपयोगी बनिरह्यो । इराकलगायतका विभिन्न देशका प्राचीन सिंचाई प्रणालीहरू पहिले नै प्रयोगहीन भए पनि चीनले दु जियाङ सिंचाई प्रणालीलाई तेस्रो शताब्दीदेखि हालसम्म बचाइराखेको छ । यसले यो देखाउँछ, समाजवादी चीन इतिहास निर्माण गर्ने मात्र नभई त्यसको संरक्षणमा पनि अगुवा बन्न सफल छ । यसको दीर्घजीविता र प्रभावकारिताको तारिफ सबैले मुक्तकण्ठले गर्नैपर्छ । जल संरक्षणको शास्त्रीय नमुनाको रूपमा पनि सुपरिचित यो परियोजना संसारको सबैभन्दा पुरानो पनि हो । उन्नत प्रविधि र वैज्ञानिक प्रणालीबाट निर्मित यो सिंचाई प्रणालीमा ड्याम निर्माण गरिएको छैन । साथै यसलाई राष्ट्रसङ्घीय संस्था युनेस्कोले विश्व सम्पदा सूचीमा राखेको छ । भनिन्छ, यसका परिकल्पनाकार र निर्माणका अग्रणी लि पिङका सन्तान थिएनन् । राष्ट्र र जनताका लागि उनले गरेका अपूर्व योगदानका लागि चेन्दुवासीहरूको हृदयमा उनी अहिले पनि बाँचिरहेका छन् । उनको सम्झनालाई चिरस्थायी राख्न र उनका सन्तान नभए पनि उनी एक्लो छैनन् भन्ने सन्देश दिन चिनियाँहरूले सहरको चोकमा उनी र उनका छोराको परिकल्पना गरी दुई सालिक एकै स्थानमा निर्माण गरिदिएका छन् । चिनियाँहरू यो सिचाई प्रणालीलाई वरदानका रूपमा लिने गर्दछन् । यसले यो सहरको मात्र नभई सिङ्गो चीनकै जीवनमा प्रभाव पारेको छ । सन् १९३६ मा यो परियोजनाको आधुनिकीकरण गर्ने प्रयत्न गरे पनि अहिलेको प्रविधिले समेत २२५० वर्ष (तेश्रो शताब्दी) अगाडिको लि पिङको इन्जिनियरिङका सामु नतमस्तक हुनुपर्‍यो र त्यही प्रविधि नै कायम गर्नुपर्‍यो । यो सिंचाई प्रणाली अहिलेसम्मकै मानव विद्वताको नमुनाको रूपमा परिचित छ । दुजियाङ यानको मर्मतमा हाल कडा परिश्रम गर्नुनपर्ने भएको छ ।

**वैज्ञानिक बनावट**

दुजियाङ यानको इन्जिनियरिङका तीन मुख्य पक्ष छन् । यसमा नदीलाई एकबाट दुई र फेरि एकबाट दुई गरी जम्मा तीन भागमा विभाजन गरिएको छ । यसको वनावटको यो पक्ष अनौठो तर वैज्ञानिक छ । जसका कारण चेङ्दुमा यसले कहिल्यै पनि पिरलो मच्चाउन सकेको छैन ।

यसका वनावटका तीनवटा पक्षहरू छन् । जसमा पहिलो विफरकेसन गेट प्रणाली लागू गरिएको छ । यसले गर्दा ह्वेल माछाको मुखजस्तो यसको आकारले नै पानीलाई यसको भित्री र बाहिरी भागमा बाँडेर प्रवाहित गर्दछ । यसको दोस्रो पक्ष, पानीको वहावले नै यो सँगै प्रवाहमा आएका बालुवा र ढुङ्गालाई छुट्टाछुट्टै स्थानमा फिल्टर गरेर राख्ने गर्दछ, जसको कारण

सिंचाईलाई मात्र नभई खानेपानीको शुद्धतालाई समेत बल पुऱ्याएको छ । खाना खाएपछि शरीरलाई चाहिने र फ्याक्ने पदार्थ छुट्याएजस्तै गरी यसले छुट्याउँछ । यसको तेस्रो पक्ष, मूल नदीबाट दुजियाङ यानबाट भित्री सहरमा जाने सुरुङको मुखको आकारमा घाँटी भएको जारको जस्तो छ । जसका कारण नदीमा धेरै बाढी आउँदा खतराको डर र थोरै पानी हुँदा अभावको अनुभूति पनि गर्नुपर्दैन । यतिसम्म कि बाढी तथा अन्य कारणले उत्पन्न खतरा भए सुरुङको मुख आफैँ बन्द हुने प्रविधिसमेत यसमा उपलब्ध भएकाले चेन्दुवासीहरू निर्भयका साथ बसेका छन् । माथि उल्लिखित तीनवटा पक्षलाई एक अर्कासँग सम्बन्धित गराएर यसको निर्माण गरिएकाले यसको चमत्कारिक रूप तथा व्यावहारिक विज्ञानको पूर्ण क्षमताको प्रयोग गरिएको छ ।

**सिंचाईले जवानी ल्याएको सेचुआँ**

पूर्व र पश्चिम चीनलाई जोड्ने काम दुजियाङले गरेको छ । यसले चेङदुको मैदान र समथर भूभागलाई बाढी र सुक्खाबाट बचाएको मात्र नभई उक्त मैदानी भाग उब्जाउभूमिमा परिणत भएको छ । यही सिंचाईका कारण नौ करोडभन्दा बढी जनता कृषि क्षेत्रमा मात्र संलग्न छन् । यस प्रान्तको मुख्य उत्पादन अन्न हो । खाद्यान्नको अभाव र हाहाकार हुने छिन्दवासीहरू अहिले त्यो स्थानलाई रूपान्तरण गर्न मात्र सफल भएनन्, उनीहरूले यसलाई अन्नको स्वर्ग र प्राकृतिक परिपूर्णताको स्वर्ग पनि बनाउन सफल भएका छन् ।

- दुजियाङका कारण जलयात्रा, काठ पैठारीजस्ता कार्यले गर्दा सेचुआँवासीहरूले विश्व नै आफ्नो आँगनजस्तै सरल र सहज भएको अनुभूति गरिरहेका छन् ।
- वातावरण संरक्षण, बाढी पहिरोको प्रकोपबाट मुक्त, वृक्षारोपणले गर्दा हावापानीको सन्तुलन र प्रदूषण धूवाँ, धूलोबाट मुक्त नगरवासीमा यसले नयाँ रक्तसञ्चार नै गराएको छ । जलस्रोतको मानव उपयोगको उच्च उदाहरणका रूपमा परिचित यो प्रणालीले चेङदुको जमिन अति नै प्राचुर्य, रमणीय र आकर्षक बनेको छ, सौन्दर्य परिवर्तन गरेको छ । सिंचाईका लागि मात्र नभई उद्योग र ग्रामीण क्षेत्रका लागि समेत असर नपर्ने नगरी पानीको वितरण गरिएको छ, जसबाट उद्योगधन्दाहरूलाई समेत व्यवस्थित बन्न सहयोग पुगेको छ ।
- मानवनिर्मित यो सिंचाई प्रणाली र यसको रमणीय पक्ष बुझ्न आन्तरिक तथा बाह्य पर्यटकहरू ठूलो सङ्ख्यामा यस क्षेत्रको दृश्यावलोकन गर्न आउने गरेका छन् । यसबाट स्थानीय बासिन्दाले चौतर्फी प्रभाव र लाभहरू समेत प्राप्त गरेका छन् ।
- शुद्ध पिउने पानी, सिंचाई र हावापानीसहित रमणीय स्थल भएकाले सहरको केन्द्र भागमा भन्दा यस क्षेत्र वरिपरिको जमिन तथा घरको मूल्य महँगो छ । तर, जनताको आकर्षण यस क्षेत्रतर्फ नै बढेको पाइन्छ । दुजियाङ यान सिंचाई प्रणालीबाट यस क्षेत्रको विकासमा निकै महत्त्वपूर्ण फट्को मारेको छ । विद्युत् उत्पादन र त्यसको प्रयोग एवम् वितरणले झनै ठूलो परिवर्तन गर्न योगदान पुऱ्याएको छ । अन्न उत्पादनको स्वर्ग मात्र होइन, अब चेन्दु यातायातको सुगम, प्रदूषणमुक्त, सुन्दर, रमणीय, माछा तथा अन्य पशुपालन आदिमा पनि उन्नतस्तरमा नै बढ्ने मौका पाएकाले पछिल्लो अवधिमा सिचुआँ प्रान्त चीनको १८ औँबाट चौथो स्थानमा पुग्न सफल भएको छ ।
- सिंचाई सुविधा र प्रविधिमा आएको सहजताले त्यहाँका जनताले उत्पादन गरेका सामानहरू, उत्पादित वस्तुहरूको व्यवसाय गरी राष्ट्रिय आयमा पुग्ने सेचुआँको २० वर्षे योजनालाई साकार पार्ने अभियानमा जनतालाई उत्साहित गर्न पनि यो परियोजनाले मद्दत नै गरेको छ ।
- चीनले गरेको विकास निर्माणका साथै निर्माणमा अविरल रूपमा लागिरहने, अग्रज र पूर्खाहरूले गरेका राम्रा पक्षको सम्मान र संरक्षण गर्ने परम्पराबाट हामीले पनि सिक्ने र केही गर्नका लागि सम्पूर्ण रूपले डुब्न सक्ने हो भने राष्ट्रका लागि केही गर्न निश्चय नै सकिन्छ । चीनबाट हामीले लिनुपर्ने शिक्षा पनि यही नै हो ।

## चुके ल्याङ्ग

**चेङ्दुमा प्रसिद्ध ऐतिहासिक व्यक्तित्व चुके ल्याङ्ग (सन् १८१-२३४) को नामबाट नामकरण गरिएको मन्दिर ऐतिहासिक मन्दिर छ । विद्वता र क्षमताका प्रतीक बनेका चुके ल्याङ्ग तत्कालीन समयका चिनियाँ प्रधानमन्त्री थिए । चिनियाँ जनता आज पनि उनको निकै तारिफ गर्छन् । त्यस समयका बादशाहलाई भन्दा पनि उनलाई नै त्यहाँका जनता बढी रुचाउने गर्दछन् । अहिले पनि चिनियाँ सरकारले ऐतिहासिक भूमिका निर्वाह गर्ने यिनै चुके ल्याङ्गको सम्मानस्वरूप बादशाहहरूको सालिक राखेको स्थानमा सबैभन्दा महत्त्वका साथ उनको सालिक प्रतिस्थापित गरेको छ । त्यति मात्र होइन, मन्दिर परिसरलाई नै चुके ल्याङ्गकै नामबाट नामकरण गरिएको छ ।**

# माओको गाउँमा पुग्दा

**' राजेन्द्र स्थापित**

**त्य**स समय उनी मात्र १३ वर्षका थिए । त्यो दिन उनका बाबुचाहिँले घरमा थुप्रै इष्टमित्रहरूलाई खान बोलाइराखेका थिए । पाहुनाहरूकै अगाडि पनि उनी र उनका बाबुबीच एउटा सानो कुरोलाई लिएर मतभेद भयो । उनका

बाबुले उनलाई 'काम नलाग्ने अल्छी' भनेर गाली गरिदिए । बाहिरियाहरूका सामु आफूलाई जथाभावी गाली गरेका कारण उनलाई निकै रिस उठ्यो । आफ्नो बाबुलाई मनमनै गाली गर्दै र खुट्टा बजार्दै उनी घरबाट हिँडे । छोरो घरबाट हिँडेपछि ममतामयी उनकी आमा पनि छोरालाई फकाउन पछिपछि दौडिन् । उनी दौडिएपछि उनका पति पनि दौडे । तर, केटोले कसैको कुरो सुनेनन्, उनी दौडदै गए, दौडदै गए । उनी एउटा पोखरीको नजिक पुगे र अडे । उनले यदि नजिक आएमा पोखरीमा हाम फालेर मर्ने धम्की आफ्ना पितालाई दिए । बाबु-छोरा दुवैको झगडाको मध्यस्थता उनकी आमाले गर्न थालिन् । यदि उनले माफी मागेमा र घुँडा टेकेर आत्मसमर्पण गरेमा माफी दिनसक्ने तर्क उनका बाबुले उनका सामु राखे । उनले पनि मारपीट नगर्ने भएमा मात्र घुँडा टेक्न आफू तयार भएको जानकारी दिए । अन्त्यमा सुलह त्यसरी नै भयो । यस घटनाबाट उनले आफ्नो अधिकारको रक्षाका लागि खुलेर विद्रोह गरेमा शासक (उनले आफ्ना पितालाई घरको शासक नै मान्छन्) नरम भैजाने अन्यथा आफू दबिएमा मारपीटमा उत्रने रहेछन् भन्ने पाठ सिके ।

यसरी कलिलो उमेरमै आफ्नो अधिकारको रक्षका लागि आफ्नै पिताका विरुद्ध विद्रोह गर्ने व्यक्ति अन्य कोही नभई चिनियाँ जनताका मुक्तिदाता माओ-त्सेतुङ्ग हुन् । बाल्यकालको उनको यो घटना उनी जन्मिएकै गाउँ साओसानमा भएको थियो । साओसान त्यो गाउँ हो, जहाँ माओले २० वर्ष बिताएका थिए । तथापि, माओका परिवारहरू साओसानकै थिएनन् । उनीहरूका पुर्खा मिङ्ग वंशको शासनकालमा जियाङ्सी प्रान्तबाट यहाँ आइपुगेका थिए । सुरुमा धनी, त्यसपछि गरिब र पुनः धनी किसान परिवार भएको उनको परिवारको मुख्य पेसा खेतीपाती र पशुपालन थियो ।

मध्य चिनियाँ प्रान्त हुनानको राजधानी चाङ्गसाको एक सय १० किलोमिटर दक्षिणपश्चिमको गाउँ नै साओसान हो । यो गाउँ स्याङ्गतान काउन्टीभित्र पर्दछ । यो गाउँ पहाडको किनारैकिनारबाट १० माइल लाम्चो गैराखेको छ । पहाड र पोखरीले भरिएको यो गाउँको त्यो घर, जहाँ माओको जन्म भयो, त्यो घरको पछाडिपट्टि पनि पहाड र अगाडि पोखरी नै छ । माओ जन्मेको घर रातो-पहेँलो माटोले पोतिएको छ । घरमा जम्माजम्मी १३ वटा कोठा छन् । छानो झिँगटीको छ । घरभित्रका सामानहरू पहिले जस्तो, जहाँ, जुन स्थितिमा थिए, त्यसरी नै रहन दिइएको छ । माटोले लिपेका घरका भित्ताहरूमा माओका आमा-बाबु, काका-काकी तथा परिवारका अन्य सदस्यहरूका फोटोहरू झुन्डिएका छन् । भान्छा-कोठा र त्यहाँका मालसामानहरू जस्ताको तस्तै छन् । माओ जन्मिएको भनिएको अर्थात् उनका बाबु-आमा सुत्ने गरेको पलङ्ग घरमा भएका अन्य पलङ्गहरूभन्दा तुलनात्मक रूपमा सानो खालको मात्र छ । घरका भित्तामा बनाइएका खोपीहरू हेर्दा थाहा हुन्छ, उज्यालोका लागि बिजुलीबत्ती होइन, टुकी बालिन्थ्यो ।

नेकपा (एमाले) स्थायी कमिटी सदस्य कमरेड प्रदीप नेपालको नेतृत्वमा चीन भ्रमणमा गएको पाँच सदस्यीय हामीहरूको टोली गएको सेप्टेम्बर ६ का दिन माओको घर पुग्दा त्यहाँ ठूलै घुँइचो थियो । घरको अलिपरको खुला ठाउँमा बनेको पार्क (४ करोड युआनको लागतमा निर्मित) मा ठड्याइएको १०.१ मिटर (चीन जनवादी गणतन्त्र चीनमा परिणत भएको अक्टोबर अर्थात् १० औं महिना र १ तारेख अर्थात् १ लाई समेत ध्यान दिएर बनाइएको) अग्लो माओको मूर्तिमा फूलको गुच्छा तथा माला पहिऱ्याउनेहरू र तिनीहरूमा पनि युवाहरूको सङ्ख्या उल्लेखनीय हुनुले एकछिन हामी आश्चर्यचकित बनेका थियौं । किनभने, चीनमा माओप्रतिको श्रद्धाभावमा दिनानुदिन कम हुँदै गइराखेको र त्यसमा पनि युवाहरूको नयाँ जमातले माओलाई चटक्कै बिर्सँदै गइराखेको 'हल्ला' यसअघि हामीले पनि सुन्दै आएका थियौं । तर, माओको जन्मस्थल साओसानका जनता मात्र होइनन्, चाङ्गसाका सारा जनतामा माओप्रतिको श्रद्धामा कुनै कमी नआएको हामीले आफ्नै आँखाले देखिरहेका थियौं । अरू त अरू, 'पीरो सहन नसक्नेले क्रान्तिलाई पनि थेग्न सक्दैनन्' भन्ने माओको भनाइलाई नै साक्षी राखेर चिनियाँहरू पीरो खानेकुरा खाने गरिरहेका थिए । अर्को कुरो अझै पनि माओको घर हेर्न यो गाउँ हेर्न आउनेहरूको सङ्ख्या बर्सेनि १२ लाखभन्दा बढी हुने गरेको तथ्याङ्कले पनि माओप्रतिको चिनियाँ जनताको भक्तिभावमा कमी नआएको पुष्टि गरिरहेको थियो । बिदाको समय र माओ जन्मेको दिन डिसेम्बर २६ मा साओसान आउनेहरूको सङ्ख्या अझै धेरै हुँदो रहेछ । हामीहरूको टोलीलाई गाइड गरिरहेकी चिनियाँ युवतीका अनुसार सांस्कृतिक क्रान्तिकालमा बर्सेनि यहाँ ३० लाख चिनियाँहरू आउँथे रे !

सत्तारुढ चिनियाँ कम्युनिस्ट पार्टीका पूर्वअध्यक्ष तथा जनवादी गणतन्त्रमा परिणत भइसकेपछि लगातार २७ वर्ष चीनको नेतृत्व गर्ने माओलाई चिनियाँ जनताले मात्र होइन, त्यहाँको वर्तमान सरकारले पनि त्यत्तिकै सम्मान गर्दै आएको देखिन्छ । यसको एउटा ज्वलन्त उदाहरण सन् १९६४ मा त्यहाँ खोलिएको माओ सङ्ग्रहालय हो । वास्तवमा, सङ्ग्रहालय रहेको जग्गा पहिला माओको परिवारकै जग्गा रहेछ । यो सङ्ग्रहालय मात्र होइन, स्याङ्गतान काउन्टीअन्तर्गतको गाउँ भए पनि साओसानको सम्पूर्ण प्रशासन र व्यवस्था हुनान प्रान्तको प्रान्तीय सरकारले हेर्दो रहेछ । सो सङ्ग्रहालयमा माओ र चिनियाँ क्रान्तिसित सम्बन्धित ऐतिहासिक तथा महत्त्वपूर्ण वस्तुहरू राखिएका छन् । माओले प्रयोग गर्ने गरेको काठमा चिनियाँ अक्षर 'माओ त्सेतुङ्ग' कुदिएको ६ से.मि. x ५.५ से.मि. साइजको सीलछापदेखि, एकजोर सेतो पञ्जा, ५९ वर्षको उमेरमा अङ्ग्रेजी भाषा सिक्न थालेको बखत लगाउने गरेको चस्मा, अङ्ग्रेजी शब्दहरूको अर्थ जान्ने क्रममा पुस्तककै छेउछाउको खाली ठाउँमा सिसाकलमले अन्डरलाइन गरिएको अङ्ग्रेजी शब्दको चिनियाँ अर्थ चिनियाँ अक्षरमै लेखिएका शब्दहरू भएको लगायत अनगिन्ती पुस्तकहरू ( माओको पुस्तकालयमा १० हजार थान पुस्तक छन्), ७० ठाउँमा टालिएको उनको ओभरकोट र अन्य थुप्रै उनका लुगाहरू, सलाईको बट्टा, रेडियो, हिसाब-किताब लेखिएको कापी, सोभियत सङ्घमा निर्मित उनी चढ्ने गरेको जीप गाडी हेर्नलायकको थियो । त्यस्तै १९४९ को अक्टोबर १ मा जनवादी गणतन्त्र स्थापनाको घोषणा गर्दाका नेताहरूका मूर्ति, अध्ययनमा व्यस्त माओले सल्काउँदै गरेको चुरोटलाई कम्प्युटरको प्रविधिद्वारा सजिव तुल्याइराखेको माओको सानदार मूर्ति, कम्प्युटरको प्रविधिद्वारा

नै तयार पारिएको सन् १९२७ मा बसेको चिनियाँ कम्युनिस्ट पार्टीको बैठकको सजिव फिल्माङ्कन आदि निकै लोभलाग्दा खालका थिए ।

साओसानमै 'माओ होटल' पनि रहेछ । यो होटलका मालिक ७८ वर्षीया ताङ्ग रुइन्याङ्ग हुन् । उनी माओ-परिवारकी बुहारी हुन् र नाताले उनी माओकी काकी पर्छिन् । उनी निरक्षर छन् तर चीनभरिका माओ होटलका एक सय नौवटा शाखाकी उनी मालिक्नी हुन् । 'अध्यक्ष माओबिना म, म हुनसक्ने थिइनँ' भन्ने उद्‌गार व्यक्त गर्ने रुइन्याङ्गले चलाएको सो होटलको मुख्य विशेषता भनेको माओलाई असाध्यै मनपर्ने बङ्गुरको सेकुवा यहाँ पाइनु हो ।

साओसानकै भ्रमणका क्रममा हामी गाउँ र गाउँलेहरूको जीवनस्तर हेर्न पुगेका थियौं । ४.९१ वर्ग कि.मि.मा फैलिएको यो गाउँको कुल जनसङ्ख्या एक हजार तीन सय ११ जना र परिवार सङ्ख्या चार सय ७० रहेछ । गाउँका ९८ प्रतिशत परिवार आधुनिक पक्की घरमा बस्छन् । उनीहरू सबैसँग, टीभी सेट, फ्रिज, मोटरसाइकलजस्ता भौतिक साधनहरू छन् । गाउँमा ३० वटा निजी गाडी छन् । हामीले भेटेका चिनियाँ कम्युनिस्ट पार्टीका गाउँ पार्टी कमिटी सचिव माओ युसीका अनुसार गाउँको ६५ प्रतिशत सडक पक्की भइसकेको छ । यतिखेर सो गाउँका जनताको प्रतिव्यक्ति आम्दानी छ हजार दुई सय ८० युआन छ भने आगामी तीन वर्षभित्रमा प्रतिव्यक्ति आम्दानी १० हजार र कुल ग्रार्हस्थ्य उत्पादन २५ करोड युआन पुऱ्याउने लक्ष्य तिनीहरूको छ । गाउँको आम्दानी ८० प्रतिशत पर्यटन व्यवसायबाट हुँदो रहेछ । पार्टी सचिव माओ युसीका अनुसार गाउँ पार्टी कमिटीमा यतिखेर ७७ जना सदस्य छन् । १२ वटा पार्टी सेल कमिटी रहेछन् । पार्टी सदस्यताका लागि थप ३० जनाको आवेदन परेको र पार्टीले तीमध्ये २४ जनालाई नयाँ सदस्यता वितरण गर्ने निर्णय गरिसकेको छ । पार्टीका नेताहरू निर्वाचनको प्रक्रियाद्वारा छानिँदा रहेछन् । पार्टीको सम्पूर्ण हिसाबकिताब पनि गाउँलेहरूलाई देखाइँदो रहेछ । गाउँ पार्टी कमिटी यतिखेर युवा तथा केटाकेटीहरूबीच सक्रिय भइरहेको र खासगरी उक्त जमातलाई माओको योगदान र क्रान्तिकारी गतिविधिबारे बोध गराउने कार्यक्रम सञ्चालन भइरहेको कथन उनीहरूको छ ।

## महान् चिनियाँ साहित्यकारको निधन

# अलविदा, बा जिन !

१८ अक्टोबर, २००५ का दिन चिनियाँ जनताले आफ्ना महान् साहित्यकार बा जिनलाई गुमाउनुपरेको छ । गत छ वर्षदेखि पार्किन्सन्स रोगले गर्दा हिँड्न र बोल्न असमर्थ भएका बा जिनको एक सय एक वर्षको उमेरमा निधन भएको छ । बीसौँ शताब्दीको चिनियाँ साहित्यमा उनको अत्यन्त महत्त्वपूर्ण स्थान रहेको छ ।

बा जिनको असली नाम लि फेइगान हो । १५ वर्षको उमेरमै रुसका अराजकतावादी चिन्तक बाकुनिन र क्रोपाटिकनका रचनाबाट उनी प्रभावित भएका थिए । तिनै दुई चिन्तकहरूका अघिल्ला र पछिल्ला अक्षरहरू जोडेर उनले आफ्नो नाम बा जिन राखे । चिनियाँ भाषामा बा जिनलाई पा चिन भनिन्छ ।

सामन्ती हाकिमी परिवारमा जन्मेका बा जिनलाई चीनको प्रसिद्ध मे चार आन्दोलन (१९१९) ले प्रभावित गरेको छ । विद्यार्थीकालमा नै उनले अराजकतावादका सम्बन्धमा लेख्न र अनुवाद गर्न थालिसकेका थिए । फ्रान्समा पुगेका उनले त्यहीँ २४ वर्षको उमेरमा पहिलो उपन्यास 'डिस्ट्रक्सन' लेखेका थिए । त्यसको मूल पात्र एक निराश अराजकतावादी युवक थियो ।

त्यसयता धाराप्रवाहका रूपमा उनको कलम चलिरह्यो । उनले उपन्यास, लघुकथा र निबन्धका प्रशस्त किताब लेखे । भनिन्छ, उनले जम्माजम्मी ६० लाख शब्दहरू लेखे । १४ ग्रन्थमा *'बा जिनका रचनाहरू'* सँगै *'बा जिनका छानिएका रचनाहरू'* प्रकाशित छन् । यसबाहेक, उनी आफैंले सम्पादन गरेको *'बा जिनका सम्पूर्ण रचना'* १९९४ मा प्रकाशित भएको थियो ।

उनका प्रसिद्ध कृतिहरूमा *'फेमिली', 'स्प्रिङ्ग' 'अटुमन', 'द ट्रायलोजी अफ लभ', 'अ ड्रिम अफ सी', 'अटुमन इन स्प्रिङ्ग'* आदि छन् । उनले कैयन् पत्रिकाहरूको समेत सम्पादन गरेका थिए ।

बा जिनले चिनियाँ लेखक सङ्गठनका अध्यक्षको रूपमा मात्र होइन, चिनियाँ जनपरामर्श दातृ सम्मेलन (CPPCC) का उपाध्यक्ष र राष्ट्रिय जनकङ्ग्रेसको स्थायी कमिटीको सदस्यका रूपमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । उनी 'अमेरिकन इन्स्टिच्युट अफ आर्टस् एन्डलेटर्स' का मानार्थ सदस्यसमेत थिए ।

बा जिन त्यस्ता साहित्यकार थिए, जसलाई सरकारी तलबमा बाँच्नुपरेन । पुस्तकहरूको रोयल्टीमा नै उनको गुजारा राम्रैसँग चलेको थियो । आफ्नो ८० औं जन्मदिवसका बेला उनले भनेका थिए- 'म आफ्नो सम्पूर्ण जीवन रोयल्टीमा नै बाँचेको छु । मेरो जीविकामा पाठकहरूले नै सहयोग पुऱ्याएका छन् ।'

बा जिन आफ्नी पत्नी स्याओ सानलाई हुरुक्कै माया गर्थे । बत्तीस वर्षअघि स्याओको निधन भएपछि उनले फेरि विवाह गरेनन् । उनी भन्ने गर्थे- 'मैले काम गर्ने क्षमता गुमाएको खण्डमा म थला परेको ओछ्यानमा स्याओले अनुवाद गरेका किताबहरू रहून् भन्ने म चाहन्छु । कृपया, मेरो निधनपछि मेरो खरानी स्याओको खरानीमा मिसाइयोस् ।'

बा जिनकी छोरी एक अग्रणी साहित्यिक पत्रिकाको सम्पादकीय विभागको सदस्य छिन् भने छोरा उदीयमान उपन्यासकारका रूपमा देखापरेका छन् ।

# चीनमा सञ्चारमाध्यमको स्थिति

'केही मान्छे चीनको विकासलाई स्वीकार्न चाहँदैनन् । त्यसैले पश्चिमी मिडियाहरूले हामीविरुद्ध फालुनगोङ्गको मुद्दालाई प्रयोग गरिरहेका छन् । तर, फालुनगोङ्ग धार्मिक समूह होइन, जनताको सङ्गठन होइन । चिनियाँ जनतामा धार्मिक आस्थाको स्वतन्त्रता छ । जनतालाई विश्वास गर्न बाध्य पारिनु हुँदैन ।'

कमरेड प्रदीप नेपालको नेतृत्वमा बेइजिङ्ग भ्रमणमा गएको प्रतिनिधिमण्डलसँगको कुराकानीमा चिनियाँ कम्युनिस्ट पार्टी, केन्द्रीय प्रचार विभागका भाइस मिनिस्टर लि डोङ्गसेङ्गले भनेका थिए । तियानमेन चोकनजिक रहेको प्रचार विभागको बैठक-कक्षमा सेप्टेम्बर ८ का दिन कुराकानी भएको थियो ।

'हामी उनीहरूको नियतप्रति सचेत छौँ' भन्दै डोङ्गसेङ्गले, फालुनगोङ्गले केही चिनियाँमा उकासेको आत्मघाती प्रवृत्तिको उदाहरण दिँदै भनेका थिए- 'फालुनगोङ्गमा लागेका मानिसहरू स्वर्ग जान पाइने अन्धविश्वासमा पूलबाट र अग्लो भवनबाट हाम फालेका छन्, जीउमा ग्यासोलिन खन्याएर आत्मदाह गरेका छन् । यस्ता घटनाप्रति सरकार उदासीन रहन सक्दैन ।'

चिनियाँ कानुन र नियमहरू सबै अन्तर्राष्ट्रिय मिडियाले पालन गर्नुपर्ने व्यवस्था रहेको स्पष्ट पार्दै उनले भनेका थिए- 'अन्तर्राष्ट्रिय मिडियाले चीनको केही पछौटे अवस्था उजागर गर्दा हामी आपत्ति जनाउँदैनौं । हामी त उनीहरूको रिपोर्टिङ्ग बढी वस्तुगत होस् भन्ने चाहन्छौं ।' चिनियाँ सरकारसँग अन्तर्राष्ट्रिय मिडियाको अनुगमन गर्ने निकाय नभएको जानकारी उनले दिएका थिए ।

उनको स्पष्ट भनाइ थियो- 'हामी विदेशी रिपोर्टरहरूको चाहना शतप्रतिशत पूरा गर्न सक्दैनौं । आधारहीन रिपोर्टिङ्ग गर्ने केही विदेशी पत्रकारहरू पनि छन् । हामी उनीहरूलाई रोक्न सक्दैनौं । तर, पार्टी र मुलुकको नीतिमा हानि पुऱ्याउने त्यस्ता पत्रकारलाई कडा जवाफ दिने गर्छौं ।' चिनियाँ पत्रकार र विदेशी रिपोर्टरहरूबीच निकट सहयोगात्मक सम्बन्धका लागि सूचना कार्यालयहरू रहेको र सरकार तथा पार्टीका पदाधिकारीहरूको अन्तर्वार्ता विदेशी रिपोर्टरले लिन चाहेमा फारम भर्नुपर्ने व्यवस्था रहेको पनि डोङ्गसेङ्गले बताएका थिए ।

सबै प्रान्तमा चिनियाँ कम्युनिस्ट पार्टीका प्रचार विभागहरू रहेका छन् । डोङ्गसेङ्गका अनुसार केन्द्रीय प्रचार विभागले उनीहरूसँग नियन्त्रणकारी नभएर निकट सहयोगात्मक सम्बन्ध राख्छ । प्रचार विभागहरूले केन्द्रीय कमिटीको मार्गनिर्देशन र नीतिलाई अगाडि बढाउँछन् । प्रत्यक्ष रूपमा केन्द्रीय कमिटीलाई पृष्ठपोषण प्रदान गर्छन् । यसले गर्दा केन्द्रीय कमिटीलाई आफ्ना नीति तय गर्न मद्दत पुग्छ ।

सार्वजनिक सञ्चारमाध्यमलाई नियमित बनाउन नियमहरू रहेका छन् र सञ्चारमाध्यम आफैँले पनि आफ्ना लागि नियम बनाएका हुन्छन् । प्रायःजसो सरकारी सूचना र समाचारहरू सरकारले सार्वजनिक सञ्चारमाध्यममार्फत नै प्रचार गर्ने गर्छ र प्रायःजसो सञ्चारमाध्यमले सरकारी नीतिलाई स्थान दिन्छन् । डोङ्गसेङ्गका अनुसार, पार्टी मुखपत्र *'पिपुल्स डेली'* को वितरण यतिखेर २० लाख प्रति छ भने *'ट्रुथ सीकिङ्ग'* को वितरण १० लाख प्रति छ ।

२००४ को रिपोर्टअनुसार चीनको प्रेस क्षेत्रमा रोजगार रहेकाको सङ्ख्या सात लाख ७० हजार छ । यिनमा एक लाख ५० हजार व्यक्ति सम्पादक र रिपोर्टरको रूपमा कार्यरत छन् । गत वर्ष नौ हजार चार ९० म्यागेजिन र एक हजार नौ सय २२ समाचारपत्र प्रकाशित भए । म्यागेजिनहरूको कूल मुद्रण प्रति २८ करोड ३५ लाख थियो भने समाचारपत्रहरू कूल ४० अर्ब २४ करोड प्रति छापिएका थिए ।

वितरणका हिसाबमा, विश्वको एक सय शीर्षस्थ दैनिक समाचारपत्रको सूचीमा मुख्य भूमि (मेनल्यान्ड) चीनका १९ र हङ्कङ्गको एक समाचारपत्र परेका छन् । वितरणका हिसाबमा चीनमा एक नम्बरमा रहेको खाङखाओ सिया ओसी (CANKAO XIAOXI) त्यस सूचीको ९ औं स्थानमा रहेको छ । म्यागेजिनको सन्दर्भमा गत वर्ष ९४ लाख प्रति बिक्री भएको चीनको अर्धमासिक म्यागेजिन *'रिडर'* ले चीनमा पहिलो र विश्वमा चारौं स्थान ओगटेको छ । २००४ मा चीनमा सातवटा अखबार समूह थिए र त्यसमध्ये पाँच समूहको कूल सम्पत्ति दुई अर्ब युआनभन्दा बढी थियो ।

चीनको राष्ट्रिय तथ्याङ्क ब्युरोको रिपोर्टअनुसार, चीनमा दुई सय ८२ रेडियो स्टेसन र तीन सय १४ टीभी स्टेसनहरू छन् । यसैगरी ६२ शैक्षिक टीभी स्टेसन छन् । केबुल टीभीका ग्राहकहरूको सङ्ख्या ११ करोड छ । कूल जनसङ्ख्याको ९४ प्रतिशतमा रेडियो सेवा र ९५ प्रतिशतमा टेलिभिजन सेवा पुगेको छ । केन्द्रीय टीभी नेटवर्क सीसीटीभीले चीनको प्रसारण बजार (broadcasting Market) को ६८ प्रतिशत हिस्सा ओगटेको छ । चीनमा पाँच सय ७३ प्रकाशनगृह (कम्पनी) हरू छन् र तिनको कूल सम्पत्ति दुई खर्ब युआनभन्दा बढी रहेको छ ।

यस वर्ष चीनमा वेबसाइटहरूको सङ्ख्या छ लाख ७० हजार पुगेको छ । इन्टरनेटमा १० करोडभन्दा बढी चिनियाँ जनताको पहुँच छ र यो सङ्ख्या विश्वमा दोस्रो हो । एक सय ६२ वटा वेबसाइटलाई समाचार प्रसार गर्ने अनुमति दिइएको छ, जसमा एक सय १९ वटा न्युज वेबसाइट र ४४ वटा कमर्सियल वेबसाइट छन् । चीनमा सातवटा चलचित्र समूह छन् र गत वर्ष दुई सय १२ चलचित्र निर्माण भएका थिए । सन् २००३ मा अखबार, रेडियो, टीभी र म्यागेजिनले विज्ञापनबापत कूल ५४.८ अर्ब युआन आम्दानी गरेका थिए ।

अघिल्लो दिन हामी बेइजिङ्गस्थित चाइना रेडियो इन्टरनेसनलको अवलोकनका लागि गएका थियौँ । 'फस्ट एसियन एरिया ब्रोडकास्टिङ्ग सेन्टर' का निर्देशक लि छिनसँगको कुराकानीमा थाहा पाइएअनुसार १९४१ मा पहिले जापानी सेवा र त्यसपछि अङ्ग्रेजी सेवा प्रसारण भएको थियो । हाल सीआरआईबाट ४३ भाषामा सेवा प्रसारण हुने गर्छ । तीमध्ये २८ वटा सेवा विदेशी भाषाका छन् ।

यी सेवाको लोकप्रियता गत वर्ष १८ लाख श्रोता-पत्र प्राप्त भएबाट पनि बुझ्न सकिन्छ । नेपाली भाषामा भने १९७५ मा सेवा प्रारम्भ भएको थियो । र, यो प्रसारण नेपालमा अत्यन्त लोकप्रिय रहेको र श्रोता क्लब नै ६० वटा भएको लि छिनले हामीलाई बताएका थिए । उनका अनुसार सीआरआईले नेपालीमा समेत वेबसाइटको विकास गर्न लागेको छ । यसबाहेक, रेडियो एक्सचेञ्ज प्रोग्रामका लागि नेपालसँग कुराकानी भइरहेको छ ।

एमाले प्रतिनिधि मण्डलले *'बेइजिङ्ग रिभ्यु'* पत्रिका कार्यालयको पनि भ्रमण गरेको थियो र त्यसका प्रकाशक वाङ्ग गाङ्गयीले स्वागत गरेका थिए । पाठकको रूपमा *'बेइजिङ्ग रिभ्यु'* सँगको हाम्रो सम्बन्ध लामो थियो । करिब तीन दशकदेखि हामी यसलाई पढिरहेका छौँ । हामी यो पत्रिका पञ्चिङ्ग गरेर फित्ताले बाँधेर सङ्ग्रह गर्थ्यौं । लेखहरू अनुवाद गर्ने, गराउने गर्थ्यौं । पत्रिकाहरूमा छाप्ने, छपाउने गर्थ्यौं । त्यही पत्रिकाको कार्यालयमा पुगेर कुराकानी गर्नु हाम्रा लागि सुखद अनुभूति थियो । ■

# प्रजातन्त्र, लोकतन्त्र वा जनतन्त्र

**' कोमल भट्टराई**

**प्र** जातान्त्रिक आन्दोलनका विभिन्न चरणमा एकाध घटनाहरूका रूपमा आएको नागरिक समाजको दुई-चारवटा भेलाको समीक्षा गर्ने खण्ड त आएको छैन तर यसका आयोजक नागरिक समाजले प्रयोग गरेको लोकतन्त्र शब्दको तन्त्रले राजनीतिक दलहरूका कार्यकर्ताहरूको मनलाई भने मोहनी नै लगाइदिएको छ । यही शब्दको मादकतामा लट्ठिँदै विभिन्न दलका विभिन्न तहका कार्यकर्ताहरू प्रजातन्त्र शब्दको सट्टा "लोकतन्त्र" भन्नपर्ने गलफद्दी गर्न थालेका छन् । यसकारण नागरिक समाजको प्रजातान्त्रिक आन्दोलनमा सहभागिताले राजनीतिक पार्टीलाई शब्दका अर्थ र अनर्थ लगाउनमा कसरत गराउने हो कि सन्देह बढेको छ । यसकारण प्रजातन्त्र वनाम लोकतन्त्रको शब्दका पछाडि नकुद्न राजनीतिक दलका कार्यकर्ताहरूलाई ध्यानाकृष्ट गराउनु नै यो लेखको आशय हो ।

युनानी गणराज्यकालमा "जनताको शासन" भावधारा दिने डेमोक्रासिया शब्द अङ्ग्रेजी भाषामा रूपान्तरित हुँदै नेपाली भाषामा एउटा शब्द प्रजातन्त्र बनेको हो । नेपालमा यस शब्दको प्रयोगको व्यापक थालनी कुनै कालखण्डका कुलीनको निरकुङ्शतन्त्रका स्थानमा प्रजातन्त्र स्थापना गर्ने अर्थात् जनताले शासन गर्ने सन्दर्भका लागि भएको हो । यो शब्दको व्यापक प्रयोग हुन थालेको करिब ६०/७० वर्ष व्यतित भएको छ । अहिले आएर यस शब्दले बोकेको भावधाराले जनताको शासनको अर्थ दिन नसकेकोमा नागरिक समाजले लोकतन्त्र शब्दलाई राजनीतिक क्षेत्रमा उपहार पठाएको छ । साहित्यिक रचनाहरूलाई पठनीय बनाउन नयाँ शब्दहरू प्रयोग गरिन्छन् र नयाँ शब्दहरूको बेपर्वाह प्रयोग लेखकको स्वच्छन्दताका साथै यस कार्यलाई क्षमताको अर्थमा पनि बुझिने गरिन्छ । के राजनीतिक जगत्मा शब्दको प्रयोगलाई यसै गरी स्वीकार गर्न सकिन्छ त ? सबै शब्दहरू खासगरी राजनीतिक शब्दावली निश्चित आशयका साथ र लामो सामाजिक अन्तर्क्रियाका साथ उब्जेका र प्रयोग भएका हुन्छन् । शब्दहरू कसैका पक्षधर हुन सक्दछन् र कसैका खिलापमा पनि हुन्छन् । त्यसकारण शब्दहरूलाई सबैले एउटै सोचका साथ सुन्ने र बुझ्ने पनि गर्दैनन् । आ-आफ्ना वर्गीय स्वार्थका आधारमा शब्दहरूको भावधारा बुझ्ने गरिन्छ, बुझ्नु पनि पर्दछ र व्याख्या गर्न सक्नु पनि पर्दछ ।

प्रजातन्त्रको भावधारा आजसम्म अधिकांश जनताले बुझेअनुरूपको नै यसको मूल भावधारा हो । कुनै व्यक्ति र कुनै "समाज" को कचहरीबाट लगाइएको अर्थले भावधारा स्पष्ट गर्न सक्दैन र कुनै शब्दकोशको अर्थले पनि यसको भावधारा स्पष्ट गर्न सक्दैन । प्रजातन्त्र शब्दको भावधाराको स्थापना पहिलो कालमा राणाको निरकुङ्शतन्त्र र पछिल्लो कालमा राजाको निरकुङ्शतन्त्र विरुद्ध सहादत गरेका र जनताको शासन प्रणाली स्थापनार्थको आन्दोलनमा होमिएका लाखौंलाख योद्धाहरूको व्यापक सहमति र करोडौं नेपालीभाषीहरूका बीच करिब ७० वर्षदेखिको अन्तर्क्रियाको आधारमा भएको छ । यस भावधाराभित्र आजसम्म बहुसङ्ख्यक जनताका लक्ष्यहरू, इच्छा र आकाङ्क्षाहरू र सपनाहरू समेटिएका छन् । यही शब्दको आधारमा नै विगत ७० वर्षयता आफ्नाजस्तै सपना र परिकल्पनाहरू भएकाहरूसँग सम्बन्ध कायम गर्न र सम्बन्ध विस्तार गर्न सकिएको छ । यसका साथै प्रजातान्त्रिक आकाङ्क्षा र परिकल्पनाहरूका दुश्मन र विरोधीहरू हाम्रो मुलुकका निरङ्कुश शक्तिगुटविरुद्ध यस शब्दद्वारा अनगिन्ती वाणहरू हानिएका छन् । यसकारण प्रजातन्त्र शब्दले प्रजातान्त्रिक आन्दोलनलाई दिशाहीन गराइरहेको निष्कर्ष निकाल्नु तथ्यपरक छैन ।

हरेक वाक्य वा शब्दहरूका आ-आफ्नै प्रकारका लक्ष्य र सन्दर्भहरू हुन्छन् । यसैगरी हरेक भाषाका शब्दहरूमा सिलसिलेवार इतिहास लुकेको हुन्छ । प्रजातन्त्र शब्दको लक्ष्य, सन्दर्भ र इतिहास हामी सबैका अघि खुला छ । के कुनै सम्प्रदायले कथेको

मिथक या लोकतन्त्र शब्दको अर्थमा त्यस सम्प्रदायले सोचेको लोकतान्त्रिक भावधारा दिनसक्ने सन्दर्भ, लक्ष्य र इतिहास छ ? के कसैले बुझिरहेको लोकतन्त्र शब्दलाई अरूले पनि एकै भावधारामा ग्रहण गर्न र प्रयोग गर्न सक्लान् ? या लोकतन्त्र र प्रजातन्त्र शब्दहरूलाई लोकतन्त्र शब्दका हिमायतीले बुझेअनुसार नै अरूहरूले पनि पनि बुझ्नुपर्दछ भन्ने बाध्यता छ ? यी प्रश्नहरूका उत्तरहरू सरल छन्, कुनै पनि शब्दहरूको तात्पर्य कुनै वक्ताको मर्जीअनुसार खुल्दैन, यसैगरी कुनै स्रोताको बुझाइमा त्यसको अर्थ लगाउन सकिँदैन । शब्दको इतिहासमा सो शब्द कुन अर्थमा प्रयोग सुरु भएको थियो, त्यसलाई आधार मान्नैपर्दछ । यसैगरी प्रजातन्त्र शब्द एउटा खास कालमा उत्पत्ति भएको हो र आजको सन्दर्भमा पनि त्यस शब्दमा निहित भावमा परिवर्तन भएको कतैबाट पनि पुष्टि हुँदैन । कुनै-कुनै बेला शब्दमा निहित भावमा परिवर्तन हुन्छन् । शब्दको भावमा परिवर्तन हुनुमा सामाजिक अन्तर्क्रियाले महत्त्वपूर्ण भूमिका खेल्दछ । जस्तै, युनानमा "नागरिक" शब्दले "दासहरूलाई शासन प्रणालीमा सहभागी नबनाउने जमात" को रूपमा बुझाउँथ्यो तर समयक्रमको सामाजिक अन्तर्क्रियाका क्रममा नागरिक शब्दको भावधारामा परिवर्तन आएको छ । यो सकारात्मक परिवर्तन हो । नेपालमा बहुत कुख्यात् शब्द "मण्डले" मण्डल शब्दबाट नै परिवर्तन भएको हो । पञ्चायतले कुख्यात् गुण्डालाई शब्दको आवरणमा मण्डलको नाममा सङ्गठित गर्न सकिन्छ भन्ने उद्देश्यका साथ यो शब्दको प्रयोग गरेको थियो तर नेपाली जनतासँग मण्डलले गुण्डागर्दीपूर्ण अन्तर्क्रिया गर्दा यो शब्द अति घृणित बन्न पुग्यो । यसरी घृणित शब्दहरू लोकप्रिय र लोकप्रिय शब्दहरू घृणित हुने कारण ती शब्दहरूको सामाजिक अन्तर्क्रियाका कारण हो । के १२ वर्षको सामाजिक अन्तर्क्रियाद्वारा प्रजातन्त्र शब्दको भावधारा परिवर्तन भएको हो, मण्डल मण्डले भएझैं ? अहिलेसम्म प्रजातन्त्र शब्दले सामाजिक अन्तर्क्रियाका आधारमा पनि जनताको शासन प्रणालीको भावधारालाई स्पष्टतासाथ प्रतिनिधित्व गरेको छ ।

कुनै पनि शब्दको भावधारा शब्दको प्रयोग गर्नासाथ उत्पत्ति हुन सक्दैन । किन भारतमा रेल "लौह-पथगामिनी" बन्न सकेन ? लोकतन्त्र शब्दका हिमायतीले यो कुरा बुझ्नु जरुरी छ । प्रजातन्त्र र लोकतन्त्र शब्दहरूलाई शब्दकोशका आधारमा पनि अर्थ लगाउने गरिन्छ । तर, ती शब्दहरूको अर्थ कुन राजनीतिक परिप्रेक्ष्यमा लगाइएका थिए, त्यसको पनि हेक्का राख्नुपर्ने हुन्छ । यसै गरी व्याकरण पनि तटस्थ हुन्छ भन्ने सोच्नु हुँदैन । व्याकरण, भाषा र शब्दकोश यी सबैलाई सामाजिक सम्बन्धकै उपजका रूपमा बुझ्नु आवश्यक पर्दछ । पञ्चायतकालमा निर्माण गरिएको शब्दकोशमा यी शब्दहरूलाई तटस्थ भाव खुल्नेगरी लेखिएका थिए भन्ने सोच्नु पनि हुँदैन । तर, जनताको प्रयत्नले भावधारालाई कायम गराउन सकिन्छ । शब्दकोशमा प्रजातन्त्रलाई "प्रजा वा जनताद्वारा निर्वाचित जनप्रतिनिधिद्वारा चलाइने शासन व्यवस्था" "जनप्रतिनिधिका हातमा शासनसत्ता भएको राज्यव्यवस्था" "जनताद्वारा जनताका लागि जनताकै राय सल्लाहबाट चलाइने शासन" मानिएको छ । यसैका आधारमा पञ्चायतलाई प्रजातान्त्रिक आवरण भिराइएको थियो तर जनताले पञ्चायतलाई प्रजातन्त्रसँग गासिने गरी बुझेनन् । यसकारण शब्दकोशका अर्थहरूले नेपाली जनताको र हालको आन्दोलनबाट प्राप्त गर्न खोजिएको प्रजातन्त्रको भावधारालाई खल्बल्याउन सक्दैनन् । राणा र राजा शासक भएका बखत प्रजा रहेका प्रजाले ००७ सालपछि या हालको आन्दोलनको सफलतापछि राजालाई पनि तन्त्र गर्ने या शासन गर्ने अर्थमा प्रजातन्त्र शब्दलाई प्रयोग गरिएको कुरा स्पष्ट नै छ । यसको भावधारा जनताको शासनतन्त्र बुझाउने गरी बहेको छ । यसर्थ शब्दलाई भाषिक इतिहासमा कुन अर्थमा प्रयोग गरिएको थियो र वर्तमानमा कुन अर्थमा प्रयोग गरिएको छ भन्ने आधारमा नै बुझिनुपर्ने हुन्छ । यही कुराहरूले नै शब्दको भावधारा बोक्दछन् ।

"लोकतन्त्र" शब्दका बारेमा आपत्ति गर्नु यस लेखको आशय होइन । यस शब्दको प्रयोगले यस स्तम्भकारको पक्षधरतालाई आघात पार्दैछ भन्ने पनि होइन । यस शब्दले जनताको लामो अन्तर्क्रियाबाट हाल बुझिएको प्रजातन्त्र भन्दा बढी स्पष्ट हुने प्रजातन्त्रको भाव दिन सक्छ भने यसलाई स्वीकार गर्नैपर्दछ । लोकतन्त्र शब्द प्रजातन्त्र भन्दा प्रगतिशील शब्द हो भन्ने कुरालाई कुनै तथ्यहरू छैनन् । यसै सन्दर्भमा फेरि प्रश्न उठ्न सक्छ, के भावको अस्तित्व भाषाको प्रयोगभन्दा पहिल्यै हुन्छ कि भाषाको प्रयोगबाट त्यस्तो भावधाराको उत्पत्ति हुन्छ ? यसैगरी लोकतन्त्रको भावधारा यो शब्दको प्रयोग हुन थाल्नुभन्दा अघि नै थियो कि अहिलेका कसरतबाट उत्पत्ति गर्न खोजिँदैछ ? यी प्रश्नहरूको उत्तर खोज्ने क्रममा यो बुझ्न आवश्यक छ कि शब्दहरू केही व्यक्तिहरू मिलेर निर्माण हुने गर्दैन ।

नेपाली शब्दकोशले लोकतन्त्र शब्दलाई "बहुसङ्ख्यक जनताद्वारा छानिएका प्रतिनिधिहरूको सम्मतिअनुसार कुनै देशको शासन व्यवस्था चल्ने र नीतिनिर्धारण आदि हुने शासन प्रणाली" भनेर अर्थ दिएको छ । यसको अर्थमा पनि खोट लाउन सकिने आधार भेट्न सकिन्छ । यसले "प्रतिनिधिहरूको सम्मतिअनुसार" मात्र भनेको छ र यसले नेपाली शब्दकोशमा प्रजातन्त्रलाई "जनताद्वारा जनताका लागि जनताकै रायसल्लाहबाट चलाइने शासन" भनेको छ । यी अर्थहरूका पछि कुद्ने हो भने लोकतन्त्रको "प्रतिनिधिहरूको सम्मतिअनुसार" भन्दा प्रजातन्त्र शब्दको जनताकै राय सल्लाहबाट भन्ने अर्थ बढी प्रगतिशील देखा पर्दछ तर शब्दको अर्थपछि कुद्नु हुँदैन । भावधाराको पछि कुद्नु पर्दछ । लोकतन्त्र र प्रजातन्त्र शब्दहरू खासकालमा उत्पत्ति भएर सामाजिक अन्तर्क्रियाका आधारमा जनबोलीका शब्दहरू बनेका छन् । यी दुवै शब्दहरूले अहिलेका आन्दोलनकारीका स्वार्थमा कुठाराघात गर्ने भावधारा पनि दिने गर्दैनन् । यति हो राजनीतिक साहित्यमा प्रजातन्त्र शब्द बढी प्रचलित छ र प्रचारित पनि छ । यसकारण नेपाली शब्दकोश पल्टाएर शब्दको बालको खाल उतार्दा पनि लोकतन्त्र बनाम प्रजातन्त्र भन्ने निष्कर्ष दिन सकिने आधार भेटिँदैन । नेपाली शब्दकोशको सहारा लिएर वसन्तपुर डबलीमा शास्त्रास्त्र गर्ने हो भने कुनै जनतन्त्रवादीको शाब्दिक प्रहारले अहिलेका सुसज्जित शास्त्रास्त्रधारीलाई मर्मान्त पार्दछ । नेपाली शब्दकोशमा जनतन्त्र

भनेको "जनताले आफ्नो हितका लागि आफ्नै प्रयास तथा चाहनाअनुरूप स्थापना गरेको शासनतन्त्र" लाई मानिएको छ । यो भन्दा लोकतन्त्र र प्रजातन्त्र शब्दहरूले बढी प्रगतिशील र प्रजातान्त्रिक या लोकतान्त्रिक अर्थ दिँदैनन् । के अब यस शब्दको वाणले लोकतन्त्र र प्रजातन्त्र शब्दहरूको आत्मा छेदन हुनबाट बच्न सक्ला ?

प्रजातन्त्र शब्दको वर्णविन्यासलाई लिएर पनि तर्क गरिएका छन् । निश्चय नै प्रजातन्त्र शब्दमा भएको "प्रजा" शब्दले अनर्थ पैदा गरेको छ । नेपाली शब्दकोशमा प्रजालाई "राजाद्वारा शासित जनता" भनेर अर्थ दिइएको छ । यसकारण नागरिक समाजलाई बालको खाल निकाल्न सजिलो भएको छ । वर्णविन्यासका आधारमा शब्दावलीलाई तात्पर्य खुलाउन लगाउन सकिँदैन । राजाको शासनमा प्रजाले दिने भाव र सो शब्दले प्रजातान्त्रिक समाजमा दिने भाव एउटै हुन सक्दैन । युनानी समाजमा नागरिक समाज शब्दावलीले 'दासलाई कज्याएर शासन गर्ने मण्डली' भन्ने भाव दिने गर्दथ्यो भने अहिलेको नागरिक समाज शब्दावलीले पनि दासलाई कज्याएर शासन गर्ने मण्डली भन्ने भाव दिन्छ भनेर भन्न मिल्दैन ।

अन्तमा शब्दहरूको प्रयोग कसैको बुद्धिविलासको चरम आनन्द लिनका लागि होइन, प्रयोगकर्ताको आशयमा, स्रोताको बुझाइ र व्याख्यामा होइन, शब्दहरूको प्रयोगको ऐतिहासिक सन्दर्भ र स्वीकृतिका आधारमा र मूलतः सामाजिक अन्तर्क्रियाबाट स्थापित भावधारका आधारमा गरिनुपर्दछ । यद्यपि, अहिले चलिरहेका प्रजातन्त्र, लोकतन्त्र र जनतन्त्र शब्दहरू प्रजातान्त्रिक आन्दोलनका सपनाहरूका अर्थमा समानार्थी छन् । तर, तीमध्ये प्रजातन्त्र शब्दकै बालको खाल निकाल्ने प्रयत्न गरिनु निरर्थक प्रयास हो । यस निरर्थक प्रयासमा राजनीतिक कार्यकर्ताहरू दलहरूका बैठकमा नेताहरूसँग सिंगौरी खेल्न आउनु उचित छैन र सान्दर्भिक महत्त्व पनि छैन । यस्ता कुतर्क गर्ने कार्यकर्ता तथा नेताहरू अष्टाबक्र ऋषि देखे भने गिल्ला गर्दथे होलान् र रुखकटहर देखे भने बोक्रा देखेर फल त्यहाँभित्र छैन भनेर फाल्न सक्छन् र रातो विष देखे भने लालीपप भनी चाट्थे होलान् । कुरा के हो भने अहिलेसम्म जनसाधारणले प्रजातन्त्र, लोकतन्त्र र जनतन्त्रलाई समानार्थी भावधारा दिने शब्दहरूका रूपमा लिएका छन् र प्रजातन्त्र शब्द बढी प्रचलनमा आएको छ । यत्ति हो, जुन प्रयोग गरे पनि मुलुकमा वर्तमान आन्दोलनले पूर्ण प्रजातन्त्र, पूर्ण लोकतन्त्र र पूर्ण जनतन्त्र दिनुपर्दछ । स्पष्ट हुनुपर्छ कि यी शब्दहरूका संरचना रूप हुन्, यिनीहरूमा अर्थ र भावमा पनि समानता पाइन्छन् । यसकारण आन्दोलनकारीले रूपका पछाडि कुद्नु हुँदैन तर शब्दमा सार थप्ने गरी आन्दोलन चलाइरहनुपर्दछ निरन्तर । यही निरन्तरता र सामाजिक अन्तर्क्रियाले नै शब्दहरूमा भाव कायम राख्न र परिवर्तन गर्न सक्दछ ।

# हृदयको एउटा फूल : कमरेड रामप्रसाद ढकाल

**' काशीनाथ अधिकारी**

**ए**उटा प्यारो नाम रामप्रसाद ढकाल । चितवनको कम्युनिष्ट आन्दोलनरूपी बगैंचामा फूलेको एउटा सुन्दर रातो फूल । त्यो फूल, जसमा सुन्दरता मात्र होइन सुवास पनि थियो । आज त्यो फूल फक्रन नपाउँदै झरेको छ । भौतिक रूपमा हामीले रामप्रसाद कमरेडलाई गुमाएका छौं । लामो अस्वस्थतापछि कात्तिक १२ गते उहाँको निधन भयो । देवघाटमा पार्टी सम्मानका साथ उहाँको दाहसंस्कार गरियो । एउटा भावनामयी क्षणमा म उहाँलाई सम्झना गरिरहेको छु । कमरेड रामप्रसाद ढकाल ! अहा कति ओजिलो नाम थियो हाम्रो आन्दोलनमा !

भन्नेहरू भन्ने गर्छन्–अग्लो कुर्सिमा पुगेपछि मानिस ठूलो हुन्छ, ठूल्ठूला अक्षरमा नाम छापिएपछि महान हुन्छ । तर, यथार्थ त्योभन्दा भिन्न हुन्छ । महान मानिस त्यो हिरा हो, जसलाई सजिलै देख्न सकिदैन, कालो कोइलाको पिंधमा त्यो हराइरहेको हुन्छ । क. रामप्रसाद ढकाल त्यही हिरा हो जो चर्चाको सतहमा थिएन तर विशाल घरको जगमा राखेको ढुंगा जस्तै एउटा बलियो आधारस्तम्भ थियो, जसमाथि आस्थाको महल उभिएको थियो । नेपालको कम्युनिष्ट आन्दोलनको जगमा, नेपालको प्रजातान्त्रिक आन्दोलनको जगमा, नेकपा (एमाले) को जगमा उत्खनन् गरेर हेर्दा जो पाइनेछन्, तिनै हुन् रामप्रसाद ढकाल ।

कुनै कविले हिन्दीमा लेखेका छन् "समयकी रेत पर छोड जायें ऐसी निसान, देखती रह रहें यह धरती यह आशमान !" पञ्चायती कालरात्रीका कठिन दिनहरूमा कमरेड रामप्रसादले प्रारम्भ गरेको कठोर भूमिगत राजनीति, त्यसप्रतिको उहाँको निष्ठा र समर्पण कसैले बिर्सन सक्दैन । दीनदुःखी, गरिब र अन्यायमा परेका नेपाली जनताको मुक्तिका खातिर उहाँले हिंडेको बाटो भुल्न सकिदैन ।

समाजवाद र वास्तविक प्रजातन्त्रको उहाँको सपना अनुकरणीय छ । हातको औंलामा गन्न पनि नपुग्ने संख्यामा साथीहरू भएको अवस्थामा सम्पूर्ण अठोटका साथ उहाँले पूर्णकालीन कार्यकर्ताको झोला बोक्नुभएको थियो । चितवनको माडीदेखि मकवानपुरका चखेल-फाखेलसम्म उहाँले टेकेका पाइतालाका डोबहरू अहिले पनि देख्न सकिन्छ । चितवन र मकवानपुरका ती दुरवर्ती विकट गाउँहरू जहाँ सुकिला-मुकिला कमरेडहरू खट्न सकेका थिएनन्, ती ठाउँमा उहाँले काम उठाउनुभएको थियो, राजनीतिक चेतनाको दियो बाल्नुभएको थियो । ०४६ साल पूर्वका धेरै रातहरू कमरेड रामप्रसादले सुत्नुभएन । रात-रातभर हिंड्दा कतिपटक भीरबाट लड्नुभएको थियो, कति ठाउँमा कुकुरले टोकेका थिए, कति जुकाले टोकेका थिए र कतिपटक त गाउँका फटाहाले बाँधेर पिटेका समेत थिए । एक-एक घटना मेरो संझनामा ताजै छन् । राती बैठक बस्ता कति साथी उँघिरहन्थे तर उहाँ जोसपूर्ण ढंगले कुरा गरिरहने र प्रेरणाको रापले सबैलाई ब्युँझाइरहने गर्नुहुन्थ्यो । यस्तो लाग्छ, आजको पुस्ताले कमरेड रामप्रसाद ढकालले टेकेको ठाउँको माटो टिको लगाएर हिंडे पनि हुन्छ । साँच्चि नै हामी माथिल्लो पदका र ठूला भनिनेहरू भन्दा क. रामप्रसाद ढकाल वास्तवमा धेरै माथि हुनुहुन्थ्यो ।

पार्टी र देशका लागि रामप्रसादले धेरै दिनुभयो। दुःखै दुःखमा जिन्दगी बित्यो आफूले पीडा मात्र लिनुभयो। पार्टीसँग कहिल्यै गुनासो गर्नुभएन। पीडाको भूमरीमै अस्वस्थ हुनुभयो। अस्वस्थताकै बीचमा पनि उहाँ पार्टी, जनता र आन्दोलन सँगसँगै हुनुहुन्थ्यो। नेपाली जनताको सुन्दर भविष्यको सपना देखिरहनुभएको थियो। अफ्नो घाउले भन्दा देशको घाउले उहाँलाई बढी दुखाउँथ्यो। कमरेड रामप्रसाद ढकाल हाम्रो समयका एक स्मरणीय, अनुकरणीय र समादरणीय चरित्र हुनुहुन्छ। आउनुहोस उहाँप्रति हृदयको गरिहाइ देखिनै उच्च सम्मान र भावपूर्ण श्रद्धान्जली प्रकट गरौं ! निष्ठा, समर्पण र सरलताका एक प्रतिमूर्तिलाई रातो सलाम गरौं !

# माओवादी ज्यादति जारी

काठमाडौं। आफ्नै नेतृत्वको सार्वजनिक प्रतिबद्धताविपरीत माओवादीका कार्यकर्ताले हत्या र अपहरण जारी राखेका छन्। माओवादीको उक्त अराजनीतिक कार्यको नेकपा (एमाले) ले निन्दा गरेको छ।

माओवादीले गएको कार्तिक १५ गते काभ्रेको नालाका लक्ष्मीलाल पोडेको अपहरणपश्चात् हत्या गरेका छन् भने सोही राति हेटौंडाका शिवहरि कार्कीलाई ट्यांकरसहित अपहरण गरेका छन्। त्यसैगरी कार्तिक १३ गते एमाले गुल्मी जिल्ला कमिटीका पूर्वसदस्य शम्भु ज्ञवालीलाई अपहरण गरी कुटपिट गरेका छन्। कुटपिटपश्चात् ज्ञवालीलाई माओवादी आफैंले तयार पारेको कागजमा हस्ताक्षर गर्न लगाइएको थियो। आदर्श मावि दिगामका शिक्षकसमेत रहनुभएका ज्ञवालीलाई मरणासन्न हुने गरी कुटपिट गरिएको थाहा भएको छ।

एमालेका कार्यबाहक महासचिव वामदेव गौतमले माओवादी ज्यादतिको घोर निन्दा र भर्त्सना गर्नुभएको छ। माओवादी नेतृत्वसमक्ष छानविन गर्न माग गर्दै उहाँले दोषीमाथि सार्वजनिक कारवाही गर्न अनुरोध गर्नुभएको छ।

**दोलखामा गाउँ निकाला**

माओवादीले आफ्नो स्थानीय जनसत्तासँग अनुमति नलिएर चुनाव गराएको आरोपमा स्थानीय सहकारी संस्थाका एक दर्जन पदाधिकारी तथा सदस्यलाई गाउँ निकाला गरेका छन्।

१२ बर्षअघि स्थापित जनसचेतन वचत तथा ऋण सहकारी संस्था लिमिटेडको गएको असोज १७ गते भएको निर्वाचन आफ्नो अनुमतिविना भएको भन्दै माओवादीको कालिञ्चोक इलाका जनसरकार प्रमुख यादवप्रसाद दाहालले त्यसका १२ निर्वाचित पदाधिकारीलाई एक महिनाभित्र जनअदालतमा उपस्थित हुन उर्दी जारी गरेका छन्। कार्तिक ९ गतेको मिति राखेर १७ गते तिहारको दिन पूर्जी टाँसिएपछि उनीहरूमध्ये अधिकांश गाउँबाट विस्थापित भएका छन्।

माओवादीले जनअदालतमा उपस्थित नभए कडा कारवाही गर्ने चेतावनी दिइएकामा संस्थाका अध्यक्ष यज्ञराज ढुंगेल, उपाध्यक्ष ताराप्रसाद पन्त, सचिव भीमप्रसाद दाहाल, कोषाध्यक्ष पुष्कर दाहालका साथै सदस्यहरू प्रेमकुमारी चौलागाईं, कुमार चौलागाई, रघुनाथ दाहाल, पुण्यप्रसाद चौलागाई, जीवन दाहाल, टिकाराम दाहाल, पुष्पराज भट्टराई र रुद्रप्रसाद दाहाल रहेका छन्। स्थानीय वासिन्दाको प्रयाशमा स्थापित सो संस्थाले अहिले छ करोड रुपियाँको कारोवार गरिरहेको छ।

**रामेछापमा कुटपिट र धम्की**

यसैबीच, तिहारको उपलक्ष्यमा भलिवल प्रतियोगिता आयोजना गर्ने रामेछापको जनहित संरक्षण मञ्चका सदस्यहरूमाथि माओवादीले हातपात गरेका छन्। सैपू गाविसमा आफ्नो सत्तामा दर्ता नगरीकनै भलिभल प्रतियोगिता आयोजना गरेको भन्दै माओवादीले मञ्चका अध्यक्ष गणेश पौडेल, शिक्षक अमर थापा, ध्रुव पौडेल, विद्यार्थी विष्णुकुमार पौडेललाई अपहरण गरी मरणासन्न हुने गरी कूटपिट गरी छाडेका थिए। मंसिर १८ मा युद्धविराम सकिएपछि देखाइदिने धम्कीसहित माओवादीहरू हिडेका थिए। घटनाको एमाले रामेछापका सचिव देवशंकर पौडेल निन्दा गर्नुभएको छ।

यसैगरी, एमालेको सिन्धुली-काठमाडौं सम्पर्क मञ्चकी सदस्य कान्ति दाहाललाई सिन्धुलीको झाँगाझोली-४ परेवाडाँडास्थित आफनै घरबाट ७०-८० जनाको संख्यमा आएका माओवादीले अपहरण गरेका छन्। एमालेले माओवादीको सो कार्यको भर्त्सना गरेको छ।

# कस्तो हुनुपर्छ कम्युनिष्ट आचरण ?

## ' त्रिलोचन ढकाल

**पार्टी र नैतिकता**

नैतिकताको कुरा गर्दा हाम्रो समाजमा यौनसँग सम्बन्धित कुरा मात्र बुझ्ने प्रचलन पनि छ। यसैले कुनै व्यक्तिलाई अनैतिकताको आरोप लागेको सुनियो भने सम्बन्धित व्यक्ति यौनका मामलामा अनुशासित रहेनछ भन्ने कुरा बुझ्ने गरिएको छ। वास्तवमा नैतिकताको सम्बन्ध यौनसँग मात्र छैन। यसको सम्बन्ध सबै कार्यक्षेत्रको व्यवहारसँग सम्बन्धित छ।

म अनेकिसङ्घको अध्यक्ष हुँदा देशव्यापी रूपमा किसान कार्यकर्ता भेला गर्ने अभियानअन्तर्गत सुदूरपश्चिमको धनगढी गएको थिएँ। त्यहाँ सुदूरपश्चिमाञ्चलस्तरको किसान कार्यकर्ता भेला थियो। खुला स्थिति भएको हुनाले बिहान सबै किसान कार्यकर्ताहरू खोलामा नुहाउन जानुभयो। नुहाएर फर्केका एक जना किसान कार्यकर्ताले तीनवटा चिसा कट्टुहरू सुकाइरहेको देखेँ र उहाँसँग मैले सोधेँ, 'तपाई त एक जना हुनुहुन्छ, तीनवटा कट्टु कसरी भए ?' उहाँले सजिलै जवाफ दिनुभयो, 'एउटा मेरो, दुईवटा मालिकहरूको।' म असरल्ल परेको देखेपछि नजिकै उभिएका अर्का कमरेडले जवाफ दिनुभयो, 'उनी फलाना-फलानाका कमैया हुन्।' यत्तिकैमा अर्का कमरेडले थप्नुभयो, 'फलाना-फलाना कमरेडहरूले नुहाएर उहाँका अगाडि चिसा कट्टु

फ्याँकिदिनुभयो र उहाँ कमरेडले धोएपछि ल्याएर सुकाउँदै हुनुहुन्छ ।' के यो अनैतिकता होइन ? हाम्रा मालिक किसान कार्यकर्ताले कमैयालाई किसान कार्यकर्ता भेलामा प्रशिक्षण लिनका निम्ति ल्याउनुभएको रहेछ कि आफ्नो झोला बोकाउन र कट्टु धुवाउन ? यसैगरी शोषण गर्नु, ठगी गर्नु, वर्गीय अडानबाट चिप्लिनु, यौनक्षेत्रमा छाडा हुनु, आत्मकेन्द्रित हुनु, अपारदर्शी हुनु, छुवाछूत प्रथालाई जारी राख्नु, लिंग, जातजातिका आधारमा भेद गर्नु, संस्कृति संरक्षणको नाममा सामन्ती परम्परालाई संरक्षण गर्नु, कुरीति र जालझेललाई अङ्गाली रहनु, अरूलाई झूटा आरोप लगाउनु, बोली र काममा पिपलपाते देखिनु आदि कुराहरू सबै अनैतिकतासँग सम्बन्धित छन् भनेर मान्नुपर्दछ ।

## अनैतिकतासँग सम्बन्धित प्रमुख कुराहरू

### बहुचरित्रधारी हुनु

एउटा कम्युनिस्ट, दार्शनिक आधारमा हेर्दा द्वन्द्वात्मक भौतिकवादी हुनुपर्छ र वर्गपक्षधरतामा सर्वहारा श्रमजीवी वर्गको पक्षधर हुनुपर्छ । द्वन्द्वात्मक भौतिकवादी र शोषित, उत्पीडित तथा श्रमजीवी जनताको पक्षधर हुन नसक्नु एउटा कम्युनिस्ट नैतिकतासँग सम्बन्धित सवाल हो भनी बुझ्नुपर्छ । यस्तो पक्षधरतालाई छाडेर शक्तिको पुजारी हुनु अथवा द्वैध वा बहुचरित्रधारी हुनुलाई नैतिकवान मान्न सकिँदैन ।

### आफ्नो स्वार्थलाई प्राथमिकता दिनु

एउटा कम्युनिस्टले कार्यक्षेत्र विभाजनका आधारमा अप्ठ्यारो र दुःखको काम आफूलाई र सजिलो अरूलाई बनाउनुपर्छ । यसको विपरीत अगुवाहरूले नै सुगम, सजिलो र सुविधा आफू तथा आफ्नालाई र अप्ठ्यारो तथा कष्टका काम मातहतका अरू कार्यकर्तालाई छोड्ने हो भने पार्टीको लोकप्रियता घट्दै जान्छ र पार्टी सङ्गठन सुव्यवस्थित हुँदैन । अहिले हाम्रो पार्टीपंक्तिमा यस्तै आत्मकेन्द्रित प्रवृत्ति बढिरहेको छ । यसको प्रतिफलस्वरूप पार्टीको लोकप्रियता पातलिँदै जान थालेको छ र पार्टीका तल्ला कमिटीहरू सुसञ्चालित हुन छाडिसकेका छन् । पार्टीलाई नेपाली क्रान्तिको सफल नेता बनाउनका निम्ति नेतृत्वले यो कमजोरी हटाउनैपर्छ र अगुवाहरूले गाह्रो र कष्टकर काम आफूले लिनुपर्छ र तुलनात्मक रूपमा सजिलो, सुगम र सुविधायुक्त काम अरू कार्यकर्तालाई दिने गर्नुपर्छ ।

### महिलामाथि शोषण गर्नु

जथाभावी यौन सम्बन्ध गर्ने मात्र होइन- बहुविवाह, बालविवाह पनि अनैतिकतासँग जोडिएका छन् । पार्टीभित्र बालविवाहको प्रचलन त्यति नभए पनि बहुविवाहको प्रचलन भने रोकिएको देखिँदैन । घरमा श्रीमती हुँदाहुँदै अरू बढी श्रीमती बनाउनुलाई अनैतिकता नै मान्नुपर्छ र यस्ता अनैतिक पार्टी सदस्यलाई उचित दण्डको व्यवस्था गर्नुपर्छ । के आफैँ दुई वा दुईभन्दा बढी विवाह गरी दुई वा त्यसभन्दा बढी श्रीमती बनाउनेहरूले महिला मुक्तिको नेतृत्व गर्न सम्भव छ ? यति मात्र होइन, महिलाहरूलाई दोस्रो दर्जाको नागरिक ठान्नु र बोक्सी आदिको आरोप लगाउने र महिलाहरूलाई अपमानित गर्ने त्यस्ता कुनै पनि प्रथालाई हटाउन नखोज्ने कामलाई समेत अनैतिकतापूर्ण काम मान्नुपर्छ । कम्युनिस्टहरूले यस्ता अनैतिक कामलाई कुनै हालतमा पनि प्रोत्साहित गर्न हुन्न ।

### सनकका आधारमा निर्णय गर्नु र झूटा आरोप लगाउनु

कतिपय कमरेडहरू सनककै आधारमा एउटा निर्णय गर्नुहुन्छ र दिन बित्न नपाउँदै उही विषयमा ठीकविपरीत अर्को निर्णय गर्नुहुन्छ । त्यस्तै आवेशमा आई सजिलैगरी अरूलाई झूटा आरोपहरू लगाउने प्रचलन पनि देखापरेको छ । पुष्पलालजस्ता आत्मसमर्पण नगरी निरङ्कुशतन्त्रको विरुद्ध जीवनपर्यन्त जुधेका नेतालाई गद्दार घोषणा गरियो । रिस उठेको समयमा महासचिव माधवकुमार नेपाल र स्थायी कमिटी सदस्य केपी ओलीलाई मदन-आश्रितको हत्याराका रूपमा प्रचारित गरियो । वामदेव गौतमलाई दसौँ हजार जनताको आमसभामा 'भ्रष्टाचारी' भनेर घोषणा गरियो । उहाँलाई अङ्गभङ्ग गर्ने उद्देश्यले कावासोतीमा घातक आक्रमण पनि गरियो । यति मात्र होइन, मोदनाथ प्रश्रित, प्रदीप ज्ञवाली र रूपनारायण श्रेष्ठलाई मरणासन्न हुनेगरी कुटपिट गरियो । अहिले रिस मरेपछि उनै कमरेडहरूलाई पवित्र ठानिएको छ र पार्टी नेता मानिएको छ । यसरी बिनाआधार आरोप लगाउने र निर्णयमा पिपलपाते हुने कुरालाई नैतिकतापूर्ण व्यवहार मान्न सकिन्न ।

### जिम्मेवारी नदिनु

कुनै पनि समस्या समाधानका निम्ति कमिटीले गरेका निर्णयहरू कार्यान्वयनमा गएपछि तिनको परीक्षा हुन्छ । कुनै निर्णय सही सावित हुन्छन् त कुनै गलत । नेतृत्वले सही निर्णयको जस र गलत निर्णयको अपजस लिन तयार हुनुपर्दछ । निर्णय गलत भएको खण्डमा प्रस्तावकले त्यसको जिम्मा लिनुपर्दछ र पार्टीलाई हानि-नोक्सानी पुग्न गएको छ भने नैतिकताका आधारमा पदबाट राजीनामा दिन पनि तयार हुनुपर्दछ । आफ्नो निर्णयको परिणामले हानि-नोक्सानी गरेको देख्दादेख्दै निर्णय गर्नेले त्यसको जिम्मेवारी लिँदैन, जस लिन्छ तर अपजस अरूतिर पन्छाउँछ भने यो सरासर अनैतिकता हो र यसलाई कारबाहीको विषय बनाउनुपर्छ ।

### कुरीतिलाई अँगाल्नु

वर्ग, धर्म, संस्कृति, जात, जाति, लिङ्ग आदिका आधारमा चलिरहेका कुरीति र कुपरम्परालाई कम्युनिस्टहरूले पूर्ण रूपमा त्याग्न सक्नुपर्छ । तर, व्यवहारमा त्यस्ता कुरीतिलाई हतोत्साहित गर्नुभन्दा प्रोत्साहित गरिएको छ । उदाहरणका निम्ति हेर्ने हो भने दाइजोप्रथाजस्तो कुपरम्परा हाम्रै वृत्तमा झन् बढेर गएको छ । छोरीलाई छोरासहर पैतृक सम्पत्तिको हकदार बनाउनुपर्छ र हर क्षेत्रमा समान सम्मानको व्यवस्था गर्नुपर्छ । यसले महिलाहरूको सम्मानलाई उन्नत बनाउँछ । तर, दाइजोप्रथा महिलालाई

पुरुषभन्दा कमसल र दानको वस्तु बनाउने प्रथा हो । यो प्रथा जारी गर्ने कुरालाई अनैतिक कामको रूपमा घोषणा गरिनुपर्छ र दाइजो देखाउनै लाज हुने स्थितिको सिर्जना गर्नुपर्छ । कम्युनिस्टहरूले दाइजोको लेनदेन गर्ने कुरालाई कारबाहीको विषय बनाउनुपर्छ ।

**छुवाछूत प्रथालाई जारी गर्नु**

छुवाछूत प्रथा अर्को कुपरम्परा हो । यो प्रथा जारी गर्नुलाई अनैतिक कामका रूपमा घोषणा गरिनुपर्छ र छुवाछूत मान्नेलाई कडा कारबाहीको विषय बनाउनुपर्छ । कम्युनिस्टहरूले कुनै पनि बहानामा छुवाछूतलाई जारी गर्ने काम गर्न पाउनु हुँदैन ।

**संस्कृतिको संरक्षणका नाममा अन्धविश्वासी हुनु**

कम्युनिस्टहरू द्वन्द्वात्मक भौतिकवादी हुने भएकाले संस्कृतिभित्र रहेको आध्यात्मवाद र अन्धविश्वासमाथि पटक्कै विश्वास गर्दैनन् । वास्तविकता यस्तो भए पनि जनतासँग साथसाथै अगाडि जाने काम पनि गर्नुपर्छ । कम्युनिस्टहरूले परिवर्तनको नाममा जनताले पचाउनै नसक्ने काम गर्नुहुँदैन । जनताको चेतनाले पचाउन सक्ने गरी आफ्नो विश्वासमा मात्र फड्को मारेर अगाडि बढ्न खोजियो भने जनताबाट अलग्गिने खतरा हुन्छ । तर, फेरि जनतासँग एकाकार हुने नाममा असचेत जनताको पछि लागेर गलत रुढीग्रस्त अन्धविश्वासमा सहभागी हुनु पनि हुँदैन । सांस्कृतिक क्षेत्रमा एउटा कम्युनिस्टले जनताले पचाउन सक्ने काम गर्नुपर्छ तर त्यस्तो गर्दा गलत कुराको विरोधमा प्रशिक्षित गर्दै जनताको चेतना अगाडि बढाउने कामको अगुवाइ पनि गर्नुपर्छ । यस्तो गर्दा पुरानो रुढीवाद र अध्यात्मवादलाई मिचेर अगाडि बढ्ने गर्नुपर्छ । यतिबेला हामीले वैदिक यज्ञस्थापना गरेर श्राद्ध, ब्रतबन्ध, विवाहजस्ता काम गर्नु आवश्यक छैन किनभने सामाजिक चेतनाले यो कुरा पचाउन थालिसकेको छ । तर, बाबुआमाको काजक्रियाजस्ता काम भने अहिले पनि चलिरहेको तरिकाले गर्नुपर्ने स्थिति छ । क्रिया नगर्ने काम समाजमा सुपाच्य हुन सकेको देखिन्न । तर, क्रियाबाट उम्केपछि कम्युनिस्टहरूले सेता कपडा लगाउनु उचित हुँदैन किनभने सेता कपडा नलगाए पनि समाजले नराम्रो मान्न छाडेको छ । तर, कतिपय कमरेडहरूले अहिले पनि क्रिया सकेपछि सेता कपडा लगाइरहनुहुन्छ र यतिसम्म कि परको काका र मामाको मृत्यु हुँदा पनि कपाल खौरेर बस्नुहुन्छ । यो कम्युनिस्ट नैतिकता होइन ।

**शोषण र ठगी गर्नु**

कम्युनिस्टका निम्ति ठगी गर्नु, शोषण गर्नु र जालझेल गर्नुलाई पनि अनैतिकता मानिएको छ । शोषण, ठगी र जालझेलबाट श्रमजीवी जनतालाई मुक्ति दिलाउन नेपाली क्रान्तिको नेतृत्व गरिरहेको पार्टीका नेता तथा कार्यकर्ताहरूले नै ठगी, शोषण र जालझेल गर्ने हो भने त्यस्ता पार्टी सदस्यले जनताको मन कसरी जित्न सक्छन् ? त्यसकारण ठगी, शोषण र जालझेल गर्नेहरूलाई नैतिक बाटोमा ल्याउनका निम्ति पार्टीले विशेष व्यवस्था गर्नुपर्छ । यदि कम्युनिस्ट पार्टीले आफ्ना नेता तथा कार्यकर्तालाई अनैतिक हुनबाट जोगाउन सक्दैन भने त्यसलाई न श्रमजीवी जनताले आफ्नो मुक्तिको नेताका रूपमा स्वीकार गर्न सक्छन्, न त त्यस्तो पार्टी व्यवस्थित हुन सक्छ । त्यसकारण नैतिकताको प्रश्नलाई गम्भीरताका साथ लिनुपर्छ र व्यापक रूपमा वैचारिक काम गर्नुपर्छ ।

# महासचिवद्वारा भारत भ्रमण

काठमाडौं । नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले नेपालमा जारी आन्दोलनमा ऐक्यबद्धता जुटाउन तीन हप्ता लामो भारत भ्रमण गर्नुभएको छ । कार्तिक ६ गते भारत प्रस्थान गर्नुभएका नेपाल कार्तिक २६ गते स्वदेश फर्किनुभएको थियो ।

महासचिव नेपालसँगै स्थायी समिति सदस्य अमृतकुमार बोहरा र केपी ओलीका साथै विदेश विभाग सदस्य राजन भट्टराई पनि हुनुहुन्थ्यो । महासचिव नेपालले भारतका प्रमुख भारतीय राजनेताहरूसँग सविस्तार छलफल र विचार-विमर्श गर्नुभएको थियो । नेपाल प्रजातन्त्र ऐक्यवद्धता समिति, भारतको निमन्त्रणामा भारत पुग्नुभएका नेपालले गएको कात्तिक १४ गते तत्कालीन भारतीय विदेशमन्त्री के नटवर, भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का महासचिव प्रकाश करात र रक्षामन्त्री प्रणव मुखर्जीसँग भेट गर्नुभयो भने १५ गते भारतीय जनता पार्टीका अध्यक्ष तथा विपक्षी नेता लालकृष्ण अडवाणी, भारतीय विदेशसचिव श्यामशरण, फरवार्ड ब्लकका नेता देवव्रत विश्वास, पश्चिम बंगालका मुख्यमन्त्री बुद्धदेव भट्टाचार्य र वरिष्ठ वामनेता ज्योति बसुसँग भेट गर्नुभयो । कात्तिक १६ गते भारतीय प्रधानमन्त्री डा. मनमोहन सिंह र गृहमन्त्री शिवराज पाटिलसँग उहाँहरूले भेटवार्ता गर्नुका साथै भाकपा ( मार्क्सवादी) को कार्यालयमा वाम नेताहरूसँग व्यापक छलफल भएको थियो । महासचिव नेपालले कात्तिक १७ गते भारतीय कम्युनिस्ट पार्टीका महासचिव एवी बर्द्धन, दिल्लीस्थित युरेपेली कूटनीतिज्ञ र भारतका पूर्वप्रधानमन्त्री आई. के. गुजरालसँग भेट गर्नुभएको थियो । कात्तिक १८ गते पूर्वप्रधानमन्त्री चन्द्रशेखर र भारतीय विदेश मामिला विशेषज्ञहरूसँग छलफल गर्नुभएको थियो भने १९ गते महासचिव नेपाल जवाहरलाल नेहरू विश्वविद्यालयमा

अध्ययनरत नेपाली विद्यार्थीहरूद्वारा आयोजित अन्तर्क्रियामा सहभागी हुनुभयो । त्यसपछि प्रवासी नेपालीहरूको कार्यक्रममा भाग लिन महासचिव नेपाल हैदरावाद प्रस्थान गर्नुभएको थियो ।

# हुम्लामा नयाँ नेतृत्व

**हुम्ला । नेकपा (एमाले) हुम्लाको पाँचौं जिल्ला अधिवेशनले नयाँ नेतृत्वको चयन गरेको छ । अधिवेशन गएको असोज १५ र १६ गते आयोजना भएको थियो ।**

**कमिटीको सचिवमा शिवराज शर्मा र उपसचिवमा कलबहादुर हमाल रहनुभएको छ भने सदस्यहरूमा दलबहादुर फडेरा, हस्तबहादुर शाही, डबल रावत, सुरेन्द्र कार्की, विशाल लामा, कर्णप्रसाद जैसी, मनसुर बुढा, परिमल भण्डारी, खगेन्द्र कार्की र महिला सदस्य कोपिला लामा निर्वाचित भएका छन् । साथै तीन जना मनोनीत गर्ने गरी १५ जनाको कमिटी निर्माण गरेको छ । अधिवेशनको उद्घाटन पार्टीका वैकल्पिक केन्द्रीय सदस्य तथा कर्णाली अञ्चल इन्चार्ज डिल्लीबहादुर महतले गर्नुभएको थियो ।**

# राप्तीमा सङ्गठन, आन्दोलन र जनपरिचालन

**' प्रकाश ज्वाला**

**पा** र्टी केन्द्रीय कमिटीको नवौं बैठक सम्पन्न भएपछि पार्टीको सङ्गठनात्मक काम र आन्दोलनमा नयाँ गति आएको छ । पार्टीले नवौं बैठकमार्फत लिएका ज्यादै महत्त्वपूर्ण र ऐतिहासिक निर्णयहरूका कारण पार्टीपङ्क्तिमा नयाँ ऊर्जा र सौर्य प्राप्त हुनुका साथै पार्टी काममा नयाँ उत्साह थपिएको छ । सधैं मध्यमार्गी, ढुलमुले, दोधारे र अस्पष्ट नीति र निर्णय लिन्छ भन्ने आरोप खेपिरहेको हाम्रो पार्टी नेकपा (एमाले) द्वारा यसपटक अघि सारिएको दिशा र त्यसको प्रकाशमा गरेका निर्णयहरूलाई कसैले यस्तो आरोप लगाउन सकेका छैनन् । पार्टी कामको सिलसिलामा कार्यक्षेत्रमा जाँदा हिजो अनेकौं प्रश्न र आरोपहरूको बौछार खेप्नुपर्ने हामीजस्ता कार्यकर्ताले अहिले त्यस्तो समस्याको सामना गर्नुपरेको छैन । खासगरी 'माघ १९' पछिका दिनहरूमा कार्यकर्ता र जनताका बीचमा नजाने नेताहरूले त सयौं प्रश्नहरूको सामना गर्नुपरेन होला र समस्याको गहनता पनि बुझ्नेनन् होला । तर, जो कार्यकर्ता र जनताको बीचमा गयो, जो कार्यक्षेत्रमै रहेर काम गर्‍यो, त्यसले कति धेरै चुनौती बेहोर्नुपर्‍यो, यहाँ उल्लेख गरी साध्य छैन । 'माघ १९' को राजा ज्ञानेन्द्रको शाही कदमपछि प्रतिगामी निरङ्कुशतावादीहरूको प्रत्यक्ष प्रहार खेप्नपर्ने त छँदैथियो, सँगसँगै माओवादी आतङ्कमा पनि कमी आएको थिएन । यस्तैमा आन्तरिक समस्या र उल्झनसमेत कडाइकै साथ सामना गर्नुपर्ने अवस्था हाम्रासामु थियो ।

'माघ १९' पछि लगत्तै कार्यकर्ता र जनताका बीचमा जाँदा हामीले अनेकौं सवालहरूको जवाफ दिनुपर्ने बाध्यता थियो । वर्तमान अवस्था कसरी सिर्जना भयो ? राजाले प्रजातन्त्रमाथि 'कू' गर्नुको पछाडि के कारण छ ? यसका लागि हामी कति जिम्मेवार छौं ? आन्दोलन छाडेर पार्टी किन सरकारमा सामेल भयो ? सरकारमा गएर पनि किन राम्रा काम भएनन् ? अलोकप्रिय र जनतालाई दुखाउने काम किन भए ? गलत काम गर्नेलाई कारबाही किन भएन ? हाम्रा नेताहरूमाथि समेत भ्रष्टाचारको आरोप किन लाग्यो ? यस्तो अवस्थासँग जुध्ने प्रतिरक्षात्मक उपायहरू किन अँगालिएन ? अब हाम्रो बाटो, कार्यनीति र कार्यदिशा के हुन्छ ? भोलि फेरि आन्दोलन बीचमै तुहाउने काम हुँदैन भन्ने के ग्यारेन्टी छ ? यस्ता दर्जनौं प्रश्नहरूको ओइरो हामीमाथि लाग्दथ्यो र धैर्यता र जिम्मेवारीबोधका साथ सन्तुलित भएर जनता र कार्यकर्ताको चित्त बुझाउनुपर्थ्यो । त्यसैमा आन्दोलन र अन्य सवालमा कतिपय नेताहरूबाट आउने फरक, पार्टी निर्णयविपरीत, आन्दोलनलाई असर पार्ने अभिव्यक्तिहरूले हामीलाई झन् सङ्कटमा पार्थे । नेताहरूले जथाभावी बोल्ने अनि त्यसको जिम्मेवारी आफैं बोकेर जवाफ दिनुपर्ने बाध्यता पनि हामीलाई नै थियो । पार्टीपङ्क्तिभित्र आक्रोश, अन्योल, निस्क्रियता र अस्तव्यस्तताको अवस्था थियो त्यसबेला । यो सबै अवस्थालाई धैर्यता र साहसका साथ चिर्दै पार्टीलाई पुनर्जीवन दिने र कार्यकर्तालाई विस्तारै आन्दोलित गर्दै जाने काम भयो । सङ्कटपूर्ण अवस्थामा बसेको पार्टीको आठौं केन्द्रीय कमिटीको बैठकले गरेका केही महत्त्वपूर्ण निर्णयहरूले पार्टीपङ्क्तिको अन्योल र निस्क्रियता केही हदसम्म सुल्झाउन मद्दत पुग्यो । त्यसपछि पार्टीको नवौं बैठकले गरेका महत्त्वपूर्ण निर्णयहरू र पछिल्लो समयमा पार्टीभित्र विकास भएको पार्टी एकता र एकीकृत अभिव्यक्तिले पार्टी काममा ठूलो मद्दत पुर्‍यायो ।

पार्टी केन्द्रीय कमिटीको नवौं बैठकले आन्दोलनको मूल नाराको रूपमा 'निरङ्कुश राजतन्त्रको अन्त्य गरौं, संविधानसभामार्फत पूर्ण प्रजातन्त्र स्थापना गरौं' निर्धारण गरेको छ । पहिलेभन्दा यो नारा धेरै हदसम्म सुस्पष्ट र ठोस छ । जनआन्दोलनको आँधीबेहरी सिर्जना गरेर निरङ्कुश राजतन्त्रलाई परास्त गर्ने गरी पूर्ण प्रजातन्त्र स्थापना गर्ने अहिलेको मूल काम बन्न पुगेको छ । त्यसरी नै बैठकले वर्तमान संयुक्त जनआन्दोलनलाई 'लोकतान्त्रिक गणतन्त्र' को दिशामा अघि बढाउने नारा स्पष्ट रूपमा तय गरेको छ । यस निर्णयले पार्टीपङ्क्ति र प्रजातन्त्र पक्षधर जनसमुदायमा नयाँ हौसला र ऊर्जा प्रदान

गरेको छ । त्यसरी नै माओवादीप्रतिको हाम्रो दृष्टिकोण, विगत कामको समीक्षा, पूर्ण प्रजातन्त्रको ठोस परिभाषा, सात दलसँगको सहकार्यसमेतका विषयहरूमा गरिएका मूर्त निर्णयहरूले पार्टी काममा अनुकूलता थपिएको छ ।

पार्टी केन्द्रीय कमिटीका निर्णयहरूको सकारात्मक असर देशव्यापी नै देखिएको छ । त्यसमध्ये माओवादीको बलियो किल्ला ठानिएको र दरबारियाहरूको पनि राम्रै चलखेल रहेको राप्ती अञ्चलमा यसको असर अझ धेरै राम्रो परेको छ । नवौं बैठकपछि राप्तीका सबै जिल्लामा म पटक-पटक पुगें र सदरमुकाम मात्र होइन, गाउँका कार्यक्रमहरूमा पनि सहभागी हुने अवसर पाएँ । पार्टीका पछिल्ला निष्कर्ष र निर्णयहरूप्रति कुनै प्रश्न छैनन्, बरु जनता र कार्यकर्ताबाट पूर्ण समर्थन र स्वागत गरिएको छ । सबैतिरबाट एउटै माग उठाइन्छ- निर्णयहरूको सही कार्यान्वयनमा अब पार्टी लाग्नुपर्दछ । निर्णय गर्ने तर व्यवहारमा नउतार्ने हो भने त्यसको कुनै अर्थ रहँदैन । यसबीचमा राप्तीमा पार्टी काम र आन्दोलनमा नयाँ गति प्राप्त भएको छ । विभिन्न कार्यक्रमहरू भव्य रूपमा सम्पन्न भएका छन् । नयाँ उत्साह, ऊर्जा र साहसका साथ कार्यकर्ताहरू आन्दोलनमा होमिएका छन् ।

राप्ती आफैँमा अनेकौं समस्याबाट जकडिएको अञ्चल हो । नेकपा (एमाले) ले पनि त्यहाँ धेरै अप्ठेराहरूको सामना गर्नुपरिरहेको छ । माओवादीका हिंसात्मक क्रियाकलाप, दरबारियाहरूका षड्यन्त्र र अन्य समस्याहरूसँग जुझ्नु एउटा अनिवार्य नियति बनेको छ- राप्तीमा । माओवादीहरू र राज्यबाट गरी ०४६ सालपछि राप्तीमा करिब सय जना योद्धाहरूले सहादत प्राप्त गरेका छन् । त्यसैले राप्ती दमन, प्रतिरोध र बलिदानको गाथा बन्न पुगेको छ । 'माघ १९' पछि पनि राप्तीले कतिपय ऐतिहासिक महत्त्व राख्ने कार्यक्रमहरू सम्पन्न गरेको छ ।

फागुनमा केन्द्रीय कमिटीको आठौं बैठकपछि राप्तीका विभिन्न जिल्लामा अस्तव्यस्त भएको सङ्गठनलाई व्यवस्थित गर्नुपर्ने अवस्था थियो । त्यसकारण चैत र वैशाख दुई महिना आन्दोलनका कार्यक्रमहरूसँगै पार्टीको आन्तरिक अवस्था सुदृढ गर्ने र कार्यकर्तालाई नयाँ सन्दर्भमा प्रशिक्षित गर्ने कामलाई प्राथमिकता दिइयो । सो अनुसार सर्वप्रथम राप्ती अञ्चल समन्वय कमिटीको बैठक बसेर विद्यमान परिस्थितिको यथार्थ मूल्याङ्कन गर्दै अञ्चलभरिको व्यवस्थित योजना बनाइयो । सहर र सदरमुकामहरूमा शाही सरकारको दमन र धरपकड अनि गाउँमा माओवादीको अराजकता र आतङ्कका कारण काम गर्न ज्यादै असजिलो त छँदै थियो, त्यसका बाबजुद पार्टी कामलाई निरन्तर रूपमा अघि बढाउने काम भयो । चैत र वैशाखमा दाङ, रुकुम, सल्यान, प्यूठान र रोल्पा पाँचै जिल्लामा जिल्लास्तरीय अगुवा कार्यकर्ता भेला गरेर कार्यकर्तालाई विभिन्न विषयमा प्रस्ट पारेर पुनः सक्रिय बनाउने काम भयो । सबै जिल्लामा जिल्ला कमिटीका बैठकहरू बसेर स्थानीय तहको पार्टी कामलाई सक्रिय रूपमा सञ्चालन गरियो । यसैबीच चैत २६ गते जनआन्दोलन दिवसका दिन केन्द्रीय कार्यक्रमअनुसार सबै जिल्लाका जिल्ला सदरमुकामहरूमा योजनाबद्ध रूपमा विरोध प्रदर्शनका कार्यक्रम सञ्चालन गरियो । त्यस दिन दर्जनौं नेता, कार्यकर्ता गिरफ्तार भए । यसअघि पनि कतिपय विरोधका कार्यक्रम भने सञ्चालन हुँदै आएका हुन् । वैशाख १८ गते अन्तर्राष्ट्रिय श्रमिक (मई) दिवसका दिन पनि सबै जिल्लामा विरोध प्रदर्शनहरू भएका थिए ।

जेठदेखि भने अञ्चलका सबै जिल्लाहरूमा जनपरिचालन र आन्दोलनका कार्यक्रमहरूमा ज्यादा ध्यान केन्द्रित गरियो । जेठ ३ गते सबै जिल्लामा मदन-आश्रित स्मृति दिवस आन्दोलनकै रूपमा मनाइयो । दाङका इलाका-इलाकामा विविध कार्यक्रमसहित यो दिवस मनाइयो भने रुकुमको मुसीकोटमा जनप्रदर्शन र विरोधसभाको रूपमा उक्त कार्यक्रम सम्पन्न भयो । सल्यान, प्यूठान र रोल्पामा 'जनआन्दोलनमा मदन-आश्रितको योगदान' भन्ने विषयवस्तु बनाएर कार्यक्रम सम्पन्न गरियो । त्यसपछि जेठ ६ गते दाङको घोराहीमा 'माघ १९' पछि देशमै पहिलोपटक एउटा भव्य, खुला र व्यवस्थित जनप्रदर्शन गरियो । कम्युनिस्ट आन्दोलनका योद्धा क. नेत्रलाल अभागीको स्मृति दिवसको अवसरमा भएको र्‍यालीमा हजारौं जनता राता झन्डा र ब्यानरसहित सहभागी भए । र्‍यालीपछिको बृहद् आमसभालाई पार्टी महासचिव माधवकुमार नेपाल, स्थायी कमिटी सदस्य युवराज ज्ञवालीसहितका वक्ताहरूले सम्बोधन गर्नुभएको थियो । महिला र थारु समुदायको उल्लेख्य सहभागिता रहेको यस विशाल कार्यक्रमले ज्यादै महत्त्वपूर्ण सन्देश दिनुको साथै जनता र कार्यकर्तालाई ज्यादै उत्साहित गर्‍यो । त्यसैगरी जेठ ८ गते देशव्यापी विरोध प्रदर्शन भयो भने जेठ २५ गते सल्यानको सदरमुकाममा व्यवस्थित र भव्य जनर्‍याली र विरोध प्रदर्शन भयो ।

असार ३ गते आन्दोलनको केन्द्रीय कार्यक्रम राप्तीका सबै जिल्लामा सफलतासाथ सम्पन्न भयो । यसै क्रममा दाङको तुलसीपुरमा विरोध जुलुसको कार्यक्रम आयोजना गरियो । शान्तिपूर्ण जुलुसमा प्रहरी हस्तक्षेप भयो र निर्ममतापूर्वक कुटपिट गर्ने काम गरियो । उक्त सरकारी दमनमा अञ्चल इन्चार्ज प्रकाश ज्वाला, दाङ जिल्ला कमिटी सचिव रेवतीरमण शर्मासमेतका नेताहरूलाई सख्त घाइते बनाइयो भने अञ्चल सचिव छविलाल ओलीसहितलाई पक्राउ गरियो । सुनियोजित ढङ्गले रचिएको यस घटनाबाट जनविरोधी शाही सरकारको कायरता र पराजित मानसिकता उदाङ्गो हुन पुग्यो । सो दिन जनताद्वारा ठूलो प्रतिरोध गरियो । साउन ७ गते पुष्पलाल स्मृति दिवस पनि सबै जिल्लामा आन्दोलनकै रूपमा मनाइयो । यसबीचमा गाउँ-गाउँमा पनि विभिन्न कार्यक्रमहरू भए भने अनेरास्ववियुलगायतका जनसङ्गठनहरूले अलगै पनि विभिन्न विरोध प्रदर्शनको कार्यक्रम गरेका छन् ।

जेठ ६ गतेको विशाल प्रदर्शन भएको करिब चार महिनापछि तुलसीपुरमा त्योभन्दा अझ भव्य जनर्‍याली र आमसभाको आयोजना गरियो । अनेरास्ववियु राष्ट्रिय परिषद्को दोस्रो बैठकको उद्घाटन समारोहको रूपमा आयोजित सो सभामा दसौं हजार जनताको सहभागिता थियो । केही दिन पहिले राजा ज्ञानेन्द्र तुलसीपुर जाँदा जबर्जस्ती उपस्थित गराइएका मान्छेको

तुलनामा कैयौँ गुणा बढी जनसमुदाय स्वतस्फूर्त रूपमा सहभागी भएको उक्त सभालाई महासचिव माधवकुमार नेपालगायतका नेताहरूले सम्बोधन गर्नुभएको थियो ।

भदौ, असोज र कात्तिक तीन महिना नेकपा (एमाले) राप्ती अञ्चल समन्वय कमिटीको योजनाअनुसार सदरमुकामदेखि गाउँसम्म विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । 'सशक्त आन्दोलनका लागि सङ्गठन सुदृढीकरण, सङ्गठन सुदृढीकरणका लागि गाउँ जाऔँ अभियान' अन्तर्गत यतिबेला राप्ती-एमाले गाउँ-गाउँ पुगेको छ । पार्टी केन्द्रद्वारा सञ्चालित 'लोकतान्त्रिक जागरण' अभियानलाई पनि यसै अभियानसँग समायोजन गरी अघि बढाइएको छ । यस अभियानअन्तर्गत रुकुमका चौरजहारी, रुकुमकोट, बाँफीकोट, राडी, गरायला, काँडा, पोखरा, साँख, नायगाउँ, राङ्सीलगायतका ठाउँहरू, सल्यानका थारमारे, ढोरचौर, सल्लीबजार, रागेचौर, रामपुर, सिलिङी, लुहामसमेतका स्थानहरू, रोल्पाको होजेरी, जुगार आदि स्थानहरू, प्यूठानका सबै इलाका, दाङका सबै इलाकामा कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । त्यसपछि सबै जिल्लामा गाउँ-गाउँ जाने योजनाहरू बनेका छन् । क्षेत्र, इलाका र गाउँका कार्यक्रमहरू सकेपछि दाङ घोराहीमा नेत्र जयन्तीको अवसरमा मङ्सिर ६ गते नेत्रलाल अभागीको सालिक अनावरणसहित विशाल ऱ्याली र सभा हुनेछ । मङ्सिर ८ गते रोल्पा जिल्ला अधिवेशन बृहद् कार्यक्रमसहित सम्पन्न हुनेछ । त्यसरी नै मङ्सिर १० गते प्यूठान, मङ्सिर १४ गते सल्यान र मङ्सिर १७ गते रुकुम सदरमुकामहरूमा बृहद् जनऱ्याली र आमसभाहरूको आयोजना गरिएको छ ।

# लुम्बिनीमा प्रचार भेला सम्पन्न

बुटवल । नेकपा (एमाले) लुम्बिनी अञ्चल प्रचार विभागको आयोजनामा गएको गएको भदौ ३२ गते अञ्चलस्तरीय प्रचार भेला सम्पन्न भयो । भेलाको उद्घाटन केन्द्रीय प्रचार विभाग प्रमुख प्रदीप नेपालले गर्नुभएको थियो ।

भेलामा लुम्बिनी अञ्चलभित्रका जिल्ला सचिव, प्रचार विभाग प्रमुख र सदस्यहरूको सहभागिता थियो । पार्टीको प्रचार संयन्त्र चुस्त बनाउने उपायका साथै मुखपत्र 'नवयुग' को ग्राहक विस्तारबारे भेलामा छलफल भएको थियो । भेलामा प्रचार विभागका सदस्यद्वय भानुभक्त ढकाल र विष्णु रिजालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने रूपन्देहीका सचिव लीला गिरी, गुल्मीका कमल श्रेष्ठ, कपिलवस्तुका बलराम अधिकारी, नवलपरासीका कृष्ण पौडेल, अर्घाखाँचीका चेतन आचार्य, मजदुर विशेषका कमल गौतम, पाल्पाका राधाकृष्ण कँडेलले टिप्पणी गर्नुभएको थियो । अञ्चल प्रचार विभाग प्रमुख केशव ज्ञवालीको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्थायी कमिटी सदस्य विष्णु पौडेल, लुम्बिनी अञ्चल इन्चार्ज रामनाथ ढकाल, केन्द्रीय सल्लाहकार सिद्धिनाथ ज्ञवाली र रामचन्द्र भट्टराई, पार्टी स्कुल विभाग सदस्य गोपीरमण उपाध्याय, अञ्चल सचिव नेत्र पन्थीलगायतको उपस्थिति थियो ।

# पार्टी सङ्गठन नदीको प्रवाह

**' कमल कोइराला**

"**अ** वसरवाद कुनै व्यक्ति विशेषको पाप होइन, न कुनै व्यक्ति विशेषको पतन हो, न त कुनै व्यक्ति विशेषको गद्दारी नै हो । यो एउटा सामाजिक उत्पत्ति हो, कुनै ऐतिहासिक बखतको ।" लेनिनले दोस्रो अन्तर्राष्ट्रियको पतनपछि लेखेका थिए । देशहरूमाफ युद्ध फैलियो र देश-देशका पहिलेका कम्युनिस्टहरूले अन्ध राष्ट्रवादी हुँदै आ-आफ्नो देशको युद्धलाई समर्थन गर्न थाले र दोस्रो अन्तर्राष्ट्रिय सङ्गठनको पतन भयो । कुनै व्यक्ति अवसरवादी हुन सक्दछ तर सामूहिक वा साङ्गठानिक रूपले नै अवसरवादी रूप लिनु एउटा खास ऐतिहासिक वखतको सामाजिक उत्पत्ति नै हुन्छ होला ।

नेपाल कम्युनिस्ट पार्टीको दोस्रो महाधिवेशनद्वारा निर्वाचित केन्द्रीय कमिटीको पतनबारे सोच्दा मलाई यस्तै कुरा मनमा आउँछ । के दोस्रो पार्टी महाधिवेशनद्वारा निर्वाचित केन्द्रीय कमिटीको दुईतिहाई बहुमत सदस्यहरू र पोलिटब्युरोको बहुमत सदस्यहरू सबै सुरुदेखिकै अवसरवादी थिए ? होइन । उनीहरूमध्ये धेरैले मात्र होइन, सबैजसोले सात/आठ वर्ष लगातार नेपालको कम्युनिस्ट आन्दोलनलाई सङ्गठित गर्न र अगाडि बढाउन योगदान गरेका थिए । फेरि दुई-तीन जना छोडी सबैले अवसरको लाभ लिनकै निम्ति गद्दारी गरेको पनि देखिँदैन । धेरैले एउटा खास ऐतिहासिक बखत सम्भावित दुःख, सम्पत्ति हरण, जेलको अनिश्चितकालीन जीवन इत्यादि कारणले पलायन गरेको पनि देखिन्छ । फेरि तत्कालीन गुरु मानेका पार्टीहरू र देशहरू सोभियत रुस र चीनका सरकारहरूको पनि भूमिका थियो । सोभियत रुसको पार्टीलाई सर्वोच्च गुरु पार्टी मान्ने मानसिकता पनि त्यतिबेला व्याप्त थियो । आफ्नो देश र आफ्नो जनताको आफ्नो पार्टी सङ्गठन र आफ्नो राजनीतिक सर्वोपरिता मान्ने

मानसिकता पनि आजजति विकसित थिएन । सोभियत रुसको सरकारको कूटनीतिक आवश्यकतालाई नेपालका कम्युनिस्टहरूको अनिवार्यता बनाउन रायमाझीका साथै तत्कालीन रुसी राजदूतहरूले काठमाडौंमा कुनै कसर बाँकी पनि राखेका थिएनन् ।

आज ४८ वर्षपछि नेपाल कम्युनिस्ट पार्टीको दोस्रो महाधिवेशनबारे *नवयुग* ले मलाई लेख्न भनेको बेला म आफ्नो स्मरणशक्तिलाई त्यसतर्फ केन्द्रित गर्दैछु । म त्यतिबेला वनारसमा बीए पढ्दै थिएँ र नेकपाको भारतीय युनिटमा थिएँ । त्यतिबेला भारतमा पढ्ने को-को कम्युनिस्ट थिए भनेर आज नाम भन्दा कैयौँलाई आश्चर्य लाग्ला । तर, त्यो विद्यार्थी जीवनको कुरा हो- चूँडाबहादुर हमाल (राजेश हमालका पिता, पूर्व राजदूत) वनवारीलाल मित्तल (प्रसिद्ध व्यवसायी) तारानाथ शर्मा (प्रसिद्ध आलोचक), बालकृष्ण रूपावासी (भाषाशास्त्री), बल्लभमणि दाहाल, प्रचण्डराज अनिल (पछि सर्वोच्चका न्यायाधीश), ज्ञानेन्द्रबहादुर कार्की (पञ्चायतकालमा मन्त्री), मोहम्मद मोहसिन इत्यादि र अरू धेरै नाम गनेर साध्य छैन । त्यसअघि पनि वनारसमा नगेन्द्रप्रसाद रिजाल (पछि प्रधानमन्त्री), चिरञ्जीवी रिजाल इत्यादि पार्टी कार्ड होल्डर कम्युनिस्ट भएका थिए । लेख छोटो हुँदा धेरै नाम सम्झेर लेखेर साध्य छैन । ००७ सालपछि केही समय भारतमा पढ्ने विद्यार्थीहरूमध्ये धेरैमा आफूलाई कम्युनिस्ट भन्ने फेसनझैं थियो ।

नेपाल कम्युनिस्ट पार्टीको आधा शताब्दी लामो जीवन हेर्दा मलाई राजनीतिक पार्टी एउटा नदीको प्रवाह झैँ लाग्दछ । नदी उही रहन्छ तर पानी उही हुँदैन । एउटा प्रवाह भएको नदी जसमा निरन्तर बगिरहेको पानी सधैँ बदलिरहेको हुन्छ । नदीको मुहान शुद्ध हुन्छ, जसरी कुनै राम्रो सिद्धान्त हुन्छ ।

फोहोर वाग्मतीको मुहान पनि शुद्ध नै छ, विष्णुमति, मनहरा, हनुमन्ते र आज फोहोरको प्रतीक मानिएकी टुकुचा ( इच्छुमति) सबैको मुहान त सफै छ । तर, विकृत वातावरण, पर्यावरणका रछ्यानहरू मिसिएर आज वाग्मती स्वयम् एउटा गन्दा नाला भएर काठमाडौंमा बगिराखेको छ । तर, सुनेर पत्यार लाग्दैन तर सत्य हो रे कि यत्रो ठूलो सहरहरूको विषाक्त धमिलो फोहोर, मलमूत्र सबै लिएर हिँडेको वाग्मती पहाड र बाटोका अरू छहराछाङ्गाहरू समेट्दै प्रवाह र किनारका पत्थरहरूमा ठोकिँदै अगाडि बढ्दा यसको प्रवाहले आफैँले आफूलाई शुद्ध पार्दै लाँदा, तराई पुग्दा यसको पानी फेरि सफा र पारदर्शी भइसक्दछ । मलाई राजनीतिक पार्टीको सङ्गठन त्यस्तै प्रवाह भएको नदीझैँ लाग्छ । आत्मशुद्धिको पनि शक्ति भएको नदीझैँ लाग्दछ । नदीको नाम उही रहन्छ, पानी बदलिरहन्छ ।

पार्टी महाधिवेशन हलमा हामी पुग्दा नै एक जना पार्टीबाट छुट्न थाल्नुभयो । वनारस युनिटको डेलिगेट छानिनुभएका मध्येका तारानाथ शर्माले भन्नुभयो कि मेरो अङ्ग्रेजी एमए पढ्ने स्कलरसीपको टुँगो हुने कुरा छ, त्यसैले मैले भाग लिनु उपयुक्त हुँदैन होला । हामीहरूले पनि ठीक छ भन्यौं । आज पनि सोच्दछु, कुनै नदीको पानीले कुनै खेतलाई सिंचाई दिएर उब्जाउ बढाउनु नदीको महिमा कम पार्नु वा नदीलाई प्रभाव पार्नु दुवै नभई राम्रै हुन्छ । देशले कुनै रूपको होस्, एउटा राम्रो विद्वान् नै पायो । पार्टी डेलिगेटको रूपमा महाधिवेशन हलमा भूपी शेरचनले भने बडो सक्रियताका साथ भाग लिनुभएको थियो । पछि उहाँ पनि पार्टी राजनीतिबाट पर हुनुभयो । तर, एउटा राम्रो कवि नै रहनुभयो ।

राजदरबारका सामुन्ने दामोदरशमशेरको फोहरा दरबारमा भएको दोस्रो महाधिवेशन हलमा भएका जति सबै कुरालाई याद राख्न सकेको छैन । पुराना पीवीएम शैलेन्द्रकुमार उपाध्याय, पछि धरानका निर्वाचित नगरपालिकाका चेयरम्यान केदारनाथ खनाल, हीरालाल विश्वकर्मा, टीआर विश्वकर्मा, धरानकी चिनियाँ देवी, मोरङका हरिहरप्रसाद उपाध्याय इत्यादि मोरङतिरबाट भएको सम्झना छ ।

सबैभन्दा बढी उग्र क्रान्तिकारी, सशस्त्र क्रान्ति र गणतन्त्रभन्दा कम कुरै नबोल्ने काठमाडौँका पीएन राणा हुनुहुन्थ्यो भने संवैधानिक राजतन्त्र मान्नु वास्तविक राजनीति हो भनी बोल्ने शैलेन्द्रकुमार उपाध्याय हुनुहुन्थ्यो । तर, पीएन राणा र शैलेन्द्रकुमार उपाध्याय दुवैले ०१७ सालपछि राजाको समर्थन गर्नुभयो । दोस्रो पार्टी महाधिवेशनको हलको उग्रवामपन्थीवाद र उग्रदक्षिणपन्थीवाद दुवै एकै ठाउँ पुग्यो । त्यति मात्रै होइन, अघि नै भनें, दोस्रो महाधिवेशनले चुनेको केन्द्रीय कमिटीको दुईतिहाई भन्दा बढीको या त पतन भयो, या त पलायन भयो । रायमाझी, डीपी अधिकारी र कमर साह इत्यादिको प्रस्तावसँग असहमत हुँदै हलमा क. पुष्पलालले संविधानसभाको पक्षमा एक हरफको कारण पढेर सुनाउनुभयो- "गणतन्त्र हाम्रो जन्मसिद्ध अधिकार हो ।"

विद्यार्थी जोसका साथ मैले र हलको बहुमतले जोडदार रूपले उहाँको समर्थन जनायौं । तर, केन्द्रीय कमिटीको चुनावमा पुष्पलाल समर्थकहरू भन्दा कहाँ हो कहाँ रायमाझी समर्थकहरूको जित भयो । मतदानपूर्व कैयौं जनाले पुष्पलालले झ्यालीवाद चलाउन खोज्दैछन् भन्ने कानाखुशीको बजार गरम भयो ।

त्यतिबेला महाधिवेशनमा निवर्तमान केन्द्रीय कमिटीले एउटा उम्मेदवार सूची (प्यानेल) दिने चलन थियो । जसमा हलबाट नामहरू थपघट गर्न पाउन सकिने थियो । १७ ठाउँका लागि ५० भन्दा बढी उम्मेदवारी दर्ता भए । प्रथम महाधिवेशनद्वारा महासचिव हुनुभएका क. मनमोहन अधिकारी त्यसबखत चीनमा हुनुहुन्थ्यो । प्यानेलमा उहाँको नाम राखिएन ।

प्रथम महाधिवेशनका महासचिवलाई यसरी दोस्रो महाधिवेशनमा केन्द्रीय कमिटी सदस्यसमेत राखिएन । मैले सहानुभूति राखेको मोरङको किसान आन्दोलनका नेता हरिहरजी र मजदुर क्षेत्रमा काम गर्ने पुराना सीसीएम महेशप्रसाद उपाध्याय दुवैको हार भयो । ०१५ सालको निर्वाचनमा एक सय आठमध्ये जम्मा चार ठाउँमा कम्युनिस्ट पार्टीको जित भयो । सघन किसान आन्दोलन भएको रौतहटबाट दुई, पाल्पाबाट एक र पाटनबाट एक सिटमा जित भएको थियो ।

म पार्टीको दोस्रो र तेस्रो दुवै महाधिवेशनमा थिएँ । ०१७ पुस १ गते राजाद्वारा कडा तानाशाही शासन स्थापनापछि दोस्रो महाधिवेशनद्वारा निर्वाचित केन्द्रीय कमिटीको क. पुष्पलाल, क. तुल्सीलाल, मोहनविक्रम सिंह र हिक्मत सिंह सिर्फ चार जना मात्र पार्टी सिद्धान्त र प्रजातन्त्रप्रति अडिग रहन सक्नुभयो, अरूले या त गद्दारी गरे, या त अवसरवादी पलायन गरे । दोस्रो महाधिवेशनको केन्द्रीय कमिटीको पतन भयो र त्यसले पार्टीको तेस्रो महाधिवेशन आयोजित गरेन । तेस्रो पार्टी महाधिवेशन पार्टीका आमकार्यकर्ताहरूको विद्रोहद्वारा आयोजित भयो र यसले दोस्रो महाधिवेशनद्वारा बनेको अवसरवादी विसर्जनवादी आत्मसमर्पणवादी नेतृत्वलाई निष्कासित गऱ्यो ।

मलाई ठीकै लाग्दैछ, राजनीतिक पार्टी सङ्गठन एउटा नदीको प्रवाहझैँ हुन्छ, नाला मिसिन्छ, कूलो मिसिन्छ, पानी बदलिरहन्छ, नदीको प्रवाह बगिरहन्छ ।

# मार्क्सवादसम्बन्धी संक्षिप्त प्रश्नोत्तर

**गोपीरमण उपाध्याय**

**० पूँजीवादी युगको विकास कसरी भयो ?**

राजनैतिक हिसाबले पूँजीवादको विकास १६ औं शताब्दीदेखि सुरु भयो भने यंत्रचालित उद्योगका रूपमा अठारौं शताब्दीमा वाष्प इञ्जनको आविष्कार भएपछि उत्पादनमा द्रुतगतिले विकास भयो । त्यसले सामन्तवादी सम्पूर्ण सामाजिक संरचनालाई खल्बल्याइदियो । सामन्तवादका विरुद्ध पूँजीवादको विकास एक अवस्थामा प्रगतिशील भए पनि जब पूँजीवादको विकास एक अवस्थामा प्रगतिशील भएपनि जब पूँजीवादको गर्भबाट सर्वहारा वर्गको उत्पत्ति भयो । त्यसपछि पूँजीवादले प्रतिक्रियावादी स्वरूप ग्रहण गऱ्यो । वर्तमान युगमा पूँजीवादको विकास साम्राज्यवादमा भएको छ । त्यसैकारण वर्तमान युग भनेको साम्राज्यवादका विरुद्ध सर्वहारा क्रान्तिको युग हो । छोटकरीमा पूँजीवादका विभिन्न पक्षधहरूलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**राजनीतिक पक्षः** मूल प्रवृत्ति गणतन्त्र हो भने अपवादका रूपमा संवैधानिक राजतन्त्र

**आर्थिक पक्ष** : आधुनिक उद्योगमा आधारित अर्थतन्त्र

**सामाजिक पक्ष** : वर्गभेदको चरम अवस्था

**सांस्कृतिक पक्ष** : यान्त्रिक भौतिकवाद अस्तित्ववाद सर्वेश्वरवाद र अज्ञेयवाद

**० समाजवादी युगको विकास कसरी भयो ?**

सन् १९१७ को अक्टुबर समाजवादी क्रान्तिपछि समाजवादी युगको चरण प्रारम्भ भयो । अहिले पनि विश्व साम्राज्यवादका विरुद्ध समाजवादको सङ्घर्ष यथावत् कायम छ । जसरी पूँजीवादले सामन्तवादका विरुद्ध सङ्घर्ष गरेर आफूलाई स्थापित गर्न ५०० वर्ष लाग्यो भने समाजवादले पनि आफूलाई स्थापित गर्न सङ्घर्ष गरिरहेकै अवस्था छ । वर्तमान अवस्थामा समाजवाद रक्षात्मक अवस्थामा रहेको छ । अहिले सोवियत सङ्घ तथा पूर्वी यूरोपको समाजवादले धक्का खाएपछि सिर्जना भएको परिस्थिति छ । विश्वव्यापी रूपमा पूँजीवाद र समाजवादको सङ्घर्ष यथावत कायम छ । समाजवादका विविध पक्षहरूलाई निम्न तालिकाबाट बुझ्न सकिन्छ ।

**राजनीतिक पक्ष** : सर्वहारा श्रमजीवी वर्गको राज्यसत्ता

**आर्थिक पक्ष** : अत्याधुनिक उद्योगमा आधारित अर्थतन्त्र

**सामाजिक पक्ष** : वर्गभेदको समाप्तितर्फ लक्षित

**सांस्कृतिक पक्ष** : द्वन्द्वात्मक भौतिकवाद प्रगतिशील चिन्तन धाराहरू

**० वर्तमान नेपाली समाजका विविध पक्षहरू के–के हुन् ?**

वर्तमान अवस्थामा नेपाली समाजलाई हेर्दा यसको विकासक्रम अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्था रहेको छ । यस समाजको अन्तर्विरोधमा सामन्तवाद, दलाल नोकरशाही पूँजीवाद, साम्राज्यवाद तथा प्रभुत्ववादका विरुद्ध नेपाली जनता र नेपाल राष्ट्रका बीचको अन्तर्विरोध आधारभूत अन्तर्विरोध रहेको छ । सामन्त वर्ग, दलाल, नोकरशाही, पूँजीपति वर्ग र नेपाली जनताका बीचको अन्तर्विरोध प्रधान अन्तर्विरोध छ । यस्तो समाजमा हुने क्रान्तिको चरित्र नयाँ खाले पूँजीवादी जनवादी क्रान्ति हो । यसको नेतृत्व सर्वहारा श्रमजीवी वर्ग, मजदूर वर्ग हो भने त्यसको सहयोगी वर्ग किसान वर्ग तथा राष्ट्रिय पूँजीपति वर्गसम्मका वर्गस्तरहरूको सहयोगमा आधारित रहेको छ । यसका विविध पक्षलाई तलको तालिकाबाट बुझ्न सकिन्छ ।

**राजनीतिक पक्ष** : संवैधानिक राजतन्त्र राज्यसत्ता (२०४६) को जनआन्दोलनपछि)

**आर्थिक पक्ष** : ८० प्रतिशत कृषि अर्थतन्त्र छ भने २० प्रतिशत अन्य उद्योगमा आधारित

**सामाजिक पक्ष** : जातपात उँचनीचको भेदभाव कायमै छ

**सांस्कृतिक पक्ष** : पुरानो झांकीतन्त्रदेखि लिएर अत्याधुनिक विचारमार्क्सवादसम्मको विचारप्रणाली छ ।

**० मार्क्सवादको दोश्रो संघटक अंग राजनीतिक अर्थशास्त्र के हो ?**

राजनीतिक अर्थशास्त्र मानव समाजको विकासका विभिन्न युग र तिनका चरणमा भौतिकवस्तुहरू गास, बास, निवासको उत्पादन, वितरण, विनिमय र उपभोगका सन्दर्भमा मानिस मानिसका बीचमा कायम हुने अर्थसम्बन्धी विज्ञान हो । यसले मानिसको भौतिक तथा आर्थिक सम्बन्ध र अवस्थाहरूको विवेचना र अध्ययन गर्दछ ।

राजनैतिक अर्थशास्त्रको चरित्र वर्गीय छ। पूँजीवादी उत्पादनको गहिरो अध्ययन गरेर श्रमशील जनताको आर्थिक सम्बन्धलाई निर्देशित गर्ने वस्तुगत नियमहरूको अध्ययन गरेर मार्क्स एंगेल्सले राजनैतिक अर्थशास्त्र खास गरेर अतिरिक्त मूल्यको सिद्धान्त गर्नुभएको हो। अतिरिक्त मूल्य, राजनैतिक अर्थशास्त्रको आधारशीला हो र यो मार्क्सवादको आर्थिक पक्षसँग सम्बीन्धत विज्ञापन पनि हो। राजनैतिक अर्थशास्त्र भनेको उत्पादन पद्दतिको विज्ञान पनि हो।

# सरल र निष्ठावान कमरेड

निरन्तर पार्टी काममा जुटिरहने क्रममा अहिलेसम्म पार्टीका लागि आफूले गरेको योगदानप्रति गौरव गर्नुहुन्छ कमरेड नवराज जोशी।

२००८ चैतमा डोटीको मुडभरामा जन्मनुभएका कमरेड नवराज जोशीले डोटीकै मुडभरास्थित शारदा माध्यमिक विद्यालयबाट विद्यालयको अध्ययन पूरा गर्नुभएको छ। खान-लगाउन राम्ररी पुग्ने मध्यमवर्गीय परिवारमा हुर्केका कमरेड जोशी ०२३ सालमा मुडभरा माविमा पढ्दा गङ्गादत्त जोशीको प्रभावले आफू कम्युनिस्ट भएको बताउनुहुन्छ।

०२५ सालमा एसएलसी परीक्षा दिइरहेका बेला विद्यार्थी र प्रशासनबीच झडप भएर कमरेड जोशी वारेन्टेड हुनुभयो। उहाँ भन्नुहुन्छ- 'त्यसपछि आधा एसएलसी परीक्षा छाडेर म भूमिगत भएर वनारसमा वलराम उपाध्यायसँग सम्पर्क गर्न पुगें। त्यसपछिको मेरो अध्ययन वनारसमै भयो र मैले गोरखपुर विश्वविद्यालयबाट स्नातक गरेँ।'

आफ्नो राजनीतिक क्रियाशीलताको सन्दर्भमा क. जोशी भन्नुहुन्छ- '०२८ सालमा म सुदूरपश्चिमको पहिलो जिल्ला कमिटी गठन गर्न कैलाली गएँ। त्यो जिल्ला कमिटी गठन गरेर म त्यसको सचिव भएँ। ०२८ सालमा म वारेन्टेड थिएँ। ०२८ कै पुस महिनामा म गिरफ्तार भएर तीन महिना १८ दिन जेलमा रहेँ। त्यतिखेर अखिल नेपाल किसान सङ्घ भनेर गठन गर्न थालिएको थियो। अनेकिसङ्घको माध्यमले अन्न सङ्कलन गरेर भूमिगत पार्टी नेतालाई आर्थिक रूपमा संरक्षण गर्न थालियो।'

राजनीतिक जिम्मेवारी र कार्यक्षेत्रको सवालमा उहाँ भन्नुहुन्छ- 'म सुरुमा पुष्पलाल समूहमा थिएँ। पुष्पलालको देहावसानपछि मनमोहन समूहमा रहेर काम गरेँ। ०२७ देखि ०२९ सालसम्म म वनारसमा रहँदा अखिल भारत नेपाली प्रवासी विद्यार्थी परिषद्को कार्यकारी सदस्य भएर काम गरेँ। ०३४ देखि ०४१ सालसम्म सेती-महाकाली अञ्चल सदस्य भएर काम गरेँ। ०४१ सालमा मनमोहन समूह र पुष्पलाल समूह एकीकृत भएर मार्क्सवादी पार्टी बन्यो। ०४१ देखि ०४७ सम्म म मार्क्सवादी पार्टीको केन्द्रीय सदस्य भएँ। ०४७ मा मार्क्सवादी र माले एकीकरण भएर नेकपा (एमाले) बनेपछि ०४९ सम्म म राष्ट्रिय पार्षद बनेर रहेँ। ०४८ देखि ०५० सम्म नेकपा (एमाले) डोटी जिल्ला कमिटीको सचिव पनि बनेर रहेँ। ०५० देखि ०५५ सालसम्म कैलाली जिल्ला कमिटी सदस्य भएँ। ०५५ माघदेखि अहिलेसम्म म निरन्तर पार्टीको केन्द्रीय सल्लाहकार छु।'

राजनीतिक काम र पार्टी जीवनका दौरानमा कमरेड जोशी दर्जनौंपटक प्रहरी कस्टडीमा पर्नुभएको छ। ०२८ सालमा तीन महिना १८ दिन र ०४२ सालमा सात महिना जेल सजायसमेत पाउनुभएको छ।

खान-लगाउन राम्ररी पुग्ने मध्यमवर्गीय परिवारमा जन्मनुभएका कमरेड जोशीका पाँच दाजुभाइ र दुई बहिनी हुनुहुन्छ। अहिले धनगढी नगरपालिका- ८ मा एक कट्ठा ऐलानी जग्गामा बस्नका लागि सामान्य घर छ। उहाँ भन्नुहुन्छ- 'गाई-भैंसी पालेर दूध बेचेर त्यसको आम्दानीले मेरी श्रीमतीले घरव्यवहार चलाएकी छन्। म पूर्णकालीन रूपमा पार्टीकै काममा जुटेको छु। श्रीमतीको मिहिनेत, सहयोग, समझदारी र प्रेरणाले नै मलाई यहाँसम्म पुर्‍याएको छ।'

पार्टी काम र पार्टी जीवनको सन्दर्भमा पटक-पटक पार्टीभित्र आइरहने असहजता र अन्योलले अप्ठ्यारो पारेको उहाँको अनुभव छ। तर पनि अहिलेसम्म निरन्तर पार्टी काममा जुटेर आफूले पार्टीका लागि गरेको मिहिनेत र योगदानप्रति भने उहाँ गौरव र सन्तुष्टि व्यक्त गर्नुहुन्छ। जीवनको दुःखद घटनाका रूपमा उहाँ दासढुङ्गा हत्याकाण्ड र ०५४ सालको पार्टी विभाजनको घटनालाई सम्झनुहुन्छ। पार्टी नै आफ्नो परिवार हो, जीवन हो र पार्टी कार्यकर्ता सधैँ सहज, सरल, निष्ठावान र खुलस्त हुनुपर्छ भन्ने उहाँको मान्यता छ।

■ कमला पराजुली

# जुम्लामा अधिवेशन

जुम्ला। नेकपा (एमाले) को तेस्रो जुम्ला अधिवेशन गएको कात्तिक २० गते सम्पन्न भयो। सो अधिवेशनको उद्घाटन कर्णाली अञ्चल इन्चार्ज डिल्लीबहादुर महतले गर्नुभएको थियो।

अधिवेशनले देवीलाल थापा सचिव र तीर्थबहादुर बुढा उपसचिव रहेको जिल्ला कमिटी गठन गरेको छ। कमिटीमा सदस्यहरूमा शान्तिलाल महत, कालीबहादुर रोकाया, रत्न सार्की, धीरेन्द्रराज गिरी, पद्मा गिरी, धनकृष्ण पाण्डे, जयकृष्ण न्यौपाने, मानबहादुर बुढा, पदमबहादुर रोकाया, रत्नराज गिरी, गोरखबहादुर पछाई र कर्णबहादुर रावत हुनुहुन्छ।

कर्णालीकै अर्को जिल्ला मुगुको जिल्ला अधिवेशन कार्तिक २५ गते सम्पन्न भएको छ। अधिवेशनको उद्घाटन कर्णाली इन्चार्ज डिल्लीबहादुर महतले गर्नुभएको थियो।

# मकवानपुरमा छैटौं अधिवेशन

काठमाडौं । नेकपा (एमाले) मकवानपुरको छैटौं अधिवेशनले कृष्णप्रसाद दाहाललाई पुनः सचिव चयन गरेको छ । अधिवेशनको उद्घाटन नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले असोज १ गते गर्नुभएको थियो ।

अधिवेशनमा एमाले स्थायी कमिटी सदस्य एवम् मध्यमाञ्चल प्रमुख केशव बडाल, केन्द्रीय सदस्य एवम् नारायणी अञ्चल इन्चार्ज केदार न्यौपाने, वामपन्थी नेता भक्तबहादुर श्रेष्ठलगायतले बोल्नुभएको थियो । अधिवेशनद्वारा निर्वाचित सदस्यहरूमा रामेश्वर राना, बद्री लम्साल, श्रीधर पोखेल, युवराज लोहार, रामचन्द्र राई, रामचन्द्र ढकाल, नविन सिग्देल, मधुसूदन खतिवडा, गोमा तिमल्सिना, गणेशकुमारी प्रधान, गायत्री सुवेदी, चन्द्रकला ढुंगाना, सीएन थारु, अणराज जर्गा, डिल्लीप्रसाद दाहाल, कृष्णबहादुर राई, प्रितमराम रुम्बा, किताबसिं लामा र लालबहादुर थापा रहनुभएको छ ।

## राज्यको पुनःसंरचना

# मार्क्सवादी एजेन्डा र दृष्टिकोण

**' खगेन्द्र प्रसाई**

२०४६ सालको आन्दोलनपछिको नयाँ राजनीतिक प्रणाली र त्यस प्रणालीअन्तर्गत गठित सरकारहरू राष्ट्र र जनताले अपेक्षा गरेको प्रकृति र मात्राको परिवर्तन गर्नु, थुप्रै स्वरूपका असमानतालाई घटाउन र समाजको प्रगतिशील रूपान्तरणको मार्ग खोल्न असफल भए । अधिकांश सरकारहरूले त आमजनतामा परिवर्तन र प्रगतिप्रतिको विश्वास जगाउन र सञ्चार गर्नसम्म पनि सकेनन् । समाज र राष्ट्रका थुप्रै समस्या असम्बोधित नै रहे र तीमध्ये केही त झन्झन् बढी मात्रामा प्रकट भए । यसै परिप्रेक्ष्यमा समस्याको पहिचान र समाधानको बाटो खोज्ने प्रयत्नहरू सुरु भए । यस खोजीको क्रममा केही मित्रहरूले समस्याको रूपमा राज्यको संरचनागत त्रुटिलाई पहिल्याउनुभएको छ र समाधानको रूपमा पुनःसंरचनालाई अगाडि सार्नुभएको छ । राज्यको पुनःसंरचनामा उठाइएका मुलभूत मुद्दाहरूलाई यसरी छोटकरी गर्न सकिन्छ :

(१) देश सङ्घीय या अर्धसङ्घीय के हुने ? देशलाई कति क्षेत्रहरूमा बाँड्ने र कसरी हरेक क्षेत्रलाई स्वायत्तता दिने ? स्वायत्तताको आधार भौगोलिक हुने कि जातीय ? केन्द्रको अधिकार र हस्तक्षेपबाट कसरी स्वायत्त क्षेत्रलाई बचाउने ?

(२) राज्यका विभिन्न अङ्ग र तहहरूमा क्षेत्र, लिङ्ग, भाषा, जाति, जनजाति आदिका आधारमा समानुपातिक समावेशीकरण कसरी गर्ने ?

मार्क्सवादी-गैरमार्क्सवादी, समाजवादी-गैरसमाजवादी, सबै वृत्तहरूमा मुलभूत रूपले उठेका विषयहरू यिनै हुन् । कम्युनिस्ट र गैरकम्युनिस्ट मित्रहरूले उठाएका पुनःसंरचनाका मुद्दाहरूमा सारभूत अन्तर देखिएको छैन । अधिकांश पुनःसंरचनाका मुद्दा र समाधानका प्रस्तावमा प्रजातन्त्रको गणितीय र प्राविधिक पक्षले अधिक स्थान र महत्त्व पाएका छन् र समाजवादी प्रजातन्त्रको दार्शनिक र विचारधारात्मक पाटो ओझेलमा परेको छ ।

पुनःसंरचनाका सवालमा मार्क्सवादी या कम्युनिस्टहरूका अलग एजेन्डा छैनन् या हुन सक्दैनन् ? उनीहरूका राज्यलाई बुझ्ने या त्यसको पुनःसंरचनाका प्रश्नहरूमा आफ्नै वैज्ञानिक विश्लेषण र प्रस्ताव छैनन् या हुन सक्दैनन् ? यस लेखमा मार्क्सवादी बौद्धिक र राजनीतिक वृत्तभित्र राज्य पुनःसंरचनाका मुद्दामा प्रधानता दिइनुपर्ने थुप्रै विषयहरूमध्ये छलफलका लागि दुईवटा विषयलाई उठाउन चाहन्छु । पहिलो, समाज र राज्यको अर्थ-राजनीतिक चरित्र । दोस्रो- केन्द्र र स्थानीयबीचको सम्बन्ध ।

**अर्थ-राजनीति र पुनःसंरचना**

अर्थ-राजनीति मार्क्सवादको प्रमुख विश्लेषण विधि हो । अर्थ-राजनीतिबाट अलग राखिएर बनाइएको हरेक मान्यता वर्गीय समाजमा भ्रम या गलत चेतना (false consciousness) हो । पुनःसंरचनाका सन्दर्भमा भएको समस्याको विश्लेषण र तिनका समाधानका प्रस्तावहरू अधिकांशजसो 'बतासे' छन् किनभने तिनले समाज र राज्यको वर्गीय या अर्थ-राजनीतिक चरित्रलाई बेवास्ता गर्छन् । समाजको आर्थिक आधारबाट अलग राखेर राज्य र राज्यको चरित्रलाई बुझ्नु र राज्य पुनःसंरचनाका बारेमा छलफल गर्नु निरर्थक र समयको बर्बादी मात्र हो ।

०४६ सालको संविधानमा राज्यका निर्देशक सिद्धान्तमा स्वाधीन र आत्मनिर्भर अर्थतन्त्रको निर्माणको लक्ष्य राखिएको भए पनि ०४६ सालपछिको अर्थतन्त्र विश्वपुँजीवादी पद्दतिमा द्रुततर रूपमा समाहित भएको उदारवादी अर्थतन्त्र हो र नेपाली समाजको उत्पादक शक्तिको विकासको अवस्थाको आधारमा दलाल पुँजीवादी (Comprador Capitalist) नै हो । नेपाली

समाज र राज्यको यो प्रधान चरित्रलाई बेवास्ता गरेर क्षेत्र, लिङ्ग, भाषा, जात, जाति आदिको अनुपातलाई प्रधानता दिएर गरिएको पुनःसंरचना हाम्रा लागि केवल गणितीय प्रजातन्त्र हुनेछ, जसले समाज र राज्यको मूल चरित्रलाई आमूल रूपमा परिवर्तन गर्ने छैन । त्यसले उदारवादी संयन्त्रभित्र पात्रहरूको परिवर्तन मात्र गर्नेछ तर त्यसको सारलाई बदल्ने छैन । द्वन्द्वात्मक भौतिकवादी रूप र सारको अवधारणाका आधारमा विश्लेषण गर्ने हो भने के देखिन्छ भने हालसालका पुनःसंरचनाका बहसहरूमा राज्यको रूपले अधिक महत्त्व पाएको छ भने सार छायाँमा परेको छ । सारबाट अलग राखिएको रूप के हो ? त्यस कारण पुनःसंरचनाका प्रमुख प्रश्नहरू हुन् : समाज र राज्यको दलाल पुँजीवादी अर्थ-राजनीतिक चरित्रलाई द्रूतगतिमा कसरी परिवर्तन गर्न सकिन्छ ? राज्यसंयन्त्र र जनप्रतिनिधिमाथि जनताले निरन्तर सुपरिवेक्षण र हस्तक्षेप गर्नसक्ने कस्ता संयन्त्रहरू स्थापित गर्न सकिन्छ ? हालको परजीवी राज्यलाई कसरी जनताको शक्तिशाली साझा मञ्च बनाउन सकिन्छ ? राज्यको अर्थ-राजनीतिक चरित्रको गुणात्मक परिवर्तन कसरी गर्न सकिन्छ ? उदारवादी र नवउदारवादी परिधिभित्र पुनःसंरचना खोजिएको हो भने त्यो व्यर्थको यथास्थितिवादी प्रयत्न हुनेछ किनभने यी सिद्धान्तमा जनप्रतिनिधि राजकीय भूमिका नभएका या न्यून गरिएका ‘जागिरे’ मात्र हुन्, जसको समाज रूपान्तरणमा सारपूर्ण भूमिका हुँदैन । त्यस्तो व्यवस्थामा भूमिका मानिसका सचेत र सङ्गठित प्रयत्नहरूको होइन, खुला बजारका ‘अदृश्य हातहरू’ को हुन्छ ।

**केन्द्र र स्थानीय : निर्माण, संरचना र सम्बन्ध**

पुनःसंरचनाका बहसमा क्षेत्रीय स्वायत्तताले अर्को महत्त्वपूर्ण स्थान पाएको छ । केन्द्रिकृत राजकीय सत्ताको प्रयोगलाई विकासको बाधकको रूपमा हेर्ने गरिएको छ र स्वायत्ततालाई समाधानको रूपमा प्रस्तुत गरिएको छ । हुन पनि हामीकहाँ केन्द्र सधैँ परजीवी शक्ति संयन्त्रको रूपमा रह्यो र त्यसले सधैँ समाजलाई अधीनस्थ राख्ने मालिकको रूपमा आफूलाई स्थापित गऱ्यो । त्यसैले पनि होला धेरैजसो प्रस्तावहरू केन्द्रविरुद्ध खनिएका छन् । यस सन्दर्भमा पुनःसंरचनाका अरू महत्त्वपूर्ण प्रश्नहरू हुन् : प्रजातान्त्रिक पद्धतिमा केन्द्र र स्थानीय कस्ता राजकीय संयन्त्र हुन् ? केन्द्र र स्थानीय निकायको निर्माणप्रक्रिया र संरचना कस्तो हुनुपर्छ ? केन्द्रलाई कसरी स्थानीयहरूको साझा मञ्च बनाउन सकिन्छ ? भुल्नु नहुने कुरा के हो भने यी प्रश्नको उत्तर पनि पराश्रयी पुँजीवादी अर्थ-राजनीतिक परिप्रेक्ष्यभन्दा अलग बसेर खोज्न सकिन्न ।

माथिका प्रश्नका सन्दर्भमा कार्ल मार्क्सले १८७२ मा *फ्रान्समा गृहयुद्ध* भन्ने पुस्तकमा प्रस्तुत गर्नुभएका विचारहरू उपयोगी र सान्दर्भिक छन्, जसलाई निम्नानुसार बुँदागत गर्न सकिन्छ :

(क) बालिग मताधिकारका आधारमा छानिएका डेलीगेटहरूबाट कम्युन बन्नेछ । कम्युन निर्वाचनप्रणालीमा कुनै पनि बेला डेलीगेटलाई फिर्ता बोलाउने र नयाँ डेलीगेट छान्ने संयन्त्र हुनेछ। कम्युन स्थानीय स्वशासन (Local Self-Governance) को जिउँदो प्रमाण हुनेछ ।

(ख) एउटा जिल्लाका सबै कम्युनका डेलीगेटहरूले आफ्ना साझा विषयहरू जिल्ला सभामा निर्णय र कार्यान्वयन गर्नेछन् । जिल्ला सभाहरूले आफ्ना डेलीगेटहरू राष्ट्रियसभामा पठाउनेछन् । यो राष्ट्रियसभा नै केन्द्र हुनेछ । सबै तहका डेलीगेटहरू आफ्नो कम्युनको औपचारिक निर्णय र निर्देशनबाट बाँधिएका हुनेछन् र उक्त कम्युनप्रति जवाफदेही हुनेछन् । कम्युनले आफ्नो डेलिगेटहरूलाई कुनै पनि बेला फिर्ता बोलाउन र नयाँ डेलीगेट चुन्न सक्नेछ ।

(ग) राष्ट्रियसभा सबै स्थानीय र जिल्ला कम्युनहरूको साझा केन्द्र बन्नेछ र ती कम्युनहरूले राष्ट्रियसभामार्फत एकीकृत भएर साझा योजनाको पहिचान र कार्यान्वयन गर्नेछन् ।

(घ) राष्ट्रबाट स्वतन्त्र र उच्च भएको दाबी गर्ने पुरानो केन्द्रीकृत परजीवी राज्यलाई नष्ट गरेर कम्युन संरचनामा आधारित राष्ट्रिय एकताको निर्माण गरिनेछ ।

मार्क्सले परिकल्पना गरेको राज्यमा केन्द्र र स्थानीयबीच उच र निचको सम्बन्ध छैन, पराधीन बनाउने र पराधीन हुनेको सम्बन्ध छैन, आदेश दिने र आदेश लिनेको सम्बन्ध छैन । वास्तविक समानतामा आधारित प्रजातन्त्र भनेको यही पो हो कि ? मार्क्सले निकै महत्त्व दिनुभएको डेलीगेटहरूलाई कुनै पनि बेला फिर्ता बोलाउने संयन्त्र (Recall) उनीहरूमाथि जनताको निरन्तर सुपरिवेक्षण र नियन्त्रण प्रत्याभूति गर्ने र उनीहरूलाई गैरजिम्मेवार हुनबाट बचाउने उपयुक्त र प्रभावकारी संयन्त्र हो कि ?

स्वायत्तता भन्नाले केन्द्रबाट स्वतन्त्र रहने अर्थमा बुझिएको हो भने त्यो प्रत्युत्पादक हो । कुनै पनि राष्ट्रको प्रगतिको अपरिहार्य सर्त हो, एकीकृत र साझा योजनाको निर्माण र कार्यान्वयन । एकत्वबिनाको स्वायत्तता के हो ? सत्य या मिथ्या ? स्वायत्तताको सफलताको रूपमा मित्रहरूले स्वीस फेडेरेसनको प्रणालीलाई नमुनाको रूपमा प्रस्तुत गर्नु हुन्छ । तर, उहाँहरूले के बिर्सनुहुन्छ भने स्वीस फेडेरेसनमा पनि अर्थतन्त्र कस्तो हुने भन्नेजस्ता धेरै विषयहरूका बारेमा संविधानमा नै किटान गरिएको छ र कुनै पनि क्यान्टुनले त्यससँग बाझ्ने गरी नीतिनियम बनाउन र कार्यान्वयन गर्न सक्दैन । त्यहाँ पनि संविधान सबै क्यान्टुनहरूको साझा र एकीकृति राजनीतिक दस्तावेज हो । स्वीस फेडेरेसनको सराहनीय पक्ष के हो भने त्यहाँ केन्द्रीय सरकार र क्यान्टुन सरकारका बीच अख्तियारी र उत्तरदायित्वका क्षेत्रहरू स्पष्टसँग किटान गरिएका छन् । त्यस कारण राज्य पुनःसंरचनाको बहसको एजेन्डा हुनुपर्छ : स्थानीय, क्षेत्रीय र केन्द्रीय सरकारका बीच उत्तरदायित्वको र अख्तियारीको उपयुक्त र प्रभावकारी बाँडफाँट कसरी गर्ने ? तिनीहरूलाई स्वतन्त्र र एकीकृत पार्न कस्तो संवैधानिक संयन्त्र विकास गर्ने ? बुझ्नुपर्ने

कुरा के हो भने स्वतन्त्रताबिनाको केन्द्रीयता पराधीनता हो भने केन्द्रीयताबिनाको स्वतन्त्रता विभाजन र अराजकता हो । स्थानीय निकायले स्वतन्त्रतापूर्वक केन्द्रको निर्माण गर्ने र त्यसमा सहभागी हुने र साझा र एकीकृत योजनाका आधारमा सबैले काम गर्ने प्रक्रियालाई लेनिनले 'ऐच्छिक केन्द्रीयता' या 'जनवादी केन्द्रीयता' भन्नुभएको हो । पुनःसंरचनाको वर्तमान सन्दर्भमा नेपाली कम्युनिस्ट वा मार्क्सवादीहरूका काँधमा आइपरेको जिम्मेवारी हो : मार्क्सवादी राज्य सिद्धान्ततः नै केन्द्रीकृत र अधिनायकवादी हो भन्ने पुँजीवादीहरूको भ्रमपूर्ण प्रस्तुति र व्याख्यालाई गलत सावित गर्ने र राज्य र प्रजातन्त्रका सम्बन्धमा मार्क्सवादी लेनिनवादी सिद्धान्तको वास्तविक मान्यतालाई स्पष्टतासाथ अगाडि ल्याउने र सिर्जनात्मक व्याख्या गर्ने । यसो गरेर मात्रै हामी कम्युनिस्ट पार्टी र आन्दोलनको विशिष्ट अस्तित्व र आवश्यकताको औचित्यलाई स्थापित गर्न र उचाइ दिन सक्छौँ । यस अवसरको उचित र अधिकतम उपयोग गरौँ ।

**हेर्नुहोस् :**


घनश्याम भुसाल, *नेपालको अर्थराजनीति : संकटको पुनरउत्पादन र रूपान्तरणको दिशा,* - ०५९ ।

भिक्टर आफानास्ये, *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान* ।

Karl Marx. 1872. Civil War in france. (Chapter III)

The Constitution of Swiss federation.

V. I. Lenin. 1917. State and Revolution. (Chapter III)


■

# सुनसरीमा अधिवेशन

इनरुवा । नेकपा (एमाले) सुनसरीको अधिवेशन गत असोज ९ गते सम्पन्न भएको छ । अधिवेशनको उद्घाटन पार्टी स्थायी कमिटी सदस्य झलनाथ खनालले गर्नुभएको थियो ।

अधिवेशनले धर्मराज निरौला सचिव, रेवतीरमण भण्डारी उपसचिव रहनुभएको २९ सदस्यीय नयाँ जिल्ला कमिटीको गठन गरेको छ । निर्वाचित सदस्यहरूमा मनोजकुमार मेयाङ्वो, डम्बर खतिवडा, सावित्री श्रेष्ठ, मुरारी सुवेदी, मोतीराज सुनुवार, सर्वध्वज साँवा, लक्ष्मी गौतम, केशव विष्ट, सुभान गिरी, विनय पोखेल, कुशेश्वर यादव, जिबछ शाह, देवनारायण मेहता, गोविन्द कार्की, फटिकलाल चौधरी, नन्द बस्नेत, निलम खनाल, प्रभात शर्मा, खेमराज पोखेल, पोष्टकुमार नेपाल, पर्शुराम यादव, महफुज अन्सारी, डीबी शाह शङ्कर, ब्रम्हदेव यादव, विष्णु भट्टराई, फणिन्द्र भट्टराई र मनोज पौडेल हुनुहुन्छ । अधिवेशनपश्चात् सोमराज पोखेल सभापति र हरिनारायण चौधरी उपसभापति रहेको २१ सदस्यीय सल्लाहकार कमिटीसमेत गठन गरेको छ । अधिवेशनलाई कोसी अञ्चल इन्चार्ज भीम आचार्य, सहइन्चार्ज लालबाबु पण्डित, सचिव राजेन्द्र गौतमलगायतले शुभकामना दिनुभएको थियो ।

# मोरङमा अधिवेशन

विराटनगर । नेकपा (एमाले) को असोज १८ र १९ गते सम्पन्न पाँचौं मोरङ जिल्ला अधिवेशनले नरेश पोखरेल सचिव र खड्गबहादुर बस्नेत उपसचिव रहनुभएको २९ सदस्यीय जिल्ला कमिटीको चयन गरेको छ ।

निर्वाचित जिल्ला कमिटीका सदस्यहरूमा जीवन घिमिरे, महेश रेग्मी, विनोद ढकाल, रमेशचन्द्र पौडेल, घनश्याम खतिवडा, गङ्गा डाँगी, एकराज भट्टराई, चन्द्रवीर राई, ऋषिकेश पोखरेल, बलबहादुर घिसिङ्ग, मोहन न्यौपाने, ताराबहादुर काफ्ले, कामेश्वर राजवंशी, डीपी राई, टेकबहादुर लिम्बू, हिमाल राई, नन्द गिरी, रुद्रबहादुर कार्की, हरि पोखरेल, मोहन उदास, सत्यनारायण चौधरी, अर्जुन अधिकारी, रामलाल शाह, सङ्गमलाल गनगाई, भगवती निरौला, मीरा गुरुङ, योगीलाल यादव हुनुहुन्छ । अधिवेशनको उद्घाटन नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले गर्नुभएको थियो । अधिवेशनलाई अशोक राई, भीम आचार्य, गुरु बराल, लालबाबु पण्डित र राजेन्द्र गौतमले शुभकामना दिनुभएको थियो ।

# राती बास्ने कुखुरो

**■ काओ यु-पाओ**

ठूलो साँझ टरिसकेको अँध्यारो झन्झन् बाक्लिदै थियो । दिनभरको कठोर श्रमले लोत भएर यस्तो कुबेलामा, एक हूल खेतालाहरू मेलाबाट घरतिर फर्किरहेका थिए । यिनीहरू अरू कोही थिएनन्, दुष्ट अत्याचारी जमिनदार जोउको खेतमा काम गर्ने खेतालाहरू नै थिए ।

'साह्रै थाकियो हौ, दाइ !' एउटा खेतालाले थकित स्वरमा भन्यो ।

'थाक्न पनि किन नथाक्नु त कान्छा ! आँखा यसो झिमिक्क गर्न पनि पा'को हुँदैन कुखुरो बास्न थालिहाल्छ 'झट्ट उठ ए मोरा हो, कुखुरो बासिसक्यो कति मरिरहन्छौ ओछ्यानमा, हैन यै चालले त कैले उठाइसक्नु ए गाँठे, मेरो त्यत्रो पैसा ! ल ल उठिहाल र जाओ मेलामा काम गर्न, ल ... ल ....।' ल त भनेर आँखा मिच्दै धत्याङमत्याङ गर्दै खेत पुग्यो र काम गर्न थाल्यो, उज्यालो त हुँदै हुँदैन ! कतिबेर काम गरिसकेपछि पो बल्ल उज्यालो हुने सुर गर्छ । हन के भा'को यस्तो उदेक !' अर्को खेतालाले आफ्नो मर्म पोख्यो ।

'कुखुरो पनि त्यै धनीमानीको पच्छे लाग्छ, के गर्नु बजियाको भाग्यै ठूलो र छ, जत्ता धेर उतै हेर भनेको यही त होला नि !' 'भाग्गे साग्गेको कुरा नगर है मसँग' अर्को किसानले जङ्गिँदै भन्यो, 'अघि सधैँ ठिक्क बेला बास्ने कुखुरो ऐले चैं किन मध्यरातमै बास्न थाल्छ हँ ? विचार गर है सपैले । अब यी स्यालका छाकहरूलाई एक एक गरेर ननिमोठी भो र ! मरीमरी काम गरेर एक झल्को पनि सुत्न नपाउनु ए गाँठे !'

त्यस भेगका खेतालाहरू सधैँ यस्तै कुराकानी गर्दै मेलाबाट आ-आफ्ना घरतिर फर्कन्थे, मीठो नमीठो एक आधा पेट खान्थे र निन्द्रा पुऱ्याएर सुत्ने विचारले हतार-हतार ओछ्यानतिर लम्कन्थे ।

केही दिनदेखि काओ यु-पाओलाई पखाला लागेको थियो । त्यस रात पनि ओछ्यानमा पल्टेको केही छिनपछि नै उसलाई दिसा जान पऱ्यो । ऊ उठ्यो र विस्तारै बाहिर निस्क्यो । दिसा बसिसकेपछि फर्कने बेलामा गोरुलाई भुस्सा छ कि छैन भनेर हेर्न काओ यसो टाट्नोतिर गयो । तर त्यही बेलामा उसले एउटा कालो छायाँ अलिक पर कुखुराको खोरनिर चाल मारेर लमक्क लम्केको देख्यो । त्यसको हातमा लामो लट्ठी थियो । मान्छेको आकृति भएको त्यस छायाँलाई उसले ठम्याउन खोज्यो तर अहँ ठम्याउन सकेन । अँध्यारो थियो, चन्द्रमा उदाइसकेको थिएन ।

'आज चैं यसलाई नसमाती हुँदैन । बाँधेर लडाउनै पऱ्यो । एक्लैले सकिनँ भने चिच्याएर सबैलाई उठार भा'पनि यस कुखुरा चोरलाई समातेरै छाड्छु ।' उसले सोच्यो तर उसको अर्को मनले यो पनि सोच्न थाल्यो, 'विचरा कुनै गरिब मान्छे होला नि ! यसका जहान छोराछोरीहरू कति दिनदेखि भोकै होलान् वा बिरामी भएर लडिरा'का होलान् । नभएरै त चोर्न आयो होला नि बरा ! जहान बच्चा भोकै मर्न लागेपछि के गरोस् त अरू । भो म यसलाई समात्दिनँ । हद्द चोरे त्यै दुई चार कुखुरा त चोर्छ होला नि यसले, आ... चोरोस् स्यालका आहाराहरूलाई लगे एक निन्द्रा सुखले त सुत्न पाइन्छ ।'

यसैबेला छायाँले गर्धन तनक्क तान्यो र हातले नाक छोप्यो । उसले हाच्छिउँ गर्न लागेको जस्तो लागेर काओ यु-पाओ आत्तियो र मनमनै सोच्यो 'ला, यसले हाच्छिउँ गऱ्यो र सबै उठे भने यसको कुन दुर्दशा हुन्छ होला नि ! अझ त्यो जमिनदार मोरो जोउले यो कुरा चाल पायो भने त यसको छाला काढेरै छोड्छ ।' तर, केही पनि भएन । काओले विस्तारै गएर गोरुलाई भुस्सा राख्ने भाँडा यसो छोएर हेऱ्यो, रातभरलाई मनग्गे पुग्ने भुस्सा रहेछ । त्यसपछि उसले सुत्न जाने विचार गऱ्यो तर आफू हलचल गरे चोर भाग्ने र उसले केही पनि लान नपाउने कुराले ऊ सतर्क भयो । चोरकै भलाइका लागि काओ पनि भुइँमा थपक्क बस्यो । त्यो को रहेछ भनेर चिन्ने रहर उसलाई निकै लागिरहेको थियो ।

धेरै बेर चुप लागेर बसेपछि एक्कासि कुखुरा बासेको नक्कली आवाज निकालेर छायाँ करायो । काओ त्यसको चाल देखेर जिल्ल पऱ्यो । त्यो आफूतिरै आउन लागेको देखेर काओ पछि हट्यो र परालको थुप्रोमा लुक्यो । गोरु भएको ठाउँमा आइपुगेपछि त्यसले सलाई कोऱ्यो र भुस्सा भए-नभएको यसो हेऱ्यो । सलाईको उज्यालोमा काओले त्यो मान्छेको अनुहार देख्यो र तीन छक्क पऱ्यो- त्यो त अत्याचारी जमिनदार जोउ नै पो रहेछ ।

'ए ! उसो भए आधा रातमा बास्ने कुखुरो तैं बजिया पो रहिछस् !' काओले मनमनै भन्यो ।

जमिनदारले बासेको आवाज सुनेर एकछिनपछि खोरका कुखुराहरूले पनि बासेरै जवाफ दिए । त्यसपछि त गाउँभरिका सारा कुखुराहरू नै बास्न थाले । काओलाई भयङ्कर रिस उठ्यो । तर, त्यसबेला उसले चुप लागेर बस्नु र त्यसको अगाडि नपर्नु नै उचित ठहऱ्यायो ।

एकै छिनपछि जमिनदार जोउ हल्ला गर्दै घरघर गएर कराउन थाल्यो 'ए ... उठ है ... हिँड मेलामा काम गर्न ... कुखुरा बासिसके ... अर्काको ऋण खाएर पनि कस्तरी सुत्न सकेका, भाते बजियाहरू । ल... ल... उठी हाल र ज्यावल बोकेर हिँडी हाल खेततिर ।' किसानहरू अधुरो निद्रामा धङधङ्याउँदै उठ्न थाले र रिसाउँदै बरबराउँदै औजारहरू समातेर खेततिर हिँड्ने सुरसार गर्न थाले । जमिनदार जोउ एकछिनपछि घरतिर हिँड्यो ।

'कस्तो अचम्म ए ! न चाँडो न ढिलो, ओछ्यानमा यसो ढल्यो, बास्न थाली पो हाल्छ । कस्ता कुखुरा हुन् यी ? मलसाप्राको मुख ।'

'के भन्छौ त कान्छा, एउटाले बासे मात्र पनि केही भयो भन्नु, गाउँभरिकाले नै बास्न थालेपछि के भन्ने त !' लिउ नाम गरेको किसानले पनि आश्चर्य व्यक्त गरे ।

'सुन भाइ हो बिगार चैं पक्कै क्यै भा'को छः छ । यस्तै किसिमले दिनभरि काम गर्नु, त्यस्तै खान्की खाएर रातभरि पनि सुत्न नपाउनु हो भने अब चाँडै मरिन्छ है, होस गर ।'

'हैन म त भर्खर पल्टेको मात्र पो थिएँ, बास्न थालिहाल्यो पड्के ...।'

'काँको ! मेरो त भात खाएपछिको एक चिलिम तमाखु पनि सकिएको थिएन ।'

रिसले रन्केंदै उनीहरूले गरेको कुराकानीहरू सुनेर काओले मनमनै भन्यो- 'यो सप्पै त्यै लोभी जमिनदारको जाल हो भन्ने तिमीहरूलाई के थाहा !'

'मेरी आम्मै ! के देखें नि आज ! धन्न उम्कें नि म ! कालो भूत ...अँध्यारोमा ...।' किसानहरूका अगाडि आएर आश्चर्य र डर मिसिएको स्वरमा काओ भन्न थाल्यो । 'हेर्नोस् त मैले लुगा पनि फुकालेको छुइनँ । कस्तो अचम्मको कुरा छ बुझ्नु भो !'

'कस्तो भूत ?' किसानहरूले आत्तिएर सोधे ।

'पख्नोस् ... म भन्छु, तर अलिक पर बाटोमा पुगेपछि ।' काओले सबैको मनमा खुल्दुली मच्चाउँदै भन्यो ।

कुरा सुन्ने आत्तुरीले, पर बाटोमा निस्किसकेपछि किसानहरूले हतारिँदै काओलाई सोधे- 'ल भन्न त अचम्मको कुरा के हो ! चाँडो ।'

काओ हाँस्न थाल्यो, उसका आँखा चम्किरहेका थिए ।

'काका हो ! अबदेखि चाँडो कुखुरा बास्यो भनेर कुखुरालाई गाली नगर्नु । कुबेलामा बासेकोमा विचरा कुखुराहरूको केही बिराम छैन तर यसको जरोमा एउटा मानिस छ है ।' काओले रातीका कुरा जम्मै बेलिविस्तार लगायो । सबै कुरा सुनी सकेपछि लिउ रिसले आगो भयो र करायो ।

'अब खेतमा पुगेर केही काम गरिँदैन, डाँडामा मज्जाले सुतिन्छ, त्यत्ति हो ।'

लिउको कुरामा सबै सहमत भए। खेतमा पुग्दा आकासतिर तारा छरिएका थिए। एक एक चिलिम तमाखु खाएर किसानहरू लम्पसार परेर सुते । मस्त निन्द्राले गर्दा शीतले लुगा लफ्रक्क भिजेको पनि कसैले चाल पाएनन् ।

अत्याचारी जमिनदारको जोउको खलकले यस्तै नाना भाँतिका जालझेल गरेर किसानहरूलाई ठग्दै प्रशस्त श्रीसम्पत्ति जोरेको थियो । अनेक बित्पाते जुक्तिहरू जोउले उसका बाबु बराजेहरूबाटै सिकेर आएको थियो । जालझेल त उसको पुर्ख्यौली सम्पत्ति नै भने पनि हुन्छ । निन्द्राले चुरु भएर किसानहरू काम गर्दा गर्दै खेतमा ढल्थे । यस्तो हुँदा पनि उ चैं यसैबाट अरू फाइदा निकाल्ने जुक्ति निकाल्थ्यो । 'अल्छे, ठग, बेइमान, निमेकहराम' भन्दै ऊ किसानहरूलाई पूरा काम नसिध्याएको भनेर एक पैसा पनि ज्याला दिँदैनथ्यो ।

मस्त निन्द्रामा सुतिरहेका किसानहरू एक्कासि कहालिएर कराए। 'ऐय्या ।' दुष्ट जमिनदार जोउ ठूलो स्वरमा गर्जिंदै किसानहरूलाई बुटले निर्मम तरिकाले कुटिरहेको थियो । निन्द्राबाट आत्तिएर किसानहरू जर्‍याकजुरुक उभिए। जोउ आँखा तर्दै किसानहरूलाई हकारिरहेको थियो- 'मेरो नुनपानी खाएर मलाई ठग्ने तेरिमा निमेकहरामी चोर हो ! हेरत ! सबै मस्तले सुतिरहेका नकच्चराहरू। त्यत्रो काम बेमाख पारेर ! अहिले बाह्र बजेसम्म यति सबै काम नसक्त ! म के गर्दो रै'छु तिमीहरूलाई ? एक थोपा पानी र एक गेडा अन्न दिन बुझ्यौ !' खाने कुरा लिएर आएको मान्छेतिर फर्केर जोउ करायो- 'खानेकुरा फर्काएर लैजा ।'

जोउ सधैँझैँ आज पनि बिहान सबेरै उठेको थियो । बिहानको खाना खान सधैँझैँ किसानहरू बेलामा नआइपुगेकाले आज ऊ छक्क पर्‍यो । किसान आउँदा जाँदा धेरै समय लाग्ने र काममा निकै हानि हुने सोचेर खानेकुरा आफैँसँग खेतमा लिएर जाने उसले निर्णय गर्‍यो । त्यसैले उसकहाँ बस्ने बूढा गोठालालाई खानेकुरा बोकाएर जिमिनदार खेततिर हिँड्यो । उहाँ पुगेर हेर्छ त सबै खेताला मस्तसित सुतिरहेका, रिसले उसको जीउ नै सल्केको जस्तो भयो, सुतिरहेका खेतालाहरूलाई लट्ठीले जथाभावी हिर्काएर उसले उठायो । त्यसपछि मारसँग गाली गर्दै खाने कुरा फर्काउन लगाउँदै अत्याचारी जोउ खेतबाट हिँड्यो ।

जोउ त्यहाँबाट हिँडेपछि रिसले मुर्मुरिएका किसानहरू एकआपसमा कुरा गर्न थाले । कसैले तुरुन्त काम छाडेर हिँड्ने विचार गरे, कसैले आजसम्म काम गरेको ज्यालाको हरहिसाब माग्ने कुरा गरे, कसैले चैं निरास भएर त्यसै घर फर्कने विचार प्रकट गरे । अन्तमा सबैको कुरा र विचारहरू सुनेर बसिरहेको काओले मुसुमुसु हाँस्दै उनीहरूलाई भन्यो- 'काका हो ! मेरो पनि एउटा सानो कुरा छ, तपाईंहरूले त्यसलाई राम्ररी ध्यान दिएर सुनिदिनुहुन्छ कि भन्ने मेरो अनुरोध पनि छ ।' सबैले उसको कुरो सुन्न उत्सकुता देखाएपछि काओले भन्न थाल्यो- 'मैले एउटा सानो योजना बनाएको छु, मेरो योजनालाई राम्ररी सुनेर त्यसबमोजिम चल्ने हो भने त्यस पाजीसँग अहिलेको रिस पोख्न र त्यसलाई निकै मजाले मर्मत गर्न पनि सक्छौँ ।'

'हैन, के भन्छ यो केटो ?' एक जना किसानले छक्क पर्दै भने- उसँग धन छ, तागत छ, यस इलाकाको त्यो सानोतिनो राजै हो, कस्तो नराम्रो कुरा गरेको तैंले !' अरूहरूले पनि आफ्नो कुरामा त्यति ध्यान नदिएको देखेर काओले आफ्नो कुरालाई अझ जोड दिँदै भन्यो 'काका हो ! मैले नराम्रो कुरा गरेको हैन । त्यसलाई ठीक गर्ने जुक्ति निकालेको मात्रै हो । हाम्रो सन्तान दरसन्तानलाई सधैँ यसरी सताउने र मार्ने काम गरिरहन्छ भने अहिले मौका पाएको बेलामा हामीले पनि किन छाड्ने हँ ! काका चाउ ते चुनले भन्नुभएको कुरा पनि हामीले बिर्सन हुन्न नि- 'जसले शत्रुलाई पहिलो मुक्का हान्नसक्छ, त्यही नै बहादुर हुनसक्छ ।'

किसानहरूले काओको योजनालाई ध्यान दिएर सुने र दिल खोलेर हाँसे ।

'साह्रै बेस, साह्रै मनासिब, हामीले यसै गर्नुपर्छ'- काओको योजनालाई सबैले एकै मुखले समर्थन गरे ।

दिउँसोको खाना खान सबै किसानहरू जिमिनदार जोउको घरमा गए । जोउ अझै पनि उनीहरूलाई गाली गर्दै सरापिरहेको थियो तर उनीहरू कसैले पनि त्यसको वास्ता गरेनन् ।

दुई-तीन दिनपछि किसानहरूले लामालामा लौराहरू तयार गरे र एकदिन सधैँझैँ राती खानेकुराहरू खाइसकेपछि उनीहरूले बत्ती निभाए । काओलाई चेवा बस्न उनीहरूले आँगनमा पठाएका थिए । एक घण्टा बितेपछि जिमिनदार जोउ चाल मारेर कुखुराको खोरतिर लम्कँदै गरेको काओले देख्यो । जोउ कुखुराको खोरनिर पुगेको मात्र के थियो, काओ न्वारानदेखिको बल

भिकेर चिच्यायो- 'चोर ...., चोर .... ।' किसानहरू हत्त र पत्त कोठाकोठाबाट निस्केर आए र जोउलाई लखेटेर आ-आफ्ना लौराहरूले मारसँग चुट्न थाले ।

'पर्ख पर्ख, ए ... म हुँ'- जोउले आत्तिएर करायो ।

'हो, हो तैं तँ होस् नि कुखुरा चोर, आज चैं तँलाई ठीक नपारी काँ छोड्छौँ र !' किसानहरूले दनादन दनक दिन थाले ।

काओ चिच्चाउँदै आँगनतिर दौडियो र करायो- 'जिमिनदार जोउ, भट्ट बाहिर निक्लनुहोस् त, हामीले चोर समातेका छौँ ... कुखुरा चोर ...।' बाहिरको डरलाग्दो खैलाबैलाले जिमिनदारको घरमा बस्ने जापानी अफिसरको निन्द्रा टुट्यो र दुई जना आठपहरियालाई अघिपछि लाएर हातमा पिस्तोल लिँदै बेछाँटले हतारिँदै आँगनतिर कुद्यो ।

जापानी अफिसर करायो- 'ठोक् ठोक् बजियालाई, कुखुरा चोरलाई पनि जिउँदै छोड्ने हुकुम छैन । कुटी कुटी मारी देओ ।'

उता जिमिनदारको घरमा चैं स्वास्नी र छोरीहरू आत्तिएर कोकोहोलो मच्चाउन थाले ।

'ए तिनलाई नकुट भनेको !' जिमिनदारनी न्वारानदेखिको बल निकालेर चिच्याई तर जापानीले हानेको दुई फायर पिस्तोलको आवाजमा उसको स्वर कता हरायो कता ।

'मार्‍यो बाबा ... गुहार ... गुहार .... ए म हुँ भनेको ।' अत्याचारी जोउले आत्तिएर टाउको कुखुराको खोरतिर घुसार्‍यो ।

दुई फायर आकासमा हानेपछि जापानी अफिसरले पिस्तोल कुखुराको खोरतिर ताक्यो । आफ्नो लोग्नेको ज्यानै जान लागेको देखेपछि सुरुवाल मात्र लाएकी, नाङ्गी भुतुङ्गी, बहुलाई भैँ जोउकी स्वास्नी कुद्दै कुद्दै त्यहीँ आइपुगी र भएभरको तागत निकालेर चिच्याई- 'ए यिनी त इलाकाका जिमिनदार पो हुन् ।'

अफिसरको हात टक्क रोकियो र छक्क पर्दै भन्यो- 'हँ ! किन ? किन ? के ? के ? अघि अघि त यसरी मध्यरातमा कतै बाहिर निस्किनु हुन्नथ्यो, आज चैं किन कुखुराको खोरतिर आउनुभयो हँ ? ए ...चाँडो बत्ती ल्याओ ।'

'ए ! जिमिनदार साप पो हुनुहुँदोरैछ । हेर ! हामीले के गर्‍यौँ नि मालिकलाई !' किसानहरूले अचम्म मान्दै पछुतो गरेको अभिनय गरी टोपले ।

जिमिनदारको छोरा आफ्नो सुत्ने कोठाबाट लालटिन लिएर दौडिदै आयो र लालटिनको उज्यालोमा त्यहाँको दृश्य छर्लङ्ग भयो । जोउको जाँघबाट रगतको धारो छुटिरहेको थियो । किसानहरूको मारबाट जोगाउन उसले टाउको चैं कुखुराको खोरभित्र घुसारेको रहेछ । किसानहरूले जोउलाई भल्टाङ्भुल्टुङ् पारेर बाहिर निकाले र भुइँमा पल्टाइदिए । जोउको मुख कुखुराको सुलीले घिनलाग्दो र हाँसोउठ्दो भएको थियो । ऊ जाँघ मुसारी कराइरहेको थियो । किसानहरू चैं भित्रभित्रै खुसी भएका थिए र उनीहरूको शिर ठाडो थियो ।

'मालिकलाई पनि के सुर चलेको त यस्तै मध्यरातमा कुखुराको खोरतिर आउन । कुखुरा चोर नै ठानेर पो हामीले पनि यस्तो सारो कुट्यौँ'- किसान लिउले धेरै दुःखी भएजस्तो गरेर अफसोस प्रकट गरे ।

'ऐया ... ओह ... म त ... ओछ्यानमा ..... सुतेको ... थिएँ ... ऐया ... कुन्नि कुन चैं... भूतप्रेतले ... तानेर ... मलाई यहाँ ल्यायो ... मलाई थाहा ... छैन ... ऐया ....।' जिमिनदार जोउले पीडाले रुँदै कराउँदै कुखुराको खोरमा पुगेको स्पष्टीकरण दियो ।

'ए ! उसो भए त हजुरले भन् विचार पो गर्नुपर्ने भयो । घरमा भूतप्रेत रहेछन्, मौकैमा होस नपुर्‍याए भन् ठूलो बिगार पर्न पनि बेर छैन है मालिक ।' किसानहरूले बडो गम्भीर भएजस्तो गरेर अत्याचारी जोउलाई सम्भाए ।

जोउलाई बोकेर कोठामा पुर्‍याइदिएपछि जापानी अफिसरले डाक्टरलाई लिन पठायो । जिमिनदारका दुवै जाँघका मूल हड्डी नै भाँचिएका रहेछन् । भित्रभित्रै रिसले मुर्मुरिए तापनि दुष्ट जिमिनदार जोउले बाहिर चैं केही भन्न सकेन ।

त्यस घटनापछि अत्याचारी दुष्ट जिमिनदार जोउ कुखुराको खोरनजिक जानै नसक्ने भयो । खेतमा चियोचर्चो गर्न जान पनि ऊ असमर्थ भयो र गाउँमा मध्यराततिर कुखुराहरू पनि बास्न छाडे ।

**अनु : रामेश श्रेष्ठ**

# पीलो

**- रामचन्द्र भट्टराई**

*यो दुब्लो देहमा पीलो उठेको धेर भैसक्यो*
*वर्षौंवर्ष बिते चिर्न धेरै अबेर भैसक्यो*
*बग्यो रगत धेरै नै धर्तीमा खेर गैसक्यो*
*पीलो निचोर्न खोज्नेका लासको ढेर भैसक्यो ।*

*सञ्चो भयो कि भैँ हुन्छ उठ्छ फेरि घरीघरी*
*निचर्दा खील निखन्न रूप लिन्छ थरीथरी ।*

*मायाँ गरेर बेकार तेल-बेसार लाइयो*
*सर्जरी नगरी लोलोपोतो पारेर छाडियो*
*भन्छन्, 'मायाँ गर्न हुन्न' झन् उल्टै म्वाइँ खाइयो*
*आफ्नै शरीरको मासु भनी पीलो मुसारियो ।*

*मायाँ गरी मुसारेरै बारम्बार उकल्भियो*
*मात्तियो-पात्तियो पीलो खील निस्केन बल्भियो*
*निचर्दा जोडले पैले दुईचोटी निको भयो*
*खील बाँकी थियो मौका पायो कि फेरि यो उठ्यो*

*कुखुरे हैन यो ठूलै राँके पीलो यहाँ उठ्यो*
*राँकियो रन्कियो रन्-रन् नचिरी नहुने भयो*
*चिर्ने-निचर्ने भन्नेमा रडाको मात्र मच्चियो*
*चिरेनन् पहिले पीलो अहिले यो असह्य भो ।*

*बल्ल पो बुद्धिको बिर्को अहिले सबको खुल्यो*
*सर्जरी गर्न संयुक्त शल्य-कक्ष यहाँ खुल्यो*
*पीलोको वंश नै मास्ने सल्लाह सबको भयो*
*पहेँलो पीपमा न्याल न काढे मासिने भयो ।*

# गजल

**– रामप्रसाद प्रदीप**

उनी भन्छन् यो हो प्रभात उनको
बुझून् यो सुरु भैसक्यो रात उनको

चढेको छ अहिले घमण्डै उनीमा
त्यसैले बढेको छ रे मात उनको

मूढा पोल्न झिंजा बटुल्दैछ गाउँ
नभ्याई सहेको छ यो घात उनको

कतिञ्जेल पहिरो सक्लान् र रोक्न
भाँचिन्छ पक्कै खुनी लात उनको

सबै ठाउँ दाईं लगाउन खोज्दा
काटिन्छ दाम्लो किलैबाट उनको

## जिन्दगी

जिन्दगीको यात्रा मलाई प्यारो प्यारो लाग्यो
कहिले काहीं उकालीमा गाह्रो गाह्रो लाग्यो
जिन्दगीका पानाहरू पल्टाउँदै जाँदा
बाँकी पानाभित्र जीवन साह्रो साह्रो लाग्यो

## वर्तमान

भित्रभित्रै आँत जली, रात दुखेको छ
छैन शीतल बिहानीले, हाऱ्यो-हाऱ्यो लाग्यो
उन्मादले उर्लापात भएको यो बेला
समयले रुँदै आँसु, झाऱ्यो झाऱ्यो लाग्यो

## भविष्य

बच्छिउँले घेरा हाली टोक्न खोजे पनि

माहुरीले 'घार' हात पाऱ्यो पाऱ्यो लाग्यो
उकाली र ओरालीका संघर्षहरूमा
प्रदीपले अब बाजी माऱ्यो माऱ्यो लाग्यो ।

# बालउत्पीडनको चीत्कार

नेपाली समाजमा पाइने बालउत्पीडनको कथालाई मिथक बनाएर कविता पौडेलले साह्रै सुन्दर उपन्यास रचना गरेकी छन् : *'बालचीत्कार'*। त्यसो त महिला तथा बालबालिकासँग सम्बन्धित विषयवस्तु संवेदनशील हुन्छ । तर, त्यसभन्दा निकै भिन्न शैली र ढङ्गमा उनले विषयवस्तुलाई संवेदनशील होइन, संवेदनशील विषयवस्तुलाई उठाएकी छन् । त्यसको यथार्थ वर्णन गरेकी छन् र थोरै मात्र औपन्यासिक रङ्रोगन दिएकी छन् ।

नेपाली समाजमा पाइने खासगरी नारीको पीडालाई मार्मिक र मन छुने शैलीमा प्रस्तुत गरिएको यो उपन्यास सामाजिक भेदभाव, टुहुराटुहुरीको वेदना, बालविवाह, बालविधवा, यौनअपराध, अन्तर्जातीय विवाह, बालश्रमिक आदि घटनाहरूकै सेरोफेरोमा घुमेको छ ।

उपन्यासकार घरायसी सामानको किनमेलका लागि कृष्णनगर झर्छिन्, त्यहींबाट उपन्यास सुरु हुन्छ । रातभरि उनी प्रमुख दुई पात्र वरण र टुल्की (अर्थात्, रेखा) सँग सम्बन्धित घटनाहरूकै सेरोफेरोमा घुमेका हृदयविदार, कारुणिक र चीत्कारजन्य कथा सुन्छिन् र बिहान हुनासाथ त्यहाँबाट हिँड्छिन्, उपन्यास पनि टुङ्गिन्छ ।

सही चेतना र त्यसको व्यावहारिक प्रयोगबिना समाज सम्पन्न, सुखी र सभ्य हुन सक्दैन । यही मान्यता बोकेकी छन्, पौडेलले उपन्यासभरि । शोषित-पीडित महिलामुक्तिको यात्रामा संलग्न पौडेलको विषयवस्तुको चयन पनि आफ्नै मान्यताअनुरूपको छ । ग्रामीण नेपाली जनजीवनसँग गहिरो ढङ्गले परिचित पौडेलले बालउत्पीडनको कारुणिक कथावस्तुलाई समेटेर रचना गरेको यो उपन्यास यथार्थ र साँच्चैका घटनापरिवेशले गर्दा मार्मिक बनेको छ । जटिल सङ्घर्ष भोगेर हुर्केकी नारी व्यक्तित्व पौडेलले सार्वजनिक गरेको यो उपन्यास संवेदनायुक्त, कारुणिक र दारुण चीत्कारको नमुना बनेको छ । तसर्थ, तपाईंले पनि एकपटक यो उपन्यास पढ्ने कि !

खासगरी, निम्छरो आयस्रोत भएका मानिसहरूले भोग्ने पीडालाई यहाँ जस्ताको तस्तै पोखिएको छ । अझ भनौं, गरिब, निमुखा र आयस्रोत नभएका ग्रामीण नेपाली परिवेशमा हुर्किएका मानिसहरूका निम्ति त यो उपन्यास पढ्नै पर्ने कृति बनेको छ । गुल्मी-अर्घाखाँचीतिरको यथार्थ परिवेश तथा भारतीय भूमिमा यसका पात्रले भोग्नुपरेको पीडाले यो उपन्यासलाई दर्दनाक र अझ पीडायुक्त बनाएको छ ।

उपन्यास जीवन्त छ । पात्रहरूप्रति उपन्यासकारले न्याय गरेकी छन् । आफ्ना वेदना र कहर पात्रहरूकै मुखबाट बोलाएकी छन् । समस्यासँग जुधाएकी छन् र समस्या समाधानमा अग्रगर बनाएकी छन् । पात्रहरूले भोग्नुपरेका सकसलाई उत्कर्षमा पुऱ्याउँदा पाठकको मन पनि थामिन्न । अनायासै पाठकका आँखा रसाउन पुग्छन् । कमलो मन र हृदय हुने पाठकका आँखा त उपन्यासको पूर्वार्द्धतिरबाटै रसाउन थाल्छन् र उत्तरार्द्धतिर आएर मात्र थामिन्छन् ।

उपन्यास पढ्दै गर्दा त्यसले तपाईंलाई साँच्चै कुनै त्यस्तो घटना भएको गाउँमा पुऱ्याउँछ । वरुण र रेखा नामका पात्रसँग भेट गराउँछ, उनीहरूसँग तपाई आफैंले साक्षात् भेटेर कुरा गरेजस्तै उपन्यास अगाडि बढ्छ । घटनाको सिलसिला वर्णनात्मक भएकाले त्यसपछि के होला भन्ने कौतुहलताले तपाईंलाई उपन्यासभन्दा बाहिर जान दिंदैन र तपाईंलाई एक सय २८ पृष्ठसम्मको यात्रामा बाँधेर राख्छ । अझ भनौं एक बसाइमा तपाईंले उपन्यास पढेर सिध्याउनुहुन्छ ।

# विदेशी मुद्राको सञ्चिति र वैदेशिक ऋण

## ' डा. गोविन्दबहादुर थापा

**० विदेशी मुद्राको सञ्चिति भनेको केहो ?**

अर्थतन्त्रको व्यावहारिक पक्ष नबुझ्नेहरूलाई एकातिर सरकारले पर्याप्त मात्रामा विदेशी मुद्राको सञ्चिति छ भन्ने र अर्कोतिर सरकार स्वयम् वैदेशिक ऋण खोज्दै हिंड्ने कुराका बीच पटक्कै तालमेल नमिलेको जस्तो लाग्दछ । र, उनीहरू सरकार आफूसँग छ भनिएको विदेशी मुद्राको सञ्चिति खर्च नगरी किन वैदेशिक ऋण खोज्दै हिँड्दछ भनी प्रश्न गर्दछन् । बाहिरबाट सर्सर्ती हेर्दा यस्तो प्रश्न गर्नु स्वाभाविक पनि हो । तर, यस सन्दर्भमा के जानकारीको अभाव हुन्छ भने विदेशी मुद्राको सञ्चिति जुन छ भनिन्छ, त्यो सञ्चिति सरकारको नभई केन्द्रीय बैंक र वाणिज्य बैंकहरूको हो । दुनियाँका कुनै पनि सरकार आफैँले विदेशी मुद्राको भण्डारन गरेर राख्दैनन् । ती बैंकहरूले त्यस्तो विदेशी मुद्रा आफ्नो पैसा तिरेर खरिद गरेका हुन्छन् । त्यसैले त्यो उनीहरूको सम्पत्ति हो । यदि सरकारलाई त्यस्तो मुद्राको आवश्यकता पऱ्यो भने सरकारले आफ्नो श्रोतबाट नेपाली रुपियाँको बन्दोबस्त गरी बैंकहरूबाट खरिद गर्नुपर्दछ ।

**० सरकारले बैंकबाट सिधै पैसा निकाल्न सक्दैन ?**

-यदि सरकारले नेपाली रुपियाँको जोहो गर्न सकेन भने उसले बैंकहरूबाट विदेशी मुद्रा पाउन सक्दैन । जस्तो, हालै नेपाल आयल निगमले भारतीय आयल निगमलाई भारतीय मुद्रामा तिर्नुपर्ने रकम तिर्न नसक्नुको कारण नेपालसँग भारतीय रुपियाँको अभाव भएर होइन । नेपाल राष्ट्र बैंकसँग भारतीय मुद्रा जत्ति चाहे पनि हुँदाहुँदै पनि नेपाल आयल निगमसँग त्यस्तो मुद्रा खरिद गर्नका निमित्त चाहिने नेपाली रुपियाँ नभएको हुनाले तिर्न नसकेको हो । त्यसैले सरकारले नेपाल आयल निगमलाई ऋण दियो र त्यही ऋण रकमबाट नेपाल आयल निगमले नेपाल राष्ट्र बैंकबाट भारतीय रुपियाँ खरिद गरी भारतीय आयल निगमलाई तेलको मूल्य तिर्‍यो ।

**० मुलुकभित्र विदेशी मुद्रा कसले राखेको हुन्छ त ?**

- नेपाल राष्ट्र बैंक ऐन र दुनियाँको कुनै पनि केन्द्रीय बैंकको ऐनले त्यस मुलुकभित्र विदेशी मुद्राको खरिद, बिक्री र धारण गर्ने, मुलुकका बैंकहरू, सरकार र नागरिकहरूलाई विदेशी मुद्रा उपलब्ध गराउने र विदेशी मुद्राको सम्पूर्ण व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी त्यस मुलुकको केन्द्रीय बैंकलाई दिएको हुन्छ । ऐनले दिएको त्यही अधिकार प्रयोग गरी केन्द्रीय बैंकहरूले आफ्नो मुलुकभित्र विदेशी मुद्राहरूको व्यवस्थापन गरेका हुन्छन् । जस्तो, नेपाल राष्ट्र बैंक ऐन, ०५८ को परिच्छेद ७ को दफा ६२ मा यस्तो व्यवस्था गरिएको छ : 'बैंकलाई नेपाल अधिराज्यको विदेशी विनिमय नीति निर्माण गर्ने, कार्यान्वयन गर्ने र गराउने पूर्ण अधिकार हुनेछ ।' त्यसैगरी दफा ६३ मा यस्तो उल्लेख गरिएको छ : 'विदेशी विनिमयको व्यवस्थापन बैंकले गर्नेछ । यस्तो व्यवस्थापन गर्न बैंकलाई ........अधिकार हुनेछ ।' यसैअनुरूप मुलुकलाई आवश्यक हुने विदेशी मुद्रा उपलब्ध गराउने जिम्मेवारी त्यस मुलुकको केन्द्रीय बैंकको हुन्छ । र, केन्द्रीय बैंकले मुलुकभित्रका वाणिज्य बैंकहरूलाई उपयोग गरेर विदेशी मुद्राहरूको व्यवस्थापन गरेको हुन्छ । नेपाल राष्ट्र बैंकले पनि त्यसै गरिरहेको छ । त्यसैले त्यस्तो विदेशी मुद्राको मालिक केन्द्रीय बैंक र त्यसअन्तर्गतका वाणिज्य बैंकहरू हुन्छन् । त्यसैले उद्यमी, व्यापारी र नागरिकहरूलाई विदेशी मुद्राको आवश्यकता पर्‍यो भने आफ्नो मुलुकका वाणिज्य बैंकहरूसँग नेपाली रुपियाँ तिरेर खरिद गर्नुपरेजस्तै सरकारलाई विदेशी मुद्राको आवश्यकता पर्दा पनि उसले नेपाली रुपियाँ तिरेर बैंकहरूबाट खरिद गर्नुपर्दछ । सरकारलाई चाहियो भन्दैमा बैंकहरूले उसलाई विदेशी मुद्रा त्यसै दिन सक्दैनन् । त्यसैले नेपालसँग विदेशी मुद्राको पर्याप्त सञ्चिति छ भन्नुको अर्थ नेपाल राष्ट्र बैंक र नेपालका वाणिज्य बैंकहरूसँग त्यस्तो मुद्रा पर्याप्त छ भनेको हो सरकारसँग छ भनेको होइन । र, सरकारलाई विदेशी मुद्राको आवश्यकता पर्‍यो भने माथि भनिएजस्तै सरकारले नेपाली रुपियाँ तिरेर बैंकहरूबाट खरिद गर्नुपर्दछ ।

**० मुलुकभित्रै विदेशी पैसा जति पनि हुन्छ भने विदेशसँग सहयोग किन खोजिन्छ त ?**

- जहाँसम्म सरकार वैदेशिक सहायता खोज्दै हिँड्छ भन्ने कुरा छ, त्यो विदेशी मुद्रा प्राप्त गर्नका लागि नभएर आफूले खर्च गर्न पाउने रकमका लागि हो । सरकारसँग नेपाली रुपियाँ पर्याप्त मात्रामा भएमा विदेशी मुद्रा त उसले नेपालभित्रैका बैंकहरूबाट जति चाहिए पनि पाउन सक्दछ । बैंकहरूसँग विदेशी मुद्रा नभए केन्द्रीय बैंकले आफूसँग रहेको सुन, चाँदी अन्तर्राष्ट्रिय बजारमा बिक्री गरेर र/वा आईएमएफसँग ऋण लिएर पनि विदेशी मुद्रा उपलब्ध गराउँछ । यो उसको ऐनले तोकिदिएको जिम्मेवारी नै हो । जस्तो : सन् १९८९ मा भारतीय बैंकहरूसँग विदेशी मुद्राको सञ्चिति सकिएर केन्द्रीय बैंक भारतीय रिजर्भ बैंकले आफूसँग भएको सुन हवाईजहाज चार्टर्ड गरी बेलायत लगर धितो राखी विदेशी मुद्रा ल्याएको थियो । आवश्यक पर्‍यो भने नेपाल राष्ट्र बैंकले पनि त्यसो गर्नुपर्दछ । यही उद्देश्यले पनि आईएमएफको सदस्यता लिनुपरेको हो । त्यसैले सरकारलाई चाहिएको विदेशी मुद्रा उपलब्ध गराउने जिम्मेवारी नेपाल राष्ट्र बैंकको हो । त्यसैले विदेशी मुद्रा होला/नहोला वा पाइएला/नपाइएला भन्ने चिन्ता सरकारले गर्नु पर्दैन । उसको चिन्ता त आफूले खर्च गर्न पाउने रकमको अभावको हो । त्यसैले त्यस्तो रकम जुटाउन ऊ वैदेशिक सहायताको खोजीमा निरन्तर लाग्ने गर्दछ । यो निश्चित हो कि सरकारले ल्याउने वैदेशिक सहायता विदेशी मुद्रामा हुन्छ । दाता राष्ट्र तथा संस्थाहरूले नेपाली मुद्रामा नेपाललाई सहायता दिने कुरै आउँदैन । दाता राष्ट्रले नगदमा नभई सामग्रीका रूपमा सहायता दिए भने मात्र त्यस्तो सहायताका साथ विदेशी मुद्रा आउँदैन । अन्यथा विदेशी सहायता विदेशी मुद्रामा नै आउँछ । तर, सरकारले विदेशी मुद्रामा ल्याउने वैदेशिक सहायताको रकम उसले विदेशी मुद्रामा नै खर्च गर्ने त होइन । त्यसरी सरकारले ल्याउने वैदेशिक सहायता रकम सर्वप्रथम विदेशी मुद्रामा नेपाल राष्ट्र बैंकमा प्राप्त हुन्छ । अनि, नेपाल राष्ट्र बैंकले त्यो विदेशी मुद्रा आफूले राखी त्यो बराबरको रकम नेपाली मुद्रामा आफूसँग रहेको सरकारको खातामा जम्मा गरी दिन्छ । र, सरकारले नेपाल राष्ट्र बैंकले त्यसरी जम्मा गरिदिएको नेपाली रुपियाँ खर्च गर्दछ । त्यस्तो रकम खर्च गर्ने क्रममा सरकारलाई कुनै प्रयोजनको निमित्त विदेशी मुद्राको आवश्यकता पर्‍यो भने सरकारले त्यही खातामा भएको नेपाली रुपियाँ झिकेर नेपाल राष्ट्र बैंकलाई भुक्तान गरी विदेशी मुद्रा खरिद गर्दछ । त्यसैगरी सरकारले ल्याएको वैदेशिक ऋणको साँवा, ब्याज तिर्नुपर्दा सरकारले नेपाली रुपियाँ तिरेर नेपाल राष्ट्र बैंकबाट चाहिने जति विदेशी मुद्रा खरिद गरी वैदेशिक ऋणको साँवा, ब्याज तिर्दछ । त्यसै भएकाले सरकारले वैदेशिक ऋणको साँवाब्याज तिर्ने प्रयोजनका निमित्त आफ्नो हरेक वार्षिक बजेटमा नेपाली रुपियाँमा रकम विनियोजन गरेको हुन्छ । यसरी विदेशी मुद्राको सञ्चिति र सरकारले लिने वैदेशिक ऋणबीच यस्तो किसिमको सम्बन्ध हुने भएकाले एउटा मुलुकमा एकातिर विदेशी मुद्राको सञ्चिति पर्याप्त मात्रामा रहनुको सँगसँगै त्यस मुलुकको सरकार वैदेशिक सहायताको खोजीमा लागिरहनुपर्ने स्थिति रहन्छ ।

**० त्यसो भए देशभित्रकै बैंकसँग ऋण नलिएर विदेशबाट किन लिइन्छ त ?**

- यो प्रश्न धेरै ठाउँमा उठ्ने गर्छ । यदि सरकार विदेशी मुद्राका निमित्त नभई आफूले खर्च गर्न पाउने रकमका लागि मात्र वैदेशिक ऋणको खोजीमा लाग्ने गरेको हो भने उसले नेपाली बैंकहरूबाटै चाहिएजति ऋण नलिई किन अनेक सर्तहरू स्वीकार गरेर विदेशीहरूबाट ऋण लिनुपर्‍यो ? सरसर्ती हेर्दा यो प्रश्न उत्तिकै जायज छ । यस सन्दर्भमा यथार्थ कुरा के हो भने सरकारले विदेशबाट मात्र होइन, देशभित्रैबाट पनि हरेक वर्ष अर्बौं रुपियाँ बराबरको ऋण लिइरहेको हुन्छ । जस्तो : सरकारले मुलुकभित्रैबाट आ.व. ०६०/६१ मा आठ अर्ब २० करोड र आ.व. २०६१/६२ मा नौ अर्ब ६३ करोड रुपियाँ ऋण लिएको थियो भने चालू आ.व. ०६२/६३ मा ११ अर्ब ८५ करोड रुपियाँ ऋण लिने लक्ष्य राखेको छ । यसरी विगतमा मुलुकभित्रबाट लिइएको ऋण हरेक वर्ष अर्बौंको राशिमा तिर्दै आउँदा पनि अहिले ८० अर्ब रुपियाँ भन्दा बढी पुगिसकेको छ । र, त्यसको साँवाब्याज तिर्नका निमित्त सरकारले वर्षैपिच्छे अर्बौं रुपियाँ खर्च गर्ने गरेको छ । तर, उसको बजेट घाटा यति धेरै हुन्छ कि त्यो सम्पूर्ण घाटा देशभित्रबाट लिएको ऋणले मात्र पूर्ति गर्न नपुगेर उसले घाटा पूर्ति गर्न नपुग रकमका लागि वैदेशिक ऋण लिनुपरेको हुन्छ । फेरि पनि के प्रश्न उठ्न सक्दछ भने सरकारले बजेट घाटा पूर्ति गर्न पुग्ने गरी किन मुलुकभित्रैबाट ऋण लिन सक्दैन ? सरकारले लिन चाहँदैन कि बैंकहरूले सरकारलाई ऋण दिन चाहँदैनन् ? यस सन्दर्भमा यथार्थ कुरा के हो भने सरकारले ऋण फिर्ता गर्ने मिति तोकेर ऋण पत्र दिने गरी बैंकहरूबाट ऋण माग्यो भने बैंकहरूले सरकारलाई जति पनि ऋण दिन तयार हुन्छन् र छन् पनि । बैंकहरूका लागि त्यो अत्यन्त सुरक्षित लगानी हुन्छ । बैंकबाहेक अन्य सङ्घसंस्था र व्यक्तिहरू पनि आकर्षक ब्याज पाएमा सरकारलाई ऋण दिन तयार हुन्छन् र दिएका पनि छन् । त्यसैले सम्पूर्ण बजेट घाटा पूर्ति गर्ने गरी सरकारले आन्तरिक ऋण नलिनुको कारण बैंकहरू होइनन् । सरकार नै सम्पूर्ण बजेट घाटा पूर्ति हुने गरी मुलुकभित्रैबाट ऋण लिन चाहँदैन र लिन हुँदैन पनि ।

**० यसको कारण के हो ?**

- यसको मुख्य कारण के हो भने सरकारले मुलुकभित्रका बैंक, अन्य सङ्घसंस्था र नागरिकहरूबाट धेरै ऋण लियो भने प्रथमतः मुलुकको निजी क्षेत्रले मागबमोजिमको वित्तीय साधन समुचित व्याजमा पाउन सक्दैन र निजी क्षेत्र किनारा लाग्दै जान्छ भने दोस्रो, मुलुकभित्र उपलब्ध बित्तीय साधनमा सरकार र निजी क्षेत्रको प्रतिस्पर्धा हुन गई अर्थतन्त्रमा ब्याजदर बढ्न जान्छ । परिणामस्वरूप अर्थतन्त्रमा विशेषगरी निजी क्षेत्रको लगानी घट्न जान्छ । निजी क्षेत्रको लगानी घट्यो भने मुलुकमा आर्थिक वृद्धि दर, रोजगारी, राष्ट्रिय आय पनि घट्दछ । मुलुकभित्रको सम्पूर्ण वित्तीय साधन सरकारले नै उपयोग गर्‍यो भने पनि त्यो कुनै न कुनै किसिमको लगानी त हुन्छ नै । तर, साधन खर्च गर्ने (लगानी) सन्दर्भमा सरकार भन्दा निजी क्षेत्र बढी कुशल हुन्छ भन्ने मान्यतामा यो नीति आधारित छ । त्यसैले अल्पविकसित र विकासशील मुलुकहरूमा सरकारले बजेट घाटा यथाशक्य कम गर्नुपर्दछ र घाटा गरे पनि त्यो घाटा यथाशक्य वैदेशिक सहायताबाट पूर्ति गर्नुपर्दछ, घाटा पूर्ति गर्न आन्तरिक स्रोतबाट सकेसम्म कम ऋण लिनुपर्दछ भन्ने मान्यता रहेको छ । अर्थात्, मुलुकभित्र उपलब्ध हुने सम्पूर्णजसो वित्तीय साधन निजी क्षेत्रलाई छोडिदिनुपर्दछ । यसो भयो भने मुलुकभित्रको साधनमा प्रतिस्पर्धा हुँदैन र ब्याजदर न्यून रहन गई निजी क्षेत्रको लगानी बढ्दछ भन्ने मान्यता छ । सरकारले घाटापूर्ति गर्न आन्तरिक स्रोतबाट धेरै ऋण नलिई वैदेशिक ऋण खोज्नुको मुख्य कारण यही हो । नेपालले पनि विगत धेरै वर्षदेखि यही नीति अख्तियार गर्दै आएको छ ।

यसरी सरकारले मुलुकमा विदेशी मुद्राको सञ्चिति पर्याप्त भए तापनि र मुलुकभित्रैबाट बजेटघाटा पूर्ति गर्न आवश्यकताबमोजिम ऋण पाउने स्थिति रहे तापनि वैदेशिक सहायता खोज्ने गर्दछ ।

# *दसैंमा चियापान*

काठमाडौं । विजयादशमी तथा दीपावलीको अवसर पारेर नेकपा (एमाले) ले आयोजना गरेको चियापानमा अघिल्ला वर्षहरूमा भन्दा धेरै सहभागिता देखिएको छ । एमालेले केन्द्रीय कार्यालय बल्खुमा कात्तिक १ गते सो चियापान आयोजना गरेको थियो ।

आमन्त्रित पाहुनाहरूलाई पार्टीका महासचिव माधवकुमार नेपाललगायतका नेताहरूले स्वागत गर्नुभएको थियो । चियापानमा पूर्वप्रधानमन्त्रीहरू गिरिजाप्रसाद कोइराला, सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्द, नेमकिपाका अध्यक्ष नारायणमान विजुक्छे, जनमोर्चाका अध्यक्ष अमिक शेरचन, मालेका महासचिव सीपी मैनाली, पूर्वप्रधानन्यायाधीश विश्वनाथ उपाध्याय, प्रमुख निर्वाचन आयुक्त केशवराज राजभण्डारी, मानवअधिकारकर्मी, पत्रकार, समाजसेवी, उद्योगी, व्यापारी, डाक्टर, इन्जिनियर, कलाकार, विदेशी कूटनीतिज्ञ र सर्वसाधारण गरी ठूलो संख्यामा उपस्थिति थियो । सञ्चारकर्मीहरूसँग कुरा गर्दै पार्टीका महासचिव नेपाल र कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले निरंकुशतालाई संस्थागत गर्न ल्याइएको चुनाव सक्रिय बहिष्कार गर्ने बताउनुभएको थियो ।

# अछाममा अधिवेशन सम्पन्न

अछाम । नेकपा (एमाले) अछामको पाँचौ अधिवेशनले शेरबहादुर कुँवरलाई सचिव निर्वाचित गरेको छ । अधिवेशनको उद्घाटन स्थायी कमिटी सदस्य मुकुन्द न्यौपानेले गएको असोज ५ गते गर्नुभएको थियो ।

अधिवेशनले पदमबहादुर बोहरालाई उपसचिवमा निर्वाचित गरेको छ भने सदस्यहरूमा कृष्णप्रसाद जैशी, भरत साँवद, गोविन्द कुँवर, शिवप्रसाद उपाध्याय, कमल तिमिल्सेना, महावीर साँवद, कटक साँवद, भैरे कामी, लक्ष्मण खड्का, भप्पर कुँवर, भीम जनाला, यज्ञ बोगटी, चक्रबहादुर रावल, धुर्वा कुँवर र चेतमान रावल हुनुहुन्छ भने वैकल्पिक सदस्यहरूमा नरराज अधिकारी, मना अधिकारी र रमेश कुँवर निर्वाचित हुनुभएको छ । अधिवेशनलाई सेती अञ्चल इन्चार्ज भीम रावललगायतले बोल्नुभएको थियो ।

# *नवयुग*मा सामग्री छनोट, लेखन र सम्प्रेषण

## ' विष्णु रिजाल

### १. सामग्री छनोट

- नेकपा (एमाले) को राजनीतिक पत्रिका *नवयुग* मा प्रकाशित सामग्री स्वाभाविक रूपमा पार्टीका नीति, सिद्धान्त, विचार, कार्यक्रम र गतिविधिसँग सम्बन्धित हुन्छन् । हामीले यो पत्रिका निकाल्नुको मुख्य उद्देश्य नै पार्टी नीतिलाई कार्यकर्ता, समर्थक, शुभेच्छुक र जनसमुदायसमक्ष पुऱ्याउनु हो । पार्टी नीतिको प्रचार र हाम्रोबारेमा फैलाइएका भ्रमहरूको पर्दाफास गर्नु यस पत्रिकाको मुख्य लक्ष्य हो । यसका साथै जनसमुदायसँग सरोकार राख्ने जनसरोकार र मानव अभिरुचिका कतिपय सन्दर्भहरू पनि हाम्रो विषयवस्तुभित्रै पर्छन् । यिनलाई समेटिरहँदा पनि पार्टीहित कहाँनेर छ भनेर हामीले सोच्नुपर्छ ।
- पार्टीका निर्णय, राजनीतिक दृष्टिकोण, केन्द्रीय कमिटीले गरेका निर्णयको व्याख्या-विश्लेषणलाई *नवयुग* मा स्थान दिने गरिएको छ । केन्द्रीय नेताबाट गरिने विभिन्न विषयका टिप्पणीहरू हाम्रा सामग्री हुन् ।
- *नवयुग* ले विश्व वाम आन्दोलनका उतारचढावलाई पनि आफूभित्र समाहित गर्दछ । खासगरी साम्राज्यवाद र रङ्गभेदविरोधी जनताका न्यायपूर्ण आन्दोलनले *नवयुग* मा स्थान पाउँछन् । विश्वका प्रेरक प्रसङ्गदेखि रोचक प्रसङ्गलाई पनि हामी मानव अभिरुचिसँग जोडेर कहिलेकाहीँ स्थान दिन्छौँ । त्यसबाहेक कम्युनिस्ट आन्दोलनमा लामो समय व्यतीत गरेका पुराना कमरेडहरूको चिनारी, सहादत गाथा, जिल्लाको कम्युनिस्ट आन्दोलन, चर्चित सामाजिक-सांस्कृतिक आन्दोलन, पेसागत-जनवर्गीय आन्दोलन, महिला, व्यक्तित्वजस्ता विषयवस्तु हामीले पार्टीपङ्क्तिमा प्रवाहित गरिरहेका छौँ ।
- *नवयुग* मा निरन्तर स्थान पाउँदै आएको क्षेत्र साहित्य पनि हो । साहित्य पनि राजनीतिबाट टाढा नहुने र यसले समाजको ऐनाको काम गर्ने भएकाले त्यसलाई हामीले राजनीतिबाट अलग गर्न सक्दैनौँ । प्रगतिशील-प्रगतिवादी साहित्यकारका कथा र कवितालाई हामीले प्राथमिकताका साथ छाप्दै आएका छौँ । पार्टीपङ्क्तिमै प्रशस्त लेखकहरू भइरहेको सन्दर्भमा पुस्तक समीक्षा पनि प्रायः छुट्दैन । त्यसबाहेक वाम आन्दोलनलाई सहयोग पुऱ्याउने खालका सामग्रीहरू नै हामी पस्किन्छौँ ।
- *नवयुग* मा बढीभन्दा बढी पार्टीपङ्क्तिलाई सहभागी बनाउनेमा हाम्रो ध्यान केन्द्रित हुन्छ । तर, तल्ला कमिटीबाट सामग्रीहरू नजाँदा हाम्रो मात्र प्रयत्न सफल हुन सकिरहेको छैन ।
- *नवयुग* डेस्कमा सामग्रीबारे छलफल भएपछि लेखकहरूको खोजी हुने गर्छ । पार्टीका नीति, विचार र दृष्टिकोणका सम्बन्धमा पार्टी केन्द्रीय कमिटीका सदस्यहरूको जिम्मेवारीमा पर्छ । कतिपय विषयगत लेख र सार्वजनिक सरोकारका विषयका लागि पार्टीनिकट, पार्टीप्रति सकारात्मक वा तटस्थ लेखकहरूलाई रचनाका लागि आग्रह गर्ने गरिएको छ । तर, समयमै रचना नआइपुग्ने हुनाले कतिपय सामग्री डेस्कबाटै हतारमा तयार गरेर भए पनि हरेक महिनाको १ गते नै पत्रिका निकाल्नु हाम्रो बाध्यता भएको छ ।

### २. आमसञ्चार के हो ?

- एक व्यक्तिबाट अर्को व्यक्तिसम्म सङ्केत, बोली, लिपि वा अन्य कुनै प्रकारले विचार, धारणा एवम् जानकारी पुऱ्याउने कामलाई सञ्चार भनिन्छ । एक व्यक्तिभन्दा बढी असीमित जनसमुदायका लागि कुनै माध्यमको सहायताद्वारा गरिने यस्तो प्रक्रियालाई सन्देशको रूपमा प्रसारण वा प्रक्षेपण गरिन्छ भने त्यसलाई आमसञ्चार (Mass Communications) भनिन्छ ।

### ३. सामग्री कसरी लेख्ने ?

- *नवयुग* पार्टीको प्रचारक र सङ्गठक दुवै हो । त्यसैले यसमा आउने सामग्री पनि हाम्रो राजनीतिकै सेवामा समर्पित छन् । तर, ती सामग्रीहरू पत्रकारिताको आधारभूत सिद्धान्तबाट निर्देशित नहुने हो भने तिनले पाठकलाई आफूतिर तान्न सक्दैनन् भन्नेमा हामी सचेत हुनुपर्छ । त्यसैले सामग्रीहरूलाई सरल, छोटो, छरितो, सुवोध र पठनीय बनाउने हाम्रो

प्रयत्न रहन्छ । जिल्ला तथा अञ्चलका कमरेडहरूले हामीलाई चर्चित आन्दोलन, सहादत-गाथा, जिल्लाका कम्युनिस्ट आन्दोलन, जनसरोकारका विषयमा फिचर, पार्टी गतिविधिका समाचार, पुराना कमरेडहरूको चिनारी लेखेर सहयोग गर्न सक्नुहुन्छ । त्यसले एकातिर जिल्लाका लुकेका कुराले देशव्यापी पार्टीपङ्क्तिमा प्रचार पाउँछन् भने अर्कोतिर सम्बन्धित जिल्लामा पनि *नवयुग* प्रति अपनत्वको भावना विकसित हुन्छ ।

**४. समाचार लेखन**

- समाचार के हो भनेर छलफल गरिरहँदा हामीले व्यावसायिक पत्रकारिताको कुरा नगरेर *नवयुग* को समाचार के हो भन्नेबारेमा छलफल गरिरहेका छौं । तसर्थ, *नवयुग* का लागि समाचार भन्नाले :

क. पार्टीका जिल्ला अधिवेशन,
ख. जिल्ला तथा अञ्चल भेला,
ग. जिल्ला तथा क्षेत्रीय जनसभा,
घ. स्थानीय विशिष्टताका आधारमा उठाइएका आन्दोलन,
ङ. केन्द्रीय योजनाबमोजिमका कार्यक्रम,
च. राज्य तथा माओवादीका ज्यादती,
छ. पार्टीका तर्फबाट भएका उल्लेखनीय जनकार्य,
ज. निर्वाचित प्रतिनिधिहरूले निर्वाह गरेको उल्लेखनीय भूमिका,
झ. भ्रष्ट प्रशासकहरूको भण्डाफोर,
ञ. पार्टीको संलग्नतामा सम्पन्न विकास-निर्माण आदि ।

**५. समाचार के हो ?**

- समाचार के हो भन्ने विषयमा पत्रकारितामा चार्ल्स एन्डर्सन डानाले सन् १८८२ मा दिएको एउटा सदाबहार परिभाषा छ- 'जब एउटा कुकुरले मान्छेलाई टोक्छ समाचार हुँदैन । तर, जब मान्छेले कुकुरलाई टोक्छ, तब त्यो समाचार बन्छ ।' दैनिक पत्रकारिताको जीवनमा लागू हुने यो परिभाषा हाम्रा लागि पनि उपयोगी छ । पार्टी जीवनमा पनि जब कुनै नयाँ घटना देखा पर्छ, त्यो स्वतः समाचार हुन्छ । यसैगरी NEWS (समाचार) लाई पत्रकारितामा चारैतिरको घटनाको जानकारीको रूपमा अर्थ्याइन्छ । N- North, E- East, W- West, S- South । सबैतिर जे जे भइरहेको छ, त्यसैलाई समाचार मान्ने प्रचलित सिद्धान्तलाई हामीले पार्टी जीवनका सबै तहमा के भइरहेको छ, त्यसलाई समाचार बनाउने अर्थमा लिनुपर्छ ।

**६. समाचारले के गर्छ ?**

- दुनियाँमा जति पनि समाचार हुन्छन्, तिनका चार उद्देश्य मात्र हुन्छन् अर्थात् समाचरले मुख्यतया चारथरी काम गर्दछन् :
  क. सूचना (Information)
  ख. शिक्षा (Education)
  ग. अभिप्रेरणा (Persuation)
  घ. मनोरञ्जन (Entertainment)
- *नवयुग* का लागि समाचार वा फिचर लेख्दा अघिल्ला तीन विषयमा हामी बढी केन्द्रित हुनुपर्छ । पार्टी गतिविधिका सूचना, पार्टीपङ्क्तिलाई शिक्षा र प्रेरणा दिने काम हाम्रा सामग्रीहरूले गर्नुपर्छ ।

**७. समाचार कसरी लेख्ने ?**

- समाचार लेखन सरल, छोटो र छरितो हुनुपर्छ । त्यसका लागि हामीले पत्रकारितामा प्रचलित सिद्धान्तलाई अनुशरण गर्नुपर्छ । यसले एकातिर भन्न खोजेको कुरा सरल भाषामा भन्न सिकाउँछ भने अर्कोतिर पाठकको समय बचाउँछ ।
- समाचार लेख्नका लागि पत्रकारितामा बहुचर्चित सिद्धान्त छ : पाँच W र एक H अर्थात् छ 'क' को सिद्धान्त । एउटा समाचारमा निम्न छ प्रश्नको जवाफ हुनैपर्छ :
  (क) के (What)
  (ख) कहाँ (Where)
  (ग) किन (Why)
  (घ) कहिले (When)
  (ङ) को (Who)
  (च) कसरी (How)
- समाचारको पहिलो अनुच्छेदलाई लिड वा इन्ट्रो भनिन्छ, जसले यीमध्ये कम्तीमा तीन प्रश्नको जवाफ दिनुपर्छ । त्यसपछि समाचारलाई विश्वसनीय बनाउन समाचारको स्रोत उद्धरण गर्नुपर्छ । तेस्रो अनुच्छेदमा भन्न खोजेको कुराको तथ्यसहित व्याख्या सामेल गर्नुपर्छ भने त्यसपछि पृष्ठभूमि र पूर्वसूचनाहरूको उल्लेख गर्नुपर्छ ।

- समाचार लेख्दा पहिलो अनुच्छेदमा महत्त्वपूर्ण कुराहरू लेख्नुपर्छ । त्यसपछि महत्त्वका हिसावले कम अर्थ राख्ने कुराहरू लेख्दै जानुपर्छ । पत्रकारितामा यसलाई उल्टो पिरामिडको सिद्धान्त भनिन्छ । यस सिद्धान्तलाई दूधको गिलाससँग पनि दाँजिन्छ, जसमा पोषिलो तर माथिल्लो भागमा जमेको हुन्छ भने त्योभन्दा कम पोषिलो दूध तल्लो भागमा हुन्छ ।

  समाचार लेख्दा ध्यान दिनुपर्छ : पूर्णता, सिलसिलेवार, शुद्धता, सरलता, भाषिक एकरूपता र एउटै भाषाको प्रयोग ।

प्रायः हाम्रो लेखन घिसिपिटे हुन्छ । यस्तो लेखनका कारण एकातिर भन्न खोजिएको कुरा लेखकले भन्न सक्दैन भने अर्कोतिर पाठकले पनि चित्त लगाएर पढ्न सक्दैन । घिसिपिटे लेखनको माओले सधैं विरोध गर्नुभएको छ । यस्तो लेखनले पाना मात्रै भर्ने, गालीगलौजको मात्रै भाषा हुने, पाठकबारे नसोच्ने र भाषा निरस हुने उहाँका तर्कहरू हाम्रा लागि अहिले पनि त्यत्तिकै मननीय र ग्रहणीय छन् ।

**८ विज्ञप्ति लेखन**

- पार्टीको दैनिक जीवनमा वक्तव्य र विज्ञप्ति लेखन पनि आउँछ । शुद्धसँग लेखिएको विज्ञप्तिले भन्न खोजिएका कुराहरू स्पष्टसँग सञ्चारमाध्यमसम्म पुऱ्याउँछ, जसले विषयवस्तु तोडमरोड हुने र अनर्थ लाग्ने खतराबाट बचाउँछ ।

**९. फिचर**

- निबन्धलाई पत्रकारितामा 'फिचर' भनिन्छ । यो सूचना, शिक्षा, उत्प्रेरणा र मनोरञ्जन प्राप्त गर्ने महत्त्वपूर्ण विधा हो । पत्रकारिताको क्षेत्रमा फिचर लेखनका विभिन्न तरिका र शैली छन् । सामयिक चर्चा, मत-अभिमत र विषयगत टिप्पणीहरूमा फिचर लेख्न सकिन्छ । पत्रपत्रिकामा समाचार विश्लेषण भन्ने शीर्षकमा आउने आलेखहरू पनि यसै श्रेणीमा पर्दछन् । फिचरको ठ्याक्कै नेपाली शब्द नभए पनि यसलाई रूपकसमेत भनिन्छ ।
- फिचरका विषयहरू राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, साहित्यिक, चलचित्र, कला, कानुन र विज्ञान क्षेत्रसित सम्बन्धित हुन्छन् । फिचर लेखन सिर्जनात्मक लेखनको अङ्ग हो : समाचार लेखनका बारेमा माथि नै चर्चा भइसकेको छ । तर, फिचर लेखनका बारेमा भने निश्चित सूत्रभन्दा पनि सिर्जनशीलताले काम गर्दछ । यद्यपि, समाचार लेखनमै प्रयोग हुने तिनै सूत्रहरू नै फिचर लेखनका पनि आधारस्तम्भ हुन् । त्यसका बाबजुद यसमा सिर्जनशीलताको ठूलो खाँचो हुन्छ । धेरै मान्छेहरू राम्रा लेखक बन्नुमा उनीहरूको सिर्जनात्मक क्षमता नै महत्त्वपूर्ण हो ।
- फिचर लेखनका मुख्यतयाः तीन भाग हुन्छन् :

(क) परिचय,

(ख) विषयवस्तुको व्याख्या, र

(ग) निष्कर्ष वा सन्देश ।

- यो त मोटामोटी सिद्धान्तको कुरा मात्रै हो । कुनै पनि काममा सूत्रहरूको नक्कल लोकप्रिय हुन सक्दैन । यसका निम्ति विषयवस्तुको ज्ञान, भाषाको ज्ञान, प्रस्तुतिको सीप र आफूले कसका निम्ति लेख्न लागेको हो, त्यो लक्षित समुदायको मनोविज्ञान राम्ररी बुझ्नु नितान्त आवश्यक हुन्छ ।

**सन्दर्भ सामग्री**

*१. पत्रकारिता हाते किताब, नेपाल प्रेस इन्स्टिच्युट, ०५४ ।*

*२. समाचार सङ्कलन तथा सम्पादन, विजय चालिसे, ०५७ ।*

*३. प्रचार विभागका विभिन्न कार्यपत्रहरू, ०५७ ।*

***(बुटवलमा आयोजित लुम्बिनी अञ्चल प्रचार कार्यशालामा केन्द्रीय प्रचार तथा प्रकाशन विभागका तर्फबाट प्रस्तुत कार्यपत्र स्थानीय पार्टी प्रचारका लागि सहयोगी हुने विश्वासका साथ प्रकाशित गरिएको छ- प्रधान-सम्पादक ।)***

## *नवयुग* सोह्रौं बर्षमा

**काठमाडौं । नेकपा (एमाले) केन्द्रीय कमिटीको राजनीतिक पत्रिका *नवयुग* यसै महिनादेखि सोह्रौं बर्षमा प्रवेश गर्दैछ । नेपाल कम्युनिष्ट पार्टीको अविभाजित कालमा ०१४ सालदेखि *नवयुग*लाई पार्टीको मुखपत्रका रुपमा निकाल्न शुरु गरिएको थियो । तर कम्युनिष्ट आन्दोलनमा आएको विभाजनसँगै स्थगित भएको *नवयुग* नेकपा (एमाले) को गठनसँगै पुनः आरम्भ भएको थियो । बीचमा पाक्षिकको रुपमा समेत प्रकाशित *नवयुग* मासिक रुपमा प्रकाशित भइरहेको छ । केही समय अघिसम्म नेपालमा सबभन्दा बढी स्थायी ग्राहक बनाउने पत्रिकाको रुपमा स्थापित *नवयुग*को ग्राहक विस्तारका लागि अञ्चलस्तरीय कार्याशाला र प्रचार भेलाहरुको आयोजना गर्ने योजना प्रचार तथा प्रकाशन विभागले बनाएको छ ।**

# नर्वेमा वामपन्थीहरूको सरकार

**' भक्त गुरुङ**

आस्था दूबो हो, जो कहिल्यै मर्दैन । सन् नब्बेको दशकमा तत्कालीन सोभियत रुस र पूर्वी युरोपका देशहरूमा समाजवाद ढल्दै गर्दा दुनियाँका पुँजीवादीहरूले ठूलै स्वरमा डङ्का पिटे-“अब समाजवाद इतिहासका पानामा सीमित रहन पुग्यो ।” तर, यो कुरा सच्चा मार्क्सवादीहरूले कहिल्यै स्वीकार गरेनन् । बरु, समाजवाद प्राप्तिका लागि परिवर्तित समय र परिस्थितिअनुरूप आफूलाई परिमार्जन गर्दै अगाडि बढ्न चाहे । त्यही समय नेपालमा मार्क्सलाई जीउँदो राख्ने सङ्खनाद गर्दै नेकपा (एमाले) ले जनताको बहुदलीय जनवादको कार्यक्रमद्वारा समाजवाद स्थापनाको लक्ष्य भेदन गर्न कम्मर कस्यो भने संसारभरका मार्क्सवादीहरूले समाजवाद-साम्यवाद प्राप्तिका लागि आफूलाई फरक रूप र शैलीमा पुनर्व्यवस्थित गर्दै अगाडि बढे । समाजवाद मऱ्यो भन्नेहरूले अब त देखे होलान्- ल्याटिन अमेरिकी देशहरूमा समाजवादी आस्था मौलाएको छ, एसियाली मुलुकहरूमा समाजवादी आस्थाका संवाहकहरू हुर्केका छन् र अफ्रिकी मुलुकहरूमा समाजवादले जरो गाडेको छ । आफूलाई विश्व पुँजीवादका संरक्षक ठान्ने संयुक्त राज्य अमेरिकामै पनि समाजवादी विचारका संवाहकहरू बढ्दो सङ्ख्यामा छन् र त त्यहाँका जनता जर्ज बुसलाई सराप्छन्, “तिमी युद्धअपराधी हौ र विश्वका एक नम्बर आतङ्ककारी पनि ।”

समाजवाद-साम्यवादका प्रणेता मार्क्स र एङ्गेल्सको कर्मथलो युरोपमा पनि समाजवादी आस्था मरेको कहाँ छ र ! एक समय सोभियत रुसको बुट र बारुदमुन्तिर हुर्केको सोभियत मोडेलको समाजवादले धक्का खाएको साँच्चै हो । तर, समाजवादी आस्थाले युरोपेली जनताको मनबाट बास उठाएको कहाँ थियो र ! त्यसैले त आज युरोपेली देशहरूमा समाजवादी विचारका शक्तिहरू धमाधम सत्तारुढ हुँदैछन् र जनताको सेवामा समर्पित भएर लागेका छन् । त्यसैको पछिल्लो उदाहरण हो- उत्तरी युरोपमा अवस्थित मौलिक संस्कृति र प्राकृतिक वैभवताले भरिपूर्ण सानो र सुन्दर राष्ट्र नर्वे । त्यहाँका समाजवादी आस्थाका संवाहकहरूले देशको राज्यसत्ता आफ्नो हातमा लिएका छन् र आफ्नो विचारलाई व्यवहारमा उतार्न कम्मर कसेर लागेका छन् ।

नर्वेमा गत १२ सेप्टेम्बरका दिन सम्पन्न संसद्को निर्वाचनले एक सय ६९ जना संसद् सदस्यहरूको छनौट गऱ्यो । निर्वाचनमा वामपन्थी गठबन्धन दल ‘रेडग्रिन कोअलिसन’ ले बहुमत प्राप्त गरी सरकार गठन गऱ्यो । र, दक्षिणपन्थी गठबन्धनले निर्वाचनमा पराजय भोगेपछि सत्ताबाट हात धुनुपऱ्यो । सत्तारुढ वामपन्थी गठबन्धनको लेवोर पार्टीले ३२.७ प्रतिशत मत प्राप्त गरी ६१ सांसद, सोसिलिस्ट लेफ्ट पार्टीले ८.८ प्रतिशत मत प्राप्त गरी १५ सांसद र सेन्टर पार्टीले ६.५ प्रतिशत मत प्राप्त गरी ११ सांसदहरू जितेका छन् । यता दक्षिणपन्थी गठबन्धनको कन्जरभेटिभ पार्टीले १४.१ प्रतिशत मत प्राप्त गरी २३ सांसद, क्रिश्चियन पिपल्स पार्टीले ६.८ प्रतिशत मत प्राप्त गरी ११ सांसद र लिबरल पार्टीले ५.९ प्रतिशत मत प्राप्त गरी १० सांसदहरूलाई संसद्मा पठाउन सके । गठबन्धन बाहिरको प्रोग्रेस पार्टीले २२.१ प्रतिशत मत प्राप्त गरी ३८ सांसद विजयी बनाएको छ भने रेड इलेक्ट्रोलले १.२ प्रतिशत मत र अन्यले १.९ प्रतिशत मत प्राप्त गरेको छन् । यसरी वामपन्थी गठबन्धनले संसद्मा अत्यधिक बहुमत प्राप्त गरी लेवोर पार्टीका ४६ वर्षीय नेता जेन्स स्टोलटेनवर्ग (Jens Stoltenberg) को नेतृत्वमा सरकार गठन गरेको छ । र, विश्वमा वामपन्थीहरूले पुँजीवादीहरूमाथि आफ्नो समाजवादी आस्थाको वर्चश्व कायम रहेको कुरालाई पुनः सावित गरेर देखाएका छन् । फेरि प्रश्न उठ्छ- खै समाजवाद कहाँ मरेको छ ?

नर्वे पूर्वमा स्वीडेन, उत्तर र पश्चिममा नर्वेजियन सागर तथा दक्षिणमा उत्तरी महासागरबीच उत्तरी युरोपमा अवस्थित सम्पन्न राष्ट्र हो । यसको पूर्वी भूभाग स्वीडेन, फिनल्यान्ड र रसियासँग जोडिएको छ । कुल तीन लाख २४ हजार दुई सय २० वर्ग किमि क्षेत्रफलमा फैलिएको नर्वेको अधिकांश भूभाग हिउँले ढाकेको छ । विश्वको सबैभन्दा लामो सामुद्रिक तटीय भाग रहेको नर्वेमा ५० हजार समुद्री टापु, कडा चट्टानयुक्त स-साना पहाड र केही समथर भूभागहरू रहेको छ । पेट्रोलियम पदार्थ, प्राकृतिक ग्याँस, खनिज पदार्थ र वनपैदावरले सम्पन्न यस देशको प्रमुख आम्दानीको स्रोत नै यही हो विश्वमा सबैभन्दा धेरै तेल निर्यात गर्ने साउदी अरेबिया र रसियापछि नर्वे तेस्रो राष्ट्र हो । नर्वेका प्रमुख व्यापारिक साझेदार राष्ट्रहरू बेलायत, जर्मनी, फ्रान्स, नेदरल्यान्ड, स्वीडेन, डेनमार्क, फिनल्यान्ड, अमेरिका, चीन, रसिया आदि हुन् ।

नर्वेको कुल जनसङ्ख्या ४५ लाख ९३ हजार ४१ रहेको छ । शतप्रतिशत जनता साक्षर रहेको नर्वेको प्रतिव्यक्ति आम्दानी ४० हजार अमेरिकी डलर छ भने कुल ग्रार्हस्थ उत्पादनको वास्तविक वृद्धिदर ३.३ प्रतिशत रहेको छ । कुल जनशक्तिको ७४ प्रतिशत सेवा क्षेत्रमा, २२ प्रतिशत उद्योगमा, चार प्रतिशत कृषि, वन र माछापालनमा संलग्न छन् भने बेरोजगारको दर ४.३ प्रतिशत रहेको छ । यहाँको जनसङ्ख्याको वृद्धिदर ०.४ प्रतिशत छ भने सरदर आयु ७९.४ वर्ष रहेको छ ।

नर्वेको संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रिक शासन पद्धतिले विश्वमा नै एक आदर्श शासन व्यवस्थाको रूप ग्रहण गरेको छ । यहाँ एक सदनात्मक संसद्को व्यवस्था छ । तर, अति विशिष्ट परिस्थिति आइपरेमा संसद्ले नै आफूमध्येबाट एक चौथाई सदस्यहरू उपल्लो सदनका लागि छनोट गरी उपल्लो सदनको पनि गठन गर्न सकिने व्यवस्था गरेको छ । नर्वेलाई प्रशासनिक रूपमा कुल १९ काउन्टीमा विभाजन गरिएको छ । नर्वेको संसद्को निर्वाचन प्रत्येक चार वर्षमा समानुपातिक मतको आधारमा हुने गर्छ । संसद्को निर्वाचनमा सम्बन्धित राजनीतिक पार्टीले पाएको जनमतका आधारमा प्रत्येक काउन्टीमा विभाजित संसद् सदस्यको सङ्ख्या निर्धारित गरिन्छ । संसद्मा बहुमत प्राप्त राजनीतिक दल वा बहुमत प्राप्त गठबन्धन दलको नेतालाई संसद्को सिफारिसमा राजाद्वारा देशको प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ । र, प्रधानमन्त्रीले आफ्नो मन्त्रिपरिषद्को गठन गर्दछ ।

गत फेब्रुअरीमा हाम्रो पार्टी नेकपा (एमाले) को निमन्त्रणामा नेपाल भ्रमणमा आएका सोसलिस्ट लेफ्ट पार्टीका दुई युवा कमरेड्हरूले आफ्नो पार्टीको गठबन्धनले आगामी निर्वाचनमा बाजी मार्ने ठोकुवा गर्दै आफ्नो पार्टीका नेता क्रिस्टिन

हलभोर्सन देशको प्रधानमन्त्री बन्ने सम्भावना बताउँदै थिए । तर, वास्तविकता त्यसो हुन नसके पनि उनी देशको अर्थमन्त्रीजस्तो महत्त्वपूर्ण मन्त्रालय सम्हाल्दै गठबन्धन सरकारको दोस्रो पदको जिम्मेवारीमा पुगेकी छिन् र नर्वेको इतिहासमा ७८ औँ अर्थमन्त्रीका रूपमा प्रथम महिला अर्थमन्त्री बन्न सफल बनेकी छन् । उनी १९ सदस्यीय मन्त्रिमण्डलमा आफ्नोतर्फबाट पाँच जना मन्त्री पठाउन सफल भएकी छन् । क्रिस्टिन एक जुझारु महिला हुन् । अपराधशास्त्र र शिक्षाशास्त्रकी विज्ञ क्रिस्टिन २ सेप्टेम्बर १९६० मा हर्टन भेस्टफोल्डमा जन्मेकी हुन् । विगत १९९७ देखि सोसलिस्ट लेफ्ट पार्टीको अध्यक्ष पदको जिम्मेवारी सम्हाल्दै छिन् ४५ वर्षीय क्रिस्टिनले । पार्टीलाई समाजवादी क्रान्तिकारी विचारधाराद्वारा अगाडि बढाउने प्रण गर्दै अगाडि बढेकी क्रिस्टिन सन् १९८९ देखि राजधानी ओस्लो निर्वाचन क्षेत्रबाट संसद् सदस्य भई लामो अनुभवले खारिएकी छन् ।

सोसलिस्ट लेफ्ट पार्टीले सन् १९७३ मा 'सोसलिस्ट इलेक्टोरल लिग' को रूपमा सोसलिस्ट पिपल्स पार्टी, कम्युनिस्ट पार्टी अफ नर्वे र डेमोक्रेटिक सोसलिस्टको संयुक्त गठबन्धनको निर्माण भई सो गठबन्धनको सन् १९७४ मा ओस्लोमा सम्पन्न सम्मेलनबाट पार्टीको गठन गर्ने घोषणा भएपछि सन् १९७५ मा पार्टीको आकार ग्रहण गरेको हो । यसले समाजवाद-साम्यवादलाई आफ्नो मार्गदर्शक सिद्धान्त मान्दै विश्व शान्ति, निशस्त्रीकरण, असमानता र बेरोजगारीको अन्त्यका लागि आफ्ना कार्यक्रमहरू अगाडि बढाउँदै आएको छ । यसले विश्व साम्राज्यवादले थोपरेको युद्धको विरोधमा आफूलाई केन्द्रित गरेको छ । त्यसैले त यसले नेटोद्वारा सञ्चालित नरसंहारकारी कोसोभो युद्धको विरोध गऱ्यो, अफगानिस्तानमाथिको अमेरिकी हमलाको विरोध गऱ्यो र इराकमाथिको अन्यायपूर्ण अमेरिकी हमलाको तीव्र विरोध गर्दै इराकमा पठाइएको नर्वेली सेना तुरुन्त फिर्ता गर्न सरकारी निर्णय गरायो । र, यसले संयुक्त राज्य अमेरिका विश्व शान्तिको लागि ठूलो खतरा रहेको भन्दै अमेरिकी दादागिरीको तीव्र विरोध गर्दै आएको छ । यसले समानता (लैङ्गिक समानता र आर्थिक समानता), कल्याणकारी नीति, वातावरणको संरक्षण, स्थानीय निकायहरूलाई अधिकार सम्पन्न गर्ने, निःशुल्क सार्वजनिक शिक्षा र सबैका लागि समान शिक्षाको कार्यक्रमलाई अगाडि सारेको छ । यसले शिक्षामा मुख्य जोड दिँदै 'बालक तथा युवालाई प्राथमिकता देऊ' को नारालाई अगाडि सारेको छ । यो पार्टीले स्केन्डिनेभियन राष्ट्रका समाजवादीहरूबीच गठन भएको नर्डिक ग्रीन-लेफ्ट एलाइन्सको मुख्य सदस्यको रूपमा आफ्नो सक्रिय भूमिका निर्वाह गरिरहेको छ ।

यो वामपन्थी गठबन्धन सरकारको अर्को प्रमुख साझेदार दल लेवोर पार्टी अफ नर्वे हो । देशमा औद्योगिकीकरणको गतिसँगसँगै उठेको मजदुर आन्दोलनको गर्भबाट लेवोर पार्टीको जन्म सन् १८८७ मा भएको हो । जन्मदैदेखि मजदुर हक-अधिकारका लागि लड्दै आएको लेवोर पार्टीले देशमा राजनीतिक जागरणको आन्दोलनलाई पनि उत्तिकै जोड दिएको छ । परिणामस्वरूप सन् १८९८ मा पुरुषहरूले मतदान गर्ने जनाधिकार प्राप्त गरे भने महिलाहरूले सन् १९१३ मा । यो पार्टीले सन् १९१२ मा सम्पन्न संसदीय निर्वाचनमा २६ प्रतिशत जनमत प्राप्त गरी २३ सांसद जिताउन सक्यो र संसद्को दोस्रो ठूलो दलका रूपमा आफूलाई उभ्यायो । यो पार्टी सन् १९२१-१९२३ सम्म कम्युनिस्ट इन्टरनेसनलको सदस्य बन्यो । यसले सन् १९२८ मा सम्पन्न आमनिर्वाचनबाट प्रथमपटक १९ दिने सरकार गठन गऱ्यो । तर, दक्षिणपन्थी गठबन्धनको षड्यन्त्रका कारण सत्ताबाट चाँडै बाहिरिनुपऱ्यो । सन् १९३५ मा यसले पुनः सरकार गठन गऱ्यो र सन् १९६५ सम्म (सन् १९४०-१९४५ सम्म नर्वेमाथि जर्मनी आधिपत्यको समय बनेको निर्वासित सरकार र १९६३ को एक महिनाबाहेक) लगातार एकछत्र शासन सञ्चालन गऱ्यो । त्यसपछि सन् १९७१-१९७२ सम्म, सन् १९७३-१९८१ सम्म, सन् १९८६-१९८९ सम्म, सन् १९९०-१९९७ सम्म र सन् २०००-२००१ सम्म सरकारमा रह्यो । यसरी नर्वेको एक वामपन्थी समाजवादी दल लेवोर पार्टीले लामो समयसम्म सरकारमा रही संसारको एक समृद्ध, वैभवशाली र जनकल्याणकारी राष्ट्रको रूपमा नर्वेलाई संसारसामु चिनाउने काम गऱ्यो ।

वामपन्थी गठबन्धन सरकारको अर्को साझेदार दल सेन्टर पार्टी अफ नर्वे हो । यसको स्थापना सन् १९२० मा भएको हो । सन् १९५९ सम्म यसले आफूलाई किसान पार्टी नामकरण गऱ्यो । जसले कृषकहरूको हकअधिकारका लागि सङ्घर्ष गऱ्यो र पुँजी तथा वास्तविक शक्तिको विकेन्द्रीकरणलाई प्रमुखताका साथ अगाडि बढायो । सन् '८० को दशकपछि मात्र यसले सेन्टर पार्टीको रूपमा आफूलाई अगाडि बढायो । यो पार्टी सन् १९३०-२००० सम्ममा सातपटक गठबन्धन सरकारमा सहभागी बन्यो र पार्टीका तर्फबाट तीन जना प्रधानमन्त्री बनायो । वर्तमान वाम गठबन्धन सरकारमा यसका चार जना सांसदहरूले मन्त्री पदको जिम्मेवारी सम्हालेका छन् ।

यिनै तीन समाजवादी-वामपन्थीहरूको गठबन्धन सरकारले विश्वका पुँजीवादीहरूको निदहराम गरेको छ । कतै उत्तरी युरोपको टुप्पामा अवस्थित देश नर्वेमा फहरिएको रातो झन्डाले विश्वव्यापी आकार ग्रहण गर्ने त होनन ? यही पीडाले विश्वभर युद्धअपराध थोपर्ने संसारका युद्धपिपासुहरूको चैनको निद्रा खलबलिएको छ । नर्वेली जनताको यस विजयले संसारभरका शोषित-पीडित, किसान, मजदुरहरूमा खुसीको लहर ल्याएको छ, सदियौँदेखिको दासता र शोषण-उत्पीडनविरुद्धको युद्ध-बलिवेदीमा होमिन हिम्मत बढाएको छ र मार्क्सवाद एक आस्था हो, जो अजेय छ, बरु यसको रूप फरक छ र सिर्जनात्मकतामा यसको अस्तित्व अडेको छ । यही कुराको साविती प्रमाण नर्वेको विजयले प्रस्तुत गरेको छ ।

# सप्तरीमा कम्युनिस्ट आन्दोलन

**' दिवाकर देवकोटा**

**स** प्तरी जिल्लामा कम्युनिस्ट आन्दोलनको इतिहास नेकपाको जन्मभन्दा दुई वर्ष कम छ । सप्तरीमा २००८ सालमा कमर साहले कृष्णराज वर्मासँग सम्पर्क कायम गरेपश्चात् पुनरी अर्याल पनि सम्पर्कमा आउनुभयो भने ००८ सालमै पार्टीको कामलाई विस्तार गर्ने सन्दर्भमा पूर्व गण्डक कमिटीका सदस्यहरू धनुषचन्द्र गौतम, मदनमणि र मधुसिंह आई कमर साह, कृष्णराज वर्मा र पुनरी अर्यालको तीन सदस्यीय सेल कमिटीको गठन गरी सप्तरी जिल्लामा कम्युनिस्ट सङ्गठनको विधिवत सुरुवात भयो ।

उता सिरहा जिल्लामा पनि कृष्णप्रसाद अधिकारी र श्रीराम शर्माजस्ता क्रान्तिकारी नेताहरू कार्यकर्ता निर्माणकार्यमा सक्रियतापूर्वक जुटेका थिए । नेपाल कम्युनिस्ट पार्टी प्रचार-प्रसार सङ्गठन निर्माण, कार्यकर्ता निर्माण गर्दै किसानका प्रमुख दुश्मन जमिन्दार वर्गसित सङ्घर्ष गर्न सप्तरी र सिरहाका अगुवा कमरेडहरूले संयुक्त जिल्ला कमिटी निर्माण गर्ने आपसमा निर्णय गरे । दुवै जिल्लाका नेतृत्वपङ्क्तिका सप्तरीका र सिरहाका मिलाएर पाँच सदस्यीय संयुक्त जिल्ला तदर्थ समिति कृष्णराज वर्माको संयोजकत्वमा गठन गरे । त्यतिबेलाका अग्रणीमा कमर साह, कृष्णराज वर्मा, पुनरी अर्याल, डीपी शर्मा, डम्बरबहादुर पाण्डे र कविराज पोखरेल हुनुहुन्थ्यो । त्यस्तै सिरहामा कृष्णप्रसाद अधिकारी, श्रीराम शर्मा, चन्द्रशेखर लालकर्ण आदि अग्रणी हुनुहुन्थ्यो ।

पाँच सदस्यीय संयुक्त जिल्ला तदर्थ समितिको नेतृत्वमा ५० जना प्रतिनिधिहरूको सिरहा जिल्लाको वर्छवा गाउँमा प्रथम जिल्ला सम्मेलन भएको थियो । जिल्ला सम्मेलनले ११ सदस्यीय जिल्ला कमिटी निर्माण गरेको थियो । जसको सचिव कृष्णराज वर्मा हुनुभयो । पछि उहाँ पार्टीको दक्षिणी गण्डकी प्रान्तीय कमिटीको सचिवमा बढुवा हुनुभयो । सो कमिटी ०१३ सालमा कोसी पश्चिमी प्रान्तीय कमिटीमा परिणत भएपछि कृष्णराज वर्मा नै सो कमिटीको सचिव पदमा रहनुभयो । उहाँ माथिल्लो कमिटीमा बढुवा भएपछि संयुक्त जिल्ला कमिटीको कार्यवाहक सचिव कृष्णप्रसाद अधिकारी हुनुभएको थियो ।

००८ सालका पार्टीमाथि प्रतिबन्ध लगाएपछि वामपन्थी आन्दोलन किसान आन्दोलनको रूपमा अगाडि बढ्यो । ००९ सालमा अखिल नेपाल किसान सङ्घको स्थापना भयो । सप्तरीमा पनि ००९ सालमा २१ सदस्यीय अखिल नेपाल किसान सङ्घ, सप्तरी जिल्ला कमिटी डिपी सर्माको नेतृत्वमा गठन भयो ।

डिपी शर्माको नेतृत्वमा सञ्चालित किसान आन्दोलनका अग्रपङ्क्ति योद्धाहरूमा गुजाई यादव (वनौली), कन्छु यादव, रामप्रसाद यादव (रायपुर), फन्की यादव, भोलाई यादव, अघोरी यादव (त्रिकौल), बौवालाल मण्डल, सोती मण्डल, देवनारायण मण्डल (टङ्गेरी), रमानन्द सिंह (वनैनियाँ), रामफल साफी (कनकट्टा), महन्थी माझी (कटैया), गणेश पोखरेल (नर्घो), पुनित यादव (भूतही), डम्बरबहादुर पाण्डे (राजविराज), विहारी साह, विन्दालाल साह, वासुदेव वरई, भालू मगर, रा.वी. धनिलाल मण्डल (टङ्गेरी), सुब्बी कापेर (मानराजा), वेचन माझी (वनौला), प्रथमलाल चौधरी (वनौली), छुतहरू मलाह (हर्दिया), कैलाशपति (हनुमाननगर), दुर्गा विश्वास (भारत), डा. प्रहलाद सिंह (भारत), यशोदानन्द मिश्र (तिलाठी) थिए ।

जमिन्दारहरूले आन्दोलनकारीहरूलाई दबाउन क्रूर दमनात्मक र हिंसात्मक नीति अपनाउन थाले । स्थानीय प्रशासन र जमिन्दारको मिलेमतोमा चार सय ३२ विद्या खेतवाल किसानहरूलाई धपाइयो । ०१४ साल पुस महिनामा धनपुरी त्रिकौलका अघोरी यादवलाई निजको घरको ओसराको खम्बामा हाथ बाँधी कायरतापूर्वक गोली हानी हत्या गरिएको थियो ।

०१३ सालमा सप्तरीका वामपन्थीहरूले अखिल नेपाल किसान सङ्घको झन्डामुनि रहेर सत्याग्रह आन्दोलनमा बलिदानीपूर्ण योगदान गरेका थिए । पार्टीमाथिको प्रतिबन्ध हटाउ भनी माग राखी गाउँ-गाउँबाट ठूलो सङ्ख्यामा महिला र पुरुषहरू सत्याग्रह आन्दोलनमा ओर्लेका थिए । सत्याग्रह आन्दोलनका अग्रणी योद्धाहरू गुजाई यादव, पुनित यादव, डम्बरबहादुर पाण्डे, विन्दालाल साह, विहारी साह, अघोरी यादव, गोही चौधरी, देवनारायण मण्डल, प्रशासनको क्रूर अमानवीय यातनाबाट लामो समयसम्म अस्वस्थ र अशक्त भएका थिए । गुजाई यादवलाई कुटपिट गरी मरणासन्न अवस्थामा परालमा बेरेर आगो लगाई भलुवाही नदीमा फालिएको थियो । प्रशासनले उहाँको लडाकूपन र समर्पण देखेर 'जिउँदो मर्न तयार मानिस' नाम राखेको थियो ।

०१३ सालमा नेपाल कम्युनिस्ट पार्टीमाथिको प्रतिबन्ध फुकुवा गरियो । यसपछि सप्तरीका वामपन्थीहरू पार्टी सङ्गठनको काममा सक्रियतापूर्वक जुट्न थाले । ०१४ सालको दोस्रो राष्ट्रिय महाधिवेशनको तयारीका साथै जिल्ला अधिवेशनको तयारीसमेत गर्न थाले । कार्यवाहक सचिव कृष्णप्रसाद अधिकारीको नेतृत्वमा कमिटीले ०१४ सालमा राजविराजको कमल टाकिज सिनेमाहलमा दोस्रो जिल्ला सम्मेलन सम्पन्न भयो । त्यो सम्मेलनमा सप्तरी र सिरहा गरी विभिन्न गाउँ र क्षेत्रबाट एक सय जना पार्टी सदस्यहरूले प्रतिनिधित्व गरेका थिए । त्यतिबेला करिब चार सय पार्टी सदस्य थिए । दोस्रो जिल्ला सम्मेलनले १७ सदस्यीय जिल्ला कमिटीको निर्माण गरेको थियो । सचिवमा क. कृष्णप्रसाद अधिकारी छानिनुभएको थियो ।

सप्तरी जिल्लामा किसान आन्दोलन र सत्याग्रह आन्दोलनले अत्यन्तै उत्कर्षता प्राप्त गरेका थिए । स्थानीय प्रशासन, जमिन्दार वर्ग र विदेशी प्रतिक्रियावादीहरूसमेत थर्कमान भएका थिए । ०११ सालमा सप्तरीको कविलासा (मधुवनी धाती) गाउँमा ठूलो किसान भेला भएको थियो । उक्त सभामा मनमोहन अधिकारीले बोल्नुभएको थियो । कम्युनिस्ट पार्टीको आफ्नै पुलिस (भोलेन्टियर) जनअदालत आदि थियो । कम्युनिस्ट पार्टीको बढ्दो लोकप्रियता देखेर गाउँका ठूलाठालू जमिन्दार, विर्तावाल र जालीफटाहाहरू घर छाड्दै भारतीय सीमाका सहर बजारमा बस्न थालेका थिए । तिनीहरूले भारतीय सरकारलाई दिल्लीमा तार (आवा) पठाएर सहयोग मागेका थिए । संयुक्त राज्य अमेरिकाको प्रसारण *भ्वाइस अफ अमेरिका* (भीओए) नेपालको सप्तरी जिल्लामा नेपाल कम्युनिस्ट पार्टीको समानान्तर सरकार स्थापना गरेको समाचारसमेत प्रसारण गरेको थियो ।

०१५ सालको आमनिर्वाचनमा सप्तरी र सिरहालाई चार निर्वाचन क्षेत्रमा विभाजित गरिएको थियो । चारवटै स्थानमा कम्युनिस्ट पार्टीले सशक्त उम्मेदवार दिएको थियो । निर्वाचन क्षेत्र ३५ बाट गुजाई यादव, ३६ बाट कृष्णराज वर्मा, ३७ बाट कमर साह, ३९ बाट चन्द्रशेखर लालकर्ण नेपाल कम्युनिस्ट पार्टीका उम्मेदवार थिए । आमनिर्वाचनमा पार्टीले हँसिया र मकैको घोघो चुनावचिन्ह प्राप्त गरेको थियो । उक्त निर्वाचनमा नेपाल कम्युनिस्ट पार्टी निर्वाचित हुन नसके तापनि कृष्णराज वर्मा, कमर साह, चन्द्रशेखर लालकर्णले दोस्रो र जुगाई यादवले तेस्रो स्थान प्राप्त गर्नुभएको थियो ।

यसरी ००८ देखि ०१५ सालसम्मको सात वर्षको छोटो समयावधिमा सप्तरीमा कम्युनिस्ट पार्टीले शक्ति र प्रभाव अत्यन्तै विकास गरेको थियो । ०१७ सालमा दरभङ्गा प्लेनमपछि नेपाल कम्युनिस्ट पार्टी दुई चिरामा बाँडियो । पहिलो निरङ्कुश पञ्चायती व्यवस्थालाई समर्थन र उपयोग गर्दै कम्युनिस्ट आन्दोलनको दिवास्वप्न देख्ने महासचिव केशरजङ्ग रायमाझी र दोस्रो नौलो जनवादको रणनीति र प्रजातन्त्रको पुनःस्थापनाको कार्यक्रम लिएर कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउने । पुष्पलालको क्रान्तिकारी लाइन । केशरजङ्ग रायमाझीको नीति र कार्यक्रमलाई समर्थन गर्ने सप्तरीका दुई केन्द्रीय कमिटीका नेता कृष्णराज वर्मा र कमर साहको जिल्लामा प्रारम्भदेखि नै रहेको प्रभावले गर्दा यो जिल्लाका कम्युनिस्टहरू रायमाझीकै लाइनमा समाहित हुन पुगे । ०३६ सालमा विष्णुबहादुर मानन्धरले रायमाझीको दरबारमुखी राजनीतिको विरोध गर्दै नेकपा ( मानन्धर) नामको छुट्टै पार्टी गठन गरे र प्रजातन्त्र पुनःस्थापनाको राजनीतिक लाइन अघि सारे । सप्तरीमा पनि नेकपा ( रायमाझी) दुई भागमा बाँडियो । जयकृष्ण यादवको संयोजकत्वमा अवधेशकुमार यादव र रामनारायण यादव रहने गरी तीन सदस्यीय नेकपा (मानन्धर) को जिल्ला सङ्गठन कमिटी गठन भएको थियो । तर, जिल्लाको एउटा ठूलो कम्युनिस्ट जत्था कृष्णराज वर्माकै वरिपरि रहेको थियो । ०४१ सालमा कृष्णराज वर्माले पनि रायमाझीसँग अलग भएर नेकपा (वर्मा) गठन गरे । ०३७ सालमा भएको जनमतसङ्ग्रहपछि पुनः राजनीतिक पार्टीहरू प्रतिबन्धित भए । तर, नेकपा (मानन्धर), नेकपा (वर्मा) अर्धभूमिगतको अवस्थामा रही वामपन्थी आन्दोलन गर्न थाले । ०४८ सालमा नेकपा (वर्मा), नेकपा (मानन्धर) र नेकपा ( अमात्य) को एकीकरण हुन गई नेकपा (संयुक्त) को स्थापना भयो । सप्तरीमा देवनारायण मण्डलको संयोजकत्वमा ६३ सदस्यीय जिल्ला कमिटी सप्तरी गठन गरिएको थियो ।

०१९ सालमा भएको नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशनपछि पुनः कम्युनिस्ट पार्टीमा फुट र विभाजन सुरु भयो । तुलसीलाल अमात्यले संसदीय सार्वभौमसत्ताको राजनीतिक लाइन लिएर अघि बढे भने पुष्पलालले नयाँ जनवाद र संयुक्त जनआन्दोलनको लाइनबाट नै पार्टी निर्माणमा जुटेका थिए । ०२२ सालमा पूर्व कोसी प्रान्तीय कमिटी र ०२३ सालमा वाग्मती प्रान्तीय कमिटी अलग-अलग रणनीति, कार्यनीति लिएर क्रियाशील थिए । ०२५ सालमा नेकपा (पुष्पलाल) पार्टीको गठन भयो । सप्तरीमा सो पार्टीका प्रथम सङ्गठक जेटीए पदमा सरुवा भएर आएका गुल्मी जिल्लाका गोपाल पोखरेल थिए । उनले ०२५ सालमा हिरालाल चौधरी, मुरारी कार्की र भदेश्वर साहलाई सङ्गठित गरी नेकपा (पुष्पलाल) को सुरुवात गरेका थिए । ०२७ सालमा हीरालाल चौधरीको संयोजकत्वमा सात सदस्यीय जिल्ला कमिटीको गठन गरिएको थियो । भदेश्वर साह, मुरारी कार्की, माधव कट्टेल (शर्मा), सत्यनारायण मण्डल, कोसीलाल चौधरी अग्रिम दस्ताका कार्यकर्ता थिए । कृष्णराज वर्मा र कमर साहसित व्यक्तिगत रिसइवीले गर्दा नेकपा (रायमाझी) का केन्द्रीय सदस्य प्रथमलाल चौधरी सो पार्टी परित्याग गरी नेकपा (पुष्पलाल) मा सङ्गठित भएका थिए । पछि जयसुन्दर यादवलगायत अनेक युवकहरू नेकपा (पुष्पलाल) मा सङ्गठित भएका थिए । पार्टीको काम खासगरी जिल्लाको पूर्वी उत्तरी भागमा केन्द्रित थियो । पार्टीका कार्यकर्ताहरू सङ्गठन विस्तार र मोही सुरक्षासम्बन्धी फाटफुट सङ्घर्षका काम गरिराखेका थिए ।

०२८ सालको झापा किसान आन्दोलनपश्चात् देशको कम्युनिस्ट आन्दोलनमा एउटा नयाँ मोड आयो । ०३२ सालमा को-अर्डिनेसन कमिटीको निर्माण भयो । यसरी सप्तरी जिल्लामा कोके लाइन मणीलाल राईबाट प्रारम्भ भयो ।

०३४ सालमा मणीलाल राई, नरेन्द्रराज पोखरेल, राममणी पोखरेल, ईश्वरी आचार्य, जया घिमिरे, विजया घिमिरे, शकुन्तला, वेदप्रसाद पोखरेल आदि जेलमा पर्नुभयो । मणीलालकै सम्पर्कमा रहनुभएका जयसुन्दर यादव, शिवम्चरण यादव, सत्यनारायण मण्डल, भोला ठाकुर आदि पनि जेलमा पर्नुभयो । उहाँहरू जेलमा परेपछि नेकपा (पुष्पलाल) मा रहनुभएका सुमन प्याकुरेल, दिवाकर देवकोटा, उपेन्द्रनारायण साह, शिवजी देवकोटा आदिले जेलमै सम्पर्क स्थापित गर्नुभयो । जेलमा सरसहयोग गर्ने, पार्टीका दस्तावेजहरू पठाउने कार्यहरूको शुभारम्भ हुन थाल्यो । एकपटक ईश्वरी आचार्य बिरामी परी अस्पताल भर्ना हुनुभएको थियो, उहाँलाई अस्पतालबाट भगाउने योजनासमेत बनाइएको थियो । तर, त्यो योजना सफल हुनसकेन ।

हामी युवाहरू नेकपा (पुष्पलाल समूह) सँग पनि आबद्ध थियौँ भने कोकेको क्रान्तिकारी लाइनबाट पनि प्रभावित भयौँ । यसै क्रममा ०३३ सालमा क्याम्पसको स्ववियु चुनावमाथि प्रतिबन्ध लाग्यो । त्यसपछि हामी युवाहरूले चारपाते क्लब सञ्चालन गऱ्यौँ । उक्त क्लबको अध्यक्ष सुमन प्याकुरेल, सचिव दिवाकर देवकोटा हुनुहुन्थ्यो । क्लबको आयस्रोत बढाउन बजारमा *समाज* साप्ताहिक पत्रिका बिक्री गर्थ्यौं । दसैँमा मन्दिरमा जुत्ताचप्पल रुँगी आर्थिक सङ्कलन गर्थ्यौं । तिहारमा देउरी पनि खेल्थ्यौँ ।

हाम्रो क्लबमा भलिबल, खेलकुदका सामानका अतिरिक्त विष्णु पोखरेलबाट प्राप्त चाइनिज राजदूतावासबाट प्राप्त पेकिङ्ग प्रकाशन पुस्तकहरू । हामीले महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीका दिन वादविवाद प्रतियोगिता गराएका थियौँ । उक्त कार्यक्रममा विजयी व्यक्तिहरूलाई प्रगतिशील पुस्तकको साथमा हँसिया-हथौडा पनि पुरस्कार दिएका थियौँ । ०३४ सालमा तत्कालीन प्रजिअ पुरुषोत्तम शर्माले हाम्रो क्लबलाई माओवादी गतिविधि गरेको अभियोगमा दर्ता खारेज गरियो । हामीले उक्त मुद्दा झुट्टा हो भनी सर्वोच्च अदालतसम्म लड्यौँ तर मुद्दा खारेज भयो ।

उक्त क्लबमा रहेका भौतिक सामग्री र जम्मा रहेको नगदसमेत दरभङ्गा भेलामा पुष्पलाललाई बुझाएका थियौँ । ०३४ चैतमा भएको भेलामा सुमन प्याकुरेल, दिवाकर देवकोटा, उपेन्द्रनारायण साहसमेत १२ जना सप्तरीबाट सहभागी भएका थियौँ । उक्त पार्टी भेलामा पुष्पलालले ‘तीन स’ सङ्गठन-सङ्गठन-सङ्गठन भन्नुभयो, हामीहरू सङ्घर्षको खोजीमा थियौँ । सुमन र दिवाकरले झापा आन्दोलनबारे हाम्रो पार्टीको धारणा सोध्दा पुष्पलालले तिनीहरू सीआईएका एजेन्ट हुन् । युवायुवतीहरू सङ्गठित छन्, यिनीहरू स्लो प्वाइजनजस्तै हुन् । त्यही भेलाबाट हामीहरूलाई मनमनै चित्त बुझिरहेको थिएन । पछि

राजविराजमा एक रात हाम्रो मिटिङ साझा संस्थाको भवनमा बसेको थियो । त्यहीँ उपेन्द्रनारायण साहले स्टालिनले भन्नुभएको एउटा कोटेसन हतियार-हतियार-हतियार र माओले भन्नुभएको 'राजनीतिक सत्ताको जन्म बन्दुकको नालबाट हुन्छ ।' यसमा हाम्रो व्यापक छलफल चल्यो । बहसमा भदेश्वर साह, उचित चौधरी, हरिनारायण चौधरी, माधव शर्मा, सुमन प्याकुरेल, दिवाकर देवकोटा, उपेन्द्रनारायण साह थियौँ । भदेश्वर साह सङ्गठनमा जोड दिनुहुन्थ्यो भने हामी युवाहरू सङ्घर्षमा । यसरी हाम्रो विवाद चलिनैरह्यो । खाना खिचडी खायौँ, सुत्ने बेलामा हामी भुइँमा, नेताहरू खाटमा । रातभरि चित्त बुझेन, उक्त दिनदेखि सुमन, दिवाकर, उपेन्द्रलगायत अधिकांश युवाहरू पुष्पलाल समूह त्याग गर्दै कोकेको लाइनमा समाहित भयौँ ।

वेदप्रसाद पोखरेल जेलबाट मुक्त भएपछि क्याम्पस रावीमै पढ्न थाल्नुभयो । पछि नरेन्द्रराज पोखरेल, जया घिमिरे छुट्नुभयो । हाम्रो सम्पर्क उहाँहरूसँग जीवित हुनथाल्यो । क्रमैसँग सुमन प्याकुरेल, दिवाकर देवकोटा, उपेन्द्रनारायण साह, सुरेश पोखरेल, रामदेव चौधरी आदि थुप्रै युवाहरू नेकपा (माले) को लाइनमा समाहित भयौँ ।

०३५/०३६ मा विद्यार्थी आन्दोलन देशव्यापी चल्यो । उक्त आन्दोलन मविव क्याम्पसमा पनि चल्यो । आन्दोलनको राप र चाप पऱ्यो । क्याम्पस बन्द भए । बजारमा नारा लाग्न थाले । पुलिस दमन झन् चर्क्यो । विद्यार्थी आन्दोलन आखिरमा जनमतसङ्ग्रहको घोषणा भयो । विद्यार्थी बहुदलको प्रचारमा लागे । क्याम्पस स्ववियु सभापति वेदप्रसाद पोखरेल हुनुहुन्थ्यो । उहाँकै सभापतित्वमा मनमोहन अधिकारीद्वारा राजरङ्गशालामा ठूलो आमसभा गऱ्यौँ । पाँच पूर्व सर्तसहित निर्वाचनमा जाने कम्युनिस्टहरूको विचारबाट जिल्लावासी प्रभावित भएका थिए । पछि हाम्रो पार्टी नेकपा (माले) ले जनमतसंग्रह घोषणा धोखा हो, यसलाई बहिष्कार गरौँ भन्ने नीति लियो । त्यसका पर्चा लिथो गरी वितरण गर्ने काम भयो । राजविराज नगरका महत्त्वपूर्ण भित्ता तथा पर्खालहरूमा भित्ते लखन गर्ने काम भयो । प्रचारात्मक रूपमा नेकपा (माले) सहरी क्षेत्रमा निकै अगाडि आयो ।

पार्टी विस्तार गर्ने क्रममा नरेन्द्रराज पोखरेल नै सप्तरीको सचिव हुनुहुन्थ्यो । क्रमशः जया घिमिरे, खुनारायण श्रेष्ठसँग हाम्रो पार्टीको जीवित सम्पर्क हुँदै गयो । पछि रामलखन महत्तो (वजरंग), रामकरण महतो (मनोहर), सुरेश कार्की (सूर्य) आदिद्वारा सङ्गठन विस्तार हुन लाग्यो ।

०३६ सालमै २६ डिसेम्बरका दिन माओत्सेतुङ्गको जन्मजयन्ती तथा नेकपा (माले) को जन्म दिन भूमिगत रूपमा राजदेवी मन्दिरमा ठूलो उपस्थितिका साथ मनायौँ ।

०३७ सालमै मोदनाथ प्रश्रितले लेख्नुभएको *पचास रुपियाँको तमसुक* लाई 'ऋणभित्रको जिन्दगी' भन्ने नामकरणका साथ तिहारमा मनोहर पोखरेलको घरदेखि उत्तरतर्फको चौर (स्वर्ण टोल) मा खेल्यौँ । उक्त नाटकमा तत्कालिक कर्मचारीहरू हरि शर्मा, सुबोध प्याकुरेल, गितारवादक श्याम कोइराला आदि महत्त्वपूर्ण व्यक्तित्व हुनुहुन्थ्यो । प्रसिद्ध नृत्यकार सुनिल पौडेल, दीपक पौडेल 'कोई त भने हवाईजहाजमा हरर, कोई त भने पसिना तरर हाम्रै नेपालमा' सम्पूर्ण नाटकको रिहसल स्वर्ण टोलमा श्रवण जोशीको घरमा भएको थियो ।

उक्त नाटक सञ्चालनपूर्व जिल्ला प्रहरी कार्यालयले अनुमति नलिएको भन्दै दिवाकर देवकोटालगायत केही व्यक्तिहरूलाई केही घण्टा हिरासतमा लिइयो । व्यापक जनताको सहभागिता र जनदबाबका कारण हाम्रो कार्यक्रम अति सफल रह्यो । स्वर्णटोलका आमाबुबा, भाइबहिनीहरूले महत्त्वपूर्ण सहयोग तथा भूमिका निर्वाह गर्नुभएको थियो ।

उक्त नाटकको प्रदर्शनबाट जनवादी कार्यक्रमको प्रभाव बढ्यो । तत्कालिक नेता नरेन्द्रराज पोखरेललाई बधाई दिनुभएको थियो । हाम्रो पार्टी विस्तारै विद्यार्थीबाट पार्टी निर्देशानुसार मजदूरतर्फ अघि बढ्न थाल्यो । सप्तरीमा औद्योगिक मजदुरको अभावमा रिक्सा मजदुरहरूलाई सङ्गठित गर्न थालियो । सम्पूर्ण रिक्सा मजदुरहरूलाई केश्वव्यामा विद्यालयको प्राङ्गणदेखि दक्षिणपट्टिको फूलबारी (बगैँचा) मा जम्मा गरी मोछु अध्यक्षमा र ईश्वर सचिव रहने गरी कमिटी निर्माण गरियो । उक्त कमिटीमा अशेस्वर, विन्देश्वर आदि हुनुहुन्थ्यो । उहाँहरूका लागि आ-आफ्नो कमाईबाट प्रतिदिन एक रुपियाँ जम्मा गर्न लगायौँ । उक्त सङ्गठनले राम्रो काम गऱ्यो, जसको प्रभाव आजसम्म पनि छ तर स्थायित्व लिन सकेन ।

विगत सालको जनवादी सांस्कृतिक कार्यक्रमको प्रभावले गर्दा पुनः जनताबाट कार्यक्रमको माग हुँदा सुमन, दिवाकर, जनवादी कलाकार मञ्जुललाई लिन धरान जानुभयो । मञ्जुल स्कुलमा पढाउनुहुन्थ्यो । स्कुलको ठेगाना थाहा थिएन, खोज्दै जाने क्रममा सौभाग्यवश कुन्ता शर्मालाई भेट्यौँ । हाम्रो समस्या उहाँबाट हल भयो । उहाँले भन्नुभयो- पर्खनुस् टिफिनमा मञ्जुलजीसँग खाजा खाने ठाउँमा भेट हुन्छ । टिफिनपश्चात् कुन्ता र हामीहरूले एउटा होटलमा मञ्जुललाई भेटेपश्चात् थाहा भयो, उहाँहरू श्रीमान्-श्रीमती हुनुहुँदो रहेछ । यसरी मञ्जुल, शम्भु राईसमेतको उपस्थितिमा ०३७ सालमा पविव्यामा विद्यालयको ठूलो चौरमा हजारौँ हजारको उपस्थितिमा जनवादी सांस्कृतिक कार्यक्रम अति सफलतापूर्वक सम्पन्न भयो । यसरी हाम्रो पार्टीको प्रभाव जिल्लाव्यापी रूपमा पर्न थाल्यो ।

सप्तरीमा जमिन्दारविरोधी अभियान प्रधानपञ्चलाई कालोमोसो दल्ने, जनविरोधी काम गर्ने छैन भनी कागज गराउने काम बलुवामा उपेन्द्रनारायण साहको नेतृत्वमा रामदेव चौधरी, सुरेश पोखरेल आदि सरिक हुनुहुन्थ्यो । उक्त घटनापश्चात् प्रशासन दमनमा ओर्लियो । उपेन्द्रनारायण साहको मिल, पसल र घर लुटियो । चन्द्र पोखरेल, शिवनन्दन साहलगायत केही कमरेडहरू जेल पर्नुभयो । उपेन्द्रनारायण साह भूमिगत हुनुपऱ्यो ।

आन्दोलन र दमनपश्चात् पार्टी काममा विस्तार हुनथाल्यो । पार्टी कार्य विस्तार हुँदै बलुवा, रूपनगर क्वाटर मलेठ, भगनी मलठे, मैनाकरेडी, टाढा, त्रिकौल, शम्भुनाथ, हरिपुरको वसनपट्टी, छिन्नमस्ता आदि ठाउँमा नेकपा (माले) को सम्पर्क तथा सङ्गठन विस्तार हुँदै गयो । उक्त समयमा निम्न कमरेडहरू मालेमा समाहित थियौँ, जयसुन्दर यादव, सत्यना मण्डल, उपेन्द्रनारायण साह, शिवनन्दन साह, रामदेव चौधरी, सुरेश पोखरेल, चन्द्र पोखरेल, बैकुण्ठ निरौला, सूर्यविनोद, हिरालाल खड्गा, सातेन मण्डल, घोघाई मण्डल, नथुनी यादव, राजाराम यादव, रमानन्द चौधरी, देवनारायण यादव, बद्रीनारायण साह ग्रामीण क्षेत्रमा हुनुहुन्थ्यो भने सहरमा सुमन प्याकुरेल, शङ्कर देवकोटा, दिवाकर देवकोटा, प्रेमबहादुर पाण्डे, विनोद पाण्डे, प्रमोद पाण्डे, रमेश थापा, सतिश राय, हरि शर्मा, उद्धव शर्मा, हरि केसी, अशोक जैन, शिवजी देवकोटा, सुमोद देवकोटा, अरूण

देवकोटा, सरिता देवकोटा, विदुरविक्रम थापा, रोहित, श्यामनारायण देव, श्याम चौधरी, नारायण केसी, ध्रुव भुजेल, रामजी आचार्य आदि ।

भूमिगत कालमा पार्टी काम गाउँ तथा सहरमा विस्तार भयो । सहरमा सेल्टर सुमन प्याकुरेल, हरि शर्मा, शङ्कर देवकोटा, शिवजी देवकोटा, दिवाकर देवकोटा, अरूण देवकोटा, सुमोद देवकोटा, सतिश राय आदिको घर बनाइन्थ्यो । पार्टी कार्यको सिलसिलामा सप्तरीमा ईश्वर पोखरेल (नवीन), मदन भण्डारी (एसएस) आदि पनि आउनुहुन्थ्यो ।

पार्टीले निरङ्कुश पञ्चायती व्यवस्थामा हस्तक्षेपको नीति लियो । सप्तरीबाट मानन्धर समूहमा रहनुभएका जयकृष्ण यादवलाई ०४३ सालको चुनावमा जनपक्षीय उम्मेदवारका रूपमा उभ्याइयो । विनोद प्याकुरेलले प्रचार गर्नका लागि सहयोग गर्नुभएको एक थान मोटरसाइकल सुमन चलाउनुहुन्थ्यो । उम्मेदवार बीचमा र दिवाकर पछाडि बसी जिल्लाव्यापी प्रचार अभियानमा जुट्यौं हाम्रो उम्मेदवारले ठीकठीकै मत ल्याउनुभयो । तत्पश्चात् स्थानीय निकायमा पनि पार्टीले जनपक्षीय उम्मेदवार उठायो । दिवाकर देवकोटा रावी-६, अचूतम पौडेल रावी-८, नथुनी यादव डाढा, हरिनारायण चौधरी, भगनी मलेठ गाविस अध्यक्ष जयसुन्दर यादव त्रिकौलबाट जनपक्षीय उम्मेदवारको रूपमा विजयी हुनुभएको थियो ।

०४४ सालमा सूर्यबहादुर सेन ओली अञ्चलाधीश भएर आएपछि पार्टी काममा धेरै दबाब बढ्न थाल्यो । रमेश थापा, सुरेश पोखरेल कमरेडहरूलाई थुन्ने काम भयो । कहिले उदयपुर त कहिले खोटाङ, ओखलढुङ्गा जेलमा सार्ने, यातना दिने कार्य हुन थाल्यो । सुशील प्याकुरेलले चलाउनुभएको प्रज्ञा प्रिटिङ प्रेसमा कडा निगरानी हुन थाल्यो, *सगरमाथा सन्देश* मा प्रकाशित लेखमा राजामाथि मानहानि हुने काम भएको भनी सतिश रायलाई थुनामा राखी कठोर यातना दिई केही कुरा खुलाइयो । सुशील सप्तरीबाट काठमाडौँ जानुपर्ने भयो । सुमनमाथि वारेन्ट जारी गरियो । उहाँको घर घेरियो । उहाँसँगै दिवाकर इन्डिया हुँदै विराटनगर जानुभयो । सुमन विराटनगर बस्नुपर्ने भयो । सुशील र सुमनलाई गिरफ्तार गर्न नसकेपछि सुबोध प्याकुरेललाई गिरफ्तार गरी उदयपुर जेलमा राखियो ।

पार्टी काममा कठोर निगरानी हुन थालेपछि प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्चको गठन सप्तरीमा भयो । दिवाकर देवकोटा जिल्ला अध्यक्ष हुनुहुन्थ्यो । सुमन प्याकुरेल पूर्वाञ्चलको सचिव हुनुहुन्थ्यो । मञ्चको केन्द्रीय भेलामा सप्तरीबाट सुमन, दिवाकर, रमेश थापा र मानन्धर समूहका जयकृष्ण गोइत काठमाडौँको कीर्तिपुरमा सहभागी बन्यौँ भने उपेन्द्र चौधरी रावीमै गिरफ्तार भई जेलमा थुनिनुभयो ।

उक्त भेलाले वाम प्रजातान्त्रिक एकता कायम गर्दै निरङ्कुश पञ्चायती व्यवस्थाको अन्तको आन्दोलन चलाउने निर्णय गरी उत्साहका साथ जिल्ला फर्क्यौं । आन्दोलनले व्यापकता लियो ।

०४६ सालको आन्दोलन सञ्चालनका लागि युवराज कार्की सप्तरी आउनुभयो । डाढामा भूमिगत भेला भयो । भारदहमा सम्पर्क कायम गरी पुनः योजना बनाउने भनेकोमा मनोहर र दिवाकर भारदह पुगियो, युवराज कार्की पुलिस निगरानीका कारण भारदहमा नओर्ली पूर्वतर्फ लाग्नुभयो । मनोहर र दिवाकर उक्त ठाउँमा केही कुरा गरी आ-आफ्नो गन्तव्यतर्फ लाग्यौं । आन्दोलन चलिरहेकै अवस्थामा पुनः सप्तरी र सिरहाका कमरेडबीच गङ्गा यादवको घरमा भेला भइयो । उक्त भेलामा युवराज कार्की हुनुहुन्थ्यो, सप्तरीबाट मनोहर र दिवाकर पुग्नुभयो ।

सप्तरीमा वाममोर्चा बनाउने सिलसिलामा खबर गर्न एपी यादव दिवाकर देवकोटाको घर पुग्नुभयो । उक्त समयमा पहिलेदेखि नै त्यहाँ पुलिस मौजुद रहेको हुँदा एपीलाई केही समय पुलिसले गिरफ्तार गऱ्यो । उहाँ पार्टी गोपनीयता बचाउँदै विराटनगरमा प्राध्यापक रहेको र व्यक्तिगत कामका सिलसिलामा भेट्न आएको भनेपछि उहाँ मुक्त हुनुभयो ।

दिवाकर देवकोटा प्रशवन्नी (टेङ्गरी) पुग्नुभयो । उक्त भेलामा देवनारायण मण्डल, हीरालाल चौधरी, मुरारी कार्की, गङ्गाबहादुर बस्नेत, नारायण साह, धनिलाल मण्डल, रामदेव यादव आदि थुप्रै स्थानीय कमरेडहरूको उपस्थिति थियो । उक्त बैठकबाट वाममोर्चाका अध्यक्ष देवनारायण मण्डल र सचिव दिवाकर देवकोटालाई बनायो । यसरी सप्तरीको सहरी क्षेत्र र ग्रामीण क्षेत्रमा प्रचारात्मक आन्दोलनले तीव्रता पायो । थुप्रै कमरेडहरू गिरफ्तारीमा पर्नुभयो । मुरारी कार्की, रमेश थापा, दिवाकर देवकोटालाई गिरफ्तार गर्न गएको पुलिसले गिरफ्तार गर्न नसकेपछि भाइ प्रभाकर देवकोटालाई गिरफ्तार गऱ्यो । केही कमरेडहरू भूमिगत हुनुभयो भने केही भारततर्फ लाग्नुभयो ।

लामो आन्दोलनपश्चात् पञ्चायतको अन्त र बहुदलको स्थापना भयो । पहिलो संयुक्त आमसभा चैत २७ गते राजविराजको राजरङ्गशालामा भयो । व्यापक जनताको उपस्थिति थियो । विद्यार्थी नेताको हैसियतबाट नेकपा (माले)को प्रतिनिधित्व गर्दै दिवाकर देवकोटाले मन्तव्य दिनुभएको थियो । चैत २८ गते बनौलीको हाटमा दोस्रो र कञ्चनपुरको मावि प्राङ्गणमा तेस्रो संयुक्त सभा भएको थियो । ती सम्पूर्ण सभामा नेकपा (माले)को तर्फबाट दिवाकर देवकोटाले मन्तव्य दिनुभएको थियो ।

वाममोर्चा कायमै थियो । सोको अफिस राजविराजमा गङ्गाबहादुर बस्नेतको घरमा खोलियो । सचिवको नाताले दिवाकरले अधिकांश समय कार्यालयमा दिन थाल्नुभयो । पार्टीले तत्कालै सत्यनारायण मण्डलको नेतृत्वमा (डीपीएजी) जिल्ला पार्टी सक्रिय दल गठन गऱ्यो । तत्पश्चात् हाम्रो पार्टी कार्यालय नेताचौकनिर पशुपति होटलको एउटा कोठामा खुल्यो । हाम्रो पार्टीले जिल्लाव्यापी रूपमा सङ्गठन निर्माणमा क्रियाशीलता देखाउन थाल्यो । जोसिला युवाहरू दिवाकर देवकोटा, रमेश थापा, सुरेश पोखरेल, उपेन्द्रनारायण साह, रामकरण महतो आदि सत्यनारायण मण्डलको नेतृत्वमा जिल्लामा विभिन्न नामका सङ्गठन बनाउँदै अगाडि बढ्दै गए । यसरी वाममोर्चाको गतिविधिमा कमी र मालेको गतिविधिमा तीव्रता आउन थाल्यो ।

०४७ सालको फागुन महिनामा नेकपा (माले) र नेकपा (मार्क्सवादी) को जिल्ला कमिटी एकीकरण भयो । हीरालाल चौधरी सचिव, सत्यनारायण मण्डल उपसचिव रहने गरी ३१ सदस्यीय जिल्ला कमिटीको निर्माण भयो । उक्त एकीकरण त्रिकौल गाविसअन्तर्गत भेदानन्द मगरैत यादवको घरमा भएको थियो ।

# गैरकानुनी आचारसंहिता स्वीकार गर्दैनौँ

## डा. अर्जुन कार्की, अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ

**० सरकारले गैरसरकारी संस्थाहरूलाई नियन्त्रण गर्न सरकारले जारी गरेको आचारसंहितालाई कसरी हेर्नुभएको छ ?**

- यो आचारसंहिता आपत्तिजनक र गैरकानुनी छ । सरकारले पहिल्यै हामीलाई पनि आचारसंहिताको प्रारम्भिक मस्यौदामा टिप्पणी गर्न आग्रह गरेको थियो । तर, दातृ संस्थाहरूको संयन्त्र, अन्तर्राष्ट्रिय संस्था र गैरसरकारी संस्था महासङ्घले त्यसलाई एउटै स्वरमा अस्वीकार गरेका थियौँ । अहिले पनि स्वीकार गर्दैनौँ ।

**० किन अस्वीकार गर्नुभएको थियो ?**

- गैरसरकारी संस्थाहरूको आचारसंहिता सरकारले निर्माण गर्ने होइन । आचारसंहिताका नाममा सरकारले गैरसरकारी संस्थालाई आतङ्कित, भयभित र त्रस्त बनाउन खोजेको छ । लोकतन्त्र, शान्ति र मानवअधिकारका पक्षमा क्रियाशील संस्थाहरूलाई नियन्त्रण गर्ने सरकारको चालबाजीलाई हामी अस्वीकार गर्छौं । जहाँसम्म आचारसंहिताको कुरा छ, त्यसको कुनै कानुनी हैसियत पनि हुँदैन । अधिकार हुँदै नभएको विषयमा सरकारले निर्माण गर्न लागेको आचारसंहित पूर्णतः कानुनविपरीत, स्वेच्छाचारी र अप्रजातान्त्रिक भएका कारण हामीले त्यसमा टिप्पणी गर्न अस्वीकार गरेका हौँ ।

**० समाजसेवाका नाममा तपाईंहरूले राजनीति गरिरहेको सरकारको आरोप छ नि ?**

- हामी यही देशका नागरिक हौँ । हामी मुलुकमा गरिबमुखी र जनमुखी राजनीति चाहन्छौँ । यस मानेमा सरकारले राजनीति गरेको ठान्छ भने हाम्रो भन्नु केही छैन । तर, हामी कुनै दलका लागि राजनीति गरिरहेका छैनौँ । कसैको सरकार बनाउन वा गिराउन पनि हामीले राजनीति गरिरहेका छैनौँ ।

**० त्यसो भए शाही कदमको विरोध किन गर्नुहुन्छ त ?**

- 'माघ १९' को शाही कदम लोकतन्त्र, शान्ति र मानवअधिकारविरोधी छ । त्यसले जनताका सबै अधिकारहरू खोसेको छ । एक्काइसौँ शताब्दीमा लोकतन्त्रको विपक्षमा चालिने यस्ता कुनै पनि कदमको हामी समर्थन गर्न सक्दैनौँ । विश्वका जुनसुकै गैरसरकारी संस्थाले निरङ्कुशताको विरोध गर्छन्, यो उनीहरूको अधिकार र कर्तव्य हो । हामीले पनि त्यही गरिरहेका छौँ ।

**० गैरसरकारी संस्थाले विदेशबाट जथाभावी पैसा ल्याएर मनपरी खर्च गर्छन् भन्ने आरोपबारे के भन्नुहुन्छ ?**

- यो गैरसरकारी संस्थाहरूको पद्धति र प्रणालीका बारेमा अलिकति पनि ज्ञान नभएका सरकारी मान्छेहरूले लगाएको आरोप मात्र हो । एकातिर गैरसरकारी संस्था सञ्चालनका निश्चित अन्तर्राष्ट्रिय मान्यता र मापदण्डहरू छन्, जसको पालना नगरी कुनै विदेशी संस्थाले सहयोग गर्दैन भने अर्कोतिर हामीले प्रत्येक वर्ष हाम्रा आय-व्ययको विवरण सरकारलाई बुझाइरहेका छौँ । सरकारबाट मान्यताप्राप्त लेखापरीक्षकले हाम्रो लेखापरीक्षण गर्छ । अहिलेसम्म कुनै पनि प्रतिष्ठित गैरसरकारी संस्थामाथि सरकारले यस विषयमा न कुनै टिप्पणी गरेको छ, न त कुनै आरोप नै लगाउन सकेको छ । यस्तो यथार्थलाई बङ्ग्याएर नागरिकलाई भ्रममा पार्नेगरी सरकारले अहिले जथाभावी खर्च हुन्छ भन्ने अफवाह फैलाएको छ । यो नागरिकलाई सशक्तीकरण गर्ने गैरसरकारी संस्थाहरूको ऐतिहासिक भूमिकालाई निस्तेज पार्न सरकारले गरेको तल्लो दर्जाको प्रचार मात्रै हो । गैरसरकारी संस्थामाथि यस्ता आरोप लगाएर नियन्त्रण गर्न खोज्दा मुलुकले झन् ठूलो मानवीय सङ्कट भोग्नुपर्ने छ ।

**० कस्तो मानवीय सङ्कट ?**

- अहिले सरकार सदरमुकाम र सहरहरूमा मात्रै सीमित छ । गाउँका नागरिकप्रतिको आफ्नो कर्तव्यबाट ऊ पूरै च्यूत भएको छ । यस्तो अवस्थामा गैरसरकारी संस्था मात्रै गाउँमा पुगेका छन् । सामाजिक-आर्थिक समस्याको सामना गरिरहेका नागरिकलाई उनीहरूले मात्रै साथ दिइरहेका छन् । यदि सरकारले अनेक बहानामा उनीहरूमाथि नियन्त्रण गर्‍यो भने जनताले पाएको त्यही सहयोग र साथ पनि टुट्नेछ र मुलुकमा मानवीय सङ्कट सुरु हुनेछ ।

**० आचारसंहिताका लागि सरकारले यही समय किन छान्यो होला ?**

- अहिले मुलुकमा लोकतान्त्रिक आन्दोलन चर्किरहेको छ । मुलुकका सबै राजनीतिक दल, गैरसरकारी संस्था, पेसागत सङ्गठन र नागरिक यो असंवैधानिक, निरङ्कुश र अप्रजातान्त्रिक सरकारका विरुद्धमा उत्रिएका छन् । विदेशी मित्र र संस्थाहरू पनि लोकतन्त्रको पक्षमा उभिएका छन् । यी सबै घटनाक्रमले सरकार नितान्त एक्लो र निरीह बनेको छ । अवैधानिक नियम, कानुन र अध्यादेशहरू थोपरेर विरोधलाई निस्तेज पार्न सकिन्छ कि भन्ने उसको चाहना रहेको देखिन्छ । त्यही मनसायबाट सरकारले आचारसंहिताका लागि यो समय छानेको हुनुपर्छ ।

**० आचारसंहिताको प्रतिरोध कसरी गर्नुहुन्छ ?**

- हामी त्यसलाई पूर्णतयाः अस्वीकार गर्छौं । यस्तो आचारसंहिता गैरसकारी संस्थाको स्वायत्तता, विश्वव्यापी मान्यता र सार्वभौमिकताविपरीत छ । हामी यसका विरुद्ध देशव्यापी आन्दोलन सुरु गरिसकेका छौँ । हामी सशक्त आन्दोलनमा उत्रिनुका साथै हामीसँग सम्बन्धित जनसमुदायलाई पनि आन्दोलनमा उतार्छौं ।

**० अरू पेसागत संस्थाहरूसँग यसबारे छलफल गर्नुभएको छ ?**

- वर्तमान निरङ्कुश सत्ताको पहिलो सिकार पत्रकारहरू भए । संविधानको भावना र मर्मविरोधी अध्यादेश ल्याएर सरकारले पत्रकारहरूलाई नियन्त्रण गर्न सुरु गर्‍यो । दोस्रो सिकार हामी भएका छौँ । त्यसपछि सरकारको ध्यान मजदुरहरूमाथि गएको

हामीले सुनेका छौँ । यस अवस्थामा सबै संस्थाहरूको संयुक्त, योजनाबद्ध र एकीकृत आन्दोलनले नै यसलाई पराजित गर्न सकिन्छ भन्ने मान्यताका साथ अरू संस्थाहरूसँग पनि हामीले छलफल र विचारविमर्श गरिरहेका छौँ ।

**० अन्तर्राष्ट्रिय समुदायको प्रतिक्रिया के छ ?**

- सरकारको यस्तो गैरकानुनी कदमका विरुद्ध अन्तर्राष्ट्रिय संस्थाहरूले आफ्नो स्पष्ट अभिमत प्रकट गरिसकेका छन् । उनीहरूले आफ्नो प्रतिक्रिया सार्वजनिक गर्नुका साथै हामीलाई फोन, इमेल र फ्याक्स पठाएर यसका विरुद्ध सक्रिय रूपले उत्रिन भनिरहेका छन् । मिडिया क्रान्ति र सञ्चारको यो युगमा यस्ता विश्वव्यापी विषयहरू कुनै एक देशका मात्र चासोका विषय हुँदैनन् । यसैकारण विश्वव्यापी रूपमा हामीप्रति ऐक्यवद्धता र समर्थन छ ।

■ **विष्णु रिजाल**